२६४
भक्तपुर मासिक
Bhaktapur Monthly
पुस २०७५



# कम्युनिस्ट घोषणापत्र

# धाँ बाजा प्रतियोगिता भव्यताकासाथ सम्पन्न

- जीवनको उद्देश्य देश र जनताको सेवा गर्ने हुनुपर्ने
- पर्ति जग्गा मिच्नु भ्रष्टाचार सरहकै अपराध हो
- माओ गरिब जनताको हृदयमा सदा बाँचिरहने छन्
- केन्द्रीकृत मानसिकताले स्थानीय तहलाई समस्या
- धाँ बाजाबारे संक्षिप्त परिचय
- हनुमानघाटको धार्मिक तथा सांस्कृतिक महत्त्व
- संविधानद्रोही दुई तिहाइको सरकार
- साथमा भक्तपुर नपाका गतिविधिहरू




भक्तपुर नपाको ६९ औं स्थापना दिवसको कार्यक्रममा प्रमुख अतिथि
नेमकिपा अध्यक्ष का.रोहित लगायत। (पुस २ गते)





भक्तपुर नपाको ६९ औं स्थापना दिवसको कार्यक्रममा सहभागीहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{ #^✯cÆ @✯g};✯!#(✯lj:;✯@)&%k';✯A.D.2019

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८


आवरण तस्बिर-प्रमुख अतिथि बिजुक्छेंसँग धाँ बाजा प्रतियोगिताको प्रथम टोली

आवरण सज्जा : रेणु ध्वजु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/ काठमाडौंमा कुनै बेला स्वयम्भू डाँडा नछेकिने खुला फाँट थियो ।




(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘असन्तोष नै कुनै व्यक्ति अथवा राष्ट्रको उन्नतिको पहिलो चरण हो ।’- ओस्कर वाइल्ड

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नगरव्यापी धाँ बाजा प्रतियोगिता भव्यताकासाथ सम्पन्न | – | ३ |
| २) | ‘पर्ति जग्गा मिच्नु भ्रष्टाचार सरहकै अपराध हो’ | – | ७ |
| ३) | नगरपालिका जनताको समस्या सम्बोधन गर्ने मुख्य संस्था | – | ९ |
| ४) | जीवनको उद्देश्य देश र जनताको सेवा गर्ने हुनुपर्ने | – | ११ |
| ५) | कर्मचारी समायोजन अध्यादेशको विरोधमा अन्तरक्रिया | – | १५ |
| ६) | उदाहरणीय र सफाइमा नमुना नगर बनाउन सफाइ अभियानलाई निरन्तरता | – | १६ |
| ८) | भक्तपुरको फोहोर मैला व्यवस्थापनसम्बन्धी छलफल | – | १७ |
| ९) | आत्मरक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम | – | १८ |
| १०) | सम्पदा संरक्षणसम्बन्धी कार्यशाला गोष्ठी | – | १९ |
| ११) | कमलविनायक र सुकुलढोकामा पेटी र पेटी मुनि राखेको सामान उठाइयो | – | २० |
| १३) | माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता | – | २१ |
| १४) | कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न | – | २२ |
| १५) | सहकारी संस्थाहरूको अनुगमनको लागि पर्ल्स (PEARLS) सम्बन्धी तालिम सम्पन्न | – | २३ |
| १६) | इन्जिनियरका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | – | २४ |
| १७) | भक्तपुर नपा सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानमा | – | २५ |
| १८) | जनप्रतिनिधिहरूबीच र कर्मचारीहरूबीच खेल प्रतियोगिता | – | २६ |
| १९) | अन्तर विद्यालय योमरी बनाउने प्रतियोगिता | – | २७ |
| २०) | भक्तपुर नपामा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका प्रतिनिधिहरू | – | २८ |
| २१) | भक्तपुर दरबार क्षेत्रबाट संघ-संस्थाहरूलाई स्थानान्तरण गर्नुपर्ने | – | २९ |
| २२) | भैरवनाथ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक सम्पन्न | – | ३० |
| २३) | ‘सम्पदा संरक्षणमा जनताको भावना नै प्रमुख विषय’ | – | ३१ |
| २४) | भक्तपुर नपामा कानूनी साक्षरता कार्यक्रम | – | ३२ |
| २५) | माओ गरिब जनताको हृदयमा सदा बाँचिरहने छन् | सुनिल प्रजापति | ३३ |
| २६) | पुर्खाले जतिको काम २१ औं शताब्दीमा हामीले गर्न सकेनौं भने के अर्थ ?:भक्तपुर मेयर | शान्ति तामाङ | ३४ |
| २७) | केन्द्रीकृत मानसिकताले स्थानीय तहलाई समस्या | सुनिल प्रजापति | ३७ |
| २८) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३९ |
| ३०) | धाँ बाजाबारे संक्षिप्त परिचय | बिष्णुबहादुर मानन्धर | ४८ |
| २९) | **मार्क्स-एंगेल्स लिखित कम्युनिस्ट घोषणापत्र** | – | ६१ |
| ३१) | हनुमानघाटको धार्मिक तथा सांस्कृतिक महत्त्व | ओम धौभडेल | ९४ |
| ३२) | संविधानद्रोही दुई तिहाइको सरकार | सी. कार्की | ९७ |
| ३३) | भक्तपुरे रानीपोखरी | पुरुषोत्तम लोचन श्रेष्ठ | १०० |
| ३४) | SKETCHES FROM NIPAL (33) | Henry Ambrose Oldfield | १०५ |
| ३५) | भ्रष्टाचारमा अर्को कीर्तिमान ! (सम्पादकको पृष्ठ) | – | १०८ |


### साथमा


धाँ बाजा प्रतियोगी टोलीका प्रतिनिधिहरूको भेला-६ ⁄चिनियाँ नीतिकथा:आधा दिनको बिदा -२०⁄औषधि पसलहरू अनुगमन -२०⁄नेपालगन्ज उपमहानगरपालिकाका प्रतिनिधि मण्डल भक्तपुरमा-३१⁄भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ मंसिर महिनाको प्रतिवेदन-३६⁄धाँ बाजा प्रतियोगिताका सहभागीहरू (रंगीन पृष्ठ)-४९⁄बसिबियाँलो-९६⁄तपाईंको भान्साः खुर्सानीका ७ फाइदा -९९⁄जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-९९⁄पाटी विवरण- वडा नं. ४ (साविक वडा नं.१२ र १४)-१०४⁄नेपालको संविधान २०७२, भाग-२९, राजनीतिक दल सम्बन्धी व्यवस्था (३९)-१०६⁄मंसिर महिनाको पर्यटक तथ्याङ्क-१०७ ।

# नगरव्यापी धाँ बाजा प्रतियोगिता भव्यताकासाथ सम्पन्न




भक्तपुर नगरपालिकाले भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र सम्वर्द्धन गर्नुकासाथै नागरिकहरूमा रहेको सीप उजागर गर्न नगरव्यापी धाँ बाजा प्रतियोगिता पुस २१ गते सफलताकासाथ सम्पन्न गरेको छ ।

प्रतियोगिताका विजयी समूहहरूलाई पुरस्कार वितरण गर्नुहुँदै समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले वर्तमान सरकारले संघ राज्य र संसदको प्रक्रिया नबुझेको र अपरिपक्व ढङ्गले काम गरिरहेको विचार व्यक्त गर्नुभयो ।

ऐन कानुन बनाउने काम सरकारको नभई संसदको भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले सरकारको कार्यशैली व्यक्तिगत सेवा सुविधा प्राप्त गर्ने र भ्रष्टाचारी तथा अपराधी संरक्षण गर्ने गलत नीतिमा अगाडि बढिरहेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भक्तपुर सांस्कृतिक सहरमात्र नभई सांस्कृतिक विश्वविद्यालय पनि भएको बताउनुहुँदै ख्वप विश्वविद्यालय स्वीकृत भएमा भक्तपुरको सांस्कृतिक क्षेत्रको पनि व्यवस्थित तरिकाले विकास गर्न सकिने औंल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकालाई देशकै नमुना नगरपालिकाको रूपमा स्थापित गर्न नगरपालिकाले आफ्नो विकास निर्माणका कार्यहरू अगाडि बढाइरहेको प्रशंसनीय कार्य भएको बताउनुभयो ।

उहाँले नयाँ पुस्ताका विद्यार्थीहरूलाई सांस्कृतिक गतिविधिमा आकर्षण बढाई सहभागिता गराउन र सीप हस्तान्तरणको निम्ति यस्ता प्रतियोगिताको आवश्यकता औंल्याउनुहुँदै नयाँ पुस्तालाई सांस्कृतिक क्रियाकलापमा सक्रिय पार्नसके यसको संरक्षणमा टेवा पुग्ने बताउनुभयो ।

समारोहको सभापतिको आशनबाट भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सम्पदा पुन:निर्माणमा विदेशीको सहयोग नलिइएको र विदेशीको शर्तमा काम गर्दा आफ्नो सार्वभौमिकता गुम्ने खतरा हुने बताउनुभयो ।






प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), प्रमुख सुनिल प्रजापति र प्रदेश सदस्य सुरेन्द्रराज गोसाइं र उपप्रमुख रजनी जोशी




देशको कला संस्कृति जीवित भएमात्र देशको अस्तित्व पनि रहने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकामा अरु नगरपालिकामा भन्दा तुलनात्मक रूपमा सम्पदा संरक्षणमा धेरै कार्यहरू भइरहेको बताउनुभयो। सांस्कृतिक सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले निरन्तर कार्य गरिरहेको चर्चा गर्नुहुँदै उहाँले नयाँ पुस्ताका विद्यार्थीलाई यहाँको संस्कृति हस्तान्तरण गर्नु नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले हरेक गतिविधि पारदर्शी ढङ्गले जनताको सहभागितामा गरिरहेको चर्चा गर्नुहुँदै स्थानीय तहलाई बलियो बनाउनुपर्ने जिकीर गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेश नं. ३ का प्रदेश सांसद सुरेन्द्रराज गोसाईले प्रदेश सरकारको कार्यशैलीले सत्तासीन पार्टीहरू नक्कली कम्युनिष्ट प्रमाणित भइरहेको छ भन्नुभयो।

प्रदेशको राजधानीलाई व्यापारिक हिसाबले नभई देशको सन्तुलित विकास र देशको सम्प्रभुता कायम हुने ढङ्गले निर्णय गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले बहुमत प्राप्त गरेको वर्तमान सरकारले बहुमत जनताको हितमा केही काम गर्न नसकेको र चुनावमा पैसा खर्च गरेर जितेका ती सांसद र मन्त्रीहरू पद र पैसाको लोभमा परेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले ऐन-नियम र मापदण्डलाई प्राथमिकतामा राखेको र नगरको सुन्दरता कायम गर्न, मौलिकता जोगाउन नगरवासीहरू पनि सचेत हुनु आवश्यक रहेको बताउनुभयो।






वडाअध्यक्ष रविन्द्र ज्याख्व, नगर कार्यपालिका सदस्य छोरीमैया सुजखु र उपप्राध्यापक विष्णुबहादुर मानन्धर

कार्यक्रममा प्रतियोगिता निर्णायक मण्डलका संयोजक उपप्राध्यापक विष्णुबहादुर मानन्धर र भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र

ज्याख्व, भनपा नगर कार्यपालिका सदस्य छोरीमैया सुजखुले पनि संस्कृति र सांस्कृतिक सम्पदा संरक्षणबारे मन्तव्य राख्नुभएको थियो ।

प्रतियोगितामा नगरभित्रका ३७ वटा धाँ बाजा समूहहरू दर्ता भएकोमा ३१ समूहले भाग लिएका थिए ।

धाँ बाजा प्रतियोगितामा नासः हैमा धाँ बाजा खलः **प्रथम**, नित्यनाथ दाफा भजन धाँ बाजा **द्वितीय**, एभरेष्ट इ. स्कूल धाँ बाजा समूह **तृतीय**, राइजिङ कल्चर ग्रुप र आकाश भैरव नौ बाजा भजन गुठीले **सान्त्वना** स्थान हासिल गरेको थियो । प्रतियोगी समूहहरूको मूल्याङ्कनका लागि भक्तपुर तेखापुखु टोलदेखि टौमढी हुँदै दत्तात्रय चोकसम्म सांस्कृतिक ऱ्याली गर्नुका साथै दत्तात्रयमा प्रतियोगितात्मक प्रस्तुती गरिएको थियो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले संयुक्त रूपमा तेखापुखुमा ऱ्यालीको उद्घाटन गर्नु भएको थियो ।

उक्त समारोहमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले प्रतियोगिताले संस्कृतिको संरक्षण गर्न टेवा पुग्ने बताउनुभयो ।

त्यस्तै उपप्रमुख रजनी जोशी, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा प्रथम भएको समूहलाई नगद रु. ३० हजार, धाँ बाजा १, भू-छ्या १ र सि छ्या १, द्वितीय भएको समूहलाई नगद रु. २५ हजार, धाँ १ र भू-छ्या १ र तृतीय



भएको समूहलाई नगद रु. २० हजार, धाँ १ र सि छ्या १ तथा सान्त्वना स्थान प्राप्त गरेका समूहलाई प्रति टोली नगद रु. १० हजार पुरस्कार वितरण गरिएको थियो । त्यस्तै प्रतियोगितामा सहभागी सबै टोलीलाई धाँ बाजा १ र खाजा खर्च रु. २ हजार प्रदान गरिएको समारोहमा निर्णायक मण्डलका सदस्यहरूलाई मायाको चिनोसहित प्रशंसापत्र प्रदान गरिएको थियो ।

## निबन्ध लेखन र वक्तृत्वकलाका विजयीहरू पुरस्कृत

पुस २१ गते दत्तात्रयमा आयोजित सोही समारोहमा विश्व सर्वहारा वर्गका महान गुरु एवम् दार्शनिक कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा भक्तपुर नगरपालिकाद्वारा आयोजित माध्यमिक विद्यालय (कक्षा ९ र १०) स्तरीय निबन्ध लेखन प्रतियोगिता र (कक्षा ११ र १२) स्तरीय वक्तृत्वकला प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । (विवरण १४ पृष्ठमा)



## भक्तपुर नगरव्यापी धाँ बाजा प्रतियोगितामा सहभागीहरूको नामावली-२०७५

| क्र.सं. | प्रतियोगी | वडा |
|---|---|---|
| 1 | महेश्वरी धाँ बाजा समूह | ७ |
| 2 | आकाश भैरव नौ बाजा भजन गुठी (ख) | ४ |
| 3 | तंचा कुटुछें दाफा भजन | ४ |
| 4 | चिभ दाफा भजन खलः, सूर्यमढी | ९ |
| 5 | विश्वकर्मा बाँसुरी बाजा खलः | ९ |
| 6 | बालाखु भजन गुठी | २ |
| 7 | **नित्यनाथ धाँ बाजा खलः (दोस्रो)** | १० |
| 8 | ब्रम्हायणी दाफा | ९ |
| 9 | क्वाठण्डौ धाँ बाजा खलः | १० |
| 10 | कुमार धाँ बाजा खलः (अनुपस्थित) | ५ |
| 11 | महेश्वरी दाफा भजन | ७ |
| 12 | श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. धाँ बाजा | ७ |
| 13 | भेल्पा भैरव दाफा भजन, ईखालाछी (अनुपस्थित) | ४ |
| 14 | हरि भजन दाफा तधं ब्यासी | २ |
| 15 | विश्वकर्मा दाफा भजन खलः | ९ |
| 16 | विश्वकर्मा भैल प्याखं खलः | ९ |
| 17 | **राइजिङ्ग कल्चर ग्रुप (दराइजिङ्ग ईङ्गलिस स्कूल), याछें (सान्त्वना)** | ६ |
| 18 | मंगलाछें धाँ बाजा खलः (अनुपस्थित) | ४ |
| 19 | याता गणेश धाँ बाजा (अनुपस्थित) | ७ |
| 20 | नवदुर्गा धाँ बाजा खलः | ७ |
| 21 | जेंला धाँ बाजा भजन मण्डल | ८ |
| 22 | तुछिमला टोल सुधार समिति | ६ |
| 23 | साकोलान मानन्धर धाँ खलः | ९ |
| 24 | भक्तपुर म्यूजिक सर्कल (अनुपस्थित) | ९ |
| 25 | नवदुर्गा धाँ बाजा खलः | १० |
| 26 | मुलाँ सः शिवरात्री गुठी (अनुपस्थित) | ३ |
| 27 | जेठा गणेश दाफा भजन | ४ |
| 28 | **नासःहैमा बाजा खलः (पहिलो)** | १ |
| 29 | **एभरेष्ट इ.स्कूल (तेस्रो)** | २ |
| 30 | नौ दाफा भजन | ९ |
| 31 | विश्वकर्मा बाँसुरी बाजा खलः | ९ |
| 32 | याकामी धाँ बाजा खलः | २ |
| 33 | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. | ९ |
| 34 | ब्यासी युवा क्लब | २ |
| 35 | **आकाश भैरव नौ बाजा भजन गुठी (क) (सान्त्वना)** | ४ |
| 36 | जय श्री नित्यनाथ धाँ बाजा खलः | ६ |
| 37 | इन्द्रायणी धाँ बाजा खलः | ३ |

# धाँ बाजा प्रतियोगी टोलीका प्रतिनिधिहरूको भेला

भक्तपुर नगरपालिकाको आयोजनामा पुस २१ गते हुने नगरव्यापी धाँ बाजा प्रतियोगिताको तयारीस्वरूप पुस १९ गते नगरपालिकाको सभाकक्षमा धाँ बाजा प्रतियोगितामा सहभागी प्रतियोगी टोलीका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रममा बोल्नुहुँदै भक्तपुरको विकास निर्माण, सम्पदा संरक्षण, सरसफाइलगायतका कार्यहरूमा जनताको व्यापक सहभागिता भएको र सबै कार्य पारदर्शितापूर्वक अगाडि बढिरहेको जानकारी गराउनुभयो ।

भक्तपुरका जनताले गरेको आत्मगौरवको भावनाले भक्तपुरका सम्पदाहरूको संरक्षणमा टेवा पुगेको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशीको सहयोगलाई नभई जनताको सहभागितालाई प्राथमिकतामा राखेको बताउनुभयो ।

प्रसिद्ध भैरवनाथ मन्दिरको पुनःनिर्माण कार्यमा पुरातात्त्विक महत्त्व बोकेका पुराना निर्माण सामग्री प्रयोग भएको बताउनुहुँदै उहाँले धाँ बाजा प्रतियोगिता कसैसँग प्रतिस्पर्धाको लागि नभई संस्कृति संरक्षण र नयाँ पुस्तालाई संस्कृति हस्तान्तरण गर्ने प्रयत्नको रूपमा बुझ्न आवश्यक छ भन्नुभयो ।

भक्तपुर वडा नं. ६ का वडासदस्य गोविन्द दुवालले राज्यले संस्कृतिकर्मीलाई उचित संरक्षण गर्न नसकेको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई संस्कृति हस्तान्तरण गर्दै लानुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले प्रतियोगितामा पालना गर्नुपर्ने नियमबारे जानकारी दिनुभयो ।

धाँ बाजा प्रतियोगितामा ३७ वटा टोलीहरू सहभागी रहने जानकारीका साथै प्रथम हुने टोलीलाई रू. ३०,०००/- नगद, धाँ बाजा एक थान, भूछ्या एक जोडी, शि छ्या १ जोडी, द्वितीय हुने टोलीलाई रू. २५,०००/- नगद, धाँ बाजा एक थान, भू छ्या १ जोडी, तृतीय हुने टोलीलाई रू. २०,०००/- नगद, धाँ बाजा एक थान, शि छ्या १ जोडी र सान्त्वना हुने दुई टोलीलाई रू. १०,०००/- प्रति टोली र धाँ बाजा एक थान प्रदान गरिने जानकारी कार्यक्रममा दिइयो ।

साथै कार्यक्रममा सहभागी सबै टोलीलाई धाँ बाजा एक थान उपलब्ध गराइने र खाजा खर्चस्वरूप प्रति टोली रू. २०००/- नगद प्रदान गरिने जानकारी दिइयो ।

# १०८ रोपनी जग्गाको संरक्षण गर्न पर्खालको शिलान्यास

## ‘klt{hUuf ldRg'e|6frf/ ;/xs}ck/fw xf]




भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित १०८ रोपनी जग्गा संरक्षण शिलान्यास कार्यक्रम पुस २० गते सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका सचिव एवं प्रतिनिधि सभाका सांसद प्रेम सुवालले जग्गा संरक्षण गर्न पर्खालको शिलान्यास गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि सुवालले पर्ति जग्गा तथा सार्वजनिक जग्गा मिच्नु भ्रष्टाचार गर्नु सरहको अपराध भएको बताउनुहुँदै स्थानीय जनताको सहयोग र सहभागितामा मात्रै संरक्षण र सम्बर्द्धन कार्य सफल हुने बताउनुभयो।

उहाँले भन्नुभयो ‘भक्तपुर सहरलाई युनेस्कोले सम्पदा संरक्षण र सरसफाइ कार्यमा उल्लेखनीय योगदान गरेवापत पुरस्कार प्रदान गरेको थियो। ट्रान्सपेरेन्सी इन्टरनेशनलले सदाचारको टापू भनी सम्मान गरेको थियो।’ उहाँले विश्व सम्पदामा सूचिकृत यस ठाउँका सम्पदाहरूको संरक्षण र सम्बर्द्धनलाई निरन्तरता दिनु हाम्रो दायित्व भएको बताउनुभयो।



सांसद प्रेम सुवाल

भक्तपुर सल्लाघारीस्थित १०८ रोपनी जग्गा विगतमा जनताको जग्गा भएको र जनताकै हितमा यसको उपभोग गर्न पाउनुपर्नेमा जोड दिनुहुँदै सांसद सुवालले यसको संरक्षण र सदुपयोगको लागि संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यको आवश्यकता भएको धारणा राखनुभयो। उहाँले सार्वजनिक जग्गाहरू धेरै ठाउँमा अतिक्रमणमा परेको र किनबेच समेत भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको यस संरक्षण कार्यले जनताको हित हुने बताउनुभयो। उहाँले उपभोक्ता समिति क्रियाशील भएर संरक्षण कार्यमा लाग्नुपर्ने बताउनुहुँदै ठेकेदारहरूको निर्माण कार्यमा धेरै जनगुनासो सुनिएको हुँदा उपभोक्ता समितिले नै कम लागतमा बलियो निर्माण गरी पारदर्शी ढंगले काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।



प्रमुख सुनिल प्रजापति

ख्वप विश्वविद्यालय विधेयक पास भए चिकित्सा शिक्षा सहितको विश्वविद्यालय स्थापना गर्ने योजना रहेको बताउनुहुँदै सांसद सुवालले विश्वविद्यालय



प्रजिअ नारायणप्रसाद भट्ट

स्थापनाबाट जनताका छोराछोरीले सस्तो र गुणस्तरीय शिक्षा प्राप्त गर्ने र देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रमका सभापति नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले भक्तपुरको सन्तुलित विकासलाई ध्यानमा राखेर काम गरिरहेको बताउनुहुँदै पर्ति जग्गा संरक्षण आवश्यक भएको र संरक्षणको अभावमा जग्गा अतिक्रमण भइरहेको बताउनुभयो । उहाँले यसको संरक्षण गर्ने दायित्व नगरपालिकाको भएकोले संरक्षण कार्यको थालनी गरेको बताउनुभयो ।



प्रहरी उपरिक्षक हिमालयकुमार श्रेष्ठ

उहाँले ख्वप विश्वविद्यालय स्थापनाको निम्ति सरकारसँग पटक पटक माग गरेको स्मरण गर्नुहुँदै यस ठाउँमा ख्वप विश्वविद्यालय स्थापना गरी देशकै लागि उदाहरणीय कार्य गर्ने योजना रहेको बताउनुहुँदै उहाँले स्थानीय जनता र सरोकारवालाहरूको पटक पटक आग्रहपश्चात आवश्यक छलफल गरी संरक्षण कार्य अगाडि बढाएको जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले सार्वजनिक जग्गा र सरकारी जग्गा संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएको हुँदा १०८ रोपनी जग्गा



वडाध्यक्ष श्यामकृष्ण खत्री

संरक्षण, सरसफाइ र व्यवस्थापन गर्न भक्तपुर नपासँग सहकार्य गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

उहाँले भक्तपुरको प्रवेशद्वारमा रहेको सबैको आँखा लाग्ने यस जग्गामा भएका अनियमित कार्यलाई रोक्नुपर्ने र भक्तपुर नपाले जग्गाको स्वामित्वबारे पनि आवश्यक प्रकृया अगाडि बढाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा महानगरीय प्रहरी परिसरका प्रहरी उपरिक्षक हिमालयकुमार श्रेष्ठले भक्तपुर नपाको सबै सकारात्मक कदममा सदा साथ र सहयोग रहने प्रतिबद्धता जाहेर गर्नुभयो ।



उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण राजलवट

भनपाका उपप्रमुख रजनी जोशीको उपस्थिति रहेको उक्त कार्यक्रममा वडाध्यक्षहरू श्यामकृष्ण खत्री, रविन्द्र ज्याख्व, उपभोक्ता समितिका अध्यक्ष लक्ष्मी नारायण राजलवट लगायतले बोल्नुभएको थियो ।

अनुमानित लागत रु. ९८ लाख रहेको उक्त पर्खाल निर्माण कार्यमा जग्गाको चारैतिर चार फिट अग्लो पर्खाल निर्माण गर्ने र त्यसको माथि तीन फिटको जाली लगाउने योजना रहेको उपभोक्ता समितिका अध्यक्ष राजलवटले जानकारी दिनुभयो ।



## भक्तपुर नगरपालिका ६९ वर्षमा प्रवेश

# नगरपालिका जनताको समस्या सम्बोधन गर्ने मुख्य संस्था




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले जनप्रतिनिधि र कर्मचारीको अनुशासन र स्फूर्तिको निम्ति खेलकुद गतिविधिहरू आवश्यक भएको बताउनुहुँदै नगरपालिका जनताको समस्या सम्बोधन गर्ने मुख्य संस्था हुनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवसको अवसरमा पुस २ गते आयोजित प्रवचन तथा पुरस्कार वितरण कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले समयको मागसँगै कर्मचारीहरूको व्यक्तित्व र स्तरवृद्धि हुने सीपमूलक तालिमको आवश्यकता औंल्याउनुभयो।

उहाँले नगरपालिका नगरवासीको हितको निम्ति नयाँ नयाँ विचार र नीति बनाउने साझा संस्था भएको बताउनुहुँदै नगरको सरसफाइका गतिविधिलाई निरन्तरता दिंदै लानुपर्ने र नगरवासीहरूको गुनासो तथा समस्या सम्बोधनमा नपाका कर्मचारीहरूले इमान-दारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो।



अध्यक्ष नारायणमान बिजुक्छें

नगरपालिकाले फुटपाथ बनाउने, ढल निकासलगायतका कामहरूलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले समाजका शिक्षित व्यक्तिले अरुलाई मार्गनिर्देशन गर्नुपर्ने र सफाइ मजदुरहरूको सुरक्षाको विषयमा नगरपालिकाले ध्यान दिनु उचित हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्रमजीवी जनतालाई केन्द्रविन्दुमा राखेर नगरपालिका अगाडि बढेको बताउनुहुँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल र सरसफाइको नमुना नगर बनाउने उद्देश्यले जनप्रतिनिधिहरू लागिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले जनप्रतिनिधिहरूको हरेक काममा साथ र सहयोग गर्ने नगरवासीहरूमा कृतज्ञता ज्ञापन गर्नुभयो।



प्रमुख सुनिल प्रजापति

प्रमुख प्रजापतिले भन्नुभयो 'विगतको स्थानीय निकाय अहिले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहितको

| | | | | |
|---|---|---|---|---|
| म्युनिसिपालिटी | – | २००६।३।२४ | देखि | २००७।४।१० |
| नगरपञ्चायत | – | २००७।४।११ | देखि | २०१०।२।१८ |
| नगरपालिका | – | २०१०।२।१९ | देखि | २०१९।५।३ |
| नगरपञ्चायत | – | २०१९।५।४ | देखि | २०४५।५।२३ |
| नगरपञ्चायत समिति | – | २०४५।५।२४ | देखि | २०४७।२।२९ |
| नगरपालिका | – | २०४७।२।३० | देखि | |



प्रदेशसभा सदस्य सुरेन्द्र गोसाई

अधिकार सम्पन्न स्थानीय तह भएको छ । शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, समाज कल्याण, भेटनरीजस्ता विगतमा केन्द्रीय सरकार मातहत सञ्चालन हुने कार्यालयहरूको जिम्मेवारी पनि नगरपालिकामा आएको छ । संविधान र कानुनले जनताको नजिकको सरकार भनी चिनिने स्थानीय तहलाई अत्यन्त बलियो बनाइदिएको छ ।'

भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा गरिरहेको काम अहिले देशभरि चर्चाको विषय बनेको बताउनुहुँदै प्रमुख प्रजापतिले देशका विभिन्न नगरपालिका, महानगर र उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरूको भक्तपुर भ्रमण र अनुभवको आदानप्रदानले काम गर्न अझ हौसला मिलेको बताउनुभयो ।



प्रजिअ नारायणप्रसाद भट्ट

नेपाल मजदुर किसान पार्टीका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले स्थानीय तह सिंहदरबार नभई जनताको दरबार बन्न आवश्यक भएको बताउनुभयो ।



उपप्रमुख रजनी जोशी

उहाँले नेपाल मजदुर किसान पार्टीले सधैं जनताको निःस्वार्थ सेवाको नीति लिएको र जनताको असल सेवक बन्न जनप्रतिनिधिहरूलाई उत्साहित गर्दै आइरहेको स्मरण गर्नुभयो ।

जनताका दरबारका महत्त्वपूर्ण हिस्सा कर्मचारीहरू हुने चर्चा गर्नुहुँदै सांसद गोसाईंले साँघुरो कर्मचारी मनोवृत्तिमा रमाएर होइन जनसेवाको बृहत भावना र जनताको आँखाको नानी बनेर जनसेवक कर्मचारी भएर काम गर्नु आजको आवश्यकता हो भन्नुभयो ।



वडाअध्यक्ष उकेश कवां

कार्यक्रममा भक्तपुरका प्रजिअ नारायण-प्रसाद भट्टले भक्तपुर नपा देशकै व्यवस्थित र मानवीय, सामाजिक तथा सभ्यता विकास भएको उदाहरणीय नगर भएको बताउनुभयो ।



वडाअध्यक्ष श्यामकृष्ण खत्री

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई सुरक्षित नगरको रूपमा विकास गर्न भनपा निरन्तर लागिरहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र नगरवासी जागरुक भएकै कारण देशभरिमा उत्कृष्ट नपाको सफलता हासिल गर्न सफल भएको बताउनुभयो ।



वडाअध्यक्ष रविन्द्र ज्याख्व

कर्मचारी समाज नेपालका अध्यक्ष गौतम लासिवाले कर्मचारीहरूलाई भावनात्मक रूपमा काम गराउनुपर्नेमा जोड दिँदै संस्थागत र जनताको हितविपरीतका आन्दोलनको विपक्षमा कर्मचारी एशोसिएसन नेपालले काम गरिरहेको बताउनुभयो ।



कार्यकारी अधिकृत रोहितराज पोखरेल

कार्यक्रममा कार्यकारी अधिकृत रोहितराज पोखरेल, भनपा १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री र भनपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाको स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिकाका जन-प्रतिनिधिहरूबीच र कर्मचारीहरूबीच सम्पन्न विविध खेलकुद प्रतियोगिताका विजयी-हरूलाई कार्यक्रमका प्रमुख अतिथि नारायणमान बिजुक्छेंले प्रशंसापत्र वितरण गर्नुभयो ।



कर्मचारी समाज नेपालका अध्यक्ष गौतम लासिवा

# जीवनको उद्देश्य देश र जनताको सेवा गर्ने हुनुपर्ने



प्रमुख अतिथि बिजुक्छें वार्षिक उत्सवको समुद्घाटन गर्नुहुँदै

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माविको १९ औं, ख्वप कलेजको १७ औं र शारदा क्याम्पसको २८ औं वार्षिक उत्सवको अवसरमा शैक्षिक प्रदर्शनी तथा पुरस्कार वितरण समारोह २०७५ को उद्घाटन पुस ४ गते गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले शिक्षा व्यक्तिगत र सामाजिक विषय भएको र समाजवाद हुँदै वर्गविहीन र राज्यविहीन साम्यवादी समाज स्थापनाको लागि अगाडि बढ्नुपर्ने बताउनुभयो । उत्पादनका मुख्य मुख्य स्रोत र साधनहरू सामाजिकीकरण नभएसम्म वर्ग संघर्षबाट मुक्त हुन नसक्ने विचार राख्नुहुँदै अध्यक्ष बिजुक्छेंले जीवनको उद्देश्य देश र जनताको सेवा गर्ने हुनुपर्ने बताउनुभयो । हाम्रो देशमा अहिले प्रादेशिक र केन्द्रीय शिक्षामा भिन्नता आउने सम्भावना रहेको बताउनुहुँदै उहाँले शिक्षामा नवउदारवादविरूद्ध युवालाई सचेत पार्न आवश्यक रहेको बताउनुभयो ।

'देशको प्राकृतिक र मानवीय स्रोत विदेशमा जाँदैछ । देश झन् कमजोर हुने संकेत यसले देखाउँछ ।'– उहाँले






प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति र प्रदेश सदस्य सुरेन्द्रराज गोसाई

भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले सरकारको नीति तथा कार्यक्रम समाजवादउन्मुख नभएको र समाजवाद देखाउने दाँतमात्र भएको बताउनुभयो ।

अबौँ लगानी गर्नेलाई कर छुट दिने र थोरै कमाउनेलाई बढी कर लगाउने सरकारको नीति खोटपूर्ण भएको बताउनुहुँदै सांसद सुवालले नेपालको अर्थतन्त्र पुरै भारतमा निर्भर हुनु, खाद्यान्न भारतबाट आयात हुनु र युवाहरू विदेश पलायन हुनुले देश झन् झन् परनिर्भरतातर्फ गइरहेको संकेत गर्दछ भन्नुभयो ।

उहाँले चुनाव जित्न अर्बौं पैसा खर्च गर्ने, राजनीतिलाई पैसाले किन्ने शासक दलका नेता तथा कार्यकर्ताहरूकै कारण नेपालको राजनीति झन् झन् बिग्रिरहेको बताउनुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले शिक्षामा भक्तपुर नपाले अगुवाको भूमिका खेलिरहेको र समाजमा परिवर्तन ल्याउन देश र जनतामा समर्पित भएर लाग्नुपर्ने बताउनुभयो ।

नेपालको संविधानले मावि तहसम्मको शिक्षा निःशुल्क गर्ने भनिए पनि संविधानअनुरूप सरकारले बजेट व्यवस्था गर्न नसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले संघ सरकारले आवश्यक बजेट विनियोजन गरेको खण्डमा भनपाले मावि तहसम्म निःशुल्क शिक्षाको बन्दोबस्त गर्ने बताउनुभयो ।

प्रदेश नं. ३ का प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले ख्वप कलेजको स्थापनाले देशकै विद्यार्थीहरूले सस्तो र गुणस्तरीय शिक्षा प्राप्त गरिरहेको बताउनुहुँदै शासक दलको पूर्वाग्रही सोचकै कारण ख्वप विश्वविद्यालय विधेयक अगाडि नबढेको बताउनुभयो ।

अर्का प्रदेशसभा सदस्य सृजना सैंजुले भक्तपुर नगरपालिकाले देशलाई आवश्यक जनशक्ति तयार गरी देशकै सेवा गरिरहेको बताउनुभयो । उहाँले प्रदेश सरकार एनजीओ र आइएनजीओको सहयोग पाउनुलाई आफ्नो सफलता सम्झनुले वर्तमान सरकार जताततै असफल भइरहेको सावित भएको बताउनुभयो ।

कार्यक्रममा त्रिवि शिक्षाशास्त्रका पूर्व डीन पृथुचरण वैद्य, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष चन्द्रमणि पौडेल, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य पकाश श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

कलेजको वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलका विजयी खेलाडीहरू, कलेजमा अध्ययनरत विभिन्न संकायका उत्कृष्ट विद्यार्थीहरूलाई मायाको चिनो र पुरस्कार वितरण गरिएको थियो ।

## sl7g sfd ug]{ ;f]r ;lxt gofF k':tf cufl8 a9gkg]{

ख्वप माविको १९ औँ, ख्वप कलेजको १७ औं र शारदा क्याम्पसको २८ औँ वार्षिक उत्सव कार्यक्रम शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रमसहित पुस ६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् विद्यालय र कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले पुर्खाले सिर्जेको कला र संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै संस्कृति झल्किने कार्यक्रमहरू प्रस्तुति भएकोमा खुशी व्यक्त गर्नुभयो ।

'हाम्रो कला, संस्कृति र भाषालाई जोगाउन विविध गतिविधिहरू गर्नु आवश्यक छ,' उहाँले जोड दिनुभयो ।

अध्ययनको साथसाथै विभिन्न अतिरिक्त क्रियाकलापहरूमा भाग लिन विद्यार्थीहरूलाई प्रोत्साहन गर्नुहुँदै उहाँले सजिलो होइन देश र जनताको हितमा कठिनभन्दा



अतिथि प्रदेशसभा सदस्य सृजना सैंजु, प्रजिअ नारायणप्रसाद भट्ट, पूर्व डीन पृथुचरण वैद्य र राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष चन्द्रमणि पौडेल



कठिन कामहरू गर्ने सोचसहित नयाँ पुस्ता अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

एनजीओ र आईएनजीओले पैसाको खोला बगाएर युवा र समाजलाई भ्रष्ट बनाइरहेको प्रति सचेत गराउनुहुँदै प्रमुख प्रजापतिले न्यायालयदेखि सरकारी कार्यालयहरूसमेत एनजीओ र आईएनजीओको प्रभाव परिरहेको हुँदा देश परनिर्भर भइरहेको छ भन्नुभयो ।



उपप्रमुख रजनी जोशी

जीवनको हरेक क्षणमा सजग र होसियारी अपनाउनुपर्ने सुझाव दिनुहुँदै उहाँले भन्नुभयो, 'अहिले गरेको कुनै पनि काम र कदमले भविष्यमा पश्चाताप गर्न नपरोस् ।'

'पैसाको लागि इज्जतलाई बन्धकी राख्ने काम गर्नुहुन्न, आफ्नो स्वाभिमान र देश र जनताको अहित हुने कुनै पनि काम गर्नुहुन्न ।' उहाँले जोड दिनुभयो ।

कलेज तथा विद्यालयले पुरस्कृत गर्नु पनि एक प्रकारको सम्मान भएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूको सफलताको कामना गर्नुभयो ।

कार्यक्रममा मेयर प्रजापतिले वार्षिक उत्सव कार्यक्रमको अवसरमा आयोजित विभिन्न आन्तरिक खेलकुद प्रतियोगिता एवं कविता प्रतियोगिताका विजयी विद्यार्थी तथा शिक्षक र कर्मचारीलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।





वक्ताहरूमध्ये कलेजका प्राचार्य रूपक जोशी र प्रकाश श्रेष्ठ

c1fgLxÊ /fi]ub]v 8/fp5g,\
dÚx{Ê /fi]nf0{a]f:tf u5g,\
al4dfgxÊ /fi]ub]v ;ts{/xG5g,\
;kmf ug{[afgL a;fnf}+
/fi]ub]v 6f9f a;f}+.

# निबन्ध लेखन र वक्तृत्वकलाका विजयीहरू

विश्व सर्वहारा वर्गका महान गुरू एवं दार्शनिक कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा भक्तपुर नगरपालिकाद्वारा आयोजित माध्यमिक विद्यालय (कक्षा ९ र १०) स्तरीय **निबन्ध लेखन प्रतियोगिता** र (कक्षा ११ र १२) स्तरीय **वक्तृत्वकला प्रतियोगिता**को नतिजा तपसिलअनुसार भएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । विजयीहरूलाई मिति २०७५ पुस २१ गते दत्तात्रयमा भएको पुरस्कार वितरण कार्यक्रममा पुरस्कृत गरियो ।

## पुरस्कृतहरू

### विधा- निबन्ध लेखन

**विषय–वैज्ञानिक समाजवाद आजको आवश्यकता**

| क्र. सं. | विद्यार्थीको नामथर र कक्षा | विद्यालयको नाम | स्थान |
|---|---|---|---|
| १ | करिष्मा थापामगर(९) | वाइजल्याण्ड ई.से.स्कूल | प्रथम |
| २ | सुजिना लामा (१०) | ज्ञानतारा ई.से. स्कूल | द्वितीय |
| ३ | सुशीला खड्का (१०) | आदर्श आजाद मा.वि. | तृतीय |
| ४ | सलिना यान्द्यो (९) | बासु मा.वि. | सान्त्वना |
| ५ | राजिव सुवाल (९) | ब्राइट स्टार ई.से. स्कूल | सान्त्वना |

**विषय–कला र संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका**

| क्र. सं. | विद्यार्थीको नामथर र कक्षा | विद्यालयको नाम | स्थान |
|---|---|---|---|
| १ | सुमिना जोन्छें (१०) | सनसाइन नेसनल ई.स.स्कूल | प्रथम |
| २ | रीस्ता छुस्याकी(१०) | ब्राइट स्टार ई.से.स्कूल | द्वितीय |
| ३ | रविना धमला (१०) | सूर्यविनायक ई.से.स्कूल | तृतीय |
| ४ | रुची नकर्मी (९) | गोल्डेन गेट ई.से.स्कूल | तृतीय |
| ५ | अनिता तामाङ्ग(१०) | विद्यार्थी निकेतन मा.वि. | सान्त्वना |
| ६ | रविना तामाङ्ग (९) | शान्ति निकेतन मा.वि. | सान्त्वना |

### विधा- वक्तृत्वकला

**विषय–समाजवादी शिक्षा व्यवस्था आजको आवश्यकता**

| क्र. सं. | विद्यार्थीको नामथर र कक्षा | विद्यालयको नाम | स्थान |
|---|---|---|---|
| १ | प्रज्ञा दुवाल (१२) | ख्वप कलेज | प्रथम |
| २ | सुवर्ण के.सी. (१२) | वागीश्वरी मा.वि. | द्वितीय |
| ३ | सहदेव कोइराला (११) | ख्वप कलेज | तृतीय |
| ४ | लुजन सिंह (११) | पद्म मा.वि. | सान्त्वना |
| ५ | रविता थुयाजू (१२) | बासु मा.वि. | सान्त्वना |

**विषय–समाज विकासमा मार्क्सवादी दृष्टिकोण**

| क्र. सं. | विद्यार्थीको नामथर र कक्षा | विद्यालयको नाम | स्थान |
|---|---|---|---|
| १ | सारिका खुलीमुली (१२) | वागीश्वरी मा.वि. | प्रथम |
| २ | तुलसा उप्रेती (१२) | पद्म मा.वि. | द्वितीय |
| ३ | धीरेन्द्र विष्ट (१२) | बासु मा.वि. | तृतीय |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# sd{rf/L ;dfof]hg cWofb]zsf]lj/f]wdf cGt/lqmof

नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा 'कर्मचारी समायोजन अध्यादेश २०७५ र कर्मचारी आन्दोलन' विषयक अन्तरक्रिया कार्यक्रम पुस १५ गते सम्पन्न भयो ।




कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् माननीय सांसद प्रेम सुवालले कर्मचारी समायोजन ऐन २०७४ कार्यान्वयन नै नगरी कर्मचारी अध्यादेश ल्याउनु र हल्लाको भरमा देश चलाउन खोज्नु ठीक नभएको बताउनुहुँदै संसद छलेर यो अध्यादेश ल्याउनु प्रजातन्त्रविरोधी र निरंकुशता हो भन्नुभयो ।

उहाँले प्रत्येक वर्ष कर्मचारीहरूको तलबवृद्धि गर्नुभन्दा महँगी नियन्त्रण गर्नु जनताको हितमा हुने बताउनुहुँदै ४२ हजार निजामति कर्मचारीहरूलाई समायोजन गर्न आएको यो अध्यादेश प्रदेश सरकार र स्थानीय तहको स्वायत्तताको भावना विपरीत छ भन्नुभयो ।

सबै तहका सरकारहरू सबल बनाउन कर्मचारीहरूलाई जवाफदेही र उत्तरदायी बनाउनुपर्ने र यसको लागि योग्य र आवश्यक कर्मचारीमात्र भर्ना गर्नुपर्ने औंल्याउनुभयो । कर्मचारीहरूले पनि वृत्तिविकासको लागि निरन्तर अध्ययन गर्दै क्षमतावान बन्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका विशेष अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राणा शासनको पतनको कारण राणाहरूबीचको विभेद भएको स्मरण गर्नुहुँदै कर्मचारी समायोजन अध्यादेश ल्याएर कर्मचारीबीच विभेद गर्दा सरकारलाई नै अप्ठेरो भएको बताउनुभयो ।

विकेन्द्रीकरण र स्वायत्तताको सिद्धान्तअनुसार स्थानीय तहहरूले स्थानीय आवश्यकताअनुसार दरबन्दी सिर्जना गरी कर्मचारी भर्ना गर्न पाउनुपर्ने जिकिर गर्दै यो अध्यादेश संघीयता र संविधानको भावना र मर्मविपरीत छ भन्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आवश्यक ऐन, कानुन, नियम निर्माण गरी अगाडि बढिरहेको बताउनुहुँदै संघीय सरकारको अनावश्यक हस्तक्षेप स्वीकार नहुने बताउनुभयो ।

यो अध्यादेश सरकार संघीयताको भावना र मर्मअनुरुप चल्न नसकेको उदाहरण हो भन्नुहुँदै यसको विरुद्धमा संघीय र स्थानीय तहका कर्मचारीहरू आन्दोलनरत रहेकोले अहिले सरकार दोधारमा परेको बताउनुभयो ।

नेपाल कर्मचारी समाज केन्द्रीय समितिका अध्यक्ष गौतमप्रसाद लासिवाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा



भनपा उपप्रमुख रजनी जोशी, वडाअध्यक्ष उकेश कवां, कर्मचारी समाजका गणेशलाल फोंजु, राजन जति, दिलकृष्ण माक, अम्बिका धौभडेल र काशिलाल प्रजापतिले पनि आ–आफ्नो विचार राख्नुभएको थियो ।

# उदाहरणीय र सफाइमा नमुना नगर बनाउन सफाइ अभियानलाई निरन्तरता




भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सरसफाइअन्तर्गत पुस १५ गते हनुमानघाट परिसरको सरसफाइ कार्य सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका कर्मचारी, विभिन्न विद्यालयका शिक्षक–विद्यार्थी, दाफा, टीम, क्लब र स्थानीयको सहभागिता रहेको उक्त सफाइ कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सिंगो नगरलाई उदाहरणीय र सफाइमा नमुना नगरको रूपमा स्थापित गर्ने उद्देश्यले सफाइ अभियानलाई निरन्तरता दिइरहेको बताउनुभयो।



(पुस १५ गते)

उहाँले यहाँको कला–संस्कृति राम्रो भए देशकै निम्ति राम्रो हुने बताउनुहुँदै सरसफाइ प्रचारको निम्ति नभई सभ्यता कायम गर्नको निम्ति भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले नगरभित्रका सबै क्षेत्रमा चरणबद्ध रूपमा सफा गरिरहेको र केही पूर्वाग्रही सोच भएका मानिसहरूले नगरपालिकाको कामको विरुद्धमा अनावश्यक प्रचार गरिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले हनुमन्ते सफाइमा त्यहाँका श्रद्धालुहरूलाई व्यवस्थित तरिकाले फोहर फाल्न सचेत गर्नुपर्ने बताउनुभयो। कर्मचारी तथा जनप्रतिनिधिहरूले सफाइ अभियानलाई नियमित कार्यको रूपमा लिएर सेवाभावले काम गर्न उत्साहित गर्नुभयो।

कार्यक्रममा वडा सदस्य हरिरत्न गोर्खालीले सफा गर्नु सबैको दायित्व भएको र वडावासीहरूलाई पनि सचेत पार्दै सफाइ अभियानमा संलग्न गराउनुपर्ने बताउनु भयो।

त्यस्तै भक्तपुर नगरपालिकाबाट प्रत्यक महिनाको १ र १५ गते गर्दै आएको नियमित सरसफाइ कार्यक्रम अन्तरगत पुस १ गते जगाती चोकदेखि कमलविनायक चोकसम्मको राजमार्ग सरसफाइ गरियो अभियानमा भनपा प्रमुख सुनिल प्रजापति, वडा अध्यक्षहरूलगायत जनप्रतिनिधीहरू, कर्मचारीहरू, विद्यार्थीहरू, स्थानीय जनताको सहभागिता थियो।



(पुस १ गते)



# भक्तपुरको फोहोर मैला व्यवस्थापनसम्बन्धी छलफल

भक्तपुर नगरपालिकाको फोहोर मैला व्यवस्थापन प्रभावकारी रूपमा अवलम्बन गर्ने विषयमा नगरपालिकाको आयोजनामा पुस १३ गते जनप्रतिनिधिहरू, नगरपालिकाका शाखा प्रमुखहरू एवम् कार्यदलका सदस्यहरूबीच छलफल कार्यक्रम भयो ।

आवश्यक भएका बताउनुहुँदै कार्यक्रममा प्रस्तुत गरिएका प्रस्तुतीकरणहरू प्रभावकारी र उपयोगी भएको बताउनुभयो ।

कार्यक्रममा भनपा– ५ का वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य, भनपा–२ का वडाध्यक्ष हरिप्रसाद बासुकला, वडा नं. ८ का वडाअध्यक्ष महेन्द्र खायमली, कार्यपालिका सदस्यद्वय





कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रमुख प्रजापति (बायाँ) र उपप्रमुख जोशी

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर सानो नगर भएको हुँदा यहाँ सहज रूपमा सफा गर्न सकिने बताउनुहुँदै विशेषज्ञको ज्ञान, नगरपालिकाको लगानी र नगरवासीको सचेतनाले नगरलाई सफा र व्यवस्थित बनाउन सहयोग पुग्ने बताउनुभयो ।

भक्तपुर नगरलाई दीर्घकालीन रूपमा सफा गर्ने नपाको उद्देश्य रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले 'एक सम्पदा एक सरसफाइ' अभियानमार्फत् भक्तपुरका विभिन्न संघ–संस्थालाई सरसफाइ अभियानमा क्रियाशील र सक्रिय बनाइ परिचालन गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो – 'पहिले पहिले घरभित्रै मल बनाउने परम्परागत प्रविधि हुन्थ्यो । तर बदलिंदो समयसँगै फोहोर मैला व्यवस्थापनमा चुनौती थपिएको छ । फोहोरलाई मलको रूपमा प्रयोग गर्ने कि पुन:प्रयोग गर्ने भन्ने विषयमा छलफल आवश्यक छ ।'

फोहोरमैला व्यवस्थापनमा जनचेतना नै मुख्य भएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्लास्टिकको प्रयोगमा सकेसम्म कमी ल्याउने र कपडाको झोला प्रयोग उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले अरु नगरपालिकामा फोहोर व्यवस्थापन प्रविधिबारे अध्ययन

रोशनमैया सुवाल र छोरी मैया सुजखु, स्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवालले वडा–वडाका फोहोरलाई उचित रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै जनसमुदायलाई परिचालन गरी फोहोर व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा पर्यटन तथा वातावरण समितिका संयोजक रविन्द्र ज्याख्व, फोहोर मैला व्यवस्थापन कार्यदलका सदस्यहरू अमित रञ्जित, रोनिस शाक्य, पुन भैल, सुशिला ग्वाछा, मीरा प्रजापतिलगायतले आ–आफ्नो प्रस्तुती राख्नु भएको थियो ।

## कर्मचारीहरू एक वर्षमा १२५ वर्ष विदेशमा

### विदेश भ्रमणको लीला तथ्याङ्कमा

| | |
|---|---|
| एक वर्षमा विदेश गएका कर्मचारी | : ५ हजार ११ |
| उपल्लो तहका | : ८५ प्रतिशत |
| तल्लो तहका | : १२ प्रतिशत |
| संवैधानिक निकायका पदाधिकारी | : ३ प्रतिशत |
| जम्मा खर्च | : २ अर्ब रुपैयाँ (अनुमानित) |
| विदेशमा कर्मचारीले बिताएका दिन | : ४५,६५७ (१२५ वर्ष) |
| प्रमुख देशहरु | : युरोप, अस्ट्रेलिया, दक्षिण अमेरिकी देश, उत्तर अमेरिकी देश, सार्क तथा दक्षिणपूर्वी, एसियाका देशहरु चीन, भारत, अफ्रिका |

श्रोत: राजधानी २०७५/९/८

# cfTd/Iff;DaGwL cledvVLs/Of sfo{qmd

भक्तपुर नगरपालिकाको आयोजनामा पुस १२ गते आत्मरक्षासम्बन्धी नपाका जनप्रतिनिधि र कर्मचारीबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।




प्रमु प्रजापति मन्तव्य राख्नुहुँदै

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महिला हिंसा, बलात्कार, छुवाछुटजस्ता घटना बढिरहेको समयमा आत्मरक्षाको तालिम महत्त्वपूर्ण




उपप्रमुख जोशी

हुने बताउनुभयो । आफ्नो आत्मविश्वास र आत्मबल बढाउन आत्मरक्षासम्बन्धी तालिम उपयोगी हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकालाई सुन्दर र व्यवस्थित नगरको रूपमा विकास गर्न कमजोरी पक्षलाई सुधार गर्दै बहुमत जनताको हितमा निरन्तर काम गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो– ‘भक्तपुर नगरपालिकाले १० वटै वडामा शारीरिक व्यायामका सामग्रीहरू जडान गर्दैछ र घरदैलो नर्सिङ सञ्चालन गरी नगरवासीहरूको स्वास्थ्य स्थितिको जानकारी लिने कार्य पनि अगाडि बढेको छ ।’

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले आत्मरक्षा महिलालाई मात्र होइन पुरुषलाई पनि आवश्यक भएको बताउनुभयो । भनपालाई लैंगिक हिंसामुक्त गर्न अभियान चलाउनुपर्ने औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आत्मरक्षासम्बन्धी तालिम प्रशिक्षक पद्मा खयरगोलीले दिनुभएको कार्यक्रममा नपाका



कार्यक्रममा एक प्रस्तुति

विभिन्न वडाका वडाअध्यक्षहरूको पनि सहभागिता रहेको थियो ।

# सम्पदा संरक्षणसम्बन्धी कार्यशाला गोष्ठी

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा पुस १२ गते 'Conservation and Restoration of Heritage Structures' विषयक एक दिने कार्यशाला गोष्ठी सम्पन्न भयो।




कार्यक्रमको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले २०७२ सालको भूकम्पमा देशका धेरै संरचना ध्वस्त भएको र सम्पदाहरूमा क्षति पुगेको बताउनुहुँदै संकटको समयमा जापान सरकार र जापानका विभिन्न संघ-संस्थाले गरेका सहयोगप्रति धन्यवाद दिनुभयो।

जापान सरकार र जापानी संघ-संस्थाले संकटको समय नेपालमा अनुसन्धानका कार्यहरूमा सहयोग गरेको जानकारी गराउनुहुँदै उहाँले नयाँ पुस्ताका नेपाली विद्यार्थीहरूले त्यसबाट सिक्ने अवसर प्राप्त गरेको जानकारी गराउनुभयो। दुई देशबीचका प्राविधिकहरूको विचार, अनुभव र सीपको आदानप्रदान हुनु सकारात्मक भएको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले यहाँको सम्पदा संरक्षण र सम्बर्धनमा उल्लेखनीय कार्य गरिआएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुहुँदै देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न कलेजहरूले महत्त्वपूर्ण योगदान गर्ने बताउनुभयो। साथै सस्तो र गुणस्तरीय शिक्षा दिनु भक्तपुर नपाद्वारा सञ्चालित कलजहरूको उद्देश्य रहेको बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनिरिङ कलेजका सिनियर लेक्चररहरू डा.सुवेगमान बिजुक्छेँ र डा. मन्जिप शाक्य, एसोशियत प्रोफेसर ई. चन्द्रकिरण कवां, इहिम युनिभर्सिटीका प्रोफेसर नेत्रप्रकाश भण्डारीले भूकम्प पुनःनिर्माणसम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो।

कार्यक्रम जापान विश्वविद्यालयका प्रतिनिधिहरू सुकुवा युनिभर्सिटीका प्रोफेसर यासुस्गी युकीटा, मिई युनिभर्सिटीका प्रोफेसर टोसिका जो हानाजातो, टोक्यो डेन्की युनिभर्सिटीका प्रोफेसर यासुशी नित्सु, क्यु सू युनिभर्सिटीका प्रोफेसर केन्टारो यामागुची, सिन्चु युनिभर्सिटीका असिस्टेन्ट प्रोफेसर डा. यो हेई एन्डो र किन्डाई युनिभर्सिटीका प्रोफेसर सोईची एन्डोले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, ख्वप ई. कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इ. का प्राचार्य सुनिल दुवाल, पुल्चोक क्याम्पसका प्रेमनाथ मास्केलगायत ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राध्यापक र प्राविधिकहरूको पनि उपस्थिति थियो।




गोष्ठीमा सहभागीहरू

# कमलविनायक र सुकुलढोकामा पेटी र पेटी मुनि राखेको सामान उठाइयो

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार परिच्छेद ३ ज को १९ अनुसार बजार व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका भित्र पर्छ । अव्यवस्थित बजारले बाटो अवरोध हुने, दुर्घटना भई बाटोमा हिंड्ने बटुवाको अङ्गभङ्ग भई जीवनसमेत बर्बाद हुन सक्ने भएकोले त्यस्को व्यवस्थापनमा नगरपालिकाहरूले कडाई साथ व्यवस्थापन गुर्न पर्ने र नगरवासीहरूलाई सचेत पार्नु पर्ने दायित्व पनि हो । तर सचेत गर्दा समेत अटेर भएकालाई र थाहा पाई जानाजान गल्ति गर्नेलाई कानुनको कठघरामा उभ्याई दण्डित गर्नु पर्ने दायित्व पनि हो । यसै क्रममा भक्तपुर नगरपालिकाले कमलविनायक र सुकुलढोका क्वाछेंमा भक्तपुर नगरपालिकाले बजार व्यवस्थापन गर्ने क्रममा पुस ११ गते पेटी र पेटीमुनिको सामान उठाएको छ ।

कमलविनायक क्षेत्रमा पसल व्यवसायीहरूलाई पेटी र पेटी मुनिको सामानहरू पटक पटक हटाउन अनुरोध गरेको, माईकिङ्ग गरेको र पत्राचार गर्दा समेत अटेर भएकोले पेटीमा राखेको सामानहरू फ्रिज बाकस, डिजिटल तराजु, क्रेट, काउली, बन्दा, खर्पन र अन्य खुद्रा सामानहरू उठाएको छ । त्यस्तै सुकुलढोका क्वाछेमा पेटी र पेटी मुनि अवरोध हुने गरी राखेको व्यापारीहरूको सामान त्वारवा, क्रेट, लुगा झुण्ड्याउने, कुचो च्वाफि, साँचो फ्रेम, मुजा, स्पोर्ट सेट, दालु, पात, मटरकोसा, उखु, भिनिसपाटा, स्टुल र चेन पोकालगायत सामानहरू उठाएको वडानिरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

**भक्तपुर नपाको बजार अनुगमन**

# औषधि पसलहरू अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिको नेतृत्वमा कमलविनायक र जगातिमा ८ वटा औषधी पसलहरू मंसिर २७ गते अनुगमन गरियो ।

अनुगमनको क्रममा सम्बन्धित पसललाई नगरपालिकामा मात्र औषधि पसल भनेर दर्ता गरेको तर कर कार्यालय र औषधि विभागमा जनस्वास्थ्य भनी दर्ता गरी कर छली गरेको आशंका भएकोले एउटै नाममा नगरपालिका, कर कार्यालय र औषधि विभागमा दर्ता गर्न, नसा सम्बन्धी औषधि बिक्री गर्दा औषधिको विवरण पूर्जी सुरक्षित फाईलिङ गरी राख्न सुझाब दियो ।

त्यस्तै पसल दर्ता नवीकरण गर्न र पसलमा अनुमति पत्र भएकोमात्र बस्न र सो अनुमति पत्र पसलमा देखिनेगरी राख्न, सरसफाइमा ध्यान दिन, ल्यावको मूल्य सूची राख्न, क्लिनिकमा बस्नेहरूको परिचय पत्रसहित अनुमति पत्र भएको मात्र बस्ने व्यवस्था गर्न, औषधि पसल र क्लिनिकको छुट्टाछुट्टै दर्ता गर्न सुझाब दियो ।

अर्को पसलमा ल्याव टेक्निसियनको प्रमाणपत्र भएको राख्न र सोको फोटोकपि पनि पसलमा राख्न, पसल नवीकरण गर्न र सरसफाइ गर्न, क्लिनिक नवीकरण गर्न सुझाब दियो ।

अनुगमनमा अनुगमन समितिका रोशन मैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका राज बहादुर डगौरा, जिल्ला जनस्वास्थ्य कार्यालयका धनञ्जय आर्चाय, भनपा जनस्वास्थ्यका कमल केशरी राजचल र उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी रहेको थियो ।

**चिनियाँ नीतिकथा**

## आधा दिनको बिदा

एकपल्ट एकजना ठूला हाकिमलाई रमाइलो गरी समय बिताउन कुनै बौद्ध विहारमा जान मन लाग्यो । उसका कर्मचारीहरूले ऊ त्यहाँ जानुभन्दा तीन दिनअघि विहारका भिक्षुहरूलाई हाकिम आउँदैछ भन्ने सूचना दिए । विहारका सबै भिक्षुहरू हाकिमको स्वागतको तयारी गर्न जुटे ।

बौद्ध विहार डाँडामाथि थियो । त्यसको वरिपरि बाँसको बाक्लो जंगल थियो । वातावरण निकै शान्त थियो । त्यहाँ पुगेर हाकिम निकै खुशी भयो । खाना खानुभन्दा पहिले उसले अलिकति रक्सी खायो । अनि उसले भिक्षुहरूलाई कविता सुनाउन थाल्यो : बाँसका गाँजहरूको माझमा मन्दिरको अनौठो वैभव, भिक्षुहरूसँग सत्सँग गर्ने पूर्व अवसर, कति सुखमय छ आजको दिन, मेरो आधा दिनको यो बिदाको क्षण !

कविता सुनेर एक जना पाका भिक्षु हाँस्न थाल्यो । हाकिमले उनीसँग हाँस्नुको कारण सोध्यो ।

भिक्षुले जवाफ दियो, 'तपाईँको लागि त यो आधा दिनको बिदा हो । तर हाम्रो लागि भने लगातार तीन दिनसम्म खटेर मिहिनेत गर्नुपर्यो ।

# माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता

विश्व सर्वहारा वर्गका महान् गुरु एवम् दार्शनिक का. कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा पुस ९ गते माध्यमिक विद्यालय (कक्षा ९ र १०) स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न भयो ।




कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एक्काइसौं शताब्दीको लागि योग्य नागरिक तयार गर्ने भक्तपुर नगरपालिकाको उद्देश्य रहेको र नयाँ पुस्ताका विद्यार्थीमाझ वैचारिक छलफलको आवश्यकता औंल्याउनुभयो ।

समाज बदलनका निम्ति मार्क्सको योगदानबारे विद्यार्थीमाझ चर्चा आवश्यक रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले कार्ल मार्क्सका रचना तथा साहित्य अध्ययनमा विद्यार्थीहरूले जोड दिनुपर्ने बताउनुभयो



समाजको निम्ति योगदान पुऱ्याएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूबारे विद्यार्थी जानकार हुनुपर्ने बताउनुहुँदै उहाँले विद्यार्थीलाई क्रियाशील बनाउन भक्तपुर नपाले स्थानीय पाठ्यक्रम, सीपमूलक तालिम र खेलकुद प्रतियोगिताहरूको आयोजना गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले नयाँ पुस्तालाई व्यक्तिगत स्वार्थमा लिप्त नगराउन र उनीहरूमा व्यवहारिक ज्ञान दिन यस्ता प्रतियोगिताहरू महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले समाजको वैज्ञानिक अध्ययन गर्ने नयाँ पुस्ता तयार गर्न भक्तपुर नगरपालिकाले जोड दिइरहेको बताउनुहुँदै नयाँ पुस्ता देश र समाजप्रति जिम्मेवार बन्न नसके देश धेरै पछाडि पर्ने बताउनुभयो ।

बासु माध्यविक विद्यालयका प्राचार्य अम्बिका न्याईच्याईले अबको समाज प्रगतिको बाटोतर्फ लम्कनुपर्ने र समाजको विकासमा विद्यार्थीहरूले आ–आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ५ का वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य, स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्य, नगर शिक्षा अधिकृत मेघनाथ रिमालको पनि उपस्थिति थियो ।

निबन्ध प्रतियोगिताको **'वैज्ञानिक समाजवाद आजको आवश्यकता'** शिर्षकमा २८ जना र **'कला र संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका'** विषयमा ४२ जना गरी कूल ७० जना विद्यार्थीहरूले उक्त प्रतियोगितामा सहभागिता जनाएको आयोजक नगर शिक्षा समितिले जनाएको छ ।

# कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा पुस १० गते विश्व सर्वहारा वर्गका महान् गुरु एवम् दार्शनिक का. कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा भक्तपुर नगरस्तरीय कक्षा ११ र १२ का विद्यार्थीहरूबीच वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो ।




प्रतियोगितामा सहभागीहरूलाई सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राजनीति व्यक्तिगत फाइदाको निम्ति नभई ब्यापक जनताको सेवा गर्ने र पूँजीवादी समाजलाई बदल्ने उद्देश्यले गर्नुपर्ने बताउनुभयो । विद्यार्थीहरूमा राजनीतिप्रतिको वितृष्णा देखिनु देश र समाजको निम्ति खतराको विषय भएको बताउनुहुँदै प्रमुख प्रजापतिले नेतृत्वकर्ताहरूमा इमानदारीको आवश्यकता औंल्याउनुभयो ।

व्यापक जनतालाई राजनीतिक र सांस्कृतिक रूपमा सचेत गरेर मात्रै समाजवादी आन्दोलन अगाडि बढाउनु पर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले समाजवादी व्यवस्थामा बहुङ्सख्यक कामदार जनताको हित हुने बताउनुभयो । उहाँले नयाँ पुस्ताका विद्यार्थीहरूले समाजको इतिहास र वर्गसंघर्षको इतिहासबारे थाहा पाउन मार्क्सवादी र समाजवादी साहित्य अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै नेपाल मजदुर किसान पार्टी समाजवादी शिक्षा प्रचारमा अग्रसर भइरहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले विद्यार्थीहरूमाझ वैज्ञानिक शिक्षा प्रचारको आवश्यकता औंल्याउनुहुँदै घोकन्ते शिक्षा भन्दा व्यवहारिक शिक्षाको महत्त्व बढी भएको बताउनुभयो । उहाँले भक्तपुरको शैक्षिक स्तर उकास्न र शिक्षामा नमुना नगरपालिका बनाउने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको बताउनुभयो ।

नगर शिक्षा अधिकारी मेघनाथ रिमालले भक्तपुर नगरपालिका विद्यार्थीको सिर्जनशीलताका पक्षमा रहेको र विद्यार्थीलाई पाठ्यक्रमबाहक अतिरिक्त क्रियाकलापमा सबल र सक्षम बनाउन यस प्रतियोगिताले ठूलो महत्त्व राख्ने बताउनुभयो ।

कार्यक्रममा स्रोतव्यक्ति कृष्णप्रसाद कर्माचार्य, वडाअध्यक्ष उकेश कवांलगायतले बोल्नुभएको थियो ।

वक्तृत्वकला प्रतियोगिताको निर्णायकमा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्व, ५ नं. वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य, प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाई र नगर शिक्षा अधिकारी मेघनाथ रिमाल हुनुहुन्थ्यो ।

**'समाज विकास क्रममा मार्क्ससवादी दृष्टिकोण'** विषयमा वागीश्वरी माविका सारिका खुलीमुली **प्रथम**, पद्म माविका तुलसा उप्रेती **द्वितीय** र बासु माविका धीरेन्द्र विष्ट **तृतीय** हुन सफल भए । **'समाजवादी शिक्षा व्यवस्था : आवश्यकता र महत्त्व'** विषयक वक्तृत्वकला प्रतियोगितामा ख्वप माविका प्रज्ञा दुवाल **प्रथम**, वागीश्वरी माविका सुवर्ण केसी **द्वितीय**, ख्वप माविका सहदेव कोइराला **तृतीय** र पद्म माविका लुजन सिंह र बासु माविका रविता थ्याजुले **सान्त्वना** प्राप्त गर्नुभयो । प्रतियोगितामा ९ जनाले भागलिएका थिए ।

# ; xsf/L ;+yfx¿ sf] cg'udgsf] nflu kN;{(PEARLS) ;DaGwL tflnd ;DkGg

भक्तपुर नगरपालिकाको आयोजनामा पुस ९ गते सहकारी संस्थाहरूको अनुगमनको लागि पर्ल्स (PEARLS) सम्बन्धी तालिम भनपा सभाकक्षमा सम्पन्न भयो।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय जनतालाई दिएको अधिकार बलियो भए प्रजातन्त्र बलियो हुने बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाभित्र दर्ता भएका सहकारी संस्थाको अनुगमन तथा निरीक्षण व्यवस्थापन गर्न तालिमको आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो – 'कानुनले स्थानीय तहलाई शिक्षा, स्वास्थ्य, सहकारीलगायत विभिन्न क्षेत्रमा अधिकार सम्पन्न बनाएको छ। सहकारी ऐनले नगरभित्रका बहुसङ्ख्यक सहकारी संस्थाको हित र विकासमा काम गर्नु आवश्यक छ।'

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण, घरघरमा नर्सिङ सेवालगायतका घोषणापत्रमा उल्लिखित कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले हरेक क्षेत्रमा आर्थिक अनुशासन महत्त्वपूर्ण हुने बताउनुभयो।

पर्ल्ससम्बन्धी तालिमका प्रशिक्षक कृष्णगोविन्द लाखाजुले दर्ता भएका सहकारी संस्थाका समयमा अनुगमन नहुँदा समस्या हुने बताउँदै बचत तथा ऋण सहकारीलाई अनुशासनमा राख्न तालिमको आवश्यकता रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले तालिमको औचित्यताबारे प्रस्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, नपाका विभिन्न शाखा प्रमुखहरूले तालिममा सहभागिता जनाएका थिए।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

### आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) २०७५ सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरुको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने नगरस्तरीय आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा २०७५ तपसिल बमोजिम सञ्चालन हुने सूचना प्रकाशित गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय : दिउँसो १:०० बजेदेखि**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०७५/१२/०७ बिहीबार | अंग्रेजी |
| २ | २०७५/१२/०८ शुक्रबार | नेपाली |
| ३ | २०७५/१२/१० आईतबार | गणित |
| ४ | २०७५/१२/११ सोमबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा |
| ५ | २०७५/१२/१३ बुधबार | विज्ञान तथा वातावरण |
| ६ | २०७५/१२/१४ बिहीबार | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा |
| ७ | २०७५/१२/१५ शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा |
| | | नैतिक शिक्षा |
| ८ | २०७५/१२/१७ आइतबार | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य |

**पुनश्च** : विशेष कारणवश माथि उल्लेखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ। साथै परीक्षा केन्द्र पछि प्रकाशित गरिने।

**नगर शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**फोन नं : ०१-६६१०११६**

# इन्जिनियरका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको शैक्षिक–सत्र २०७५ को दोस्रो, तेस्रो, चौंथो र पाँचौं वर्षमा अध्ययनरत, प्रवेश परीक्षामा उत्कृष्ट, गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यक्रम पुस ५ गते सम्पन्न भयो ।




कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूले इमानदारीपूर्वक अनुशासित भई अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कम शुल्कमा गुणस्तरीय शिक्षा दिने कलेजहरूको उद्देश्यबारे बताउँदै उहाँले कलेजहरू नियमितरूपमा सञ्चालन जनताको योगदानले भएको हो भन्नुभयो । कलेजबाट उत्पादित इन्जिनियरहरू लगनशील र मिहिनेती भएकाले शिक्षा सम्बन्धमा जानकारी लिनको लागि अरू नगरपालिकाहरूको टोली भक्तपुर नगरपालिकामा आइरहेको बताउनुभयो ।

उहाँले सरकारसमेत गैरसरकारी संस्थाको लोभमा परी अहिले सरकार सर्वत्र आलोच्य भइरहेको छ भन्नुभयो ।'पैसा खर्च गर्नु मुख्य होइन, काम गर्न हुने नहुने छुट्ट्याउनु मुख्य हो, अरूको अगाडि झुक्नु सबभन्दा लाजमर्दो कदम हो' उहाँले भन्नुभयो ।

नीति, नियम पालना नगर्ने जो कोही पनि दण्ड जरिवानाको भागीदार बन्ने विचार व्यक्त गर्दै प्रमुख प्रजापतिले सबैले इमानदारीपूर्वक आ–आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ.सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ.सुनिल दुवालले छात्रवृत्तिको महत्त्व बुझी विद्यार्थीहरू लगनशील भई अध्ययन गर्नुपर्छ भन्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य इ.रवीन्द्र फोजू र ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापतिले छात्रवृत्ति रकमको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले ख्वप इन्जिनियरिङ कलेजका ५३ जना र ख्वप कलेज अफ इन्जिनियरिङका ३४ जना गरी जम्मा ८७ जना विद्यार्थीहरूलाई ६३ लाख १३ हजार ६७७ रूपैयाँ छात्रवृत्ति प्रदान गर्नुभएको सो कार्यक्रममा जिन्सी अधिकृत राजन जतिले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

### पचपन्न झ्याले दरवार खुला हुनेबारे सूचना

विश्व प्रसिद्ध पचपन्न झ्याले दरवार सर्वसाधारण जनता र पर्यटकहरुका लागि यही मिति २०७५ पुस २ गते सोमबार एक दिन नि:शुल्क खुला हुने र त्यसपछि हरेक हप्ताको दुई दिन मङ्गलबार र शुक्रबार कार्यालय समयमा देहायअनुसारको शुल्कमा खुला हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सर्वसाधारण जनताका लागि रु. २०।-
२. विद्यार्थीहरुका लागि रु. १०।-
३. पाँच वर्षमुनिका बालबालिका एवं ज्येष्ठ नागरिक, अशक्त अपाङ्गहरुलाई नि:शुल्क
४. विदेशी पर्यटकहरुका लागि नि:शुल्क

# eQmk'/ gkfl;шf];dfhnfO{al4hLjLs/0f ug{cleofg

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) भक्तपुर नगर समितिको आयोजनामा पुस ३ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम भयो।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानका साथ अगाडि बढिरहेको र विद्यार्थीको शैक्षिक भविष्यमाथि खेलबाड गर्ने अधिकार कसैमा नभएको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सामुदायिक र निजी विद्यालयलाई समान रूपमा हेरेको र भक्तपुर नगरको शैक्षिक स्तर वृद्धिमा निजी विद्यालयको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरिनुपर्छ भने पनि व्यवहारिक रूपमा त्यो सफल हुन नसकेको बताउँदै उहाँले शिक्षामा अगाडि बढेको देश सबै क्षेत्रमा अग्रसर हुने बताउनुभयो।

मुहान सफा भए त्यसबाट बग्ने पानी पनि सफा हुने बताउँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले विश्वविद्यालय सञ्चालनको स्वीकृति पाएमा देशकै नमुना विश्वविद्यालय सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

स्थानीय निकायलाई विद्यालय सञ्चालनको अधिकार दिनुपर्ने माग राख्दै प्रमुख प्रजापतिले संविधानले दिएको अधिकार जनताको हकहितको निम्ति प्रयोग हुनेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाको अनुमतिविना एनजीओ र आईएनजीओमार्फत कुनै पनि सहयोग र काम–कारबाही नगर्न आग्रह गर्दै प्रमुख प्रजापतिले निजी विद्यालयहरू पनि नगरपालिकासँग समन्वय गरी अगाडि बढ्नुपर्ने बताउनुभयो।

कार्यक्रममा जिल्ला शिक्षा तथा समन्वय एकाइका प्रमुख हरिप्रसाद दाहालले भक्तपुर नपा शिक्षा क्षेत्रमा मुलुककै उत्कृष्ट नपा भएको र शिक्षाको गुणस्तर वृद्धिको निम्ति विभिन्न तालिमहरूको आवश्यकता औंल्याउनुभयो।

प्याब्सनका नगर अध्यक्ष रमेशचन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्याब्सन जिल्ला कार्य समितिका अध्यक्ष श्रीकृष्ण केसी, भक्त राजभण्डारी, सल्लाहकार महेन्द्रप्रसाद मास्केलगायतले बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरु लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरुलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि Audio Notice सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

**भक्तपुर नगरपालिका**

## भक्तपुर नपाको ६९ औं स्थापना दिवस

# hgk|tlglwx¿aLr / sd{rf/Lx¿aLr v]h k|tof]utf




भक्तपुर नपाको ६९ औं स्थापना दिवसको अवसरमा जनप्रतिनिधीबीच र कर्मचारीबीच हुने विभिन्न खेल प्रतियोगिताको समुद्घाटन नपा प्रमुख सुनिल प्रजापतिले मंसिर २७ गते एक कार्यक्रमबीच गर्नुभयो।

स्थापना दिवसको अवसरमा कर्मचारीहरूको (पुरुष/महिला) बुद्धिचाल, ब्याटमिन्टन, टेबलटेनिस, एथ्लेटिक्स र टग अफ वार तथा हाजिरी जवाफ प्रतियोगिता खेल आयोजना गरिएको छ।



भनपा प्रमुख प्रजापति र उपप्रमुख जोशीले टेबुलटेनिस खेल खेल्नुभई औपचारिक रूपमा प्रतियोगिता उद्घाटन गर्नुभयो।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले जनप्रतिनिधि र कर्मचारी सक्रिय भए जनताको बढी सेवा हुने बताउनुभयो। उहाँले शारीरिक र मानसिक रूपमा सक्रिय मानिस हरेक क्षेत्रमा सक्रिय हुने बताउनुहुँदै भनपाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो।

नयाँ पुस्तालाई विकृतिबाट मुक्त पार्न र अनुशासन विकास गर्न खेलकुदको आवश्यकता रहेको औंल्याउनुहुँदै समाज संगठित र व्यवस्थित रूपमा अगाडि बढाउन र नयाँ पुस्तालाई हौसला दिन पनि खेलको आवश्यकता रहेको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले खेलकुदले भाइचार सम्बन्ध विस्तार गर्दैं समाजलाई अगाडि बढाउन मद्दत पुग्ने बताउनुभयो।

उहाँले शरीर स्वस्थ रहन मन, मस्तिस्क स्वस्थ हुनु आवश्यक रहेको बताउनुहुँदै शिक्षित, स्वस्थ र अनुशासित समाज आजको आवश्यकता भएको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं ४ का वडाअध्यक्ष कुमार चवालले पनि बोल्नु भएको थियो।

# अन्तर विद्यालय योमरी बनाउने प्रतियोगिता

प्याब्सन नगर समिति भक्तपुरको आयाजेनामा पुस ८ गते प्याब्सन अन्तरविद्यालय योमरी बनाउने प्रतियोगिता सम्पन्न भयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कुनै पनि काम सानो नहुने बताउनुहुँदै आफूसँग सीप भए कहिल्यै भोको बस्न नपर्ने बताउनुभयो। योमरी बनाउने प्रतियोगिताले विद्यार्थीलाई उत्साहित बनाएको बताउनुहुँदै नयाँ पुस्तालाई योमरी बनाउन सीप सिकाउने राम्रो प्रयास भएको र व्यवसायिक रूपमा विकास गर्न मद्दत पुग्ने बताउनुभयो।

बिर्सिंदै गरेका पहिचान र कला संस्कृति नयाँ पुस्तामा हस्तान्तरण हुनुपर्नेमा जोड दिंदै प्रमुख प्रजापतिले संस्कृति लोप हुन नदिन यस्तो प्रतियोगिताले महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो। भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममार्फत् यहाँका मौलिक परम्परालाई जीवित राख्ने प्रयास गरिरहेको बताउनुहुँदै शिक्षा र स्वास्थ्य क्षेत्र राम्रो भए मात्र समाज र देश अगाडि बढ्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले भक्तपुरका शिक्षक-शिक्षिकाहरूलाई नेपाल भाषा लिपी प्रशिक्षणको कक्षा सञ्चालन गरिरहेको जानकारी गराउनुहुँदै वडा-वडामा शारीरिक व्यायामका सामग्रीहरू जडान गर्ने काम भइरहेको बताउनुभयो।

कार्यक्रममा संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले भक्तपुर नपाले स्थानीय चाडपर्व, संस्कृति जगेर्नालगायतमा उल्लेखनीय कार्य गरिरहेको र भक्तपुरका प्रत्येक विद्यालयमा संस्कृति कक्षा तथा अभिमुखीकरण कार्यक्रमहरूको आवश्यकता औंल्याउनुभयो। उहाँले आफ्नो नगर आफै बनाउने अभियानको निरन्तरताको आवश्यकता रहेको बताउनुभयो।

संस्कृतिविद् ओम धौभडेलले नेपाल मण्डलको इतिहास, संस्कृति र स्वास्थ्यसँग जोडिएको सभ्यतालाई निरन्तर जोगाइराख्नुपर्ने र योमरी प्रतियागिताले यहाँका कला-संस्कृति सम्पदा संरक्षण कार्यमा मद्दत पुग्ने बताउनुभयो।

कार्यक्रममा निर्णायकतर्फबाट सुजिता सैंजु, प्याब्सन



नगर समिति भक्तपुरका रमेशचन्द्र श्रेष्ठलगायतले बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाभित्रका १३ वटा विद्यालयहरूबीच भएको उक्त प्रतियोगितामा माउन्ट भ्याली स्कूल प्रथम, गोल्डेन गेट स्कूल द्वितीय, सुर्योदय स्कूल तृतीय र मनकामना इङ्गलिश स्कुलले सान्त्वना पुरस्कार प्राप्त गरेको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र र विजयी प्रतियोगीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**6f]9L lf]df rf/kfª\u] ;jf/L ;fwg k|j]z lgif]w ;DaGwL ;'rgf**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिमा स्वपुंग भैरव, उत्तरमा चतुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बुलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निषेध गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# eQmk'/ gkfdf sf7df8f}+pkTosf vfgkfgL Joj:yfkg af]8{sf k|ltlglwx¿



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी र जनप्रतिनिधिहरूसँग काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका प्रतिनिधिहरूले मंसिर २५ गते नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो।

भेटमा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले अनुसन्धानात्मक कार्य गर्ने विद्यार्थीको लागि आर्थिक सहयोगको व्यवस्था गरेको, प्राविधिक र उपभोक्ता समितिहरूसँग मिलेर समन्वयात्मक ढङ्गले विकास निर्माण र सम्पदा संरक्षण कार्यलाई अगाडि बढाइरहेको जानकारी गराउनुभयो।

उहाँले भक्तपुर नगरमा खानेपानीको स्रोत राम्रो नभएको औंल्याउनुहुँदै काठमाडौं उपत्यका खानेपानी संस्थानसँग मिलेर ट्यांकी निर्माण गर्दै खानेपानीको व्यवस्थापन गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो – 'भक्तपुरको प्रसिद्ध तीर्थस्थल रहेको हनुमन्ते खोला सुधारको कार्य अगाडि बढिरहेको छ। खोलाको पानी शुद्धीकरणको निम्ति उपचार पोखरी निर्माणको गुरुयोजनाको तयारी भइरहेको छ।'

स्थानीय सरकार बनिसकेको हुँदा सबै अधिकार स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले जनताको समस्या राम्रोसँग बुझ्ने महत्त्वपूर्ण निकाय जनप्रतिनिधिहरू रहेको स्थानीय तहहरू हुने बताउनुभयो।



उक्त भेटमा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका प्रतिनिधिहरूले भक्तपुर नगरपालिकाको खानेपानी व्यवस्थापन, फोहोर व्यवस्थापन र सहरीकरणका चुनौतीहरू, ढल निकासबारे जिज्ञासा राख्नुभएको थियो।

भेटमा भनपाका वडाअध्यक्षहरू उकेश कवां, रविन्द्र ज्याख्व र महेन्द्र खायमलीको सहभागिता थियो।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

## निजी आवास पुनर्निर्माणसम्बन्धी दुईदिने अभिमुखीकरण तथा समीक्षा गोष्ठी

# भक्तपुर दरबार क्षेत्रबाट संघ-संस्थाहरूलाई स्थानान्तरण गर्नुपर्ने

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आयोजनामा जिल्लास्तरीय निजी आवास पुन:निर्माणसम्बन्धी दुईदिने अभिमुखीकरण तथा समीक्षा गोष्ठी मंसिर २५ गते शुरु भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर दरबार क्षेत्रस्थित विद्यालय, सरकारी कार्यालयलगायतका संघ-संस्थाहरूलाई स्थानान्तरण गर्नुपर्ने बताउनुभयो ।

पुरातात्त्विक क्षेत्रभित्र सम्पदा अनुकूलका नक्सा प्रस्तावमा जोड दिनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले नगरभित्रका घरको संरचना प्राधिकरणकै मापदण्डमा निर्माण गराउन नगरपालिकाले ध्यान दिएको जानकारी गराउनुभयो ।

आर्थिक अभावका कारण घर बनाउन नसक्नेको सङ्ख्या अझै पनि धेरै रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले घर नभएकाहरूलाई सरकारले जग्गा उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

उहाँले भक्तपुरका अधिकांश घरहरू स्वीकृत नक्साबमोजिम नबन्दा दोस्रो र तेस्रो किस्ताको रकम प्राप्त गर्न नसकेको अवस्थामा गरिब जनताको सेवा गर्ने हो भने एकमुष्ट अनुदान रकम दिने प्रावधान बनाउनु उचित हुने धारणा व्यक्त गर्नुभयो । आर्थिक रूपमा विपन्न लाभग्राहीहरूको निम्ति छुट्टै ऐन-नियम आवश्यक भएको बताउनुभयो ।

उहाँले पुन:निर्माणमा आवश्यक काठ र ढुंगाको अभावले गर्दा पुनर्निर्माण कार्यमा ढिलासुस्ती भइरहेको र पुरातत्त्व विभाग स्वयम्ले ठेक्कापट्टा र टेन्डरमा गुणस्तरहीन निर्माण कार्य गर्नु गलत भएको बताउनुभयो ।

कार्यक्रममा चाँगुनारायण नपाका उपप्रमुख वीणा बास्तोलाले भूकम्प गएको चार वर्ष बितिसक्दा पनि भूकम्प पीडितको समस्या ज्यूँका त्युँ हुनु लज्जास्पद भएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला आयोजना कार्यान्वयन इकाईका प्रतिनिधिहरूले भक्तपुर जिल्लामा पुन:निर्माणको वर्तमान अवस्था तथा प्रगति विवरणहरू प्रस्तुत गरिएको थियो ।

### स्थानीय निकायलाई नै अधिकार सम्पन्न बनाउनुपर्ने

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालको अध्यक्षतामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्लास्तरीय निजी आवास पुनर्निर्माणसम्बन्धी दुईदिने अभिमुखीकरण तथा समीक्षा गोष्ठी मंसिर २६ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै सांसद सुवालले भूकम्प पीडितको अनुदान रकम अपुग भएको र सम्भावित जोखिमबाट बच्न भूकम्प प्रतिरोधी घर निर्माणमा जनतालाई सचेत गराउन आवश्यक रहेको औंल्याउनुभयो ।




सांसद सुवालले पहिलो किस्ताको अनुदान रकम लिने भूकम्प पीडितहरू धेरै भए पनि झन्झटिलो प्रक्रियाका कारण दोस्रो र तेस्रो किस्ता लिनेको सङ्ख्या न्यून भएको बताउनुभयो । उहाँले स्थानीय निकायलाई नै अधिकारसम्पन्न बनाउनुपर्ने कुरामा जोड दिनुभयो ।

मापदण्डअनुरूप बनेका भवनहरूको प्रबलीकरणको निम्ति ऋण दिने व्यवस्था हुनुपर्ने बताउनुहुँदै सम्पदा क्षेत्र र निजी आवास पुन:निर्माण कार्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

पुन:निर्माणमा खटिने कालीगढ तथा प्राविधिकहरूलाई सीपमूलक तालिम दिई दक्ष जनशक्तिको रूपमा विकास गर्नुपर्ने बताउनुहुँदै सांसद सुवालले भूकम्पका भग्नावशेष हटाउन सरकारको तर्फबाट सहयोगको आवश्यकता रहेको बताउनुभयो ।

# भैरवनाथ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा मंसिर २६ गते भैरवनाथ मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक बस्यो।



उक्त बैठकमा भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेलेले समितिमार्फत् हालसम्म गरेका कार्य प्रगतिबारे जानकारी दिनुभयो। मन्दिर जीर्णोद्धारको अनुमानित लागत रु. १,४६,३६,७४५/१३ रहेको छ। भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिको गठन २०७४ साल फागुन १३ गते भएको थियो।

बैठकले मन्दिर जीर्णोद्धारको क्रममा मन्दिरमा रहेका पुरातात्त्विक सामग्रीहरूको विस्तृत अभिलेखीकरण कार्यका लागि सदस्य सचिवमा रामगोविन्द श्रेष्ठको संयोजकत्वमा नगरपालिकाको सम्पदा शाखा, पुरातत्त्व विभाग, गुठी संस्थान र ख्वप इन्जिनियरिङ कलेजका प्राविधिकहरू सम्मिलित समिति गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय गर्‍यो।

मन्दिर जीर्णोद्धारको क्रममा स्वेच्छिक आर्थिक र सामग्री सहयोग तथा दान दातब्य दिन चाहनेहरूको सहयोग संकलन गरी जम्मा गर्न भक्तपुर नपाकोतर्फबाट नेपाल बैंक लि. कमलविनायक शाखामा खाता खोल्ने र उक्त खाता सञ्चालनका लागि नगरपालिकाका लेखा प्रमुख रामसुन्दर सुजखू र भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेले वा कोषाध्यक्ष पुरुषोत्तम तमखूमध्ये एकजनाको हस्ताक्षर प्रयोग गर्ने निर्णय गर्‍यो।

मन्दिर जीर्णोद्धारको समयावधिमा आवश्यक सुरक्षा प्रबन्धको व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय, भक्तपुरमार्फत् सुरक्षा निकाय परिचालन गर्ने र मन्दिर जीर्णोद्धारको क्रममा आवश्यक काठ खरिदका लागि नपामार्फत् टिम्बर कर्पोरेशन नेपालमा प्रक्रिया अगाडि बढाउने निर्णय गर्‍यो।

साथै बैठकले मन्दिर जीर्णोद्धार कार्य सहजतापूर्वक अघि बढाउन टौमढी क्षेत्रमा सवारीसाधन पार्किङ तथा आवतजावत निषेध गर्ने र त्यस विषयमा थप छलफलका लागि सरोकारवाला पक्षहरूबीच बैठक गर्ने निर्णय गर्‍यो।

---

कार्यक्रममा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भूकम्प पीडितहरूका लागि नक्सा पासको प्रक्रिया सरल बनाउनुपर्ने, भूकम्प प्रतिरोधी सुरक्षित घर निर्माणमा जोड दिनुपर्ने र ऐतिहासिक सहर मौलिक स्वरुपमै पुन:निर्माणमा जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्प पीडितलाई दिने ऋण निर्ब्याजी उपलब्ध गराउनुपर्ने र अनुदान रकम वास्तविक पीडितको पहुँचसम्म पुग्नुपर्ने बताउनुभयो। उहाँले पुन:निर्माणको कार्यशैलीमा जटिलता कम गर्न स्थानीय निकायलाई नै अधिकारसम्पन्न निकायको रूपमा विकास गर्नुपर्ने बताउनुहुँदै प्राविधिक र कानुनी समस्या भएका भूकम्प पीडितलाई अनुदान रकम लिन म्याद थपको व्यवस्था हुनुपर्ने बताउनुभयो।

नगर प्रमुख प्रजापतिले सम्पदा पुन:निर्माण सबैको साझा कर्तव्य भएको औंल्याउनुहुँदै भक्तपुरका सबै सम्पदाहरू नेपाल सरकार, पुरातत्त्व विभाग र स्थानीय निकाय मिलेर बनाउने प्रावधान आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा प्रदेश नं. ३ का प्रदेश सदस्य सृजना सैंजुले वास्तविक गरिब-किसानलाई राहत दिन नेपाल सरकारले आवास योजना सञ्चालन गर्नुपर्ने बताउनुहुँदै भूकम्प पीडितलाई दिइने ऋण वास्तविक पीडितको पहुँचमा हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा संघीय सांसद महेश बस्नेत, प्रदेश नं. ३ का प्रदेशसभा सदस्यहरू, राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख तथा कार्यकारी सदस्य, विभिन्न नगरपालिकाका प्रमुख/उपप्रमुखहरूले पनि बोल्नुभएको थियो।

कार्यक्रममा जिल्ला आयोजना कार्यान्वयन इकाईका सदस्यहरूले भक्तपुर जिल्लामा पुन:निर्माणको वर्तमान अवस्था तथा प्रगति विवरण प्रस्तुत गर्नुभयो।

# ';Dkbf ;+/If0fdf hgtfsf]efjgf g}kd'v ljifo'



कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भनपाको सहयोगमा हनुमानघाटको सुधार कार्य अगाडि बढिरहेको बताउनुभयो।

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ७ मा अवस्थित हनुमानघाट सत्तलसँगैको पाटी पुन:निर्माणको शिलान्यास गर्नुहुँदै मंसिर २४ गते बताउनु भएको हो।

प्रमुख प्रजापतिले भक्तपुर नपाले सम्पदा निर्माणमा जनताको उत्साहजनक सहभागिता गराउन उपभोक्ता समितिको आवश्यकता औंल्याउनुहुँदै विदेशी सहयोगलाई भन्दा जनश्रमदान र जनसहभागितामा जोड दिइरहेको बताउनुभयो।

हजारौं माइलको यात्रा एक पाइलाबाट सुरु हुने बताउनुहुँदै उहाँले स-साना संरचना निर्माणले ठूलो सम्पदा निर्माणमा टेवा पुग्ने बताउनुभयो।

हनुमान घाटलाई पुरानै स्वरूपमा फर्काउन गुरुयोजना तयार गरिरहेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले खोला सफा बनाउन उपचारपोखरीको डिजाइन निर्माण कार्य पनि अगाडि बढिरहेका बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरलाई पहिलेको भन्दा सफा र सुन्दर नगरको रूपमा विकास गर्नमा नगरपालिकाले जोड दिइरहेको बताउनुभयो।

कार्यक्रममा हनुमानघाट पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द खाइजु, कोषाध्यक्ष नवराज भण्डारी र घनश्याम खड्काले पनि बोल्नुभएको थियो भने पुन:निर्माणमा सूर्यविनायक नगरपालिकाका वासिन्दाहरूले पनि आर्थिक सहयोगको प्रतिबद्धता जनाएका थिए।

# नेपालगन्ज उपमहानगरपालिकाका प्रतिनिधि मण्डल भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालगन्ज उपमहा नगरपालिकाका प्रतिनिधि मण्डलले मंसिर २७ गते भेट गऱ्यो। भेटको क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले संविधान र कानूनले दिएको अधिकारभित्र रही शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण र पर्यटनलाई प्राथमिकतामा राखी कार्य गरिरहेको जानकारी गराउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले संचालन गरिरहेका



प्रमुख प्रजापतिसँग नेपालगञ्जको प्रतिनिधिमण्डल

कलेजहरूले देशको सेवा गरिरहेको बताउँदै स्वास्थ्य क्षेत्रमा भनपाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा संचालन भइरहेको स्वास्थ्य केन्द्रको विस्तार गरी ख्वप अस्पताल निर्माण गर्ने कार्य शुरु भैरहेको जानकारी गराउनुभयो। उहाँले नपाले नगरभित्रका नयाँ पुस्तालाई मौलिकता सम्बन्धी शिक्षित पार्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरेको, नपाले युवाहरू लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी गराउँदै नपाले प्रत्येक वर्ष एउटा अन्तर नगर खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको र यस वर्ष अन्तरनगर कराँते प्रतियोगिता सञ्चालन हुने जानकारी गराउनुभयो।

स्थानीय तह सञ्चालन सम्बन्धी अनुभवको आदान प्रदान गर्न यस्ता भेट कार्यक्रम उपयोगी हुने प्रमुख प्रजापतिले बताउनुभयो।

प्रतिनिधिमण्डलमा नेपालगञ्ज उपमहा-नगरपालिकाका वडाध्यक्षहरू प्रमोद रिजाल, दिपक कुमार बर्मा र लेखा अधिकृत राजन के.सी. सहभागी थिए।

भेटपछि प्रतिनिधि मण्डलले नपाद्वारा सञ्चालित कलेजहरूको स्थलगत अवलोकन भ्रमण गरेको थियो।

# ‘लैङ्गिक हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियान’

## eQmk'/ gkfdf sfg"gL ;fIf/tf sfo{qmd




भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर २१ गते ‘लैङ्गिक हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियान’ अन्तर्गत कानूनी साक्षरता कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूमा प्रमाणपत्रभन्दा पनि व्यवहारिक ज्ञान, तालिम र सीपको आवश्यकता रहेको र वर्गीय समानताको निम्ति निरन्तर संघर्ष आवश्यकता रहेको बताउनुभयो । योग्य व्यक्तिले योग्यताअनुसारको अवसर प्राप्त गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो – ‘गुण्डा, तस्करलाई राजनीतिमा निषेध गर्नको निम्ति इमानदार व्यक्तिहरूले राजनीति गर्नुपर्छ । राजनीति पद र पैसाको निम्ति नभई शोषित–पीडित जनताको हकहितको निम्ति हुनुपर्छ ।’

खराब आचरणका व्यक्तिहरूलाई समाजमा बहिष्कार गरी शोषित–पीडितको अधिकारको निम्ति आवाज उठाउनुपर्छ भन्नुहुँदै प्रमुख प्रजापतिले नयाँ पुस्तामा स्वार्थी भावनाको विकास मौलाउँदै गएको हुँदा राजनीतिक र व्यवहारिक ज्ञानमार्फत् सचेत बनाउँदै लानुपर्ने बताउनुभयो ।

कार्यक्रममा न्यायिक समितिका संयोजक एवम् भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिका न्यायिक विधिमा पनि अग्रस्थानमा रहेको बताउनुहुँदै नगरवासीको हकहितको निम्ति विभिन्न सीपमूलक तालिम सञ्चालन गरेको बताउनुभयो । उहाँले न्यायिक संरचनाबारे प्रस्तुती दिनुभयो ।

कार्यक्रममा अधिवक्ता अनिता जधारीले मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४ को बारेमा जानकारी दिनुहुँदै लैङ्गिक विभेद सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।



महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक एवम् कार्यपालिका सदस्य रोशनमैंया सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भनपा वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोरा, समितिका सदस्य एवम् कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले महिला हिंसाबारे बोल्नुभएको थियो ।

मन्तव्य

# dfcf]ul/a hgtfsf]xþodf ;bf afFr/xg]5g\

• प्रमुख सुनिल प्रजापति

विश्व सर्वहारा वर्गका महान् गुरु, साम्राज्यवाद र उपनिवेशवादको विरोधमा संघर्ष गर्ने, चिनियाँ क्रान्तिका नायक का. माओ त्सेतुङको आज १२५ औं जन्म दिवस मनाउँदैछौं । सर्वहारा वर्गको मुक्तिको निम्ति उहाँले पुऱ्याउनुभएको योगदानलाई सम्झेर संसारभरका कामदार वर्गका जनताले उहाँको सम्झना गर्दैछन् ।

उद्योगधन्दाको त्यति विकास भइ नसकेको, किसानहरूको बाहुल्यता भएको चीनमा मजदुर वर्गको आधारमा समाजवादको स्थापना सम्भव थिएन । का. माओले साम्राज्यवाद र उपनिवेशवादविरोधी संघर्षसँगै चिनियाँ क्रान्तिलाई सफलतामा पुऱ्याउन देशभक्त पुँजीपति वर्ग र प्रगतिशीलहरूको साथ लिनुभयो र क्रान्तिलाई सफल पार्नुभयो । सन् १९१७ मा सोभियत संघमा भएको समाजवादी क्रान्तिभन्दा फरक चिनियाँ परिस्थितिअनुसार का. माओले मार्क्सवाद, लेनिनवादको प्रयोग गर्नुभयो । चिनियाँ भूमिमा त्यहाँको विशिष्ट परिस्थितिअनुसार मार्क्सवाद, लेनिनवादको सफल प्रयोगलाई माओ विचारधाराको रूपमा अङ्गीकार गरिएको छ ।



नेपालको सन्दर्भमा नेपाल मजदुर किसान पार्टीले 'जनताको प्रजातन्त्र' लाई अगाडि सारेको छ । मजदुर किसानको नेतृत्वमा प्रगतिशील बुद्धिजीवी र राष्ट्रिय पूँजीपति वर्गको प्रतिनिधित्व हुने सरकार नै जनताको प्रजातन्त्र हो । यो हाम्रो देशको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर पार्टीले निर्णय गरेको हो । कतिले जनताको प्रजान्त्रलाई सत्तामा जाने हो कि भनी आशंका व्यक्त नगरेका होइनन् । हामी स्पष्ट छौं 'जनताको प्रजातन्त्र' संसदमा निर्वाचित भएर शान्तिपूर्ण तरिकाबाट प्राप्त हुने व्यवस्था होइन ।

कुनै पनि कुरा जस्ताको तस्तै लागू गर्नुभन्दा आफ्नो देशको परिस्थितिअनुसार लागू गर्नुपर्छ भन्ने शिक्षा का. माओ त्सेतुङले दिनुभएको छ ।

नेपालमा नवउदारवादी नीतिअनुरूप सबै क्षेत्रमा विदेशीको प्रभाव बढ्दै गएको, कल-कारखानामा विदेशी लगानी बढ्दै गएको, विदेशी दलाल पूँजीपति वर्गको चलखेलको कारण उद्योगहरू धराशायी हुनुका साथै राष्ट्रिय पूँजीपति वर्ग संकटमा पर्दै गएको छ । त्यसैले नेपाल मजदुर किसान पार्टीले जनताको प्रजातन्त्रलाई जोड दिएको हो ।

मार्क्सवाद, लेनिनवादी शिक्षाबाट दीक्षित कार्यकर्ताको ठूलो पंक्तिले मात्रै देशमा समाजवाद स्थापना गर्न सक्छ । राजनैतिक आन्दोलनको क्रममा थुप्रै नेता कार्यकर्तारूमा विचलन आएको हामी देख्छौं । का. माओले राजनैतिक कार्यकर्ताहरूलाई सचेत पार्दै भन्नुभएको छ -'बन्दुकको गोलीले जित्न नसकेका कम्युनिस्टहरूलाई गुलियो पोतेको विषले जित्न सक्छ ।'

उहाँको यो भनाई संसारभरका सबै कम्युनिस्टहरूलाई उत्तिकै लागू हुन्छ । सन् १९१७ मा सोभियत संघको समाजवादी क्रान्तिपछि लेनिन र स्तालिनले समाजवादको सफल नेतृत्व गर्नुभयो । सन् १९५६ मा खुश्चेभले सोभियत संघको नेतृत्व गरेपछि उनले संशोधनवादी विचार अङ्गीकार गऱ्यो । 'शान्तिपूर्ण संक्रमण', 'शान्तिपूर्ण सहअस्तित्व', 'संसदीय निर्वाचनबाट समाजवादको स्थापना हुने' जस्ता पूँजीवादी विचारलाई स्वीकार गऱ्यो । सोभियत संघ समाजवादी देशबाट सामाजिक साम्राज्यवादमा पतन भयो । त्यहाँ पूँजीवादको विधिवत स्थापना भयो । पूँजीवादको स्थापना पछि जनताले दुःख मात्रै पाएनन्, सोभियत संघ विघटन भई देश १५/१६ टुक्रामा विभाजन भयो ।

त्यसैले का. रोहितले भन्नुहुन्छ -'सिद्धान्त छोड्नु भनेको हिमालयमा चिप्लेटी खेल्नुजस्तै हो ।' अर्थात् पतन हुनु हो ।

नेपालमा झापा आन्दोलनबाट अगाडि बढेको एमाले र १० वर्षे युद्धबाट शासन सत्तामा पुगेका माओवादीहरू आज पुँजीवादको दलदलमा फस्दैछन् । तिनीहरू कम्युनिस्टको नाउँमा चुनाव जितेर पूँजीवादी शासन गर्दैछन् । कम्युनिस्टको नाउँमा कम्युनिस्टकै बद्नाम गर्दैछन् भने माओवादीहरू स-साना स्वार्थमा फसेर सिद्धान्तच्युत हुँदैछन् ।

यसर्थ वैचारिक संघर्ष महत्त्वपूर्ण हो । गलत विचारको विरुद्ध सम्झौताहीन संघर्ष गर्नुपर्छ भन्ने शिक्षा का. माओले दिनुभएको छ ।

उहाँले उदारवादको विरोधमा लड्न पनि हामीलाई सिकाउनु भएको छ । कसैले गलत काम गरेको छ भने आफ्नो परिचित व्यक्ति, नातागोता, घनिष्ट मित्रसँगको सम्बन्ध बिग्रिन्छ भनेर विरोध नगरी बस्नुलाई उहाँले उदारवाद भन्नुभएको छ । समयमा आलोचना गरेन भने व्यक्ति र संगठन दुवैलाई नोक्सानी हुन्छ । यसबारे हामी सचेत हुनैपर्छ ।

उहाँका अनुसार गलत विचार सुनेर खण्डन नगरी बस्नु, जनसमुदायमा हानी नोक्सानी हुने देखेर पनि त्यसको विरोध नगरी बस्नु पनि उदारवाद अन्तर्गत पर्छ । हामी कति उदारवादमा फसेका छौं वा छैनौं आत्मसमीक्षाको आवश्यकता छ ।

उदारवादले व्यक्तिगत कामलाई पहिलो र पार्टीको कामलाई दोस्रो प्राथमिकतामा राख्छ । के हामीले पार्टीको

# पुर्खाले जतिको काम २१ औं शताब्दीमा हामीले गर्न सकेनौं भने के अर्थ ? : भक्तपुर मेयर

• शान्ति तामाङ, भक्तपुर

भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले एक वर्षअघि सेतोपाटीसँगको कुराकानीमा आफ्ना चार प्राथमिकता सुनाएका थिए – सम्पदा निर्माणमा तीव्रता, दरबार स्क्वायरसहित पुराना बजारमा ढुङ्गा छाप्ने, नगर सरसफाइ र सम्पदा क्षेत्रमा सवारी निषेध ।

यसबारे उनलाई हामीले सम्झाइराख्नै परेन ।

उनी कतिसम्म व्यवस्थित छन् भने, सेतोपाटीसँग कुराकानी गरेको र समाचार छापिएको दिनसम्म आफ्नो डायरीमा टिपेर राखेका रहेछन् ।

वर्ष दिनअघिको अन्तर्वार्ता 'फलोअप' निम्ति केही दिनअघि भेट्दा मेयर प्रजापतिले भने, 'मैले त्यतिबेला तपाईंहरूसमक्ष बाचा गरेका सबै काम सुरु गरिसकेको छु । कति त लगभग पूरा हुने अवस्थामा छन् ।'

'दरबार स्क्वायरमा गाडी निषेध गरेका छौं । टौमढी क्षेत्रमा माघ महिनाबाट निषेध गरिँदैछ । दत्तात्रय क्षेत्रमा ढुङ्गा छाप्ने काम लगभग सकिएको छ । अन्य क्षेत्रमा पनि ढुङ्गा छाप्दै छौं । नगर सरसफाइको कामले एक वर्षदेखि निरन्तरता पाइरहेको छ,' उनले विस्तार लगाए ।

भक्तपुर यस्तो नगरपालिका हो, जहाँ हरेक १५ दिनमा एकपटक सयौं स्थानीय हातमा कुचो लिएर निस्कन्छन् । साथमा हुन्छन्, जनप्रतिनिधि र कर्मचारी । स्थानीयलाई बरू अनिवार्य छैन । उनीहरू स्वस्फुर्त आउने हुन् । जनप्रतिनिधि र कर्मचारी भने नआई हुन्न । २०७४ साउन १ गतेबाट शुरु भएको सफाइ अभियानले अहिलेसम्म पनि निरन्तरता पाएको छ ।

सरसफाइ जुन ठाउँमा गर्ने हो, त्यहाँको समूह, क्लब, वाचनालय, विद्यालय र खेलकुद समितिहरू परिचालन गरिन्छन् । सयौंको सङ्ख्यामा सहभागी हुन्छन् । ठाउँ अनुसार सेना र प्रहरीलाई



पनि बोलाइन्छ ।

'हामीले फोटो खिचाउन र प्रचारको लागि काम गरेका होइनौं । परिणाम देखिने गरी जगमै गएर काम गर्छौं,' उनले भने, 'त्यही भएर हामीलाई जनताको साथ छ ।'

सरसफाइमा जस्तै, सम्पदा संरक्षणमा पनि भक्तपुरले जनतालाई नै सहभागी गराएको छ ।

कुनै मठ–मन्दिर, पाटीपौवा, पोखरी वा ढुङ्गेधाराजस्ता सम्पदा बनाउनुपरे सबभन्दा पहिला नगरपालिकाले जनतालाई आह्वान गर्छ । उनीहरू सँगसँगै विज्ञको राय लिन्छ र काम अघि बढाउँछ ।

'सरकारले कसरी काम गर्छ भनेर हेर्नुभन्दा हाम्रा पुर्खाले कसरी सम्पदाहरू निर्माण गरे, त्यसको अध्ययन महत्त्वपूर्ण पक्ष हो । हामी एक्काइसौं शताब्दीमा पनि उतिबेलाभन्दा राम्रो गर्न सकेनौं भने के अर्थ ? त्यतिखेर न अहिलेजस्तो विदेशी सहयोग थियो, न सरकारले काम गर भनेर पैसा दिने चलन,' मेयर प्रजापतिले भने ।

'त्यस्तो बेला पनि सयौं वर्ष नभत्किने यति मनमोहक,

---

➲➲ काम वा समाजको कामलाई पहिलो प्राथमिकतामा राखेका छौं ?

आधुनिक चीनको विकास का. माओको नेतृत्वमा सन् १९४९ मा भएको क्रान्तिले सम्भव भएको हो । चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएको १०० वर्ष अर्थात् सन् २०२१ मा चीन संसारको सबभन्दा ठूलो अर्थतन्त्र भएको देशको रूपमा विकास गर्ने लक्ष्यसहित अगाडि बढ्दैछ । चीनले आफू एक्लै होइन आफूसँगै अन्य देशहरूलाई पनि लान खोजेको छ । चीनले आफ्नो समृद्धिलाई संसारको समृद्धिमा फेर्ने कोसिस गर्दैछ ।

समाजवादीहरूको हरेक पाइलामा संरा अमेरिकाले अवरोध गर्दैछ । साम्राज्यवादीहरू अरुलाई दुःख दिएर आफूमात्रै अगाडि बढ्न खोज्छन् भने चीन सबैको साथ लिएर अगाडि बढ्दैछ ।

शक्तिशाली, सुसंस्कृत र सभ्य चिनियाँ समाज निर्माणतर्फ चीनको पाइला अगाडि बढ्दैछ ।

का. माओको भनाइलाई स्मरण गरौं – क्रान्तिकारीहरूले सादा जीवन र कठोर संघर्षको शैली अपनाउनुपर्छ । हामीसँग आलोचना र आत्मआलोचनाको लागि मार्क्सवादी हतियार छ ।'

सन् १९७६ मा बित्नुभएका माओको जीवित शरीर संसारमा नभए पनि उहाँले सर्वहारा वर्गको निम्ति गर्नुभएको योगदानले संसारका गरिब जनताको हृदयमा उहाँ सदा बाँचिरहनुहुनेछ । उहाँ युग युगसम्म बाँचिरहनु ।

*(नेपाल मजदुर किसान पार्टी विदेश सम्बन्ध विभागको आयोजनामा पुस ११ गते माओ त्सेतुङको १२५ औं जन्म दिवसको अवसर आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार-संक्षेप-सम्पादक)*

कलात्मक सम्पदा बनाइएका छन् । कसरी सम्भव भयो होला ? न इन्जिनियरिङ कलेज थियो । न आर्किटेक्टहरू थिए । हाम्रा यी सबै सम्पदा स्थानीय सीप र क्षमताका उपज हुन् । त्यही भएर हामी स्थानीयमाझ जान्छौं । आफ्ना कुरा राख्छौं र उहाँहरूकै रायअनुसार काम गर्छौं ।'

भक्तपुर नगरपालिकाले गत महिनामात्र दरबार क्षेत्रको सिद्धिलक्ष्मी मन्दिर पुनर्निर्माण सम्पन्न गऱ्यो । पुरातत्व विभाग र नगरपालिकाको सहकार्यमा उक्त पुनर्निर्माण भएको थियो । तलातुँथी पाटी पनि गत महिना नै पुनर्निर्माण सकिएको छ । यो उपभोक्ता समितिले बनाएर नगरपालिकालाई हस्तान्तरण गरेको हो ।

काठमाडौं र ललितपुर महानगरमा जस्तो यहाँ सम्पदा पुनर्निर्माणमा विदेशी लगानी वा ठेकेदार प्रयोग गरिँदैन ।

'हामीकहाँ सम्पदा पुनर्निर्माण गर्न जनताले श्रमदान गर्छन् । चन्दा पनि उठाउँछौं । नगरपालिकाले लगानी गर्छ, उनले भने, 'इस्टिमेटभन्दा कम पैसामा उच्चस्तरीय निर्माण गर्छौं । त्यसले पनि फरक देखिएको हुनुपर्छ ।'

भक्तपुरमा भुइँचालोले साना-ठूला गरी १ सय ३० सम्पदामा क्षति पुऱ्याएको थियो । तीमध्ये ३७ वटा पुनर्निर्माण भइसकेका छन् । बाँकी रहेका धेरै निर्माणाधीन छन् । पुरातत्व विभागले पनि केही पुनर्निर्माण गरिरहेको नगरपालिकाले जनाएको छ । पाटी, पौवा, ढुङ्गेधारा, पोखरी उपभोक्ता समितिमार्फत् पुनर्निर्माण भइरहेका छन् ।

'मेरो कार्यकालमा कला सङ्ग्रहालयलगायत एक-दुईवटा ठूला सम्पदा पुनः निर्माण बाहेक अधिकाँश पुनर्निर्माण सकिन्छ,' प्रजापतिले भने ।

भुइँचालोपछि भक्तपुरका सम्पदा पुनर्निर्माण गर्न जर्मन सरकारले १ करोड युरो (करिब १ अर्ब २० करोड रूपैयाँ बराबर) सहयोग गर्ने भनेको थियो । प्रजापतिले आफू निर्वाचित भएर आएपछि उक्त सहयोगबारे जर्मनी पक्षसँग पटक पटक छलफल गरे । जर्मनी प्राविधिक टोली बसेर उनीहरूकै निर्देशनमा काम गर्नुपर्ने, उनीहरूकै सिफारिसका सामान किन्नुपर्ने, कंक्रिट र दण्डीको प्रयोगलगायतका सर्तहरू उनले मानेनन् ।

नगरपालिकाले सर्त सच्याउन जर्मन राजदूतसँग तीनपटक छलफल गर्यो । उनीहरू टसमस भएनन् । नगरपालिकाले पनि सहयोगको लागि उनीहरूका सर्तहरू मान्न तयार भएन ।

'उहाँहरूले भनेजस्तो सिमेन्ट र छड हालेर हामी आफ्नो सम्पदा मास्न सक्दैनौं । त्यो हाम्रो ऐन-कानुनसँग बाझिने कुरा हो,' उनले भने, 'हामीलाई हाम्रो सम्पदा उभ्याउन विदेशी सहयोगै चाहिन्छ भन्ने पनि छैन ।'

यति मात्र होइन, गलत रूपमा पुनर्निर्माण गरेको भन्दै पुरातत्व विभागको काममा समेत नगरपालिकाले हस्तक्षेप गरेको थियो । सम्पदा क्षेत्रमा कमसल ढुङ्गा प्रयोग गरियो भन्दै ठेकेदारलाई दोहोऱ्याएर काम गर्न लगाएको थियो । तलेजु मन्दिरभित्र सिमेन्ट प्रयोग गरिएकोमा पनि नगरपालिकाले विरोध गऱ्यो ।

'ऐन विपरीत हामी कसरी काम गर्न सक्छौं ? हामीले नै नियम-कानुन भत्कायौं भने कसले मान्छ ?' उनले भने, 'अहिले पनि सम्पदा पुनर्निर्माणमा सघाउन भनी विभिन्न संस्थाहरू केही लाख र करोडसम्मको रूपैयाँ लिएर नआएका होइनन् । हामीले भने 'सिधै नगरपालिकाको खातामा निःसर्त पैसा आउँछ भने ठीक छ, नभए दुख नगर्नुस्' भन्ने गरेका छौं ।'

'सबै कुरामा विदेशीको भर पऱ्यौं भने हाम्रो के काम ? हाम्रा इन्जिनियरको के काम ? हाम्रो सरकारको के काम ?' उनले प्रश्न गरे ।

त्यसै पनि भक्तपुर नगरपालिकाले आफ्नै इन्जिनियरिङ कलेजबाट वर्षमा ४ सय ३२ इन्जिनियर उत्पादन गर्दै आएको छ ।

नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरिरहेका कामको पनि उनले जानकारी दिए । भक्तपुर नगरपालिकाले २५ शैय्याको अस्पताल बनाउने स्वीकृति पाएको छ । यसको क्षमता बढाउँदै सय शैया पुऱ्याउने नगरपालिकाको लक्ष्य छ ।

उनका अनुसार नगरभित्रका तीन स्वास्थ्य चौकीमा अहिल्यै १६ जना विशेषज्ञ डाक्टरसहित ३० जना डाक्टर छन् । नगरका घर-घरमा नर्सिङ सेवा उपलब्ध छ । प्रत्येक वडामा एक जना नर्स र ९।१० जनाको दरले स्वास्थ्य स्वयं सेविकाहरू कार्यरत छन् । ती नर्सले घर-घरमा सेवा दिइरहेका छन् । स्वास्थ्य चौकीमा चौबीसै घन्टा आकस्मिक सेवा उपलब्ध छ । नगरपालिकाले नै दुईवटा औषधि पसल सञ्चालन गरिरहेको छ । त्यहाँबाट सहुलियतमा औषधि किन्ने व्यवस्था छ ।

नगरपालिकाले सरकारी र गैरसरकारी स्कुलबीच भेद हटाउने योजना पनि अघि बढाएको छ । यसका लागि शिशु कक्षा पढाउनेलाई तालिम दिने, विद्यालय अनुगमन गर्ने, शिक्षक परिवर्तन गर्नेलगायत काम गर्दैछ ।

'विदेशमा सरकारी स्कुल पाएसम्म निजीमा पढाइँदैन । हामीकहाँ भने निजीमा पढ्न र पढाउन पाए ठूलै उपलब्धि हासिल गरेजस्तो ठानिन्छ । हामीले सरकारी स्कुलको स्तर उठाइदियौं भने निजीको महत्त्व स्वतः घट्दै जान्छ । सरकारी स्कुल राम्रो भयो भने मेरो बच्चा सरकारीमा पढ्छ भनेर गर्व गर्न सकिन्छ,' उनले भने ।

नगरपालिकाले आफ्नो अधिकार प्रयोग गर्दै मातृभाषा शिक्षामा पनि जोड दिएको छ । नेपाल भाषा, लिपि र संस्कृति पढाउन सुरू गरेको छ । तीन वर्षभित्र कक्षा १ देखि ८ सम्म सबै विद्यालयमा लागू गर्ने नीति लिएको छ ।

'केही गैरनेवार साथीहरू भन्नुहुन्छ, यो नेवार भाषाको के काम ? त्यसो भए चाइनिज भाषाको के काम ? अरू देशको भाषा पढ्ने, आफ्नो भाषा नसिक्ने ? त्यसैले हामीले नगरपालिकाभित्रका ९२ वटा स्कुलको पाठ्यक्रममा नेपाल भाषा लिपि अनिवार्य गरेका छौं, मेयर प्रजापतिले भने, 'शिक्षकहरूलाई केही सन्दर्भ सामग्री दिएका छौं । त्यसैअनुसार पढाउनू भनेका

छौं । विद्यार्थीलाई पढ्न लगाएर आफू बस्ने होइन, आफैं पुस्तकालयमा गएर पुस्तक हेर्ने र इन्टरनेटमा सामग्री खोज्ने भनेका छौं ।'

स्थानीय गतिविधिलाई पाठ्यक्रममा सामेल गराउन पनि पहल गरिरहेको उनले बताए ।

'स्थानीय विषय जानकारी नहुने, अनि अरू विषय मात्र पढेर हुन्छ ? अमेरिका गए पनि, अस्ट्रेलिया गए पनि भक्तपुर भनेको के हो भनेर कसैले सोध्यो भने दुई घन्टा धाराप्रवाह बोल्न सकियोस् भनेर जरासम्मै काम गर्दैछौं । भक्तपुर निर्माणमा योगदान दिने व्यक्तित्वहरूलाई पाठ्यक्रममा समावेश गर्दैछौं,' उनले भने ।

अबको १०/१५ वर्षपछि भक्तपुरमा पढ्नेले कम्तीमा चारवटा भाषा बोल्न जान्ने उनले दाबी गरे । नेपाल भाषा, नेपाली, अंग्रेजी र अरू कुनै एउटा भाषा । अंग्रेजीबाहेक चिनियाँ, फ्रेन्च वा अन्य कुनै एउटा भाषा नगरपालिकाले पढाउने उनले बताए । अहिले नै चिनियाँ भाषाको प्रशिक्षण दिइरहेको उनले बताए ।

'एउटा भाषाको लागि शब्द निर्माण गर्न सयौं, हजारौं वर्ष खर्च भयो होला । त्यस्तो भाषा हामी लोप गर्दैछौं । त्यसलाई बचाउने भनेको हामीले नै हो । त्यही भएर स्थानीय भाषालाई माध्यमिक तहसम्म अनिवार्य गर्ने कोसिस गरिरहेका छौं । भाषालाई जीवन्तता दिन पनि काम गरिरहेका छौं,' उनले भने ।

भक्तपुरलाई 'नमुना नगर' बनाउने अभियानमा लागेका मेयर प्रजापति केन्द्र सरकारको व्यवहार भने चित्त नबुझेको बताउँछन् ।

'स्थानीय सरकार सञ्चालन ऐनले प्राविधिक जनशक्ति राख्ने अधिकार स्थानीय तहलाई नै दिएको छ । कृषि विशेषज्ञ, ओभरसियर, इन्जिनियर, नर्सजस्ता प्राविधिक विशेषज्ञ हामी आफैं राख्न पाउँछौं । केन्द्र सरकारले भने अहिले नराख्नू भन्ने आदेश दिएको छ । यो त हाम्रो अधिकार खोस्ने काम भयो,' उनले भने, 'संविधानले संघीयता स्वीकारेको छ । कानुनले संघीयताको कुरा गरेको छ । हाम्रा मन्त्रीज्यूहरू र केन्द्रीय स्तरमा बस्ने प्रशासकहरूमा भने त्यो बुझाइ नै छैन । संविधान नबुझेको भनौं भने आफैं बनाउने, अनि कार्यान्वयन बेला तोडमोड गर्ने ?'

कर्मचारी भर्ना र स्थायी गर्ने विषयमा केन्द्रले हस्तक्षेप गरे स्वायत्तताको कुनै अर्थ नरहने उनले बताए ।

केन्द्र सरकारको रवैयाबाट निराश प्रजापतिलाई जनताले देखाएको उत्साहले भने हौस्याउँछ । 'हामी जे काम गर्छौं, स्थानीय जनतालाई ध्यानमा राखेर गर्छौं । अरूले पनि सिकून् भनेर गर्छौं,' मेयर प्रजापतिले भने, 'काम कस्तो भयो भनेर जनताको राय बुझ्न बेलाबेला घरदैलोमा जाने गरेको छु । सबैले राम्रै भनिरहेका छन् । शतप्रतिशत त कसरी सन्तुष्ट हुन्छन् र ?'

हेर्दै जानुस्, मेरो यही कार्यकालमा भक्तपुर नमुना नगर बन्नेछ,' उनले भने ।

***(सेतो पाटी**, पुस १७ बाट)*

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७५ मंसिर महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | ३५९ | ८४ | २७ | १९ | १६ | १५ | ६ | ४ | ४ | ६ | ० | ० | ० | ० | १ | ० | ० | ० | ८ | १ |
| २ | रजनी सुवाल जरेजू | २०८ | ८९ | ३९ | ७ | ७ | १२ | ८ | ४ | ५ | ९ | १ | ० | १ | ० | १ | ० | ४ | १ | ० | ० |
| ३ | अनु गोसाई | ४९५ | ६५ | २८ | १२ | २८ | १८ | ५ | ४ | ० | ६ | १ | १ | ० | ० | १ | १ | ० | ४ | ० | ० |
| ४ | विमला कुम्पाख | ६७३ | १६७ | ८३ | ३३ | ११ | ३५ | २ | १३ | ४ | १० | ० | २ | १ | ० | ३ | २ | २ | ० | ७ | २ |
| ५ | मञ्जु छुकां | ३९१ | १०८ | ३४ | ९ | ३ | १ | ३ | ७ | १ | ० | ० | ० | २ | ० | ० | ० | ५ | ० | २ | ४ |
| ६ | सृजना बोहजू | ३६० | १०५ | २६ | १७ | २३ | १० | ५ | ४ | १ | ११ | २ | १ | ० | ० | ३ | ० | २ | ८ | ५ | ३ |
| ७ | सुमित्रा राजचल | ३४४ | ७२ | २३ | १६ | १४ | १७ | ५ | ३ | १० | ५ | ० | ० | ० | ३ | ३ | ० | ० | १ | ४८ | ३ |
| ८ | सरिता गोसाई | १३५ | २३ | २७ | ११ | ४ | ० | १ | २ | ० | २ | ३ | २ | ० | ० | ० | ० | ० | ० | ५ | ४ |
| ९ | सविना दुवाल | १० | ५ | २ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| १० | मोनिका पही | २४९ | ५३ | १९ | ११ | ६ | ६ | ९ | १० | ८ | ४ | ० | ० | ० | ० | ० | ० | ० | २ | १९ | २ |

संकलन - कमल केशरी राजचल

मन्तव्य

भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवस

# केन्द्रीकृत मानसिकताले स्थानीय तहलाई समस्या

• सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवसको अवसरमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मीहरूलगायत नगरपालिकालाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। नगर र नगरवासीको हितमा यहाँहरूले सदाभैं आगामी दिनहरूमा पनि सहयोग गर्ने आशा गर्दछु।

हामी जनताबाट निर्वाचित भएर आएको डेढ वर्ष भयो। यस अवधिमा जनअपेक्षाअनुसार धेरै काम गर्न नसके पनि जनताबीच निर्वाचनको समयमा घोषणापत्रमार्फत् गरेका प्रतिबद्धतालाई एक एक गरी पूरा गर्दैछौं। हाम्रो आधार भनेको जनता हुन्। श्रमजिवी जनतालाई केन्द्रविन्दुमा राखेर हामीले काम गर्दैछौं। हामीलाई निर्वाचित गर्ने जनतालाई हामीले कहिल्यै बिर्सनेछैनौं।

नगरपालिका स्थापना दिवसको अवसरमा भक्तपुर दरबार क्षेत्रस्थित प्रसिद्ध ५५ झ्याल दरबार आजबाट स्वदेशी र विदेशीको लागि पुनः खुला गरेका छौं। स्वदेशीको लागि सामान्य सशुल्क र विदेशीको लागि निःशुल्कको व्यवस्था मिलाएका छौं। यसबाट भक्तपुरप्रति आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षण बढ्ने हाम्रो विश्वास छ।

हामीलाई थाहा छ, जनताका असीमित आवश्यकताहरू हुन्छन्, स्रोत र साधनहरू अत्यन्त न्यून छन्। सीमित स्रोत र साधनहरूबाट जनताका सबै समस्याहरू छोटो अवधिमा समाधान सम्भव छैन। यद्यपि संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर एक एक गरी आवश्यकताको आधारमा प्राथमिकताक्रम तोकी विकास निर्माणदेखि विभिन्न क्षेत्रमा काम सम्पन्न गर्ने प्रयास गर्दैछौं।

नगरपालिकाको ६९ औं स्थापना दिवस मनाइरहँदा विगतभन्दा केही फरक अनुभूति भएको छ। विगतको स्थानीय निकाय अहिले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहितको अधिकार सम्पन्न स्थानीय तह भएको छ। शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, समाज कल्याण, भेटनरीजस्ता विगतमा केन्द्रीय सरकार मातहत सञ्चालन हुने कार्यालयहरूको जिम्मेवारी पनि नगरपालिकामा आएको छ। संविधान र कानुनले जनताको नजिकको सरकार भनी चिनिने स्थानीय तहलाई अत्यन्त बलियो बनाइदिएको छ। तर केन्द्र सरकारमा बस्ने नेता र प्रशासकहरूमा अहिले पनि केन्द्रीकृत मानसिकता नै रहेको हुँदा व्यवहारमा स्थानीय तहहरूले केही समस्या भोग्नु परिरहेको छ।

संघीय राज्य व्यवस्थामा विकास निर्माणका सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिइनुपर्छ। केन्द्र र प्रदेश सरकार नीति निर्माण गर्ने थलो हुन्। विकास निर्माणको सबै बजेट स्थानीय तहलाई दिएमा जनताको सहयोगबाट विकास निर्माणका कामहरूलाई तीव्रताका साथ अगाडि बढाउन सहयोग मिल्नेछ। विकास निर्माणको काम ठेक्कापट्टामा दिने ऐन-नियममा सुधार गर्न आवश्यक छ। ठेकेदारले गरेको कामको प्रभावकारी नियमन नहुँदा देशको अर्बौंको विकास बजेट बालुवामा पानी खन्याएसरह भएको छ। भ्रष्ट ठेकेदार र इञ्जिनियरहरू दण्डित नभएकै कारण अहिले देशका विभिन्न क्षेत्र बिग्रिरहेका छन्। भक्तपुर नगरपालिका सचेत भएर अधिकांश विकास निर्माणको काम अमानत वा उपभोक्ता समितिमार्फत गर्दै आएको छ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल र सरसफाइको नमुना नगर बनाउने उद्देश्यले जनप्रतिनिधिहरू लागिरहनुभएको छ। जनप्रतिनिधिहरूको हरेक काममा नगरवासीहरूको निरन्तर साथ र सहयोग प्राप्त भएको छ। हामीलाई साथ र सहयोग गर्ने सम्पूर्ण नगरवासीहरूमा यस अवसरमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

२०७२ सालको भूकम्पले भक्तपुर नगरभित्र मात्रै १३० भन्दा बढी सम्पदाहरूमा क्षति पुग्यो। ती सम्पदाहरूको निर्माण कार्य तीव्र गतिमा अगाडि बढ्दैछ। हालसम्ममा ३६ वटा सम्पदाहरू नगरपालिकाले निर्माण सम्पन्न गरिसकेको छ भने नेपाल सरकार र पुरातत्त्व विभागले पनि कतिपय सम्पदाहरू निर्माण सम्पन्न गरिसकेको छ। नगरपालिका र पुरातत्त्व विभागको समन्वयमा बाँकी सम्पदाहरू निर्माणमा हाम्रो ध्यान केन्द्रित छ।

भनपाले प्रसिद्ध भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य सुरू गरेको छ भने केदारनाथ मन्दिर निर्माण अन्तिम चरणमा पुगेको र वत्सला मन्दिरको काम ५० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ। त्यस बाहेक वडा-वडामा अवस्थित दर्जनौं पाटी-पौवा, ढुंगेधारा, पोखरी, सतल, मठ-मन्दिरहरूको निर्माण कार्य तीव्र गतिमा भइरहेका छन्।

जनताको स्वास्थ्यलाई ध्यानमा राख्दै घर-घरमा नर्सिङ सेवा र वडा-वडामा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएका छौं। त्यसबाट महिला तथा ज्येष्ठ नागरिकहरू लाभान्वित

भएका छन् भने प्राप्त रिपोर्टबाट हामीलाई सोच्न बाध्य बनाएको छ। विगतभन्दा नितान्त फरक रोगहरूले नगरवासीहरूको स्वास्थ्यमा घर जमाउन थालेका छन्। क्यान्सर, चिनीरोग, उच्च रक्तचाप, थाइरोइडजस्ता नसर्ने रोगहरू बढी देखिएका छन्। यसबारे सचेत पार्न स्वास्थ्य शिक्षा कार्यक्रम, स्वास्थ्य शिविरलगायतका गतिविधिहरू पनि नगरपालिकाले गर्दै आएको छ।

विभिन्न कलेजहरू सञ्चालन गरी सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय राजनीति, इतिहास, भूगोल, खेलकुद, संस्कृतिसमेत विद्यालय तहबाटै अध्यापन सुरू गरेको छ।

कला–संस्कृतिले भरिएको भक्तपुर विस्तारै पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित हुँदैछ। गत आ.व. २०७४ र ७५ मा साउनदेखि मंसिरसम्मको ५ महिनाको अवधिमा विदेशी पर्यटकहरूको सङ्ख्यामा २० प्रतिशत वृद्धि भएको छ। चिनियाँ पर्यटककहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको हुँदा नगरपालिकाले चिनियाँ भाषाको तालिम कक्षा पनि सञ्चालन गर्दै आएको छ। २०७५ साल कार्तिक २९ गते जनवादी गणतन्त्र चीनका संस्कृति तथा पर्यटनमन्त्री लुओ सुकाङको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले भक्तपुरको अवलोकन भ्रमण गऱ्यो। मन्त्री सुकाङले दरबार क्षेत्रको भ्रमणपछि 'भक्तपुर विश्व सम्पदामा सूचीकृत सहर भएको र चिनियाँ पर्यटकहरूको तीर्थस्थलको रूपमा रहेको' भनी भक्तपुरको प्रशंसा गर्नुभयो। यसबाट नेपाली र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्दै जाने विश्वास छ।

भक्तपुर नगरपालिकाले नेपालभाषा लिपी, सिल्पकलाजस्ता सीपमूलक तालिम र कृषिसँग सम्बन्धित माटो परीक्षण, गड्यौला मल बनाउने, च्याउ खेती, बेमौसमी तरकारी उत्पादन, विषादी प्रयोग विधिलगायतका तालिमहरू सञ्चालन गर्दै आएको छ। त्यस्तै स्थानीय युवाहरूलाई लक्षित गरी स्थानीय पथ प्रदर्शक तालिम पनि संचालन गरेको छ।

खेलकुद विकासको लागि निर्वाचन घोषणापत्रअनुसार गत वर्ष अन्तरनगर भलिबल प्रतियोगिता सम्पन्न गरेकोमा यो वर्ष अन्तरनगर कराँते प्रतियोगिता गर्ने तयारी गरेका छौं। अन्तर विद्यालय खेलकुद प्रतियोगिता २०७५ कार्तिक ११ गतेदेखि १७ गतेसम्म सम्पन्न भयो। ७० विद्यालयले भाग लिएको उक्त प्रतियोगितामा १८०० भन्दा बढी खेलाडी विद्यार्थीहरू सहभागी भएका थिए।

विद्यार्थीहरूको अध्ययनको क्षेत्र व्यापक बनाउन र गतिविधिमा सक्रिय बनाउन विश्व सर्वहारा वर्गका महान गुरू कार्ल मार्क्सको जन्म द्विशतवार्षिकीको अवसरमा पुस ८ र ९ गते निबन्ध लेखन तथा वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेका छौं। कक्षा ११ र १२ तथा कक्षा ९ र १० का विद्यार्थीहरूलाई छुट्टाछुट्टै विषय दिएका छौं। कक्षा ९ र १० को लागि 'वैज्ञानिक समाजवाद आजको आवश्यकता' र 'कला संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका' विषयक निबन्ध प्रतियोगिता हुने र कक्षा ११ र १२ को लागि 'समाजवादी शिक्षा व्यवस्था: आवश्यकता र महत्त्व' तथा 'समाज विकासमा मार्क्सवादी दृष्टिकोण' विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेका छौं।

हाम्रा परम्परागत बाजा र सांस्कृति विधाहरूको संरक्षण गर्ने उद्देश्यले बाजा गुरूहरूको सम्मान गर्ने र बाजा प्रतियोगिताहरू गर्दै आएका छौं। २०७४ सालमा नगरस्तरीय बाँसुरी बाजा प्रतियोगिता सम्पन्न गऱ्यौं भने २०७५ पुस २१ गते नगरस्तरीय धाँ बाजा प्रतियोगिता गर्ने घोषणा गरेका छौं। हामी अहिले त्यसैको तयारीमा छौं।

भक्तपुर नगरपालिकाले विदेशीको पैसाबाट सञ्चालन हुने गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नियमन गर्ने प्रयास गरिरहेको छ। जथाभावी हचुवाको भरमा कुनै पनि संस्थालाई काम गर्न स्वीकृति दिएको छैन।

खानेपानी, ढल निकास, सडकलगायत सबै विषयमा जनताको आशाको केन्द्र अब स्थानीय तह हुन पुगेको छ। तर खानेपानी र ढलको पैसा केयुकेएलले उठाउने काम जति नगरपालिकाले गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु जरूरी छ।

भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा गरिरहेको काम अहिले देशभरि चर्चाको विषय बनेको छ। देशका विभिन्न नगरपालिका, महानगर र उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरूको भक्तपुर भ्रमण र अनुभवको आदानप्रदानले हामीलाई काम गर्न अझ हौसला मिलेको छ। यहाँ जति पनि राम्रा कामहरू भए ती सबै यहाँका जनताको साथ र सहयोगले सम्भव भएको हो।

भनपाको हरेक गतिविधि जनतालाई सुसूचित गर्ने उद्देश्यले 'भक्तपुर' मासिक पत्रिकालाई निरन्तरता दिंदै 'ख्वप पौ' नेपाल भाषा प्रकाशन पाक्षिक रूपमा सुरू गरेका छौं। फेसबुक पेज, भक्तपुर खबर अनलाइन पत्रिका, 'ख्वप सः' एफ.एम.मार्फत् हप्ताको दुई दिन प्रसारण गर्दै आएका छौं।

हाम्रा हरेक सानाभन्दा साना गतिविधि जनताले जानकारी पाउन् भन्ने हाम्रो उद्देश्य हो। निरन्तर सही सल्लाह र सुझाव दिएर जनताको सेवा गर्ने हाम्रो भावनामा ऊर्जा थप्ने तमाम जनता, कर्मचारी र जनप्रतिनिधिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

*(भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवस समारोहमा दिनुभएको मन्तव्य)*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ मंसिर ३ गते आइतबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सदस्य सचिव श्री रोहितराज पोखरेल ऐ

## निर्णयहरू

### जग्गाको मूल्य परिमार्जन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित लिवाली जग्गा एकीकरण आयोजना र तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रभित्रका जग्गाको मूल्य परिमार्जन गर्न बोर्ड बैठकबाट गठित कार्यदलले मिति २०७५ असार १५ गते निर्णय पेश गरेको आ.व. २०७५/०७६ का लागि प्रस्तावित मूल्य विवरण स्वीकृत गर्ने निर्णय गरियो।

लिवाली क्षेत्रलाई विभिन्न ८ वटा ब्लकहरूमा विभाजन गरी देहायबमोजिम आ.व. २०७५/०७६ का लागि प्रति आना देहाय बमोजिम मूल्य निर्धारण गरियो–

**मूल्य सूची**

| सि. नं. | वाटो को चौडाई | विवरण: २०७५/७६ को प्रस्तावित जग्गाको मूल्य (प्रति रोपनी) | | | | कैफियत | विवरण: २०७५/७६ को प्रस्तावित जग्गाको मूल्य (प्रति आना) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १०० प्रतिशत वृद्धि | १०० प्रतिशत वृद्धि | ७० प्रतिशत वृद्धि | १०० प्रतिशत वृद्धि | | १०० प्रतिशत वृद्धि | १०० प्रतिशत वृद्धि | ७० प्रतिशत वृद्धि | १०० प्रतिशत वृद्धि |
| | | न ४ र ६ | न १, २ र ५ | न ७ | न ३ र ८ | | न ४ र ६ | न १, २ र ५ | न ७ | न ३ र ८ |
| १ | २ | १४,५८०,००० | १७,६०५,३५० | १२,९५०,६८५ | ११,७७३,३५० | | ९११,२५० | १,१००,३३४ | ८०९,४१८ | ७३५,८३४ |
| २ | ५ | १५,३९०,००० | १८,५८३,४२५ | १३,६७०,१६८ | १२,४२७,४२५ | | ९६१,८७५ | १,१६१,४६४ | ८५४,३८५ | ७७६,७१४ |
| ३ | ७ | १८,६३०,००० | २२,४९५,७२५ | १६,५४८,०९८ | १५,०४३,७२५ | | १,१६४,३७५ | १,४०५,९८३ | १,०३४,२५६ | ९४०,२३३ |
| ४ | ९ | २०,२५०,००० | २४,४५१,८७५ | १७,९८७,०६३ | १६,३५१,८७५ | | **१,२६५,६२५** | **१,५२८,२४२** | **१,१२४,१९१** | **१,०२१,९९२** |
| ५ | २० | २९,१६०,००० | ३५,२१०,७०० | २५,९०१,३७० | २३,५४६,७०० | | १,८२२,५०० | २,२००,६६९ | १,६१८,८३६ | १,४७१,६६९ |
| ६ | २०/१ | १३,७७०,००० | १६,६२७,२७५ | १२,२३१,२०३ | ११,११९,२७५ | | ८६०,६२५ | १,०३९,२०५ | ७६४,४५० | ६९४,९५५ |
| ७ | ७/१ | १२,१५०,००० | १४,६७१,१२५ | १०,७९२,२३८ | ९,८११,१२५ | | ७५९,३७५ | ९१६,९४५ | ६७४,५१५ | ६१३,१९५ |
| ८ | ५/४ | १६,२००,००० | १९,५६१,५०० | १४,३८९,६५० | १३,०८१,५०० | | १,०१२,५०० | १,२२२,५९४ | ८९९,३५३ | ८१७,५९४ |
| ९ | ९/७ | २३,०८५,००० | २७,८७५,१३८ | २०,५०५,२५१ | १८,६४१,१३८ | | १,४४२,८१३ | १,७४२,१९६ | १,२८१,५७८ | १,१६५,०७१ |
| घ घ घ | १० | २१,८७०,००० | २६,४०८,०२५ | १९,४२६,०२८ | १७,६६०,०२५ | | १,३६६,८७५ | १,६५०,५०२ | १,२१४,१२७ | १,१०३,७५२ |
| ११ | १०/७ | २३,४९०,००० | २८,३६४,१७५ | २०,८६४,९९३ | १८,९६८,१७५ | | १,४६८,१२५ | १,७७२,७६१ | १,३०४,०६२ | १,१८५,५११ |
| १२ | ९/९ | २३,८९५,००० | २८,८५३,२१३ | २१,२२४,७३४ | १९,२९५,२१३ | | १,४९३,४३८ | १,८०३,३२६ | १,३२६,५४६ | १,२०५,९५१ |
| १३ | ९/५ | २२,५१८,००० | २७,१९०,४८५ | २०,००१,६१४ | १८,१८३,२८५ | | १,४०७,३७५ | १,६९९,४०५ | १,२५०,१०१ | १,१३६,४५५ |
| घ घ घ | ७/७ | २२,६८०,००० | २७,३८६,१०० | २०,१४५,५१० | १८,३१४,१०० | | १,४१७,५०० | १,७११,६३१ | १,२५९,०९४ | १,१४४,६३१ |
| १५ | २०/९ | ३०,७८०,००० | ३७,१६६,८५० | २७,३४०,३३५ | २४,८५४,८५० | | १,९२३,७५० | २,३२२,९२८ | १,७०८,७७१ | १,५५३,४२८ |

## ख्वप पौ प्रकाशन

यस भक्तपुर नगरपालिकाले विगत लामो समयदेखि 'भक्तपुर' मासिक पत्रिका प्रकाशन गर्दै नगरपालिकाका गतिविधिहरू सार्वजनिक र पारदर्शी गर्दै आएकोमा नेपाल संवत ११३९ नयाँ वर्षदेखि नेपाल भाषाको नियमित बुलेटिन **'ख्वप पौ'** प्रकाशन गर्ने निर्णय गरियो ।

उक्त पत्रिकालाई निरन्तर प्रकाशन गर्ने हेतुले नेपाल भाषामा दख्खल राख्नु हुने शिक्षक श्री आशकुमार चिकंबन्जारलाई सम्पादकको जिम्मेवारी दिने र उक्त पत्रिका प्रति अङ्क २००० (दुई हजार) प्रति प्रकाशन गर्ने निर्णय गरियो ।

## परीक्षा समितिमा सदस्य चयन

भक्तपुर नगरापालिकाको शिक्षा ऐन २०७४ को परिच्छेद ६ दफा १५ उपदफा १ बमोजिम भक्तपुर नगरका विद्यालयहरूमा आधारभूत तहको परीक्षा समितिमा सदस्यको रूपमा भनपा ७ नं. वडाअध्यक्ष उकेश कवां र भनपा ९ नं. वडाअध्यक्ष रविन्द्र ज्याख्वलाई चयन गर्ने निर्णय गरियो ।

सोही उपदफा बमोजिम भक्तपुर नगरपालिका क्षेत्रमा कृयाशील विद्यालय परीक्षा समितिबाट एक एक जना सदस्य छनौट गरी नगरपालिका कार्यालयमा पठाउन परिपत्र गर्ने निर्णय गरियो ।

## समिति निर्णय अनुमोदन

### कृषि समिति

**मिति २०७५।७।२९ गते**

१. मिति २०७५।७।२८ गते चलानी नं. ०३१/०७५/०७६ श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को पत्र अनुसार उक्त सहकारीले मल विक्री वितरणको लागि निवेदन गरिएको हुँदा नियमानुसार उक्त संस्थालाई स्वीकृति दिने निर्णय गरियो ।

२. मिति २०७५।७।२८ गते चलानी नं. ०३१।०७५।०७६ श्री चण्डेश्वरी बचत तथा ऋण सहकारी सं.लि. को पत्रअनुसार उक्त सहकारीले मल बिक्री वितरणको लागि निवेदन गरिएको हुँदा नियमानुसार उक्त संस्थालाई स्वीकृति दिने निर्णय गरियो ।

३. मिति २०७५।७।२९ गते चलानी नं. ०१३/०७५/०७६ सिद्धि कृषि सहकारी संस्था लि. को पत्रअनुसार उक्त सहकारीले रासायनिक मल बिक्री विवरण र सूची नवीकरणको लागि निवेदन गरिएको हुँदा नियमानुसार नवीकरण र बिक्रीको लागि स्वीकृति दिने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति २०७५।८।२ गते**

१. नेपाल बक्सिङ्ग संघको आयोजनामा २०७५ मंसिर ५ गतेदेखि ८ गतेसम्म राष्ट्रिय कभर्ड हल त्रिपुरेश्वर काठमाण्डौमा प्रथम राष्ट्रिय महिला तथा पुरुष नोभिष बक्सिङ्ग प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट निम्न खेलाडी र अफिसियलले भाग लिने निर्णय गरियो ।

**सहभागी खेलाडी**

१. टिम प्रशिक्षक – श्री कृष्णसुन्दर प्रजापति/केदार त्वी त्वी
२. टिम व्यवस्थापक – श्री सुनिता अवाल
३. सुधिर राउट – ३० के.जी. U २२
४. सुजन पौडेल – ५६ के.जी. U २२
५. विजय बाटा – ६४ के.जी. U १९

२. माथिको प्रतियोगिताको लागि कार्यपालिका सदस्य सुनिता अवालले रु.३०,०००।– (तीस हजार) पेश्की लिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका वडा नं. २,३,४,५ र ८ मा फिजिकल फिटनेस सामग्री खरिद गर्न सम्बन्धित वडा वडामा रु.१,७५,०००।– (अक्षेरुपी रु. एक लाख पचहत्तर हजार मात्र) पठाउने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाको आयोजनामा भएको विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको सिहांवलोकन कार्यक्रम २०७५ मंसिर ७ गते शुक्रबार १:०० बजे भ. न.पा.को सभा कक्षमा गर्ने निर्णय गरियो ।

५. भ.न.पा. बाट आयोजित विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको भुक्तानी दिन वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीले रु.५,००,०००।– (अक्षेरुपी रु. पाँच लाख) पेश्की लिने निर्णय गरियो ।

## पुन:बोलपत्र आह्वान

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय आ.व. २०७५/०७६ मा आवश्यक पर्ने तीनपांग्रे ट्राईसाईकल खरिद गर्न मिति २०७५।५।२७ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार पर्न आएका ३ (तीन) वटा सिलवन्दी बोलपत्रहरू मिति २०७५।६।२६ गते भ.न.पा. सभा कक्षमा जिल्ला प्रशासन कार्यालय, भक्तपुर, कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुर र जिल्ला समन्वय समिति, भक्तपुरका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली बोलपत्र मूल्याङ्कन समितिमा पेश भई छलफल हुँदा जिया छाङ मोटरबाईक एसेम्बलिङ कम्पनीको भ्याटसहित जम्मा रु.४५,२०,०००, श्रीराम अटोमोबाईल्स प्रा.लि.को भ्याटसहित रु.७८,८४,८८०।१० र सुलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि.को भ्याटसहित रु.५९,७३,१८०।– पेश भएकोमध्ये सबभन्दा कम दररेट उल्लेख गर्ने जिया छाङ एसेम्बलिङ कम्पनी भएको तर उक्त कम्पनीले बोलपत्र साथ बोलकबोल जमानी

पत्र समावेश नभएकोले सो कम्पनी तुलना गर्न योग्य नभएको र दोश्रो सुलोक ट्रेडिङ्ग कम्पनीको भ्याटसहित रु. ५९,७३,१८०।- भएकोमा प्रथम र दोश्रो पक्षको रकम तुलना गर्दा रु. १४,५३,१८०।- बढी रकम पर्न गएको र दोश्रो र तेश्रो बीच तुलना गर्दा रु. १९,११,७००।१० भई एक अर्कोसँग धेरै रकमको फरक पर्न गई कार्यालयलाई आर्थिक भार बढी पर्न जाने देखिएकोले उक्त सिलबन्दी बोलपत्रहरू रद्द गरी पुनः बोलपत्र आव्हान गर्न सूचना प्रकाशित गर्न सिफारिस गर्ने भनी मिति २०७५।७।१५ गते बसेको बोलपत्र मूल्याङ्कन समितिको बैठकबाट निर्णय भएको हुँदा उक्त बोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. यस नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्स र शवबाहन सेवालाई थप प्रभावकारी बनाउन नयाँ **एम्बुलेन्स** १ थान र नयाँ **शववाहन** १ थान खरिदका लागि क्याटलग खरिद सम्बन्धी ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको बैंक खाता सञ्चालनका लागि **चेकमा दस्तखत** गर्न लेखापाल श्री रामसुन्दर सुजखुलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

ग. यस न.पा.बाट सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा ई. श्री ओमहरि था र लेखापाल श्री रामसुन्दर सुजखुको संयुक्त दस्तखतबाट **खाता सञ्चालन** गरी छुट्टै हिसाब राख्ने निर्णय गरियो।

घ. यस न.पा.बाट निर्माण गरिने ख्वप अस्पताल भवनको जिल्ला आयुक्तको कार्यालय भक्तपुरबाट प्लानिङ्ग परमिट प्राप्त भइसकेको सन्दर्भमा **ख्वप अस्पताल निर्माणको लागि छुट्टै साइट अफिस** खडा गरी आयोजनाको रूपमा सञ्चालन गर्ने र उक्त आयोजनाको लागि गठित निर्माण समितिका संयोजक श्री सुनिल प्रजापति र लेखापाल श्री राम सुन्दर सुजखुको संयुक्त दस्तखतबाट नेपाल बैंक लिमिटेडमा खाता खोली **छुट्टै हिसाब राख्ने** निर्णय गरियो ।

ङ. निवेदक/वादी रमेश सुवाल र प्रतिवादी सविना लाखा दुवै पक्षलाई सँगै राखी सम्झाई बुझाई गरी मेलमिलापका लागि प्रयास गरेकोमा दुवै पक्ष आ-आफ्नो अडानमा कायम भएको हुँदा यस सम्बन्ध विच्छेद सिफारिस माग सम्बन्धमा मुलुकी ऐन लोग्ने स्वास्नी महलको १क नं. बमोजिम सम्बन्धित अदालतमा सिफारिसका लागि प्रस्तुत विषय भ.न.पा. बोर्डमा पेश गर्नु भनी भ.न.पा. न्यायिक समितिबाट मिति २०७५।२।३ गते निर्णय भई पेश हुन आएकोमा लेखिए बमोजिम दुवै पक्षलाई मिलापत्र हुन सम्झाई बुझाई गर्दा समेत दुवै पक्ष मिलापत्र हुन सहमत हुने अवस्था नदेखिंदा कानून बमोजिम लोग्ने स्वास्नी **सम्बन्ध विच्छेदको सिफारिससहित** श्री भक्तपुर जिल्ला अदालतमा मिसिल साथ तारेख तोकी पठाउने निर्णय गरियो ।

च. निवेदक/वादी रमेश कसलवट र प्रतिवादी तुल्सीदेवी भैल कसलवट दुवै पक्षलाई सँगै राखी सम्झाई बुझाई गरी मेलमिलापका लागि प्रयास गरेकोमा दुवै पक्ष आ-आफ्नो अडानमा कायम भएको हुँदा यस सम्बन्ध विच्छेद सिफारिस माग सम्बन्धमा मुलुकी ऐन लोग्ने स्वास्नी महलको १क नं. बमोजिम सम्बन्धित अदालतमा सिफारिसका लागि प्रस्तुत विषय भ.न.पा. बोर्डमा पेश गर्नु भनी भ.न.पा. न्यायिक समितिबाट मिति २०७५।२।१० गते निर्णय भई पेश हुन आएकोमा लेखिए बमोजिम दुवै पक्षलाई मिलापत्र हुन सम्झाई बुझाई गर्दा समेत दुवै पक्ष मिलापत्र हुन सहमत हुने अवस्था नदेखिंदा कानून बमोजिम लोग्ने स्वास्नी **सम्बन्ध विच्छेदको सिफारिससहित** श्री भक्तपुर जिल्ला अदालतमा मिसिल साथ तारेख तोकी पठाउने निर्णय गरियो ।

छ. निवेदक/वादी निरोज लवजु र प्रतिवादी शोभा थापा (लवजु) भएको सम्बन्ध विच्छेद मुद्दामा प्रतिवादीलाई मिति २०७५।४।१ मा अभियान राष्ट्रिय दैनिक मार्फत म्याद सूचना गरिएकोमा तोकिएको म्याद भित्र उपस्थित नभएको र शुरु म्याद तामेल भई तोकिएको म्याद गुजारी थाम्ने थमाउने हद म्यादसमेत नघाई बसेको हुँदा नियमानुसार सम्बन्ध विच्छेद कार्यवाही सिफारिसका लागि भ.न.पा. बोर्ड बैठकमा पेश गर्ने गरी भ.न.पा. न्यायिक समितिको मिति २०७५।६।४ गतेको निर्णयबाट पेश हुनआएको प्रस्तुत मुद्दामा प्रतिवादीले लेखिए बमोजिम शुरु म्याद तथा दैनिक पत्रिकामा प्रकाशित म्याद सूचनामा तोकिएको अवधिभित्र कुनै प्रतिवाद गर्न नआई शुरु म्यादै गुजारी पक्ष मिलानसमेत नभएको अवस्थामा दुवै पक्षलाई मेलमिलाप हुन सम्झाई बुझाई गर्ने वातावरण समेत नहुँदा कानून बमोजिम लोग्ने स्वास्नीको **सम्बन्ध विच्छेदको सिफारिससहित** श्री भक्तपुर जिल्ला अदालतमा तारेख तोकी मिसिल साथ पठाउने निर्णय गरियो।

ज. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको भक्तपुर क्राफ्ट पेपर लि.को आ.व. २०७०।७१ र ०७१।७२ को लेखा

परीक्षण गर्ने क्रममा लेखा परीक्षकले कम्पनीमा रहेका जिन्सी सामानहरू काम लाग्ने र काम नलाग्ने गन्ती गरी बाँकी सामानहरूको विवरण अद्यावधिक नगरी लेखा परीक्षण प्रतिवेदन गर्न अप्ठेरो हुने भनी जानकारी दिनु भएको हुँदा सो कार्य गर्न भनी भक्तपुर नगरपालिकाको मिति २०७४।१।१५ गते बैठकबाट कम्पनीमा रहेका कागजात र कागजबाट उत्पादित मौज्दात सामानहरूको मूल्य र प्रकृति छुट्याउन समेत आवश्यक भएको हुँदा कम्पनीको जिन्सी सामानहरूको विवरण अद्यावधिक गर्न जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्न कानून अधिकृत श्री गणेशलाल फोंजुको संयोजकत्वमा गठित समितिलाई जिम्मा दिइएकोमा कम्पनीमा छरिएर रहेका विभिन्न स्थानमा रहेका उत्पादन र कच्चा पदार्थ एकत्रित गर्न र गन्ती गर्न तोकिएको समयावधिमा प्राविधिक रूपमा नसकिई बढी समय लाग्न गएको र हाल उक्त कार्य सम्पन्न गरी प्रतिवेदन पेश भएकोमा सो प्रतिवेदन जानकारीका लागि कार्यपालिका बैठक समक्ष पेश भयो र प्रतिवेदनमा उल्लेखित जिन्सी सामग्रीहरूको विवरण सम्बन्धित लेखा परीक्षकलाई उपलब्ध गराई कम्पनीको २०७४।०७५ सम्मको **लेखा परीक्षण** कार्य गराउन आन्तरिक लेखा परीक्षक विनोद आगञ्जालाई जिम्मा दिने निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको भक्तपुर क्राफ्ट पेपर लि.को स्टक कागज र जिन्सी सामान सम्बन्धमा जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्न गठित समितिले सो लि.को जिन्सी सामानहरूको कोडिङ्ग गर्ने र अभिलेख गर्ने प्रारम्भिक कार्य सम्पन्न गरिसकेको साथै सो लि.को नेपाली कागजका सामानहरू एकत्रित गरी गिन्ती गर्ने कार्यसमेत सम्पन्न गरेकोमा सो सामानको अद्यावधिक मूल्याङ्कन गर्नुपर्ने हुँदा सो गर्न समितिका सदस्यहरूको विज्ञता नभएको सन्दर्भमा भक्तपुर क्राफ्ट पेपर लि.का पूर्व कर्मचारीहरू क्रमशः राम कृष्ण लिगल, राम बाबु पुरी र सन्तकुमार ब्यान्जुलाई **विज्ञको रूपमा आमन्त्रित गर्ने** र निजहरूलाई सो वापत पारिश्रमिक उपलब्ध गराउने व्यवस्थाको लागि भनी पेश हुन आएकोमा निजहरूलाई भक्तपुर क्राफ्ट पेपर लि.को स्टक कागज र जिन्सी सामानहरूको अद्यावधिक मूल्याङ्कन गराउने र सो वापत निजहरूलाई प्रति बैठक रु.१५००।- एक हजार पाँच सय रूपैयाँ पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

ञ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित निम्न गाडी **मर्मत गरेको भुक्तानी** दिने निर्णय गरियो :

| क्र.सं. | नामथर | गाडी नं. | रकम | भुक्तानी दिने कम्पनी |
|---|---|---|---|---|
| १ | पुण्यराम खत्री | ७१४९ | ५८,८१६।- | अजिमा अटो वर्कसप |
| २ | राजेन्द्र प्रजापति | ५४३ | ९२,८०१।- | ऐ ऐ |
| ३ | राजेन्द्र कोजु | ८१५६ | ३०,८०६।- | नेपाल अटो इलेक्ट्रिक ट्रेडलिंक |
| ४ | मनोज छुकां | २५२८ | १३,५९१।- | ऐ ऐ |
| ५ | नारायणकृष्ण गाईजु | ६०४९ | १२,४८६।- | अजिमा अटो वर्कसप |

६. यस कार्यालयको सफाइ गाडी नं. ८७४९ ले राजिव सुवालको साइकलमा ठक्कर दिई क्षति पुऱ्याएको हुँदा मर्मत रु.२५००।- राजीव सुवालको भुक्तानी दिने निर्णय गरियो।

## ल.ई अनुमोदन

क) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०ड रोपनी खुल्ला चौरमा पर्खाल लगाउने कार्य | १ | ९,८०१,२९९।९७ | | | | | | नपा | बजेट विनियोजन रू.५० लाख मात्र |
| २ | कमलपोखरी रिजर्भवायर ट्यांकी निर्माण | ७ | ४,६००,१९२।९६ | | | | | | नपा | |
| ३ | गय: भिंद्यो हनुमन्तेखोलामा पुल निर्माण थप कार्य (दोश्रो चरणको कार्य) | ७ | ९,९९९,६७४।१३ | | | | | | नपा | |
| ख) पेश्की फछ्यौट सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो : | | | | | | | | | | |
| १ | जेंला पोखरीको उत्तर तर्फको पाटी छाना मर्मत | २ | ३९६,१०९।५७ | | १६४,८६९।६३ | १३०,९५३।०० | १२०,०००।०० | १०,९५३।०० | | कार्य सम्पन्न (पेश्की फछ्यौंट) |
| २ | भानेरोड पीच गर्ने कार्य | ९ | ४,०६३,१८५।४१ | | १,५२९,०३७।६२ | १,०५६,२११।०० | ९००,०००।०० | १५६,२११।०० | नपा | आंशिक पे.फ भई थप पेश्की रू.१५ लाख सिफारिस |
| ३ | गय भिंद्यो हनुमन्ते खोलाको पुल निर्माण | ७ | ९,९९१,८४९।३० | | ८,६०४,३२४।९५ | ७,४०४,३४६।९६ | ७,०००,०००।०० | ४०४,३४६।९६ | नपा | आंशिक पे.फ भई थप पेश्की रू.२० लाख सिफारिस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ग) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा** | | | | | | |
| १ | हनुमानघाट परिसर पारि पाटी | ७ | ४,४३०,७७६।३१ | | उपभोक्ता अध्यक्ष कृष्णगोबिन्द खाइजु | अनुगमन समिति संयोजक हेरा ख्याजू |
| २ | दरबारस्क्यायर पर्यटक शौचालय | ३ | | | उपभोक्ता अध्यक्ष शिवसुन्दर घुख्वा | अनुगमन समिति संयोजक लक्ष्मी प्रसाद गोरा |
| ३ | १ वडा कार्यालय भवन अगाडि आकाशे पानी संकलन ट्यांकी निर्माण कार्य | १ | २,५३०,०२७।३२ | | उपभोक्ता अध्यक्ष पुण्यराम गारू | अनुगमन समिति संयोजक सूर्य प्रसाद श्रेष्ठ |
| ४ | घलाते अरनिको राजमार्ग निस्कने बाटो दायाँ बायाँ बाटो रिटेनिङ्ग वाल लगाउने | ३ | २,५८१,६४४।४५ | | उपभोक्ता अध्यक्ष पूर्णप्रसाद सुवाल | अनुगमन समिति संयोजक सुनिता अवाल |
| **घ) म्याद थप सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :** | | | | | | |
| १ | सल्लाघारी रिजर्भवायर ट्यांकी निर्माण कार्य सम्बन्धमा | २ | उपभोक्ता समिति अध्यक्ष गणेश प्रसाद कोजू | मिति २०७६ असार मसान्तसम्म म्याद थप | नपा बजेट | क्रमागत योजना |
| **ङ) अन्य** | | | | | | |
| १ | आ.व.०७५/७६ का जिल्ला दररेटको आधारमा तयार गरिएको Electrical Rate Analysis Norms यस नपाबाट आ.व. ०७५।७६ मा निर्माण हुने भवनको इष्टिमेट सम्बन्धी कार्य प्रयोजन गर्ने निर्णय गरियो । | | | | | |
| २ | भक्तपुर नगरपालिका अन्तर्गत नगर क्षेत्रको वडा नं १ देखि १० वडासम्मका विभिन्न स्थानमा जडान भैरहेको सडक बत्ती लागत अद्यावधिक गर्ने निर्णय गरियो । | | | | | |

# मिति २०७५ मंसिर १२ गते बुधबार

## निर्णयहरू

### नपा स्थापना दिवस

भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवस (पुस २ गते) को अवसरमा विविध कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो । नगरपालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूबीच खेलकुद गतिविधि गर्न युवा तथा खेलकुद समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

### धाँ बाजा प्रतियोगिता

भक्तपुर नगरपालिकाले हरेक वर्ष कुनै एक सांस्कृतिक विधामा प्रतियोगिता सञ्चालन गर्ने निर्णय भए अनुसार यस वर्ष भक्तपुर नगरव्यापी धाँ बाजा प्रतियोगिता यही २०७५ पुस २१ गते शनिबार आयोजना गर्ने निर्णय गरियो ।

### ख्वप अस्पतालको लागि रकम निकासा

यस नगरपालिकाद्वारा सञ्चालन गरिने ख्वप अस्पताल निर्माण कार्यलाई सूचारु रुपमा अघि बढाउन निर्माण समितिको नाममा नेपाल बैंक लि. भक्तपुर शाखामा अलग्ग बैंक खाता खोल्ने र हालका लागि उक्त खातामा नगरपालिकाको तर्फबाट रु.५ करोड निकासा पठाउने निर्णय गरियो । साथै उक्त आयोजना प्रमुखमा प्राविधिक श्री विजयराम कोजुलाई तोक्ने निर्णय गरियो ।

### समिति निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।८।११ गते**

१. सितेरियो करांतेको तौल समूहबारे छलफल हुँदा निम्न लिखित बमोजिमको **तौल समूह** राख्ने निर्णय गरियो:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुरुष : | २० | – | २५ | – | ३० | |
| – | ३५ | – | ४० | – | ४५ | |
| महिला : | २० | – | २५ | – | ३० | |
| – | ३५ | – | ४० | – | ४५ | |

२. नगर खेलकुद समिति र करांते संघको बैठक २०७५ मंसिर १४ गते शुक्रबार न.पा. सभा कक्षमा बस्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७५।८।९ गते**

१. मिति २०७५।७।२९ गते पत्र सङ्ख्या १३/०७५/०७६ श्री ख्वप एग्रोकन्सर्न एण्ड रिसर्च सेन्टर प्रा.लि. को पत्र अनुसार सि.टी.ई.भि.टी. अन्तर्गत ३ महिने सामुदायिक कृषि सहायक तालिम सञ्चालन गर्ने अनुरोध भई आएकोमा उक्त प्रस्तावअनुसार तालिम सञ्चालन गर्न आवश्यक

छलफल गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाभित्रका कृषकहरूलाई प्रतिपरिवार २ बोरा ५० प्रतिशत अनुदानमा कृषि चुन खरिद गरी वितरण गर्ने निर्णय गरियो।

३. भक्तपुर नगरपालिकाका कृषकहरूलाई माटो परीक्षण तालिम सञ्चालन गर्ने निर्णय गरियो।

## महिला, बालबालिका तथा समाज कल्याण समिति

**मिति २०७५।८।९ गते**

१. बाल क्लव गठन गर्नेबारे छलफल गर्ने।

२. लैगिक हिंसाविरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गर्ने।

३. जेष्ठ नागरिकहरूको नगरस्तरीय अन्तरक्रिया कार्यक्रम गर्ने।

## आर्थिक समिति

**मिति २०७५।८।४ गते**

१. भक्तपुर नगर क्षेत्रभित्रका सहकारी संस्थाहरू, विद्यालयहरू, घ वर्गका निर्माण व्यवसायीहरू लगायत नगरपालिकाको अधिकार अन्तर्गत आएका संस्था तथा व्यवसायहरू कर प्रयोजनको लागि पुनः नगरपालिकामा दर्ता गर्दा दोहोरो दर्ता जस्तो देखिने भएको साथै करदातालाई समेत दर्ता गर्नुपर्ने झन्झट हुने भएकोले त्यस्ता संस्था तथा व्यवसाय नगरपालिकामा पुनः दर्ता नगरी नियमित वार्षिक कर तथा सफाइ शुल्क लिने व्यवस्था गर्ने निर्णय गरियो।

२. नगर क्षेत्रभित्रबाट माटो, बालुवा आदि निकाली इँटा बनाउने लगायत निर्माण सामग्रीको रूपमा बिक्री वितरण तथा ओसार पसार गर्नेलाई प्रति गाडी रु.१००।- तथा प्रति ट्याक्टर रु.३०।- लिने व्यवस्था भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७५ मा व्यवस्था भए पनि सो अनुसार कर असुल गर्न व्यवहारिक समस्या भएकोले त्यस्ता व्यवसायीहरूलाई नगर प्रमुखको तोक आदेशअनुसार वार्षिक रु.५०,०००।- देखि रु. २,००,०००।- सम्म कर निर्धारण गरी असुल गर्ने निर्णय गरियो।

**मिति २०७५।८।१० गते**

१. आजको बैठकमा भ.न.पा. वडा नं. २ स्थित इन्द्रायणी पीठमा रुख काट्दा निस्किएका काठ दाउराहरू तथा माहेश्वरी स्टोरमा रहेका कु-काठहरू त्यसै छाडिराख्दा हराउने र नासिने भएकोले इन्द्रायणी पीठमा रहेका काठसमेत माहेश्वरी स्टोरमा लगी सबै काठका टुक्राहरू (कु-काठ) तथा दाउरा लिलाम बढाबढद्वारा बिक्री गर्ने निर्णय गरियो।

२. नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूले नियमानुसार बुझाउनु पर्ने मासिक रिपोर्ट (प्रतिवेदन) हरेक महिनाको ७ गतेभित्र र वार्षिक प्रतिवेदन साधारण सभा समाप्त भएको ३० दिनभित्र न.पा.मा बुझाउन सूचना प्रकाशित गर्ने निर्णय गरियो।

## निर्माण समिति

**मिति २०७५।०८।०६ गते**

क) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बहुउद्देश्य भवनमा विद्युतिकरण कार्य | ९ | ८,११८,३२६।०२ | | | | | | नपा | |
| २ | बहुउद्देश्य भवनमा प्लम्बिङ्ग फिटिङ्गस् कार्य | ९ | १,५४४,५७६।३८ | | | | | | नपा | |
| ३ | ख्वप अस्पताल भवन निर्माण आयोजनाको कार्यालय कोठा व्यवस्थित कार्य | ९ | १७६,८२८।८८ | | | | | | ख्वप अस्पताल | |
| ४ | प्रमुखज्यूको कोठामा दराज वनाउने | २ | ७०,८३८।४० | | | | | | नपा | |
| ५ | भाने गोंसपुल सडक पीच गर्ने कार्य (रिभाइज्ड) | ९ | ४,०६३,१८५।४१ | ५,३५४,७३४।३१ | | | | | नपा | |

ख) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दतात्रय स्क्वायरमा ढुङ्गा छपाइ कार्य | ९ | ९२,८०६,६११।०० | | ५,०३०,७४५।०० | ३,३३६,२१४।३० | ३,०००,०००।०० | ३३६,२१४।३० | नपा | आंशिक पे.फ. तथा थप पेश्की रू.४० लाख सिफारिस |

ग) भुक्तानी सम्बन्धमा

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नपा भवन परिसरमा गार्ड कोठा निर्माण कार्य (के.टी.एम. बिल्डर्स प्रा.लि.लाई) | २ | ४६५,२०६।९६ | | ४९८,७१३।७७ | ४८४,२६७।७० | | ४८४,२६७।७० | नपा | अमानतबाट दरभाउ स्वीकृत गरी भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो– | | | | | |
| १ | महाकाली स्थानस्थित अँचा पोखरी पश्चिम सत्तल पुन: निर्माण कार्य | ६ | ५,३८४,९०१।३९ | उपभोक्ता समिति अध्यक्ष गणेशराम थुसा | अनुगमन समिति संयोजक रोशन मैया सुवाल |
| ङ) अन्य | | | | | |
| १ | भक्तपुर नगरपालिका वडा नं २, ब्यासीस्थित नपा कार्यालय परिसरमा स्वचालित सार्वजनिक शौचालय (Smart Auto Toilet) बनाउने/जडान (सामानसहित) सम्बन्धी कार्य गर्न सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका बोलपत्रहरूमध्ये सारभूत रूपमा प्रभावकारी फर्म/बोलपत्रदाता उज्यालो निर्माण सेवा प्रा.लि.बाट नियमानुसार सम्झौताको लागि पत्राचार भएकोमा म्यादभित्र विविध कारणले सो कार्य गर्न नसकिएको व्यहोरासहितको निवेदन पर्न आएको हुँदा उक्त बोलपत्रदाताको बोलपत्र रद्द गर्ने र आर्थिक कार्यविधि सार्वजनिक खरिद ऐन तथा नियमावली २०७४ को दफा २७ उपदफा ५ अनुसार जमानत धरौटी जफत गरी दोश्रो बोलपत्रदाता लाप्को टेक्नोलोजिक प्रा.लि लाई दिने निर्णय गरियो । | | | | |

## मिति २०७५।०८।११ गते

| क्र.सं. | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो : | | | | | | | | | | |
| १ | दरबार स्क्वायरको पर्यटक शौचालय सुधार | ३ | ४,३१,५३१।८१ | | | | | | नपा | |
| २ | वडा भवन तथा शिशु स्याहार परिसर सुधार कार्य | ७ | ७३२,६२७।३६ | | | | | | नपा | |
| ३ | माहेश्वरी खेल मैदानमा जाली राख्ने कार्य | ७ | ८२३,१६४।८२ | | | | | | नपा | |
| ख) पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | ब्रम्हायणी बसपार्क शौचालय निर्माण (उ.स.अध्यक्ष जगतराम ढुकुछु) | ८ | ८३९,२७५।४९ | | ७७८,१६५।३४ | ६३३,१४८।८४ | ४७५,०००।०० | १२९,८४१।०० | नपा | कार्य सम्पन्न भई (पेश्की फछ्र्यौट) |
| २ | याताछें बाटो मर्मत कार्य | ९ | ४५९,९३०।७६ | | ४४८,३३०।५० | ४२४,०५०।०५ | ३५०,०००।०० | ४२,१९६।०५ | सडक बोर्ड | कार्य सम्पन्न भई (पेश्की फछ्र्यौट) |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | |
| १ | ब्रम्हायणी वसपार्क पूर्व बाटोमा पीच गने कार्य | ८ | ५,०८४,९०१।३९ | उपभोक्ता समिति अध्यक्ष जगतराम धुख्वा | अनुगमन समिति संयोजक शिबप्रसाद बाला |
| ङ) अन्य | | | | | |
| १ | भ.न.पा. वडा नं ९ च्याम्हसिंहस्थित ख्वप अस्पताल भवन निर्माण पहिलो चरणको (भूमिगत एक तल्लासहित प्लिन्थ लेवलसम्म) कार्य अन्तर्गत आयोजना स्थलको ७८५० घ.मी. माटो बिक्री गर्न बोलपत्र आह्वान गरिएकोमा सबभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता माता चिम्नी ईंटा भट्टा, भौखेलको प्रति घ.मी. रू.२६५।०० का दरले रू.२०,८०,२५०।०० (अक्षरेपी बीस लाख अस्सी हजार दुई सय पचास रूपैया) भएकोले निजलाई कार्य गराउने निर्णय गरियो । | | | | |
| २ | भ.न.पा. वडा नं ९ ब्रम्हायणीस्थित निर्माणाधिन बहुउद्देश्य भवनमा इलेक्ट्रिफिकेशन र प्लम्बिङ्ग कार्यको क्रमश: रू.८१,१८,३२६।०२ र रू. १५,४४,५७६।३८ पैसा बराबरको ल.ई. स्वीकृत भएबाट सो कार्य समयमै सम्पन्न गर्न आर्थिक नियमानुसार सामानसहित बोलपत्र आह्वान गर्ने निर्णय गरियो । | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** भक्तपुर नगरपालिकाको पश्चिम सिमाना हनुमन्ते पुल ( राधे राधेदेखि पूर्वतिर, सूर्यविनायक चौबाटोमा राजमार्ग तथा सर्भिस ट्रयाक सरसफाइ कार्यक्रम यही २०७५ मंसिर १५ गते बिहान ७:०० बजे आयोजना गर्ने र त्यसका लागि वडा नं. १, ३ र ४ का विद्यालय, कलेज, सहकारी संस्था, टिम, क्लव, सेना, प्रहरी तथा स्थानीय जनतालाई पत्राचार गर्ने निर्णय गरियो ।

**ख.** यस नगरपालिकाको लागि आवश्यक पदहरू सेवा करारमा लिन मिति २०७५।३।५ गतेको दैनिक 'मजदुर' मा प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका देहायका पदहरूको विभिन्न मितिमा लिइएको लिखित, प्रयोगात्मक र अन्तर वार्ता परीक्षामा देहायका व्यक्तिहरूको देहायअनुसार योग्यता क्रम कायम भएकोले योग्यताक्रमअनुसार सफल हुनु भएका देहायका सफल व्यक्तिहरूलाई सेवा करारमा लिन बोर्ड बैठकमा सिफारिस गर्ने भनी मिति २०७५।८।१२ गते बसेको पदपूर्ति समितिबाट सिफारिस भई आएको हुँदा सो अनुसार ३५ दिनभित्र नियुक्ति लिन सार्वजनिक सूचना प्रकाशित गर्ने र उक्त म्यादभित्र सम्झौता गर्न नआएमा योग्यताक्रमअनुसार सूचिकृत गरिएका उम्मेदवारहरूलाई क्रमशः सेवा करारमा सम्झौता गर्ने निर्णय गरियो । साथै योग्यताक्रमअनुसार सूचिकृत गरिएका उम्मेदवारहरूको नामावली अभिलेख राखी सूचना पाटीमा टांस गर्ने निर्णय गरियो ।

## तपसिल

**पद : आर्किटेक्ट**

आवश्यक सङ्ख्या – १

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 03 'A' | राजु दुवाल | भ.न.पा. १० |

**पद : सव ओभरसियर**

आवश्यक सङ्ख्या –१०

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 034 'S' | रुकेश त्वानाबासु | भ.न.पा. ५ |
| २ | 01 'S' | रन्जन कवां | भ.न.पा. ७ |
| ३ | 057 'S' | श्रीलक्ष्मी ह्योंगो | भ.न.पा. ९ |
| ४ | 021 'S' | सुशान्त सुवाल | भ.न.पा. २ |
| ५ | 015 'S' | आशिष ध्वजु | भ.न.पा. १ |
| ६ | 04 'S' | रविन जरेजु | भ.न.पा. १० |
| ७ | 022 'S' | आरजु सुवाल | भ.न.पा. ६ |
| ८ | 016 'S' | कृति सुजखु | भ.न.पा. ४ |
| ९ | 053 'S' | अनिता गाँइजु | भ.न.पा. ८ |
| १० | 06 'S' | अबिन भासिमा | मध्यपुर थिमी ९ |

**पद : कम्प्युटर अपरेटर**

आवश्यक सङ्ख्या – १०

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 059 'C' | रीता ग्वाछा | भ.न.पा. ३ |
| २ | 073 'C' | बासुकृष्ण गोसाई | भ.न.पा. ८ |
| ३ | 037 'C' | न्हु:ज किजु | भ.न.पा. ४ |
| ४ | 055 'C' | श्रीराम कासिछ्वा | भ.न.पा. ९ |
| ५ | 060 'C' | रामेश्वर मचामसी | भ.न.पा. ७ |
| ६ | 0115 'C' | मीरा बासुकला | भ..न.पा. २ |
| ७ | 0102 'C' | राजन वनमाला | भ.न.पा. १० |
| ८ | 06 'C' | रेणु ध्वजु | भ.न.पा. ३ |
| ९ | 081 'C' | सुलोचना सुवाल | भ.न.पा. ६ |
| १० | 013 'C' | देव त्वानाबासु | भ.न.पा. ५ |

**पद : ड्राइभर**

आवश्यक सङ्ख्या – १

| योग्यता क्रम | रोल नं. | सफल उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | २ | पुरुषोत्तम कवां | भ.न.पा.४ |

२. माथि उल्लेखित उम्मेदवारहरू बाहेक योग्यताक्रमको आधारमा देहायका पदहरूको उम्मेदवारहरूको योग्यताक्रम अनुसार नामावली सूचिकृत गर्ने निर्णय गरियो–

**योग्यताक्रमअनुसार सूचिकृत उम्मेदवारहरुको नामावली**

**पद : आर्किटेक्ट**

| योग्यता क्रम | सिम्बल नं. | सूचिकृत उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 02 'A' | कैलाश सुवाल | भ.न.पा. २ |
| २ | 04 'A' | रोशनी मैया कोण्डा | भ.न.पा. २ |
| ३ | 06 'A' | सुरेन्द्र साखकर्मी | भ.न.पा. ९ |

**पद : सव ओभरसियर**

| योग्यता क्रम | सिम्बल नं. | सूचिकृत उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 011 'S' | अञ्जना कर्माचार्य | भ.न.पा. ४ |
| २ | 05 'S' | निरोज कासुला | चांगुनारायण न.पा. ९ |
| ३ | 038 'S' | सुनयना आगन्जा | चांगुनारायण न.पा. ३ |
| ४ | 047 'S' | सुनिकेत ग्वाछा | भ.न.पा. ७ |
| ५ | 050 'S' | श्रीजना सुवाल | भ.न.पा. १२ |
| ६ | 010 'S' | दिपक दुवाल | भ.न.पा. २ |
| ७ | 031 'S' | अमन दुमरु | भ.न.पा. ६ |
| ८ | 018 'S' | विवेक कासुला | भ.न.पा. ५ |
| ९ | 09 'S' | अक्कलबहादुर घिसिङ्ग | काभ्रे, महाभारत ४ |
| १० | 035 'S' | रविन गोसाई | भ.न.पा. ७ |
| ११ | 036 'S' | रोहित कुमार | रौतहट, राजपुर, ५ |

पद : कम्प्युटर अपरेटर

| योग्यता क्रम | सिम्बल नं. | सूचिकृत उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | 061 'C' | देवेन्द्र दुवाल | भ.न.पा. ८ |
| २ | 034 'C' | रोजिना तमखु | भ.न.पा. ६ |
| ३ | 031 'C' | सोनी खाइतु | भ.न.पा. ८ |
| ४ | 092 'C' | उकेश तचामो | भ.न.पा. ७ |
| ५ | 02 'C' | सुनिता खाईजु | भ.न.पा. ७ |
| ६ | 098 'C' | मनोज फाँजु | भ.न.पा. २ |
| ७ | 057 'C' | प्रविन प्रजापति | भ.न.पा. १ |
| ८ | 089 'C' | जमुना कासिछ्वा | भ.न.पा. ९ |
| ९ | 063 'C' | सुरेन्द्र थ्याजु | चांगुनारायण न.पा. ९ |
| १० | 082 'C' | जेनी श्रेष्ठ | सूर्यविनायक न.पा. १ |
| ११ | 011 'C' | शर्मिला कवां | भ.न.पा. २ |
| १२ | 0111 'C' | सुष्मा तण्डुकार | का.म.न.पा. ३५ |
| १३ | 041 'C' | सानुमैया जाकिबन्जार | भ.न.पा. ४ |
| १४ | 078 'C' | राधा मिना बासी | भ.न.पा. ८ |
| १५ | 042 'C' | सुरज वनमाला | भ.न.पा. ७ |
| १६ | 047 'C' | सरिता मिजार | सू.न.पा. ५ |
| १७ | 0109 'C' | मन्दिरा दुलाल | चांगुनारायण न.पा. ९ |
| १८ | 043 'C' | सितालक्ष्मी प्रजापति | भ.न.पा. १० |
| १९ | 0114 'C' | सुजाता बासुकला | भ.न.पा. १० |
| २० | 049 'C' | रिता कर्माचार्य | भ.न.पा. ४ |
| २१ | 066 'C' | अमृत लाखेमरु | भ.न.पा. ८ |
| २२ | 099 'C' | सञ्जय मानन्धर | भ.न.पा. ७ |
| २३ | 070 'C' | कृतिका कोजु | भ.न.पा. २ |
| २४ | 056 'C' | राजेन्द्र कोजु | भ.न.पा. ९ |
| २५ | 090 'C' | अञ्जु बाग | भ.न.पा. ९ |
| २६ | 039 'C' | सोनम ठिमी | भ.न.पा. ३ |
| २७ | 09 'C' | किरण दुमरु | भ.न.पा. ७ |
| २८ | 040 'C' | करण मानन्धर | भ.न.पा. ३ |
| २९ | 046 'C' | रमिता बाटी | भ.न.पा. २ |
| ३० | 097 'C' | सम्झना तचामो | भ.न.पा. ७ |
| ३१ | 0113 'C' | रोहित छुंका | भ.न.पा. ४ |
| ३२ | 026 'C' | सरिना प्रजापति | भ.न.पा. ९ |
| ३३ | 017 'C' | सन्दिप सुवाल | भ.न.पा. ९ |
| ३४ | 079 'C' | अनुज लोहला | भ.न.पा. ३ |
| ३५ | 053 'C' | विनु नापित | भ.न.पा. २ |
| ३६ | 069 'C' | अभिषेक श्रेष्ठ | भ.न.पा. ४ |
| ३७ | 072 'C' | ममता गाईंसी | सूर्यविनायक न.पा. ७ |
| ३८ | 021 'C' | राजाराम प्रजापति | भ.न.पा. ४ |
| ३९ | 023 'C' | आशिष जधारी | भ.न.पा. ४ |
| ४० | 0107 'C' | सगुन गोसाई | भ.न.पा. ८ |

**ग.** यस नगरपालिकाको विभिन्न शाखा उपशाखाको लागि आवश्यक देहायका पदहरू **सेवा करारमा** लिन सूचना प्रकाशित गर्ने निर्णय गरियो–

१. सिभिल ईन्जिनियर (अधिकृतस्रत छैटौं) – २ जना
२. बाइण्डर (सहायकस्तर दोश्रो तह) – १ जना
३. सहायक प्रेस अपरेटर (सहायकस्तर दोश्रो तह) – १ जना
४. पर्यटन सहायक खरिदार सरह (सहायक स्तर चौथो तह) – ६ जना
५. कार्यालय सहयोगी (श्रेणी विहिन) – १० जना

**घ.** यस न.पा.को सरसफाइको लागि आवश्यक देहायका कर्मचारीहरू **सेवा करारमा** लिन नियमानुसार सूचना प्रकाशित गर्ने निर्णय गरियो–

१. सफाई मजदुर – ७ जना
२. हेल्पर – १९ जना

**ङ.** यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीज्यूको निवासमा मिति २०७५।८।४ गते दिन दाहाडै घर फोडी लाखौं मूल्य बराबरको नगद र गरगहना चोरी भएकोमा यस न.पा. बोर्ड बैठक उक्त अमानवीय एवं निकृष्ट **चोरी कार्यप्रति खेद प्रकट** गर्दै यसबाट उपप्रमुखज्यू र निजको परिवारमा पर्न गएको दुःखप्रति सहानभूति प्रकट गर्दछौं। यस चोरी कार्यले जनताको जीउज्यान तथा सामाजिक शान्ति सुरक्षामा खतरा पुगेकोमा सम्बन्धित सुरक्षा निकायको गम्भीर ध्यानाकर्षण गर्दै घटनामा संलग्न अपराधीहरूको पत्तालगाई कार्बाही गर्न अनुरोध गर्ने निर्णय गरियो।

**च.** भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७५ मा व्यवस्था नभएका तपसिलका करका शीर्षकहरूमा तत्काल कर लिन आवश्यक भएकोले पछि नगर सभाबाट अनुमोदन गर्ने गरी निम्नानुसारको **कर निर्धारण** गर्ने निर्णय गरियो।

क. पुरानो टायरलगायत रबरका कवाडी सामानको व्यवसायिक कारोबारमा प्रति के.जी. ०।५० (पचास पैसा)
ख. लेनदेनलगायतको तमसुक लिखत प्रमाणिकरणमा प्रति पटक रु.२००।–

**छ.** भक्तपुर नगरपालिका क्षेत्रका विभिन्न स्थानमा रहेका ४ वटा **आकाशे पुल**को आधा भागमा प्रति पुल वार्षिक रु.१,००,०००।– **विज्ञापन कर** बुझाउने गरी विज्ञापन सामग्री राख्न दिने सम्बन्धी मिति २०७५।६।२३ गते मिडिया गंगा प्रा.लि. भक्तपुरसँग प्रति वर्ष १० प्रतिशतका दरले कर वृद्धि हुने गरी ५ वर्षका लागि गरिएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

# धाँ बाजाबारे संक्षिप्त परिचय

*बिष्णुबहादुर मानन्धर*

प्राचीन समयदेखि नेपाली संस्कृतिमा धाँ बाजाको विशेष स्थान रहिआएको हामी पाउँछौं। यसको आकार प्रकारमा फरक भएता पनि उपयोगितामा भने कमी आएको देखिँदैन। नेपाली समाजमा धाँ बाजाको प्रचलन कहिले र कहाँबाट आएको भन्ने विषयमा भने ठोस लिखित प्रमाण नभएको तर नेवार समुदायमा मल्लकालमा धाँ बाजाको प्रचलन बढी भएको सुनिन्छ।

धाँ बाजा बजाउने प्रचलन आइसकेपछि नेवार समुदाय रहेका विभिन्न ठाउँमा यसको विस्तार हुँदै गएको, खास गरी नेवारी परम्परामा बढी देखिएको पाइन्छ। किनभने हरेक चाडपर्वमा नेवारहरू बढी संलग्न हुन्छन्। हुन त नेवार समुदायबाहेक अरु जातिमा पनि धाँ जस्तै अलिक फरक खालको बाजा बजाउने गरेको पाइन्छ।

धाँ बाजा नौ बाजाअन्तरगत पर्दछ जुन पस्तपछि बजाउने दोस्रो बाजा हो। धाँ बजाउने चलनअनुसार धाँ दुई किसिमको हुन्छ : धाँ र धाँचा। धाँ आकारमा ठूलो हुन्छ भने धाँचा धाँको झण्डै आधा आकारको मात्र हुन्छ। धाँ रुखको बीचभागको सिधा जाने भागबाट बनाइएको हुन्छ। त्यस भागलाई भित्र खोक्रो बनाई छालाले मोडी तान कसेर आवश्यक मसला हाली बनाइन्छ। धाँ दुईतिर बज्छ एकतिर लट्ठीले बजाउँछ। हातले बजाउने तिरलाई नास भनिन्छ भने लट्ठीले बजाउने तिरलाई हाय्मा अथवा मंका भनिन्छ। नेवारी भाषामा कुनै पनि सानो चीजलाई पछाडी चा आउने गरी उच्चारण गरिन्छ, जस्तै ठूलो लट्ठीलाई नेवारीमा कछी र सानोलाई कछीचा भने जस्तै ठूलोलाई धाँ र सानोलाई धाँचा भनिएको बुझिन्छ। आजकल धाँ काठबाहेक तामा र पितलबाट पनि बनाउने गरेको पाइन्छ।

नेपालको भू-भाग जहाँ नेवार समुदायको बसोबास छ त्यहा सृष्टिको सुरुदेखि नै धार्मिक अथवा मनोरञ्जनको रूपमा र समयको नापलाई विभिन्न ताल वाद्यवादनको सृष्टि गरेर नेवार समुदायले सफलता प्राप्त गर्दै आएको छ। भाषा र व्यवहारमा फरक भए तापनि आफ्नो मौलिकता झल्कने वाद्यहरूका साथ आफ्नो संस्कृतिको परिचय दिइरहेका छन्।

काठमाण्डौं उपत्यका नेवार समुदायको बसोबास भएको स्थल हो। नेवार समुदायमा आफ्नो जति पनि संस्कृति झल्कने वाद्यहरू छन्। ती वाद्यहरू बजाउने तरिका, बोल, ताल र लय फरक फरक भएको पाइन्छ। नेवार समुदायमा पनि स्थानीय भाषा, व्यवहार, रहनसहन र आफ्नो संस्कृतिअनुसार फरक भएको अनुमान गर्न सकिन्छ। नेवार समुदायमा धाँ बजाउँदा आ-आफ्नै किसिमको लय र बोल अनि तालहरू छन्। भक्तपुरमा आफ्नै किसिमको छ भने उपत्यकाका अन्य ठाउँमा पनि आफ्नै किसिमको भिन्नता भएको पाइन्छ। यी फरक हुनुको मुख्य कारण आ-आफ्नै भाषा, संस्कृतिले हुनगएको बुझ्न सकिन्छ। भक्तपुरबाहेक उपत्यकाका अन्य ठाउँमा कमैमात्र धाँ बाजा बजाउने गरेको पाइन्छ। भक्तपुरमा धाँ बाजामा बजाउने बोलको नाम यसप्रकार छन् : द्यो ल्हाय्गु, न्ह्या, चो, गुँ आदि। तर धाँचामा भने फरक छ। नेवार संस्कृतिमा धाँ बाजाको महत्त्व बढ्दै गएको छ। प्राचीन समयमा लडाइँको संकेत गर्ने वाद्यहरूमध्ये धाँ पनि ठूलो हुने भएकोले युद्धकालमा यसले आफ्नो पक्षतर्फ मनोबल बढाई शत्रु पक्षको मनमा त्रास र भय उत्पन्न गराई उसको मनोबल घटाई दिन्छ भन्ने भनाई छ। त्यस्तै आफूलाई डर लाग्ने कुनै चीज अथवा जंगली जनावरहरूलाई धपाउन पनि धाँको प्रयोग भएको बुझिन्छ। त्यसैले यसलाई **रणवाद्य** पनि भनिन्छ। धाँ बाजा धार्मिक तथा सामाजिक कार्यबाहेक राजनीतिक कार्यमा पनि प्रयोग भएको पाइन्छ।

नेवारी संस्कृतिमा जनजीवनको विभिन्न अवसरहरूमा धाँ बाजा प्रचलित बाजाहरूमध्ये एक हो, चाहे त्यो अवसर पूजा पाठ होस् चाहे चाडबाड, भोजभतेर, ब्रतबन्ध, भिम रथारोहण होस् वा कुनै जात्रा, गाईजात्रा, मनोरञ्जन, खुसीयाली, मेला, समारोह आदि क्षेत्र नै किन नहोस् विस्तारै प्रचलित हुँदै आएको छ। धाँ एकदमै ठूलो स्वरमा बज्ने र यसलाई संगत गर्न धेरै बाजाहरू नचाहिने र तुरुन्तै जतासुकै लान मिल्ने भएकोले पनि अहिले बढी प्रचलनमा आएको देखिन्छ। धाँ बजाउँदा धाँ, सिछ्या र भुछ्या भए पुग्छ। धाँ पोङगसँग पनि बजाउने चलन छ।

आजभोलि धाँ धार्मिक यात्रा अथवा समारोहमा मात्रै नभईकन हरेक देशी विदेशीहरूलाई स्वागत गर्नको लागि पनि बजाउने गरिन्छ। कुनै होटलमा समारोह छ भने त्यहाँ स्वागत गर्न उद्घाटनको बेला मंगलधुनको रूपमा प्रयोग भएको पाइन्छ। अहिले त सांस्कृतिक जुलुसहरूमा पनि बजाउने गरेको पाइन्छ। धाँ बाजा मनोरञ्जनात्मक र सुन्दा नाचौं नाचौं जस्तो लाग्ने भएर होला नेपालका अन्य जाति र विदेशीहरू पनि गाईजात्रा नाच्नुको साथसाथै धाँ बाजा सिक्न पनि थालेको पाइन्छ।

*उपप्राध्यापक, काठमाण्डौं विश्वविद्यालय*

# धाँ बाजा प्रतियोगिताका सहभागीहरु












# घाँ बाजा प्रतियोगिताका सहभागीहरु












# घाँ बाजा प्रतियोगिताका सहभागीहरु












# धाँ बाजा प्रतियोगिताका सहभागीहरू












# घँ बाजा प्रतियोगिताका सहभागीहरु












# घ्याँ बाजा प्रतियोगिताका सहभागीहरू












# घँ बाजा प्रतियोगिताका सहभागीहरु












# घाँ बाजा प्रतियोगिताका सहभागीहरु












# तस्बिरमा केही गतिविधि




प्रमुख सुनिल प्रजापति कानुनी साक्षरता कार्यक्रममा सम्बोधन गर्नुहुँदै (मंसिर २१ गते)



प्रमुख सुनिल प्रजापति भक्तपुर नगरपालिकामा कार्यरत इन्जिनियरहरुसँग छलफल कार्यक्रममा (मंसिर २१ गते)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, वडाध्यक्षद्वय रविन्द्र ज्याख्व, महेन्द्र खायमली र सेवा निवृत्त खानेपानी संस्थानका तिलक राजभण्डारी तुमुचो दुगुरेस्थित डिप बोरिङ्, बेची बोङ्,ख्वप बहुउद्देश्यीय भवनलगायतको निरीक्षण गर्नुहुँदै (मंसिर २४ गते)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, कार्यकारी अधिकृत रोहितराज पोखरेललगायत भक्तपुर दरबार क्षेत्रस्थित ५५ झ्याले दरबार र टौमढीस्थित भैरबनाथ मन्दिरको स्थलगत निरीक्षण गर्नुहुँदै (मंसिर २३ गते)




विश्व सर्वहारा वर्गका महान गुरु कार्ल मार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा भनपाद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा प्रमुख प्रजापति (पुस १० गते)




भनपाका प्रमुख सुनिल प्रजापतिलगायत हनुमानघाटस्थित पाटीको शिलान्यास कार्यक्रममा (मंसिर २४ गते)



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालको अध्यक्षतामा निजी आवास पुनर्निर्माणसम्बन्धी दुईदिने अभिमुखीकरण तथा समीक्षा गोष्ठीको समापन कार्यक्रम (मंसिर २६ गते)




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका डीन त्रिरत्न बजाचार्य भेट गर्नुहुँदै (मंसिर २५ गते)



भनपा उपप्रमुख रजनी जोशी भक्तपुर लायकुस्थित ५५ झ्याल दरबार सर्वसाधारणको लागि खुल्ला गर्न उद्घाटन गर्नुहुँदै (पुस २ गते)



महापरित्राण विहार, कुथुवहिको आयोजनामा 'पवित्र महापरित्राण ग्रन्थ यात्रा' को नगरपरिक्रमामा भनपाका प्रमुख सुनिल प्रजापति, विभिन्न वडाका वडाअध्यक्षहरूलगायत (पुस १४ गते)



भनपा प्रमुख सुनिल प्रजापतिसँग त्रिविका सहप्राध्यापक बालकृष्ण माबुहाङ र लेखक कमल मदन भेटघाट तथा छलफल गर्नुहुँदै (पुस ३ गते)




भनपा प्रमुख सुनिल प्रजापतिलगायत अतिथिहरू भनपा वडा नं. ३ को कार्यालय भवन शिलान्यास कार्यक्रममा (मंसिर २८ गते)



भनपा प्रमुख सुनिल प्रजापति भक्तपुर क्यान्सर अस्पतालको निरीक्षणमा (पुस १२ गते)




भनपा प्रमुख सुनिल पजापतिसँग लुम्बिनी बौद्ध विश्वविद्यालयका डीन डा. मनिकरत्न शाक्य, क्याम्पस पमुख फणीन्द्र कुमार न्यौपाने बीच भेटघाट (पुस १० गते)







भक्तपुर नपाको नियमित सफाइ कार्यक्रम जगातिदेखि कमलविनायकसम्म (दाँया, पुस १ गते) र हनुमानघाट परिसरमा (बायाँ, पुस १५ गते)

द्विशताब्दीऔं जन्म दिवस

# नेपालीमा अनुदित पहिलो

# कम्युनिस्ट घोषणापत्र

## घोषणापत्रको पृष्ठभूमि

कम्युनिस्ट घोषणापत्र मार्क्स र एंगेल्सले आफ्नो–आफ्नो जीवनको एकदम प्रारम्भिक अवस्थामा नै लेखेका हुन् ।

जुन विचारहरू उनीहरूले यस घोषणापत्रमा व्यक्त गरे तिनैलाई पछाडि गएर आफ्नो–आफ्नो ठूल– ठूलो ग्रन्थहरूमा ज्यादै विकसित गरेर ती विचारहरूको सत्यतालाई पुष्टि गर्नको निम्ति प्रमाणहरू दिई–दिईकन सावित गरे । यी विचारहरूले केवल मजदुर सङ्घर्षलाई मात्र बाटो देखाएको होइन, विश्वको बौद्धिक जीवनमा पनि बाटो देखाएको छ । यहाँ एउटा सवाल उठ्दछ । के यी विचारहरू मार्क्स र एंगेल्सले आफ्नै दिमागबाट खोदी निकालेका हुन् ? यसको उत्तर यो छ –

*'प्रत्येक नयाँ र क्रान्तिकारी विचारधाराको उत्पत्ति त्यस समयको समाजको आर्थिक परिस्थितिबाट हुन्छ । त्यसको आधार पहिलेका सबै विचारहरू र सिद्धान्तहरूको त्यस बखतसम्मको विकास हुन्छ ।'*

यो विचार मार्क्स र एंगेल्सकै शिक्षाहरूको एउटा अङ्ग हो । सन् १८८८ मा कम्युनिस्ट घोषणापत्रको प्रस्तावना लेख्दा एंगेल्सले त्यसैमा लेखेका छन् । यसकारण घोषणापत्र राम्ररी बुझ्नको निम्ति यसै नियमलाई हामीले पालन गर्नुपर्दछ । हामीले विचार गर्नु पर्दछ कि घोषणापत्र लेख्दा समाजको अवस्था र परिस्थितिहरू के थिए । अनि मात्र पाठकहरूले यस कम्युनिस्ट घोषणापत्रको ऐतिहासिक पृष्ठभूमि र त्यस समयको परिस्थितिसँग यसको सङ्घर्ष राम्ररी बुझ्नु हुनेछ ।

## योरोपको दुई प्रमुख घटनाहरू

योरोपमा अठारौं शताब्दीको उत्तरार्द्धमा दुईवटा अत्यन्त महत्त्वपूर्ण घटनाहरू घटेका थिए । पहिलो घटना बिलायतको **औद्योगिक क्रान्ति** र दोस्रो घटना **फ्रान्सको क्रान्ति** । यो कुरा ठीक हो कि यी घटनाहरू घट्दा मार्क्स र एंगेल्स यात जन्मेकै थिएनन्, या त दुधे बालक थिए होलान् । कार्ल मार्क्स १८१८ मई ५ तारिखमा र एंगेल्स १८२० नोभेम्बर २८ तारिखमा जन्मेका हुन् । तर यी दुवै घटनाहरूको महत्त्व सम्झनु बिलकुलै जरुरी छ । किनभने १८३० र ३१ का घटनाहरूले यी दुई व्यक्तिहरूमा कस्तो जबरजस्त प्रभाव पारेको रहेछ भन्ने कुरा, यी दुई घटनाहरूको महत्त्व नबुझिकन हामी थाहा पाउन सक्दैनौं ।

## (१) बिलायतको औद्योगिक क्रान्ति

बिलायतको औद्योगिक क्रान्तिको बीउ १७६० तिर नै छरिएको थियो । तर यो फल्न र फुल्नलाई धेरै समय लाग्यो । अठारौं शताब्दीको अन्तसम्ममा यो राम्ररी हुर्क्यो । १८३० मा पूरा भयो । त्यसैबेला अर्थात् अठारौं शताब्दीको उत्तरार्द्धमा बिलायतका पूँजीपतिहरूको उदय भयो । यही लामो परिवर्तन काललाई एंगेल्सले 'औद्योगिक क्रान्ति'को नाम दिए । आफ्नो ज्यालामा जीवन निर्वाह गर्ने श्रमजीवी वर्गको जन्म पनि त्यसैबेला बिलायतमा भयो ।

उद्योगधन्दाको वैयक्तिक स्वरूप पूँजीवादी उत्पादन पद्धतिको प्रतियोगिताले (हानथाप) गर्दा पहिले नै नष्ट भैसकेको थियो । मालको उत्पादन मिस्त्रीहरूको घर–घरमा हुन्थ्यो । मिस्त्रीहरूको रेखदेखमा उनीहरूका नोकर र नयाँ सिकारुहरू मालताल तयार गर्दथे । कच्चा मालको र उत्पादनका सबै साधनहरूको मालिक तथा अधिपति यिनै मिस्त्रीहरू हुन्थे ।

बिलायतमा त्यसबेला दस्तकारी (हातैले सामान बनाउने कालीगड) उत्पादन–प्रणाली प्रचलित थियो । यस प्रणालीका मुख्य विशेषता यिनै निम्न लिखित हुन्–

(क) उत्पादनका साधनहरू ज्यादै सरल हुन्थे । यी साधनहरू हातैले चलाइन्थे ।


(ख) उत्पादनका साधनहरूको मालिक पूँजीपति हुन्थे । पूँजीपतिले

आफूकहाँ डेढ दुईसय मजदुरहरूलाई नोकर राखेर ती साधनहरूद्वारा काम गराउँदथे।

(ग) कच्चा माल पूँजीपतिको भएको हुनाले, तयार भएका मालहरूमा मजदुरहरूको कुनै किसिमको पनि हक हुँदैनथ्यो। मजदुरहरू पूँजीपतिको नोकर सिवाय अरु केही पनि हुँदैनथे। मजदुरहरू केवल तोकिएको ज्याला मात्र पाउँदथे।

(घ) कारखानामा धेरै मजदुरहरू काम गर्दथे। यसैकारणले काम श्रम विभाजनको आधारमा हुन्थ्यो।

छोटकरीमा हामी यसो भन्न सक्दछौं। दस्तकारी प्रणालीमा लगभग सबै पूँजीवादी प्रणालीको विशेषता थियो। तर कति भने पूँजीवादी व्यवस्थामा कलपूर्जाहरू हुन्छन् तर दस्तकारी प्रणालीमा कलपूर्जाहरू थिएनन्। सबै हातैले चलाइने साधनहरू मात्र थिए। हालको मजदुर वर्गको जन्म पनि त्यसैबेला भएको हो। यसको साथ-साथै मजदुरमाथि हुने पूँजीवादी शोषण व्यवस्थाको पनि जन्म भयो। दस्तकारी प्रणालीको शोषण हालको भन्दा पनि ज्यादै नराम्रो थियो।


Manifest der Kommunistischen Partei.

Veröffentlicht im Februar 1848.

Proletarier aller Länder vereinigt Euch!

London.
Gedruckt in der Office der „Bildungs-Gesellschaft für Arbeiter" von J. E. Burghard.
46, Liverpool Street, Bishopsgate.

जर्मन भाषामा प्रकाशित पहिलो कम्युनिस्ट घोषणापत्र

सन् १७०० देखि उत्पादनका साधनहरूको अलि-अलि उन्नति हुन थाल्यो। उत्पादनको पुराना साधनहरूको सट्टामा कलपूर्जाहरू आउन थाले। कपडाको उद्योगबाट कलपूर्जाहरूको आविष्कार भयो। त्यसबेला कपडाको उद्योग नै सबभन्दा प्रमुख थियो। नयाँ-नयाँ कलपूर्जाहरूको आविष्कारले सूत कात्ने र कपडा बुन्ने साधनहरूमा क्रान्तिकारी परिवर्तन गरिदियो। यी आविष्कारहरूको वर्णन यहाँ गरिरहनु उत्तिको आवश्यक छैन। सन् १७८० मा सूत कात्ने स्पिनिङ जेनी र यान्त्रिक चर्खाहरू आविष्कार गरे। १७८५ मा बौंटले भापको इन्जिन (स्टीम इन्जिन) को आविष्कार गरे। त्यसपछि भापका इन्जिनलाई अरु उद्योगधन्दातिर पनि लगाउने कोसिस भयो। तर तत्कालै यसमा सफलता प्राप्त भएन। विस्तारै-विस्तारै उद्योगधन्दामा कलपूर्जाहरू (मेशिनहरू) को उन्नति हुँदै गयो। पछि तमाम उत्पादन-व्यवस्थामा नै परिवर्तन भयो। यसै निम्ति १७६० देखि १८३० सम्म यस बीचको समयलाई औद्योगिक क्रान्तिकाल भनिन्छ।

यो सत्तरी वर्षको भित्रमा कारखानामा नयाँ-नयाँ यन्त्रहरूका साथ-साथै उत्पादनका साधनहरूको पनि केन्द्रीयकरण हुँदै गयो। सान-सानो कारखानाहरूको उद्योगधन्दा नासिँदै गए। कटाई र बुनाईका सानातिना पसलहरू एक-एक गरेर लोप भए। सान-साना दस्तकारहरू तवाह (समाप्त) भए। ज्यालामा निर्भर मजदुरहरूको सङ्ख्या बढ्न थाल्यो। यसरी १६ औं र १७ औं शताब्दीका पुराना मजदुर वर्ग लोप भयो। १८ औं शताब्दीको अन्तदेखि १९ औं शताब्दीको शुरुसम्ममा विस्तृत मजदुर वर्गको जन्म भयो। औद्योगिक क्रान्तिले यस मजदुर वर्गलाई एकीकरण र केन्द्रीयकरण गर्‍यो। अर्थात् मजदुरहरूलाई ठूल-ठूलो फ्याक्टरीहरूमा काम गर्नुपर्ने हुनाले फ्याक्टरीहरूमै धेरैको एक झुण्ड भै एकै साथ बस्नुपर्‍यो। सानातिना उद्योगधन्दाहरू धमाधम लोप हुन लागेका थिए। दस्तकारहरूको स्वतन्त्र पेशा खतम भैसकेको थियो। दस्तकारहरू पूँजीपतिहरूको 'जी-हजुरी' गर्न लागेका थिए। आफ्नो सुविस्ता र नाफा आउने बाटो देख्नेबित्तिकै यी पूँजीपतिहरूले आफ्नो कारखानाबाट हजारौंको सङ्ख्यामा मजदुरहरूलाई निकाली दिन्थे। विचराहरूलाई भोकै मर्न करै लाग्दथ्यो। यस अन्यायको विरुद्ध लड्नलाई मजदुर वर्ग कम्मर कसीरहेको थियो। आखिरमा विद्रोह पनि गर्‍यो। त्यसबेला मजदुरहरूको रीस नै नयाँ मेशिनहरूदेखि थियो। किनकि उनीहरूको निम्ति मेशिनहरू नै नयाँ उत्पादन व्यवस्थाको प्रतीक थिए। यसकारण १९ औं शताब्दीको सुरुमा मजदुरहरूले जे जति विद्रोह गरे ती सबमा उनीहरूले आफ्नो रीस मेशिनहरूमाथि पोखे। रीसले चूर भएर मेशिनहरू बिगार्दथे। कारखानामा आगो लगाईदिन्थे। यस किसिमको धेरै विद्रोह १८१५ मा बिलायतमा भयो। यही बेलातिर अर्थात् १८१३ मा यान्त्रिक प्रयोग शुरु भयो। विस्तारै-विस्तारै यस तोडफोड आन्दोलन बढ्दै गयो। पछि यसैले संगठित रूप धारण गर्‍यो। इतिहासमा यो आन्दोलन लुड्डाइट आन्दोलनको नामले प्रसिद्ध छ। यस आन्दोलनलाई राजसत्ताधारीहरूले अत्यन्त निर्ममता र निरङ्कुशताले दबाए। मेशिन बिगार्नेहरूलाई ज्यान सजायँ दिए। अरु पनि कयौंलाई फाँसीमा लट्काए।

मजदुर आन्दोलनको यो पहिलो पाइलो थियो। यसपछि मजदुरहरूमा वर्ग चेतना बढ्यो। उनीहरूको आन्दोलनको रूप पनि बद्लियो। उनीहरूको दुःख, कष्ट र गरिबीको कारण कलपुर्जाहरू होइनन्, मेशिनहरूको निजी स्वामित्व अर्थात् पूँजीवादी व्यवस्था हो भन्ने कुरा मजदुरहरूले सम्भन थाले। मजदुर आन्दोलनले यो नयाँ रूप लिएको, हामी बिलायतको चार्टिस्ट आन्दोलनबाट थाहा पाउन सक्दछौं। तर चार्टिस्ट आन्दोलनको बारेमा केही भन्नुभन्दा पहिले फ्रांसीसी क्रान्तिको बारेमा दुई-चार शब्दहरू भन्नु आवश्यक छ।

## (२) फ्रांसीसी क्रान्ति

फ्रांसीसी क्रान्ति १७८९ मा शुरु भएको थियो। १७९३ मा यसले एकदम उग्ररूप धारण गऱ्यो। क्रान्ति एकदम चरम सीमामा पुग्यो। तर १७९४ देखि नै यसको शक्ति क्षीण हुँदै गयो। १७९९ मा नेपोलियनले फ्रान्समा आफ्नो फौजी तानाशाही कायम गरे। क्रान्तिको शक्तिलाई नष्ट गरी दिए। अठारौं शताब्दीसम्म फ्रान्समा एकदम निरङ्कुश राजतन्त्र थियो। यो शासन व्यवस्था हिन्दुस्तानको मुगल बादशाहको (र नेपालको राणाशाहीको-अनु.पुष्प) शासन व्यवस्थाजस्तो थियो। फ्रान्सको राजतन्त्र वास्तवमा धनीमानी (ठूलाठाला) र पादरीहरूको हातमा थियो। यी वर्गहरूले आफ्ना केही अधिकारहरू पूँजीपति-वर्गलाई दिएका थिए। तर किसान, दस्तकार र सानातिना पसलेहरूलाई कुनै पनि सामाजिक अधिकार थिएन। यसकारण उनीहरूले एउटा क्रान्तिकारी आन्दोलन शुरु गरे। यस आन्दोलनले जनतालाई केही अधिकार दिन राजालाई करै लाग्यो ! (जोड- अनु. पुष्पको) फ्रान्समा जनताको धारा सभाको जग बस्यो। शहरमा गरिब, सम्पत्ति नभएका र धनी, अधिकारी-वर्गको बीचमा जुन सङ्घर्ष भएको थियो, त्यसमा क्रान्तिकारी मध्य-वर्ग र पेरिसका मजदुरहरूको विजय भयो। राज-सत्ता उनीहरूको हातमा आयो। वास्तवमा सत्ता 'जेकोबिन्स' को हातमा थियो। रोबेस्पीयर (Robespierre), मरात (Marat) र दान्तन (Danton) त्यसका नेता थिए। दुई वर्षसम्म पेरिसमा क्रान्तिकारी जनताले राज गरे। क्रान्तिकारी पेरिस क्रान्तिको अगुवा बन्यो। जेकोबिन मध्य-वर्गको पार्टी थियो। रोबेस्पीयर, मरात र दान्तन त्यस पार्टीका नेता थिए। उनीहरूले सामन्तवादी सत्तालाई खतम गर्ने संकल्प गरे। उनीहरू निजी सम्पत्तिको अधिकारहरूलाई पूर्ण रूपले विकसित गर्न दिने एउटा राजनीतिक व्यवस्था खडा गर्न चाहन्थे। यसकारण उनीहरूलाई सामन्तवादी सत्ताहरूको विरुद्ध धनीमानीहरूको (राणा जस्ता-अनु.पुष्प) विरुद्ध र फ्रान्समा बराबर आक्रमण गरी रहने पूर्वी योरोपका देशहरूको विरुद्ध लड्नु पऱ्यो। रोबेस्पीयर, मरात र दान्तनहरूले यस लडाइँमा आ-आफ्नो अपूर्व कौशलको परिचय दिए। योरोपको सानातिना रियासतहरूको विरुद्ध एउटा क्रान्तिकारी आन्दोलन शुरु गरे। धनीमानीहरूको विरुद्ध तमाम जनतालाई उठाउनको निम्ति उनीहरूले यो नारा लगाए-आफ्नो झुपडीको रक्षाको निम्ति महलहरू नष्ट गर। झण्डामा चाँही उनीहरूले **'स्वतन्त्रता, समानता र भ्रातृत्व'** का नाराहरू लेखेका थिए।

फ्रांसीसी क्रान्तिको विजय पहिले राइन प्रान्तमा भयो। जेकोबिन्सको सङ्घ पनि सर्वप्रथम त्यही प्रान्तमा स्थापित भएको हो।

१९ औं शताब्दीको शुरुमा यस प्रान्तमा फ्रांसीसी क्रान्तिको ठूलो असर परेको थियो। फ्रांसीसी क्रान्तिको प्रभाव परम्परागत राइन प्रान्तका नवयुवकहरूमा पर्नु स्वाभाविकै हो।

फ्रांसीसी-क्रान्तिको प्रभाव योरोपमा फैलियो। बिलायतको मजदुर आन्दोलन पनि यसबाट अलग रहन सकेन। मजदुर आन्दोलनको पहिलो रूप लुड्डाइट तरिकाको सट्टामा एकदम संगठित र क्रान्तिकारी आन्दोलन देखापऱ्यो। यस आन्दोलनको मुख्य मागहरू यिनै हुन् : (१) सभा गर्ने, (२) संगठन गर्ने, (३) प्रेस (छाप्ने स्वतन्त्रता) दिइयोस्। १८१७ मा यस आन्दोलनले क्रान्तिकारी रूप धारण गऱ्यो। यसको नतिजा १८१९ मा मैनचेस्टर हत्याकाण्ड भयो। यस हत्याकाण्डमा मजदुरको जुलुसमाथि गोली चल्यो। मजदुरहरूलाई दबाउनको निम्ति ६ वटा नयाँ कानुनहरू बने। यस घटनाले गर्दा क्रान्तिकारी आन्दोलन झन् बलियो र तीव्र हुँदै गयो। आखिरमा १८२५ मा, बिलायतको पार्लियामेण्ट (संसद) ले मजदुरहरूको संगठन सम्बन्धी हकहरू स्वीकार गर्नु नै पऱ्यो। यस नयाँ कानुनद्वारा मजदुरहरूलाई संगठित हुने अधिकार मिल्यो। बिलायतका मजदुरहरूको यो एउटा ठूलो विजय थियो। १८१५-२५ यिनै वर्षको बीचमा बिलायतमा ट्रेड युनियन (मजदुर-सभा) आन्दोलनको जग बस्यो। मताधिकार आन्दोलन चलाउनको निम्ति मजदुरहरूको संगठन पनि यही समयमा कायम भयो।

## १८३० को जुलाई क्रान्ति

१८१५ मा नेपोलियन हारे। बर्बोन वंशका सत्रौं लुई फ्रान्सका बादशाह भए। प्राचीन सामन्तवादी व्यवस्थालाई फेरि कायम गर्नको निम्ति १५ वर्षसम्म अरु कोसिस भयो। यस समयमा जमिनदारहरूलाई विशेष सुविधा दिइएको थियो।

किसानहरूबाट खेतहरू फिर्ता लिनु त असम्भव थियो। यसै निम्ति जमिनदारहरूलाई १ करोड फ्रान्क (फ्रान्सको रूपैयाँ-अनु. पुष्प) हर्जाना दिइयो। गत क्रान्तिको फलस्वरूप पूँजीपति वर्गले जुन अधिकारहरू पाएका थिए, सो सबै खतम गरी दिए। यी सबै कुराहरूले गर्दा फ्रान्सको धारा-सभा दुई दलमा बाँडियो। टोडी दल पुराना जमिनदारहरूको प्रतिनिधित्व गर्दथ्यो। उदार दल चाहीं नयाँ प्रगतिशील पूँजीपति-वर्गलाई प्रतिनिधित्व गर्दथ्यो। यी दुवै दलको बीचमा घनघोर विरोध थियो। यही विरोधको फलस्वरूप १८३० जुलाई-क्रान्ति भयो। यस क्रान्तिमा पूँजीपति वर्गको पूर्ण विजय भयो। पूँजीवादी व्यापार र उद्योगधन्दालाई विकासको निम्ति पूर्ण सुविधा दिने नयाँ बादशाहको राज्याभिषेक भयो। फ्रान्समा वैधानिक राजतन्त्र स्थापना भयो।

## चार्टीस्ट आन्दोलन

फ्रान्सको जुलाई क्रान्तिको असर बिलायतमा पऱ्यो। बिलायतको मताधिकार आन्दोलनको जोड बढ्दै गयो। लवेट र अरुहरूले मजदुर वर्गको मागहरू पेस गरे। मजदुरहरूको स्वतन्त्र पार्टी कायम गर्ने चेष्टा गरे। त्यस जमानामा बिलायतमा खालि पूँजीपतिहरूको मात्र पार्टी थियो। मजदुरहरूको एउटा पनि स्वतन्त्र पार्टी थिएन। यस नयाँ मजदुर पार्टीले पनि पूँजीवादी समाज व्यवस्थाको विरुद्ध आफ्नो आर्थिक उद्देश्यहरू छर्लङ्ग राखेन। लवेट र उनका साथीहरूले मजदुरहरूको तमाम मागहरू एक चार्टर (मागपत्र) मा लेखे। यस कारण यस आन्दोलनलाई चार्टीस्ट आन्दोलन भनेको हो। यस आन्दोलनको मागहरू निम्न लिखित हुन्-

क) प्रत्येक वालिग (एकाइस वर्ष उँभोका) मानिसलाई भोट (मत) दिने अधिकार हुनुपर्दछ।
ख) गुप्त-भोटको व्यवस्था होस्।
ग) पार्लियामेन्ट (धारा-सभा) को वर्षेनि चुनाव होस्।
घ) पार्लियामेन्टको सदस्यहरूलाई तलब दिइयोस्।
ङ) पार्लियामेन्टको सदस्य हुनको निम्ति कुनै किसिमको सम्पत्ति हुनुपर्छ भन्ने नहोस्। अर्थात् रोजिएमा जो पनि पार्लियामेन्टको सदस्य हुन पाउन्।
च) चुनाव-क्षेत्रको विभाजन बराबर होस्। सबै ठाउँमा एक प्रकारले चुनाव होस्।

यो आन्दोलन १८३७ मा सुरु भएको थियो।

## मजदुर क्रान्तिकारी आन्दोलनको सुरु

फ्रान्सको जुलाई क्रान्तिले गर्दा पूँजीपति वर्गले धन कुम्ल्याउने बाटो पूरा तवरले पायो। पूँजीपतिको बाटोको काँडा साफ भयो।

यो पूँजीपति वर्गले मजदुर वर्गमाथि तुरुन्त हमला गऱ्यो। १८३४ मा रेशमको उद्योगको केन्द्र ल्योन्समा मजदुरहरूले विद्रोह गरे। धेरै दिनसम्म मजदुरहरूले ल्योन्स शहरलाई आफ्नो कब्जामा राखे। विद्रोहमा मजदुरहरूले कुनै पनि राजनीतिक मागहरू राखेका थिएनन्। विद्रोहको झण्डामा यो लेखिएको थियो :

*'काम गर्दागर्दै जीवित रहूँ : लड्दा-लड्दै मरी जाऊँ'*

आखिरमा विद्रोह असफल भयो। तर १८३४ मा फेरि अर्को विद्रोह भयो। यो पनि पहिलेको जस्तै थियो। ल्योन्सका मजदुरहरूको लडाइँ सबै पूँजीवादी व्यवस्थाको विरुद्ध थिएन। उनीहरूको यो लडाइँ वैयक्तिक पूँजीपतिहरू र उनीहरूको निरङ्कुश शोषणको विरुद्ध मात्र थियो।

संक्षेपमा हामी यो भन्न सक्दछौं कि १८३०-४० सम्मको बीचमा बिलायत र फ्रान्समा एउटा नयाँ क्रान्तिकारी मजदुर वर्ग उत्पन्न भयो। यस मजदुर वर्गको संगठनले बिलायतमा क्रान्तिकारी रूप धारण गऱ्यो। फ्रान्समा पनि ल्योन्सको विद्रोह पछि मजदुर वर्गले क्रान्तिकारी संगठन शुरु गरे। यस आन्दोलनको नेता आगस्ट ब्लाँकि (August Blanqui) थिए। ब्लाँकि (१८०५-८१) ले जुलाई क्रान्तिमा पनि भाग लिएका थिए। ल्योन्सको विद्रोहले प्रेरित भएर उनले पेरिसमा मजदुरहरूको क्रान्तिकारी सङ्घको फेरि संगठन गरे। १८३९ मा ब्लाँकि र उसका साथीहरूले पेरिसमा एउटा विद्रोह मच्चाए। यस विद्रोहको उद्देश्य सरकार दखल गरी मजदुर वर्गको भलाईको निम्ति ऐन-कानुन बनाउने थियो। यो विद्रोह सफल भएन। यस क्रान्तिमा भाग लिनेहरूमध्ये धेरै क्रान्तिकारीहरूले पेरिस छोडी भाग्नुपऱ्यो। पेरिसबाट उनीहरू लण्डनमा गए। त्यहाँ १८४० तिर उनीहरूले एउटा मजदुर शिक्षण-संस्था खडा गरे।

मार्क्स र एंगेल्सको जन्म जर्मनीको राइन प्रान्तमा भएको थियो। उनीहरूको बाल्यावस्था र युवावस्था दुवै यसै प्रान्तमा बितेका थिए। जर्मनीको यो प्रान्त फ्रान्सको साँधबाट बिलकुल नजिक पर्दथ्यो। फ्रांसीसी क्रान्तिको प्रभाव यहाँ खुबै परेको थियो भनी माथि पनि भनी सकेको छु, यस प्रान्तमा क्रान्तिकारी आन्दोलनले जोड पकडेको अर्को पनि एउटा कारण छ। १८१५ मा नेपोलियन हारे पछि, यो प्रान्त प्रशिया (जर्मनी) को कब्जामा पर्न गयो। त्यसबेलासम्म जर्मनी एउटा सुसंगठित राष्ट्र बनिसकेको थिएन। त्यो धेरै नै सान-साना राज्यमा बाँडिएको थियो। तमाम राजनीतिक सत्ता यिनै राज्यशासकहरूको हातमा थियो। पूँजीपति वर्गको हातमा त्यस बेलासम्म राष्ट्रको शक्ति आएको थिएन। ती सबै सान-साना राज्यहरूमा बिलकुल निरङ्कुश राजतन्त्रको शासन

थियो । राइन प्रान्तका जनता फ्रांसीसी जनतन्त्रवादको वायुमण्डलमा घुमिसकेका थिए । यसै कारणले गर्दा ती निरङ्कुश राजतन्त्रहरूको शासन उनीहरूलाई सहिनसक्नु भयो । यही कारणले गर्दा जर्मनीको क्रान्तिकारी आन्दोलन यही प्रान्तमा श्रीगणेश भएको हो ।

१८४८ मा मार्क्स र एंगेल्स क्रमशः ३० र २८ वर्षका भए । फ्रान्सको क्रान्तिकारी साहित्यको प्रभाव उनीहरूमा खुब परेको थियो । यही प्रभावले गर्दा उनीहरू रेडीकल डेमोक्रेटस (उग्र जनतन्त्रवादी) बनेका थिए । एंगेल्स आफूलाई जेकार्जबन भन्दथे । १८४१ मा मार्क्सले येना विश्वविद्यालयबाट डाक्टरको (औषधिको होइन जुरिसप्रुडेन्स अर्थात् ऐन–कानुनको–अनु.पुष्प) उपाधी पाएका थिए । उग्रवादीहरूको निम्ति त्यसबेला विश्वविद्यालयमा शिक्षक (मास्टर) हुनु बिलकुलै सम्भव थिएन । यहीबेला मार्क्स **'रायनिन्शे जायटुंग'** (राइन समाचार) को सम्पादक भए । 'राइन समाचार' राइन प्रान्तका व्यापारी र उद्योगधन्दा गर्ने पूँजीपति वर्गको मुखपत्र थियो । पैसाको मद्दत उनीहरूले नै गर्दथे । त्यसबेला पूँजीपति वर्ग सामन्तवादी राजसत्ताको विरुद्ध लडिरहेको थियो । यसै निम्ति पूँजीपति वर्गले आफ्नो मुखपत्रमा तमाम उग्रवादी नवयुवक लेखकहरूलाई ल्याउने कोसिस गरेको थियो । यस पत्रले मार्क्स र एंगेल्सहरू जस्तै धेरै उग्रवादी नवयुवक र लेखकहरूको सहायता र सहयोग पाएको थियो । मार्क्स खास गरेर त्यस समयको प्रचलित सामाजिक र राजनीतिक परिस्थितिहरूमाथि कलम चलाउँदथे । तर एंगेल्स खास गरेर धार्मिक ढोङ्गहरूको पोल खोल्दथे । मार्क्सले आफ्ना लेखहरूद्वारा जनताको ध्यान मजदुर वर्गको दुःख र कष्टको अवस्थातिर आकर्षित गराउँदथे । जमिनदार र जागिरदार वर्गहरूले जुन अन्याय र अत्याचार किसान र कास्तकारहरू माथि गर्थे, त्यसका लेखरूपी तस्वीर मार्क्सले जनताको सामने राखिदिए । त्यसो भएको हुनाले राइन प्रान्तको गभर्नरको (बडाहाकिम–अनु.पुष्प) आँखा त्यस पत्रमाथि पर्न गयो । प्रशियाका नोकरशाहीहरूले (नेपालका भाइभारदार जस्ता– अनु. पुष्प) मार्क्सलाई 'राइन समाचार' बाट हटाउने माग गरे । मार्क्सले आफ्नो सम्पादकीय काम छोडिदिए । मार्क्सले छोड्दैमा यो पत्र सुरक्षित रूपले चल्न सकेन । आखिरमा नोकरशाहीहरूले बन्द गराई छोडे । त्यसबेलादेखि मार्क्सको विचारमा पनि परिवर्तन आयो । उनको ध्यान मजदुर वर्गको दुःख, तकलिफ र त्यसबेलाको समाजको आर्थिक व्यवस्थातिर गयो । मार्क्स पेरिस गए । त्यहाँबाट १८४४ मा **'जर्मन–फ्रेञ्च इयर बुक'** (जर्मन–फ्रेञ्च वार्षिक पुस्तक) नामको एउटा पत्र चलाए ।

त्यसबेला जर्मन समाज तीन वर्गमा बाँडिएको थियो ।

## जर्मनीको सामाजिक व्यवस्था

(१) अमीर–उमरा (राणाशाही जस्तो–अनु.पुष्प) (२) नोकरशाही (३) पूँजीपति । समाज व्यवस्था सामन्तवादी थियो । निरङ्कुश राजतन्त्रको अनियन्त्रित शासन थियो । नयाँ उद्योगधन्दाको विकासको निम्ति पूँजीपति वर्गलाई अमीर–उमरा र नोकरशाही दुवै वर्गसँग जबरजस्त मोर्चा लिनु पर्दथ्यो । यिनीहरूसँग टक्कर नलिईकन पूँजीवादी उद्योगधन्दाको विकास र उन्नति बिलकुलै असम्भव थियो । तर जर्मनका पूँजीपति वर्ग बिलायत र फ्रान्सका जस्ता थिएनन् । ऊ सामन्तवादसँग कम्मर कसेर लड्न तयार थिएन । फ्रान्स र बिलायतको क्रान्तिमा उसले यो देखेको थियो कि क्रान्तिकारी आन्दोलनले उसको दुश्मन मजदुर वर्गको शक्ति बढ्दैछ । यसैकारणले गर्दा उसको क्रान्तिकारी प्रवृत्ति ज्यादै कमजोर थियो । भरसक सामन्तशाहीसँग सम्झौता गरेर ऊ आफ्नो विकासको बाटो अलिकता मात्र भए पनि खोल्न चाहन्थ्यो । सामन्त र ऊ दुवै मिली आमजनतालाई शोषण गरिनै रहने भन्ने उसको विचार थियो । उता जर्मनीका राजशाही वर्ग पनि फ्रांसीसी र बिलायती क्रान्तिहरूबाट शिक्षा पाएको हुनाले ऊ पनि जर्मनीका पूँजीपति वर्गलाई थोर–बहुत सुविधाहरू दिएर क्रान्तिकारी आन्दोलनको बाटो बन्द गर्न चाहन्थ्यो (आज हाम्रो नेपालमा पनि क्रान्ति रोक्नलाई नेपाली कांग्रेसहरू र राणाशाही यही बाटो लाग्ने कोसिस गरी रहेका छन् – अनु.पुष्प)

अब मार्क्सको सामने एउटा प्रश्न आयो । यदि पूँजीपति वर्ग जनतालाई सामन्तशाहीको पञ्जाबाट मुक्त गराउन तयार छैन भने, सो काम फेरि कसले गर्ला ? १८४४ मा मार्क्सले यसको छर्लङ्ग उत्तर पाए ! केवल मजदुर वर्गले जनतालाई तमाम शोषण र अत्याचारबाट मुक्त गरी एउटा नयाँ समाजको जग बसाल्नेछ भन्ने कुरा उनले थाहा पाए जसै मार्क्स र एंगेल्सको गिद्दीमा यी कुराहरू सुझे र विचार गर्दा पनि त्यही मात्र एउटा बाटो छ भन्ने निर्णयमा पुग्नासाथ मजदुरहरूको संगठन गर्न शुरु गरे । त्यसबेला जो जति मजदुरहरू तयार थिए, सो सबै मजदुर संगठनमा दाखिल भए र मजदुरहरूको वास्तविक स्थिति बुझ्ने चेष्टा गर्न थाले ।

## मजदुर शिक्षण सङ्घको जन्म

पेरिसमा ब्लाँकिको क्रान्तिकारी मजदुर संगठनसँग मार्क्सको सम्पर्क भएको थियो । मार्क्सले क्रान्तिकारी आन्दोलनमा भाग लिन सुरु गरी दिए । १८४५ मा मार्क्सलाई उनको क्रान्तिकारी लेख र कारवाहीहरूले गर्दा पेरिसबाट देशनिकाला गरिदियो । पेरिसबाट उनी ब्रुसेल्स (बेल्जियमको

राजधानी अनु.पुष्प) मा गए। त्यहाँ मजदुर संगठन र प्रचार कार्य गर्न थाले। ब्रुसेल्स जर्मनी र फ्रान्स दुवै देशहरूको सीमानाको नजिकै पर्दथ्यो। यसकारण त्यहाँबाट गुप्त तरिकाले ती दुवै देशहरूमा साहित्यहरू पठाउन र बटाउन सजिलो पर्दथ्यो। त्यहाँ मार्क्स र एंगेल्सले एउटा 'मजदुर-शिक्षण-सङ्घ' कायम गरे। यस सङ्घद्वारा संगठन र प्रचारको कार्य अति तीव्र गतिले हुन थाल्यो। सङ्घको मार्फत् उनीहरूले अन्य देशको क्रान्तिकारी मजदुर संगठनसँग सम्पर्क स्थापित गर्ने कोसिस गरे। लण्डन, पेरिस, जर्मनी र स्विजरल्याण्डका मजदुर सङ्घहरूसँग सम्बन्ध पनि कायम गरे। यहीबेला मार्क्स र एंगेल्स दुवैले यो विचार गरे कि राष्ट्रिय संगठनले मात्र सच्चा स्वतन्त्रता हासिल गर्न सकिन्न। उनीहरूले यो पनि विचार गरे कि यदि मजदुर आन्दोलनको उद्देश्यहरूमा सफलता नै प्राप्त गर्नुछ भने विना अन्तर्राष्ट्रिय मजदुर संगठनले हुन सक्दैन। अन्तर्राष्ट्रिय मजदुर सङ्घ बनाउनु नै पर्दछ। यस विचारधारालाई कार्य रूपमा परिणत गर्नको निम्ति देश-देशावरमा कम्युनिस्ट संगठन कायम गर्नुपर्दथ्यो। त्यसो भएको हुनाले लण्डन, पेरिस र ब्रुसेल्समा कम्युनिस्ट परस्पर-सम्बन्ध-समिति स्थापित भयो।



कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स

सन् १८४८ को उत्तरार्द्धतिर ब्रुसेल्समा यस्तै किसिमको एउटा केन्द्रीय समिति स्थापित भयो। अरु समितिहरूले यस केन्द्रीय समितिमा आ-आफ्नो कामको रिपोर्टहरू पठाउँदथे। यी समितिहरूको धेरैजसो सदस्य मजदुरहरू थिए। एंगेल्सले यस्तै किसिमको समिति पेरिसमा खडा गरेका थिए। यसै समिति मार्फत् उनले पेरिसका जर्मन मजदुरहरूमा प्रचार र संगठन कार्य गरिरहेका थिए। लण्डनमा ब्लाँकिको सङ्घ थियो। ब्लांकि मार्क्स र एंगेल्सको विचारको समर्थक भैसकेका थिए। उनी ब्रुसेल्सको केन्द्रीय समितिसँग पनि सम्बन्ध जोड्न राजी भए।

यसपछि १८४७ को गर्मीको याममा योरोपभरिका तमाम कम्युनिस्टहरूको लण्डनमा एउटा सम्मेलन भयो। एंगेल्स खुद आफै यस सम्मेलनमा हाजिर थिए। तमाम शहरी समितिहरूलाई एकै सुत्रमा बाँधेर, एउटा **कम्युनिस्ट अन्तर्राष्ट्रिय सङ्घ**को स्थापना गर्ने भन्ने कुरा सम्मेलनमा निधो भयो। यस सङ्घको विधान पनि बनाइयो। क्रान्तिकारी कम्युनिस्टहरूको उद्देश्य छर्लङ्ग गरी सबभन्दा पहिले यसै सम्मेलनले संसारको सामने राख्यो। सङ्घको विधानमा यस्तो लेखिएको थियो –

*'पूँजीपति वर्गको शासन व्यवस्थालाई पल्टाख्वाएर मजदुरहरूको राज कायम गर्न वर्ग-सङ्घर्षमा आधारित भएको पुरानो पूँजीवादी व्यवस्थालाई खतम गर्नु र वर्ग सङ्घर्ष र निजी सम्पत्ति रहित एउटा नयाँ समाज व्यवस्था बनाउनु यस सङ्घको उद्देश्य हो।'*

यही सम्मेलनमा यो पनि निश्चय भयो, कि **'कम्युनिस्टहरूको सिद्धान्त'** को नामबाट सङ्घको कार्यक्रम र यसको पूरा उद्देश्य प्रकाशित गरियोस्। सङ्घको तर्फबाट एउटा पत्र पनि निकाल्ने निधो भयो। यस पत्रको नाम **'कम्युनिस्ट'** राखियो। 'कम्युनिस्ट' को पहिलो अङ्क कम्युनिस्ट घोषणापत्र प्रकाश हुनुभन्दा ६ महिना पहिले भएको थियो। **'दुनियाँको मजदुर एक होऊ !'** यो नारा सबभन्दा पहिले यसै पत्रको मुख-पृष्ठमा छापिएको थियो। 'कम्युनिस्ट' खालि एकै अङ्क मात्र प्रकाशित भयो।

सन् १८४७ को अन्ततिर कम्युनिस्ट सङ्घको अर्को एउटा सम्मेलन लण्डनमा भयो। एंगेल्सले लेखेको 'कम्युनिज्मको सिद्धान्तहरू' को खेसरा यसै सम्मेलनमा पेस गरियो। सम्मेलनले त्यस खेसराको मुख्य मुख्य कुराहरू मञ्जुर गऱ्यो। सम्मेलनले मार्क्सलाई तिनै कुराहरूको आधारमा **'कम्युनिस्ट घोषणापत्र'** लेख्ने काम सुम्पियो।

त्यो यही घोषणापत्र हो। यसको आखिरी खेसरा मार्क्सले तयार गरेका थिए। तर यसको धेरैजसो विचारहरू मार्क्स र एंगेल्स दुवै बसी, निश्चय गरेका हुन्। त्यसो भए तापनि एंगेल्सले आफ्नो प्रस्तावनामा लेखेका छन् कि घोषणापत्रको मुख्य-मुख्य विचारको कल्पना मार्क्सले नै गरेका हुन्।

मार्क्सले यो घोषणापत्र फरवरी १८४८ मा तयार गरेर केही महिना पछि ४८ मा नै प्रकाश गरी दुनियाँको सामने राखे।

# एंगेल्सको प्रस्तावना

**(३० जनवरी, १८८८)**

यो घोषणापत्र कम्युनिस्ट सङ्घको कार्यक्रमको रूपमा प्रकाशित भएको हो । कम्युनिस्ट सङ्घ मजदुरहरूको सङ्घ थियो । पहिले यो केवल जर्मन मजदुरहरूको सङ्घ थियो । पछि अन्तर्राष्ट्रिय भयो । सन् १८४८ भन्दा पहिले योरोपको जुन परिस्थितिमा यो खडा भएको थियो, त्यसबेला यसको निम्ति काम गर्ने बाटो केवल एउटामात्र थियो । त्यो हो, गुप्त संस्थाको रूपमा काम गर्ने । नवेम्बर १८४८ मा सङ्घको लण्डनमा भएको अधिवेशनले मार्क्स र एंगेल्सलाई पार्टीको पूर्ण सैद्धान्तिक र व्यवहारिक कार्यक्रमहरू तयार गरी प्रकाशित गर्ने कामको जिम्मा दिएको थियो । जर्मनी भाषामा लेखेर, २४ फरवरी, १८४८ को फ्रांसीसी क्रान्ति हुनुभन्दा केही हप्ता पहिले, जनवरी १८४८ मा नै यसलाई लण्डनको एउटा छापाखानामा पठाइएको थियो । जून १८४८ को विद्रोह हुनुभन्दा केही दिन अगाडि पेरिसमा यसको एक फ्रांसीसी संस्करण प्रकाशित भयो । अङ्ग्रेजीमा यसको पहिलो पटक अनुवाद १८५० मा लण्डनको जार्ज जुलियन हार्नेको **'लाल प्रजातन्त्र'** नामक पत्रमा प्रकाशित भएको थियो । अनुवाद कुमारी हेलेन मेकफार्लेनले गरेकी थिइन् । डेनिश र पोलिश भाषाहरूमा पनि यसको संस्करण प्रकाशित भैसकेको छ ।

जून १८४८ मा पेरिसको विद्रोहमा मजदुरहरूको हार भयो । पूँजीपति वर्गको बीच यो पहिलो लडाइँ थियो । यस हारले गर्दा योरोपको मजदुर वर्गलाई ठूलो धक्का लाग्यो । केही समयको निम्ति मजदुर वर्गको सामाजिक र राजनैतिक प्रगति रोकियो । यसपछि पहिलेको फरवरी क्रान्तिमा झैं धनी–वर्गको बीचमा नै आपसमा प्रभुत्वको निम्ति सङ्घर्ष भयो । मजदुर वर्ग मध्यवर्गका उग्रवादीहरूमा सबभन्दा वाम अङ्ग बन्यो र उसको लडाइँ खालि राजनीतिक अधिकारको लडाइँ भयो । जहाँतहाँ स्वतन्त्र मजदुर आन्दोलन भै रहेको थियो, त्यहाँ–त्यहाँ अत्यन्त निर्ममतापूर्वक दबाइए । प्रशियाको पुलिसले कम्युनिस्ट सङ्घको कोलनमा रहेको केन्द्रीय बोर्डको पत्ता लगायो । सदस्यहरूलाई गिरफ्तार गर्‍यो । अठाह महिना जेलमा बन्द गरी राखेपछि अक्टोबर १८५२ मा मुद्दा हेरियो । यो संसार प्रसिद्ध **'कोलन–कम्युनिस्ट–केस'** ४ अक्टोबर १८५२ देखि सुरु भएर १२ नवेम्बर १८५२ सम्म चल्यो । सात जनालाई ३ देखि ६ वर्षसम्मको सजायँ र एक जनालाई किल्लामा बन्द गरिदियो । त्यसपछि कम्युनिस्ट–सङ्घ खतम भयो ।

तर जसै मजदुर वर्ग शासक वर्गसँग टक्कर लिनमा शक्तिशाली भयो, त्यसै फेरि अन्तर्राष्ट्रिय मजदुर–सङ्घ कायम भयो । यो सङ्घ खडा गर्दा खेरिनै योरोप र अमेरिकाका तमाम लडाकू मजदुरहरूलाई यही सङ्घको मातहतमा संगठन गर्ने भन्ने उद्देश्य छर्लङ्ग झल्काएको थियो । यसकारण 'घोषणापत्र' को सिद्धान्तहरू तुरुन्त मानिलिनु यसको निम्ति अलि सम्भव थिएन । अन्तर्राष्ट्रिय सङ्घको निम्ति एउटा ज्यादै यस्तो विस्तृत कार्यक्रमको खाँचो थियो, जसलाई बिलायतको मजदुर सभाले फ्रान्स, बेल्जियम, ईटाली र स्पेनको प्रुन्धोका अनुयायीहरूले, जर्मनीमा लासालका साथीहरू सबैले स्वीकार गरोस् । सबै पार्टीहरूलाई मनपर्ने कार्यक्रमहरू बनाउँदा मार्क्सलाई मजदुर वर्गको बौद्धिक विकासको सम्बन्धमा पुरापुर विश्वास थियो । सम्मिलित कार्यहरू र परस्परमा छलफल गर्दा मजदुर वर्गको बौद्धिक विकास हुन्छ भन्ने पूँजीपति वर्गको विरुद्ध भएको लडाइँ सम्बन्धी कुराहरूले, नत उनीहरूको आफ्नै तीतो र अमिलो अनुभवले र नत जितभन्दा हारहरू नै बढ्ता भएकाले, आफ्नो सच्चा आजादीको बाटोबाट पछि हट्ने छन् । मार्क्सको विचार एकदम सही । १८७४ मा यो अन्तर्राष्ट्रिय सङ्घ खतम हुँदा, मजदुर वर्गको हालत अर्कै थियो । मजदुरहरू बिलकुलै अर्कै छाँटकाँटका भैरहेका थिए । फ्रान्सका प्रुन्धोवादीहरूको र जर्मनीमा लासाल–पन्थीहरूको मजदुरहरूमा प्रभाव खतम भैरहेको थियो । बिलायतका दक्षिणपन्थी (सुधारवादी–अनु.पुष्प.) मजदुर सभाहरूले धेरै दिन पहिलेदेखि अन्तर्राष्ट्रिय सङ्घसँग आफ्नो सम्बन्ध तोडेका थिए तापनि घोषणापत्रको सिद्धान्तलाई अपनाएर विस्तारै–विस्तारै अगाडि बढिरहेका थिए । यसकारणले गर्दा १८८७ मा उनीहरूका अध्यक्षले स्वान्सीयामा यो घोषणा गरे 'अब हामीहरू योरोपीय सोशलिज्मदेखि डराउँदैनौं ।' त्यस बेलासम्म घोषणापत्र योरोपका सबै देशहरूका मजदुरहरूको बीच पुगिसकेको थियो ।

यसरी घोषणापत्र फेरि अगाडि बढ्यो । १८५० को घोषणापत्रको जर्मनी संस्करणको स्विजरलाण्ड, बिलायत र अमेरिकामा धेरै नै आवृत्तिहरू निक्ले । १८७५ न्यूयोर्कमा त्यसको अङ्ग्रेजी भाषामा अनुवाद भयो । **उडहल एण्ड क्लैफिटन्स** नामक साप्ताहिक–पत्रमा प्रकाशित भयो । यस अङ्ग्रेजी अनुवादबाट फेरि फ्रांसीसी भाषामा अनुवाद भयो । यो अनुवाद न्यूयोर्कको **'ला सोशलिष्ट'** नामक पत्रमा प्रकाशित भयो । दुईमा एक त बिलायतमा पनि छापिएको थियो । ती सबमा भूलहरू धेरै छन् । रुसी भाषामा पहिलो अनुवाद जेनेवामा १८६३ मा हर्जेनको कोलोकोलको अड्डा (कार्यालय) बाट प्रकाशित भएको थियो । त्यो अनुवाद बाकुनिनले गरेका थिए । रुसी भाषामा अर्को अनुवाद फेरि जासूलिसले गरे । यो पनि जेनेवाबाट नै १८८२ मा प्रकाशित भएको थियो । डेनिश भाषामा एक नयाँ संस्करण कोपन हेगनको सोशल डेमोक्रेटिक्स बिबिलियो थेकमा १८५५ मा प्रकाशित भएको थियो । पेरिसको **'ला सोशलिस्ट'** मा फेरि एकपटक १८८६ मा फ्रांसीसी अनुवाद प्रकाशित भयो । १८८६ मा यसको स्पेनिश संस्करण तयार गरी त्यसै वर्ष मेड्रिडबाट प्रकाशित गरे । जर्मनी भाषामा त आजसम्म बाह्रौं संस्करणसम्म निक्लिसकेको छ । आर्मीनियम भाषामा कुस्तुनतुनिया (कन्सटायन्टिनपोल) बाट पनि यसको अनुवाद प्रकाशित हुनेछ भनी मलाई भनेको थियो । तर त्यो अनुवाद छापिन सकेन किनकी प्रकाशक मार्क्सको नामबाट कुनै किताब निकाल्न डराउँदथे । अनुवादकले पनि सो लेखलाई आफ्नै हो भन्न राजी भएनन् । अरु–अरु भाषाहरूमा पनि अनुवाद त भयो भन्ने सुन्दछु, तर खुद आफैले देखेको छैन । यसकारण घोषणापत्रको इतिहास धेरै अंशमा आधुनिक

मजदुर वर्गको आन्दोलनको इतिहास हो । घोषणापत्र सोशलिस्ट साहित्यमा सबभन्दा बढ्ता चल्ती भएको पुस्तक र अन्तर्राष्ट्रिय कृति हो । साइबेरियादेखि क्यालिफोर्नियासम्मका करोडौं मानिसहरूले घोषणापत्रको कार्यक्रमलाई एकैस्वरले मान्दछन् ।

तर हामी यस घोषणापत्रलाई सोशलिस्ट घोषणापत्र भन्न सक्दैनौं । १८४७ मा सोशलिस्ट भन्नाले विभिन्न कल्पनावादीहरूको पद्धतिको अनुयायीहरू बुझिन्थे । जस्तो बेलायतमा रवर्ट ओयनपंथी, फ्रान्समा फुरियेपंथी । यिनीहरू सान-सानो गुटको हैसियतमा पुगेका थिए, तर लोप हुँदै गइरहेका थिए । एकातिर यस्तो थियो, अर्कोतिर सोशलिस्ट तिनीहरू कहिन्थे जो पूँजीपतिहरूको शोषणलाई कुनै किसिमको धक्का नदिईकन सामाजिक खराबीहरू हटाउने डंका पिट्दथे । यी दुवै थरी मजदुर आन्दोलनबाट टाढा नै रहन्थे । मजदुर वर्गको जुन अङ्गले यो सम्झेको थियो कि केवल राजनीतिक क्रान्तिले मात्र केही पनि हुँदैन, सामाजिक क्रान्तिको पनि आवश्यक छ, त्यसलाई कम्युनिस्ट भनिन्थ्यो । यो एक अस्पष्ट/भद्दा र अधकल्चो किसिमको कम्युनिज्म थियो । तर त्यसो भए तापनि त्यसमा वास्तविक सत्य कुरा थियो । मजदुर वर्गमा उसको धेरै प्रभाव थियो । फ्रान्समा केवेटको कल्पनावादी-समाजवाद थियो । यसबाट हामी थाहा पाउँदछौं कि १८४७ मा सोशलिज्मको आन्दोलन नै मध्यवर्गको हितको निम्ति थियो । तर कम्युनिज्मको आन्दोलन मजदुर वर्गको थियो । सोशलिजमले योरोपका मध्यवर्गमा 'मान र प्रतिष्ठा' पाएको थियो । तर कम्युनिज्मले ठीक यसको उल्टा (अर्थात् मजदुर वर्गमा कम्युनिज्मको मान र प्रतिष्ठा थियो-अनु.पुष्प) किनकी हामीहरूले शुरुदेखि नै यो विचार गरेका थियौं-मजदुर वर्गको उद्धार मजदुर वर्गले मात्र गर्न सक्दछ । यसकारण हामीहरूले आफूहरूलाई के नाम राखौं भन्ने कुरामा अलिकता पनि सोच विचार गर्न परेन । हामीहरूले आफूहरूलाई पहिलेदेखि कम्युनिस्ट नै भनेर आएका छौं ।

हुनलाई त यो घोषणापत्र हामी दुवैको सम्मिलित कृति हो तापनि म यहाँ एक कुरा भन्नु आफ्नो कर्तव्य सम्झन्छु । घोषणापत्रको केन्द्रीय आधारभूत मुख्य सिद्धान्तको रचना मार्क्सले नै गरेका हुन् । त्यो सिद्धान्त यो हो – प्रत्येक ऐतिहासिक युगको राजनीतिक र बौद्धिक इतिहासको निर्माण (बनावट-अनु. पुष्प) त्यसबखतको उत्पादन र विनिमय व्यवस्था तथा त्यसमाथि अनिवार्य तवरले आश्रित सामाजिक संगठनको आधारमा हुन्छ । यसै आधारबाट मात्र हामीहरू त्यो ऐतिहासिक, राजनीतिक र बौद्धिक इतिहास बुझ्न सक्दछौं । यसकारण प्राथमिक कुनबेवाला समाज व्यवस्था, जसमा जमिनमा सबैको सार्वजनिक अधिकार हुन्थ्यो, खतम भएपछि मनुष्य जातिको सम्पूर्ण इतिहास नै वर्ग सङ्घर्षहरूको, शोषक र शोषितको बीचको लडाइँहरूको इतिहास हो । यी वर्ग सङ्घर्षहरूको विकासको बेग्ला बेग्लै अवस्थाहरू छन् । आज वर्ग सङ्घर्ष यो अवस्थामा पुगिसकेको छ कि शोषित र पीडित वर्ग सर्वहारा वर्गले सम्पूर्ण समाजलाई तमाम शोषण पीडन, वर्ग भेदहरू र वर्ग सङ्घर्षबाट सदाको निम्ति मुक्त नगरिकन खुद आफै कहिले पनि शोषक र शासक वर्गको पञ्जाबाट फुत्कन सक्दैन ।

मेरो विचारमा इतिहासको निम्ति यो सिद्धान्त उत्तिकै महत्त्वपूर्ण हुनेछ, जतिको डारविनको सिद्धान्त प्राणीशास्त्रको निम्ति महत्त्वपूर्ण छ । हामी दुवै १८४५ भन्दा केही वर्ष पहिले यस सिद्धान्तको करिब करिब नजिकै पुगिसकेका थियौं । म व्यक्तिगत तवरले यस सिद्धान्तमा कतिको अगाडि बढेको रहेछु भन्ने कुरा त **'बेलायतको मजदुर वर्गको दशा'** नामक मेरो पुस्तकबाट थाहा पाइन्छ । तर मैले १८४५ को बसन्त ऋतुमा मार्क्सलाई ब्रुसेल्समा फेरि भेट्दा, उनले त्यस विचारलाई पूर्ण रूपले पक्का पारिसकेका थिए । जसरी मैले त्यो सिद्धान्तलाई व्यक्त गरें, त्यस बेला उनले यस्तै छर्लङ्ग गरी त्यसलाई मेरो सामने राखिदिएका थिए ।

सन् १८७२ को जर्मन संस्करणको प्रस्तावना हामी दुवै मिली लेखेका थियौं । बितेका वर्षहरूमा परिस्थितिहरू चाहे जतिकै बदलिएको भए तापनि घोषणापत्रको तमाम सिद्धान्तहरू आज पनि त्यतिकै सही छन्, जतिको पहिले थिए । एकाध ठाउँका सानो-तिनो सुधार गऱ्यौं भने, सो गर्न सकिन्छ । खुद घोषणापत्रमा नै यस्तो लेखिएको छ- यसमा दिइएका सिद्धान्तहरूको व्यवहार जुनबेला र जुन ठाउँमा लागू गर्ने हो सो ठाउँको वास्तविक ऐतिहासिक परिस्थितिमा निर्भर गर्दछन् । यसकारण दोस्रो भागको अन्त्यमा दिइएको क्रान्तिकारी कार्यक्रमलाई लागू नै गर्नुपर्दछ भन्ने जोड दिइएको छैन । आज त्यो भाग लेखेको खण्डमा बिलकुलै अर्कै किसिमबाट लेखिने छ । १८४८ पछि आधुनिक उद्योगधन्दाहरूले जुन महान् उन्नति गरे, यस उन्नतिको साथ-साथै मजदुर वर्गको संगठनको जुन विस्तार र तर्जुमा भयो, फरवरीको क्रान्ति र त्यसपछि पेरिस कम्युनको समय, जबकि जिन्दगीमा पहिलो पटक मजदुरहरूले आफ्नो राज कायम गरेका थिए, त्यसबाट जुन व्यवहारिक अनुभवहरू पाइए, यी सबै कारणहरूले गर्दा यस कार्यक्रमका केही अंशहरू अलि पुराना भए । कम्युनको अनुभवले यो कुरा सावित गरेर देखाइदियो कि मजदुर वर्गले पूँजीवादी राजसत्ताले तमतयार गरेको मेशिनमा (शासन व्यवस्थारूपी मेशिन-अनु.पुष्प) कब्जा गरेर त्यसको उपयोग आफ्नो निम्ति गर्न सक्दैन । (यस विषयमा बढ्ता जानकारीको निम्ति फ्रान्समा गृहयुद्ध र मजदुर सङ्घको जनरल काउन्सिलको सामने भाषण हेर्नोस्) । अर्को यो पनि छर्लङ्ग छ कि यसमा दिइएका सोशलिस्ट साहित्यको आलोचना पनि अधुरो छ । किनभने त्यसमा १८४७ सम्म मात्रको साहित्यको आलोचना गरिएको छ । (चौथो भागमा भनिएको) अरु विरोधी राजनीतिक पार्टीहरूसँग कम्युनिस्टहरूको सम्बन्धको पनि उही अधुरो हाल । सैद्धान्तिकरूपले जे घोषणापत्रमा भनिएको छ, सो आज पनि सही नै छ । तर व्यवहारिक दृष्टिबाट सो अलि पुरानो भै सकेको छ । किनभने त्यसबेलादेखि आजसम्ममा राजनैतिक परिस्थिति बिलकुलै बदलिसकेको छ । इतिहासको प्रगतिले ती पार्टीहरूमध्ये अधिकांशलाई शक्तिहीन गराइदिएको छ ।

'जे भए तापनि घोषणापत्र एक ऐतिहासिक कृति बनिसकेको छ । अब यसमा हेरफेर गर्ने हाम्रो केही अधिकार छैन ।'

यो वर्तमान अनुवाद मिस्टर सेमुएल मुरले गरेका हुन् । उनैले मार्क्सको ग्रन्थ कैपिटल (पूँजी)को धेरै जसो भागहरूको पनि अनुवाद गरेका छन् । हामी दुवै एकसाथ बसी यसलाई दोहोऱ्यायौं । मैले यताउता केही ऐतिहासिक टिप्पणीहरू थपेको छु ।

*फ्रेडरिक एंगेल्स*
*लण्डन*

# sDolg:6 3f]f0ffkq

आज सारा योरोप एक प्रेतको छायाँले आतंकित छ। त्यो प्रेतको छायाँ हो–कम्युनिज्म। यस प्रेतलाई पछार्नको निम्ति पोप र जार, मेटर्निच र गिजो[1], फ्रांसीसी उग्रवादी दल[2], जर्मनीका गुप्ती पुलिस र बूढो योरोपका सबै सत्ताधारीहरू एक भएका छन्।

कुन यस्तो विरोधी पार्टी होला जसलाई सत्ताधारीहरूले कम्युनिस्ट भनेर बद्नाम नगरेको होला ? कुन यस्तो पार्टी होला जसले आफ्नो प्रतिद्वन्द्वीलाई, चाहे त्यो प्रगतिशील होस्, वा प्रतिक्रियावादी होस्, कम्युनिस्ट भन्ने अभियोग नलगाएको होला ?

यसबाट दुई कुरा सावित हुन्छः

१) कम्युनिज्म स्वयं नै एउटा शक्ति हो भन्ने योरोपका सबै सत्ताधारीहरूले अब स्वीकार गरिसकेका छन्।

२) पार्टीको तर्फबाट एउटा स्पष्ट घोषणापत्र प्रकाश गरेर, कम्युनिस्ट खुद आफैले सारा दुनियाँको सामने आफ्नो विचारहरू, उद्देश्यहरू र प्रवृत्तिहरूको खुलासा बयान गर्ने र कम्युनिज्मलाई 'हाउ' भनेर मानिसहरूलाई डराउने गराउनको निम्ति जुन कथा–कहानीहरू बनाइएका छन्, सो सबै खतम गरिदिने समय अब आइसकेको छ।

यो घोषणापत्र विभिन्न राष्ट्रहरूका कम्युनिस्ट लण्डनमा भेला भएर यसै अभिप्रायले तयार गरेको हो। यसलाई अङ्ग्रेजी, फ्रांसीसी, जर्मनी, ईटालियन, फ्लेमिश र डेनिश भाषाहरूमा प्रकाशित गरिनेछ।[3]

## १ पूँजीपति र मजदुर •

अहिलेसम्मको समाजको इतिहास◆ वर्ग–संघर्षको इतिहास भएको छ।

स्वतन्त्र मानिस र दास (रोमको) अभिजात[4] वर्ग र साधारण प्रजा (पेट्रीशियन र प्लेबियन), सामन्त र उसको कम्मी[5] (अर्धकमारा–अनु.पुष्प), शिल्प सङ्घको[6] मालिक र मजदुर र कारीगर–संक्षेपमा पीडकहरू र पीडितहरूको बीच, समाजमा पहिलेदेखि नै तीब्र सङ्घर्ष चल्दै आएको छ। यस सङ्घर्षको फलस्वरूप प्रत्येक पल्ट यात समाजको बनावटै बदलिएको छ या दुवै विरोधी वर्गहरू परस्परमा लडेर बरबाद भएका छन्।

इतिहासको शुरुको युगमा समाज खास गरेर सबै ठाउँमा भिन्न–भिन्न तहमा बाँडिएको थियो। त्यसमा सानो–ठूलो, धेरै भेदभाव र दर्जाहरू पाइन्छन्। प्राचीन रोममा पेट्रीशियन, सामन्त, प्लेबियन र कमारा पाइन्छन्। मध्य युगमा सामन्त, राजा, तिनका मुनिका सानातिना सरदार, शिल्प सङ्घको मालिक, मजदुर, कारीगर, काम सिक्ने उमिदवार र कमारा देखिन्छन्। फेरि यी वर्गहरूको बीचमा पनि कैयौं सानातिना जात र उप–जातहरू हुन्थे।

आधुनिक पूँजीवादी समाज सामन्तवादी समाज लोप भएपछि उत्पन्न भएको हो। यस पूँजीवादी समाजले समाजको वर्ग सङ्घर्षलाई खतम गरेन। केवल पुरानो वर्गको ठाउँमा नयाँ वर्ग, पीडा दिने पुरानो तरिकाको

---

•(पूँजीपतिको मतलब आधुनिक पूँजीपति वर्गसँग हो। पूँजीपति नै मौजुदा समाजमा उत्पादनका तमाम साधनहरूका मालिक हुन्छन्। यी साधनहरूद्वारा काम गराउनको निम्ति उनीहरू मजदुरहरूलाई नोकर राख्दछन्। तयार भएको मालहरूमा (बजारीमाल–अ. पुष्प) मजदुरहरूको केही पनि सरोकार हुँदैन। ती सबैमा पूँजीपतिहरूको अधिकार हुन्छ।

मजदुर भन्नाले आधुनिक मजदुर वर्गसँग मतलब राख्दछ। आधुनिक मजदुर वर्गसँग आफ्नो भन्नु उत्पादनको केही पनि साधनहरू हुँदैन। यसकारण मजदुर केवल आफ्नो मेहनत (श्रम–शक्ति) लाई बेचेर नै जीवित रहन सक्दछ। मजदुरको श्रम शक्ति नै उसको दिनहुँको आहारा पैदा गर्ने साधन हो।– अनुवादक)

◆(अर्थात् लेखिएका इतिहास। १८४७ सम्म समाजको इतिहासको पहिलो अवस्था अर्थात् लेखिएको इतिहासको पहिलेको सामाजिक व्यवस्था बिलकुल अज्ञात थियो। त्यसपछि हैक्सथासन (आगस्ट फोंन १७९२–१८६६) ले पत्ता लगाए कि प्राचीनकालमा रुसमा जमिनमा सार्वजनिक स्वामित्वको व्यवस्था थियो। जार्ज लुडविन फाँन माओरले देखाए कि त्यो सामाजिक व्यवस्था नै त्यो स्रोत हो जसबाट इतिहासको तमाम ट्यूटानी जातिहरू (अर्थात् जर्मन, स्कैण्डीनेवियन, डच इत्यादि) उत्पन्न भए। फेरि पछि विस्तारै–विस्तारै यो पनि थाहा पाइयो कि हिन्दूस्तानदेखि लिएर आयरलायण्डसम्म यस्तै ग्राम–पञ्चायतको चलन थिए वा छन्। ग्राम–पञ्चायत नै समाजको आदि रूप हो। यस आदिम कम्युनिस्ट समाजको आन्तरिक संगठनको अर्थात् जेन (कौम–अनु. पुष्प) को व्यवस्था र कबिला (Tribe–अनु. पुष्प) को साथ जेनको सम्बन्धको आफ्नो खोजीद्वारा हेनरी मार्मले (१८१८–८१) प्रकट गरे। यस आदिम समाजको अन्त हुनासाथै समाजमा भेद (वर्ग विभाजन – अनु. पुष्प) शुरु हुन्छ र आखिरमा समाज दुई विरोधी वर्गमा बाँडिन्छ। आदिम जातिको लोप भएको बारेमा पूरा कहानी मैले आफ्नो पुस्तक **'परिवारको उत्पति'** मा राम्ररी सम्झाउने चेष्टा गरेको छु –एंगेल्स)

सट्टामा नयाँ तरिका र वर्ग सङ्घर्षको नयाँ स्वरूप यसले खडा गऱ्यो ।

अरु युगको तुलनामा हाम्रो युगको–पूँजीवादी युगको यही विशेषता छ कि वर्ग विरोधलाई यसले सरल र सीधा बनाई दिएको छ । आजको समाज दुई ठूलठूलो समुदायमा बाँडिएको छ । एक पूँजीपति वर्ग, अर्को मजदुर वर्ग । यी दुई वर्ग परस्परमा विरोधी छन् । समाजको दुई भाग यिनै हुन् ।

मध्य युगको अर्ध कमाराहरूबाट योरोपको प्रारम्भिक शहरहरूको पट्टेदार (सनद लिए व्यापार गर्नेहरू– अनु.पुष्प) महाजनहरू पैदा भएका थिए । यिनै महाजनहरूबाट पछि गएर पूँजीपतिहरूको जन्म भयो ।

अमेरिकाको खोज र दक्षिणी अफ्रिकाको बाटो पत्ता लागेपछि, भर्खर उदय भएका पूँजीपति वर्गको सामने विकासको नयाँ क्षेत्र खुल्यो । पूर्वमा चीन र भारतको बजारहरूसँग सम्बन्ध स्थापित भयो । अमेरिकामा गएर मानिसहरू बस्न थाले । उपनिवेशहरूसँग व्यापार हुन थाल्यो । विनिमयको साधनमा र बजारमा खप्ने तमाम मालतालको उत्पादनमा उन्नति भयो । यी कुराहरूले गर्दा व्यापार, सामुद्रिक यातायात र उद्योगधन्दाको अभूतपूर्व उन्नति भयो । त्यसको फलस्वरूप मरणासन्न सामन्त समाजमा भएको क्रान्तिकारी शक्तिहरूले पनि मद्दत पाए र तेजीले अगाडि बढे ।

सामन्त समाजमा औद्योगिक उत्पादन शिल्प सङ्घहरूमा यिनै सङ्घहरूको एकाधिकार थियो । तर यस सामन्तवादी व्यवस्थाले अरु नयाँ–नयाँ बढ्न लागेको बजारहरूको माग पूर्ति गर्न सक्दैनथ्यो । यसैकारणले त्यो सामन्त समाज खतम भयो । शिल्प सङ्घका मालिकहरूलाई मध्यवर्गको कारखानेदारहरूले बजारबाट धक्का दिई निकाली दिए । श्रम–विभाजन पहिले विभिन्न पञ्चायती शिल्प सङ्घमा हुन्थ्यो;⭘ अब हरेक कारखानामा श्रम–विभाजनको आधारमा काम हुनथाल्यो । यसले अलग–अलग शिल्प सङ्घको महत्त्व नष्ट गरिदियो ।

यस बीचमा बजारको क्षेत्र बढ्दै गयो । मालतालको माग पनि बढ्दै गयो । यस बढ्दो मागहरूको पूर्ति गर्नु कारखानाहरूको उत्पादनले पनि भ्याउन सकेन । त्यसपछि भाप र मेशिनहरूको युग शुरु भयो । कारखानाको उत्पादनमा क्रान्ति (आमूल परिवर्तन– अनु. पुष्प) भयो । हातबाट चलाइने साधारण उद्योगको ठाउँ भापबाट चल्ने विशाल आधुनिक उद्योगधन्दाले लियो । मध्य वर्गको कारखानेदारहरूको ठाउँ आजको औद्योगिक करोडपतिले लियो । यसरी, विशाल उद्योगधन्दाहरूको संस्थापक आधुनिक पूँजीपतिहरूको जन्म भयो ।

अमेरिकी खोजले विश्व व्यापारको जग हाली दियो । त्यसलाई आजको उद्योगधन्दाहरूले कायम गरेको छ । यस विश्व–बजारले व्यापार र जल–थलको यातायातको उन्नति गऱ्यो । यस उन्नतिले फेरि उद्योगधन्दाहरूको विस्तारमा सहयोग दियो । उद्योगधन्दा, व्यापार, सामुद्रिक यातायात, रेल आदि जसै–जसै बढ्दै गए, तसै–तसै पूँजीपति वर्गले पनि उन्नति गर्दै गयो । उसको पूँजी बढ्दै गयो । मध्ययुगका बचे–खुचेका वर्गहरूलाई उसले आफ्नो बाटोबाट हटाएर अलग गरी दियो । यस किसिमले हामी यो देख्दछौं कि आधुनिक पूँजीपति वर्गको जन्म पनि लामो समाज विकासक्रमको गर्भबाट भएको हो । अर्थात् उत्पादनको तरिकाहरू र यातायातका साधनहरूमा अनेक प्रकारको क्रान्तिकारी परिवर्तन भएको हुनाले आधुनिक पूँजीपति वर्गको जन्म भएको हो ।

जसै पूँजीपति वर्गको उन्नति हुँदै गयो, तसै उसको राजनीतिक शक्ति पनि बढ्दै गयो । पहिले सामन्त प्रभुहरूको मुनि ऊ (आधुनिक पूँजीपति–अनु.पुष्प) एक पीडित वर्ग थियो । मध्य युगी योरोपको स्वायत्त नगरहरूमा✦उसको स्वाधीन सशस्त्र सङ्घ थियो । कहीं–कहीं (जस्तो ईटाली र जर्मनीमा) उसको स्वतन्त्र र शहरी प्रजातन्त्र[७] पनि थिए । कतै (जस्तो फ्रान्समा) उसको दर्जा राजतन्त्रको अधिनमा टेक्स (कर–अनु. पुष्प) दिने 'तेस्रो वर्ग'[८] को थियो । पछि जब कारखानाहरूको उन्नति भयो, तब ऊ सामन्ती सरदारहरूको विरोधी बन्यो । निरङ्कुश राजतन्त्रको स्थापनाको पक्षपातीको र निरङ्कुश राजतन्त्रको अथवा अर्ध–सामन्ती शक्तिहरूको सहायकको काम उसले गऱ्यो । विशाल राजतन्त्रको उन्नतिको आधार खम्बा

⭘(एउटा एउटा शिल्प सङ्घमा एक एक किसिमको चीज तयार हुन्थ्यो । बुनाइको शिल्प संघमा केवल बुनाईको काममात्र हुन्थ्यो, कटाईवालामा खालि कटाईको र रङ्गवालामा केवल रङ्गाईको मात्र इत्यादि । तर कारखानामा यी सबै कामहरू एकै ठाउँमा कारखानाको विभिन्न विभागमा हुन थाल्यो । पहिलेको भन्दा ज्यादा सङ्ख्यामा यी कामहरू हुन थाले–सम्पादक)

✦(फ्रान्सका यी शहरहरूले आफूलाई 'कम्युन' वा स्वायत्त नगर भन्न शुरु गरेका थिए । तर वास्तवमा त्यस बेलासम्म उनीहरूलाई कुनै पनि स्वायत्त शासन सम्बन्धी वा राजनीतिक अधिकार मिलेको थिएन । त्यसबेलासम्म उनीहरूलाई 'तेस्रो–वर्ग' को दर्जा पनि प्राप्त भएको थिएन । यी सब अधिकारहरू उनीहरूका मालिक, सामन्ती प्रभुहरूको हातमा थियो । यस घोषणापत्रमा पूँजीपति वर्गको आर्थिक विकासको सम्बन्धमा खास गरेर बेलायत र फ्रान्सको राजनीतिक विकासको उदाहरणहरू दिइएका छन् ।– सम्पादक)

नै ऊ थियो।✶ आधुनिक उद्योगधन्दाहरू र विश्व बजारको स्थापना भएपछि ऊ आजको राज्य व्यवस्थामा सर्वेसर्वा नै भई गयो। आधुनिक राजसत्ता पूँजीपति वर्गको कारोबार चलाउने एउटा समिति मात्र हो।

ईतिहासको रङ्गभूमिमा पूँजीपतिवर्गले धेरै नै क्रान्तिकारी कार्यहरू गरेका छन्।

पूँजीपति वर्गले जहाँ शक्ति प्राप्त गर्‍यो, त्यहाँ सामन्तवादी पितृसत्तावादी भावुकताका सम्बन्धहरू सबैलाई समुलै नष्ट गरिदियो। 'जन्मदेखि नै ठूलो' भनाइनेहरूले जुन नानाबली सामन्ती श्रृङ्खलाहरूले मानिसलाई कमारा बनाएर राख्दथे, ती सबैलाई निष्ठूरतापूर्वक तोडताड गरी अलग गराई दिए। स्थूल स्वार्थ र 'नगद नारायण' को हृदय शून्य व्यवहार बाहेक मनुष्यको बीचमा अरु कुनै पनि सम्बन्ध बाँकी रहन दिएन। उँचसे उँच धार्मिक भावनाहरू, वीरोचित उत्साहहरू र सरलसे सरल भावुकताहरूमा उसले कौडीकौडीको हिसाब जोडी दिएको छ। मनुष्यको गुणलाई उसले बजारमा बिक्री हुने वस्तु बनाई दिएको छ। पहिले-पहिले (अहिले पनि नेपालमा-अनु.पुष्प) शनदद्वारा पाइने तरहको स्वतन्त्रताहरूको ठाउँमा, अब पूँजीपति वर्गले सर्वत्र, खालि एकै किसिमको अखण्ड र आत्मरहित स्वतन्त्रताको स्थापना गरिदिएको छ। त्यो स्वतन्त्रता हो-व्यापारिक स्वतन्त्रता। यी सबै कुराहरूलाई हामी छोटकरीमा यसो भन्न सक्दछौं। आर्थिक र राजनीतिक पदहरूमा लुकेको शोषणको ठाउँमा पूँजीपति वर्गले प्रत्यक्ष, निर्लज्ज, सोझै र पाशविक उत्पीडनको स्थापना गरिदिएको छ।

जुन पेशा र प्रवृत्तिहरूमा आजसम्म मानिसहरूको आदर र श्रद्धाको भावना थियो, ती सबको रङ्ग पूँजीपति वर्गले फिक्का पारिदियो। डाक्टर, वकिल, पुरोहित, कवि र वैज्ञानिकहरू सबलाई उसले आफ्नो पैसाले किनेको कमारा बनाइसकेको छ।

पूँजीपति वर्गले पारिवारिक सम्बन्धको भावुकताको पर्दालाई उठाएर फ्याँकी दिई, पारिवारिक सम्बन्धलाई केवल पैसाको सम्बन्धमा बदली दिएको छ। (अर्थात् पैसा कमाए त 'हाई छोरा', पैसा नकमाए त 'जा छोरा'-अनु.पुष्प)।

आफ्नो अभूतपूर्व सफलताद्वारा पूँजीपति वर्गले मध्य युगमा हुने शौर्यको[९] ती बर्बर (राक्षसी) प्रदर्शनीको पछाडि, जसको तारिफको पुल बाँध्न प्रतिक्रियावादीहरू कहिले पनि थाक्दैनन्, अकर्मण्यता र भोगविलासको कति लामो कहानी लुकेको थियो भन्ने देखाई दियो। मानव परिश्रमले कत्रो ठूल-ठूलो काम गर्न सकिंदो रहेछ भन्ने कुरा सर्वप्रथम पूँजीपति वर्गले नै गरी देखाईदियो। मिश्रका पिरामिडहरू, रोमको जलप्रणालीहरू र गोथिक पर्खालहरू भन्दा पनि आश्चर्यजनक चीजहरूको निर्माण गरेर उसले देखाई दियो। भौगोलिक र वैज्ञानिक खोजहरूको निम्ति उसले विशाल र लामो लामो यात्राहरू संगठित गर्‍यो। तिनीहरूको तुलनामा पुरानो जमानाका कबीलाहरूको अभियान र इसाईहरूको जेहाद[१०] (धर्म युद्ध) सब फिक्का हुन्छन्।

उत्पादनको साधनमा लगातार क्रान्तिकारी परिवर्तन नभए पूँजीपति वर्गको अस्तित्व नै बिलकुल असम्भव छ। उत्पादनको साधनमा परिवर्तन हुनाले उत्पादक सम्बन्धमा पनि परिवर्तन हुन्छ। अनि तमाम सामाजिक सम्बन्धमा क्रान्ति हुन्छ। पुरानो जमानाको औद्योगिक वर्गको कुरा यसको ठीक उल्टा थियो। पुरानो उत्पादनको साधनहरूलाई जस्ताको तस्तै बनाई राखेर मात्र त्यो बाँच्न सक्दथ्यो। उत्पादन प्रणालीमा लगातार हेरफेर, सामाजिक सम्बन्धमा निरन्तर उथलपुथल, अस्थिरता र अविश्वास पूँजीवादी युगको नै मुख्य विशेषताहरू हुन्। यिनै विशेषताले नै पूँजीवादी युगलाई अरु युगहरूबाट अलग गराउँदछ। आफ्नो तमाम प्राचीन र पुज्य भनाउँदा बुढी-रुढीहरू तथा मतहरूको साथ-साथै सब पुरानो जड सम्बन्धहरू खतम भइसकेका छन्। नयाँ सम्बन्धहरू बन्दा नबन्दै पुरानो भै हाल्दछन्, बुढी-रुढी नै बन्न पाउँदैनन्। जुन चीजहरूलाई पक्का र ठोस सम्झेका थिए, तिनीहरूको आज नाम निशाना नै छैन। जसलाई हिजोसम्म पुज्य मानिन्थ्यो, आज त्यसलाई गल्लीको कुकुरले पनि नटेर्ने भैसक्यो। आखिरमा, जीवनको सच्चा परिस्थितिहरू र अरु-अरुसँग आफ्नो सम्बन्धको वास्तविकताहरूको गम्भीरताको साथ सामना गर्न मानिस मजबुर (बाध्य) भएको छ।

आफ्नो मालको निम्ति बजारको खोजतलासमा पूँजीपति वर्गले संसारको कुनाकाप्चाको खाक छानी सकेको छ। हरेक ठाउँमा पुगेर खुट्टा अडाउने कोसिस गर्दछ। हरेक

✶सामन्तवादी व्यवस्थामा देश बैग्ला बेग्लै सरदारहरूको बिर्ता या रियासतहरूमा बाँडिएको हुन्थ्यो। हरेक बिर्तामा अलग-अलग कर को व्यवस्था हुन्थ्यो। बाटोघाटोको पनि सबै ठाउँमा एकै किसिमको व्यवस्था थिएन। यी तकलीफहरू पूँजीपतिहरूको व्यापारको निम्ति बाटाका काँडा थिए। यसकारण पूँजीपतिहरू एउटा यस्तो व्यवस्था कायम गराउन चाहन्थे जसले गर्दा सम्पूर्ण देशमा खच्छन्दतापूर्वक मनलागेको ठाउँमा माल ताल पठाउन सकुन्। एक ठाउँबाट अर्को ठाउँमा पूजीपतिहरूले मालताल पठाउँदा, त्यसको कर लिन पाइने हुनाले सामन्ती सरदारहरू आफ्नो सामन्ती व्यवस्थाको नाश गर ाउने पक्षमा थिएनन्। यसकारण पूँजीपति वर्ग सामन्त सरदार हरूको विरोध गर्दथ्यो र बलियो केन्द्रीय राजतन्त्रको समर्थन गर्दथ्यो। टिप्पणी ५ र १० पनि पढ्नोस्।

ठाउँमा सम्बन्ध स्थापित गर्दछ।

दुनियाँभरको बजारलाई कब्जा गरेर हरेक देशको उत्पादन र वितरणलाई उसले सार्वभौमिक रूप दिएको छ। प्रतिगामी वर्ग रुँदै-कराउँदै मात्र गऱ्यो। पूँजीपति वर्गले पुरानो उद्योगको राष्ट्रिय आधारलाई खतम गरी दियो। त्यसको सट्टामा नयाँ उद्योग खडा गरिरहेका छन्। यसको स्थापना सबै सभ्य राष्ट्रहरूको निम्ति जीवन-मरणको प्रश्न भएको छ। यो नयाँ उद्योग खालि आफ्नो देशको कच्चा मालतालमा मात्र भर पर्दैन। दुनियाँभरको कच्चा मालतालहरू त्यसमा प्रयोग गरिन्छन्। फेरि तीबाट बनेका मालसामानहरू पनि त्यसै देशको सीमाभित्र मात्र नरही संसारको कुना-कुनासम्म पुग्दछन्। पहिले देशको आवश्यकताको पूर्ति देशैमा तयार भएका मालसामानहरूबाट हुन्थे तर अचेल नयाँ आवश्यकताहरू पैदा भइरहेका छन् जसको पूर्ति देशको मालसामानले मात्र नभई अरु देशहरूबाट मगाउनु पर्दछ। पुरानो राष्ट्रिय र स्थानीय पृथकता र स्वनिर्भरताको ठाउँ चारैतिरको अविछिन्न सम्बन्धहरू र अन्तर्राष्ट्रिय निर्भरताले लियो। भौतिक संसारमाभैं बौद्धिक संसारमा पनि यही परिवर्तन आइसकेको छ। राष्ट्रिय एकाङ्गीपन र सङ्कुचित दृष्टिकोण असम्भव भइसकेको छ। अनेक राष्ट्रिय र स्थानीय साहित्यहरूको मेलबाट एउटा विश्वसाहित्यको जन्म भइरहेको छ। उत्पादन साधनहरूको व्यापक उन्नति र यातायातको बढ्दो-चढ्दो सुविस्ताहरूद्वारा पीछडिएको भन्दा महापीछडिएको राष्ट्रसम्मलाई पूँजीपति वर्गले आफ्नै सभ्यताको घेरामा तानेर ल्याउँदैछ। उसको मालको सस्तो मोल नै त्यो जङ्गी तोप हो जसद्वारा ऊ चीनको पर्खालजस्तो रुकावटलाई पनि पार गरेर जान्छ। अन्य देशहरूको कट्टरमा पनि महाकट्टर पछौटे जातिलाई पनि विदेशीहरूप्रति घृणाको भाव कम गराउन बाध्य गराउँदछ। हरेक राष्ट्लाई त्यसको अस्तित्वको नै डर देखाएर पूँजीवादी उत्पादन व्यवस्था अपनाउनलाई करै लगाउँदछ। जसलाई पूँजीपति वर्ग 'सभ्यता' भन्दछ, त्यसैलाई 'सभ्यता' भनाउन करै लगाउँदछ। छोटकरीमा, पूँजीपति वर्ग सारा संसारलाई नै आफ्नै साँचोमा ढाल्न खोज्दछ।[११]

पूँजीपति वर्गले गाउँहरूलाई शहरको अधीन गराई दिएको छ। पूँजीपति वर्गले एकसेएक शहरहरू बनाएर गाउँहरूमा भन्दा शहरहरूमा काफी मात्रामा जनसङ्ख्या बढाइदिएको छ। यसरी ग्राम्य जीवनको एक ठूलो भागलाई कूपमण्डुकता र अज्ञानताबाट मुक्त गरेको छ। पूँजीपति वर्गले जसरी गाउँलाई शहरको अधीनमा राखिदिएको छ, त्यसरी नै उसले असभ्य र अर्धसभ्य देशहरूलाई सभ्य राष्ट्रहरूको, खेतीहर देशलाई औद्योगिक देशहरूको र पूर्वी देशहरूलाई पश्चिमी देशहरूको अधीन बनाइदिएको छ।

उत्पादनका साधनहरू, धन-दौलतहरू र मानिसहरूलाई यता-उता छरिएर बेग्लाबेग्लै रहन पूँजीपति वर्ग दिँदैन। लाखौं करोडौं मानिसहरूलाई उसले एक ठाउँमा जम्मा गरी दिएको छ। उत्पादनका साधनहरूलाई पनि उसले केन्द्रीकरण गरी दिएको छ। सारा धन-दौलत मुठ्ठीभर मानिसहरूको हातमा थुपारी दिएको छ। पूँजीपति वर्गले ती प्रान्तहरू, जो पहिले स्वतन्त्र थिए या खोकलोपनाले सम्बन्ध राख्तथे, जसको हित एक-अर्कोकोबाट फरक थियो, जहाँ ऐन-कानून, शासनव्यवस्था, कर प्रथा आदि सबै एक-अर्कोकोबाट बेग्लै थिए, लाई एकै राष्ट्रमा संगठित गरिदिएको छ। उसको सरकार, ऐन, कानुन, राष्ट्रिय वर्ग हित, राष्ट्रिय साँध र कर प्रथा सबै एकै प्रकारको छ।[१२]

आफ्नो एक शताब्दीको छोटो शासनकालमा पूँजीपति वर्गले जति शक्तिशाली र प्रचण्ड उत्पादन शक्तिहरूलाई उत्पन्न गरी दिएको छ, त्यति पहिले सबै युगहरूमा पनि विकसित हुनसकेका थिएनन्। प्राकृतिक शक्तिहरूमा मानिसको नियन्त्रण, मेशिनहरूको आविष्कार, उद्योगधन्दा र खेतीबारीमा रसायनशास्त्र ज्ञानको प्रयोग, भापले चल्ने जहाज, रेल, बिजुली र तारको आविष्कार, खेतीको निम्ति महाद्वीपहरूको घना जङ्गल फाँड्नु, ठूल-ठूला नहरहरूको बनावट र जादूको जोडलेभैं धेरै मानिसहरूलाई एकै ठाउँमा जम्मा गरिदिनु सामाजिक श्रमको गर्भमा यस्ता ठूलठूला शक्तिहरू लुकेका थिए भनी के बितेका युगहरूमा कल्पनासम्म गर्न सकिन्थ्यो ?

यसरी हामीहरूले देख्यौं कि यी उत्पादन र विनिमयका साधनहरू, जसको आधारमा पूँजीपति वर्गले आफ्नो शक्ति निर्माण गऱ्यो, सामन्तवादी समाजबाटै पैदा भएका हुन्। एक समय यस्तो आयो जसमा उत्पादन र विनिमयको साधनहरूको यस्तो विकास हुनु पर्दथ्यो, जब सामन्तवादी समाज विधानमा ती साधनहरूको उन्नति असम्भव भए। पुरानो सामन्तवादी सम्पत्ति व्यवस्था, खेतीबारी र उद्योगधन्दाहरूको सामन्ती व्यवस्था, यी नयाँ उन्नति भएका उत्पादक शक्तिहरूको साथ-साथै चल्न असम्भव भए। सामन्ती संगठन र सम्पत्ति व्यवस्था यी शक्तिहरूको निम्ति हतकडी र नेल जस्तै भए। यी नेल हतकडीहरूलाई तोडेर नै समाज अगाडि बढ्न सक्दथ्यो। यसकारण तिनीहरूलाई पूँजीपति वर्गले चकनाचूर पारिदिए।

सामन्तवादी सम्पत्ति व्यवस्थाको जडताको स्थान स्वच्छन्द प्रतियोगिताले लियो। स्वच्छन्द प्रतियोगिताको अनुकूल सामाजिक राजनीतिक विधानहरू बने। पूँजीपति वर्गको आर्थिक र राजनीतिक शासन कायम भयो।

ठीक यस्तै घटनाहरू हाम्रो आँखाको अगाडि घटिरहेका छन्। आधुनिक पूँजीवादी समाजले उत्पादन र विनिमयको विशाल साधनहरूलाई जन्म त दियो, तर ऊ आफ्नो सम्पत्ति व्यवस्थालाई सम्हाल्न सक्दैन। आधुनिक पूँजीपति वर्गको स्थिति एउटा जादूगरको जस्तो छ जसले जादूको जोडले यी तमाम शक्तिहरूलाई भौतिक जगतमा बोलाउन त बोलाई हाल्यो, तर अब तिनीहरूलाई काबुमा राख्न बिलकुलै असमर्थ छ। उद्योग र व्यापारको गत कयौं दशकको इतिहास वास्तवमा उत्पादनको पूँजीवादी परिस्थितिहरू र सम्पत्ति व्यवस्थाको विरुद्ध अर्थात् ती परिस्थितिहरूको विरुद्ध जसमाथि पूँजीपति वर्गको अस्तित्व र शासन निर्भर छ, आधुनिक उत्पादक शक्तिहरूको विद्रोहको इतिहास हो। यसको निम्ति केवल ती आर्थिक संकटहरूमात्र[१३] जिक्र (उल्लेख) गरी दिए पनि पुग्दछ जो समय-समयमा पूँजीवादी समाजको पूरा अस्तित्वलाई नै डगमगाउने गरी देखा पर्दछ। हरेक बितेको सङ्कटभन्दा आउँदो सङ्कट एकदम भयानकको हुन्छ। यी सङ्कट कालमा मालसामान र वस्तुहरूको मात्र नाश गरी दिएर नपुगी, उत्पादनको साधनहरूलाई पनि पूँजीपति वर्गले नष्ट गरी दिन्छ। यी सङ्कटहरूको समयमा यस्तो एउटा नयाँ महामारी, जो इतिहासको कुनै बितेको युगमा पनि नितान्त मूर्खतापूर्ण र गोबरे दिमागको काम सम्झिन्थ्यो, देखा पर्दछ। त्यो महामारी हो- बढ्ता उत्पादनको। फेरि समाज केही समयको निम्ति अचानक बर्बर (असभ्य) अवस्थामा पुग्दछ। तमाम दुनियाँको जीविकाको साधनहरूलाई कुनै अकाल वा सर्वनाशी युद्धले सोत्तर पारिदिएको जस्तो भान पर्दछ। यसको साथसाथै उद्योगधन्दा र बन्द-व्यापार पनि खतम भएको जस्तो भान पर्दछ। यस्तो किन हुन्छ ? यसै निम्ति कि समाजमा सभ्यताको मात्रा चाहिंदोभन्दा बढ्ता भएको छ। जीविकाको साधन बढ्तामा पनि बढ्ता भै सकेको छ। उद्योगधन्दाको अनावश्यक बाढी आएको छ। बन्द-व्यापार आवश्यकभन्दा ज्यादै बढेको छ। समाजको उत्पादन शक्तिहरू पूँजीवादी सम्पत्ति व्यवस्था र उत्पादन शक्तिहरूको विकासमा बाधक भै सकेका छन्। पूँजीवादी समाजको ढाँचा उत्पादक शक्तिहरूलाई काबुमा राख्न असमर्थ छ। यसको सङ्कुचित ढाँचाको भित्र यसद्वारा पैदा गरिएको धन-सम्पत्तिहरू धेरै मात्रामा अटाउन सक्दैन।

तर यो ढाँचा टुट्ने बित्तिकै, बाधा हट्ने बित्तिकै पूरा पूँजीवादी समाजमा खलबली मचिन्छ। पूँजीवादी सम्पत्तिको अस्तित्व नै आपतमा पर्दछ। यस निम्ति अनेक प्रकारले यस सङ्कटबाट बच्न पूँजीपति वर्ग कोसिस गर्दछ। कसरी ? एकातिर उत्पादक शक्तिहरूको ठूलठूला भागहरूलाई जबरजस्तीले नष्ट गरी दिन्छ। अर्कोतिर नयाँ-नयाँ बजारहरू कब्जा गर्दछ, पुरानो बजारहरूको शोषणलाई झन् ज्यास्ती बढाउँछ र व्यवस्थित गर्दछ। यसरी आउँदो सङ्कटलाई बचाउन खोज्दाखोज्दै प्रलयकारी र विनाशकारी सङ्कटको ढोका झन् राम्ररी नै खोली दिन्छ।

जुन हतियारहरूद्वारा पूँजीपति वर्गले सामन्तवादलाई खतम गरेको थियो, आज सोही हतियार उसैको विरुद्ध भइसकेको छ।

पूँजीपति वर्गले केवल त्यस्ता हतियारहरूमात्र छाडेको होइन जसले उसलाई खतम गर्दछ, बल्की उसले त्यस वर्ग अर्थात् मजदुर वर्गलाई पनि पैदा गरेको छ जसले ती हतियारहरू उसैको विरुद्ध चलाउँदछ।

जुनमात्रामा पूँजीपति वर्गको अर्थात् पूँजीको विकास हुन्छ, त्यही मात्रामा सर्वहारा वर्गको अर्थात् आधुनिक मजदुर वर्गको पनि प्रगति हुन्छ। मजदुर वर्ग त्यो परिश्रम गर्नेहरूको वर्ग हो जो तैलेसम्म जीवित रहन सक्दछ जैलेसम्म उनीहरू काम पाउँदछन्। फेरि, उनीहरू जो आफूलाई बेच्नमा लाचार छन्, कुनै अन्य बजारी-वस्तुझैं (बेच्नको निम्ति तयार गरिएको माल- अनु.पुष्प) बेचिन सक्दछन्। जहाँ पनि यिनीहरूलाई किन्न र बेच्न सकिन्छ। अरु बजारी चीजहरूझैं बजारको तेजीमन्दी र प्रतियोगिताको शिकार यिनीहरू पनि हुन्छन्।

मेशिनहरूको प्रयोग बढ्दै जानाले र श्रम विभाजनको कारणले मजदुरहरूको आफ्नो कामको विशेषता खतम भै सकेको छ। काममा उनीहरूलाई जुन मज्जा र आनन्द आउँदथ्यो सो पनि खतम भयो। मजदुर मेशिनको पुच्छर बनिसकेको छ। सिधामा सिधा र सरलमा सरल (जुन सिक्नलाई कुनै विशेष परिश्रम गर्नुपर्दैन) र नीरसमा पनि नीरस काम उनीहरू पाउँदछन्। यस्ता कामहरू सिक्न र सिकाउनमा कुनै किसिमको खर्च हुँदैन। यसकारण मजदुरहरूको उत्पादन[१४] खर्च (अर्थात् मजदुरलाई शिक्षा-दीक्षा र जीवित रहनुलाई चाहिने खर्च) ज्यादै कम भइसकेको छ। जीवन यात्रा र वंश वृद्धिको निम्ति अत्यन्त आवश्यक साधन नै मजदुरको उत्पादन खर्च भइसकेको छ। तर हरेक मालको मूल्य त्यसको उत्पादन खर्चको बराबर हुन्छ।

यस निम्ति श्रमशक्तिको मूल्य पनि (किनभने श्रम गर्ने शक्ति पनि पूँजीवादी समाजमा बजारी-वस्तु बनिसकेको छ) त्यसको उत्पादन खर्चको बराबर हुन्छ। यसकारण एकतर्फ त मजदुरको काम नीरस र अप्रिय हुँदै जान्छ, अर्कोतिर काममा जति नीरसता र अप्रियता आउँदछ उतिनै उसको मजदुरी (ज्याला) (श्रमशक्तिको उत्पादनको मूल्य-हि.अनु) पनि कम हुँदै जान्छ। यति मात्र होइन, श्रम विभाजन र एकपछि अर्को मेशिनको प्रयोग हुनाको साथ-साथै मजदुरहरूमा कामको

बोझ पनि बढ्दै जान्छ। कामको घण्टा बढाएर उतिनै समयमा बढ्ता काम लिएर वा मेशिनहरूको गति (speed) बढाएर दिनहुँ उनीहरूलाई बढ्ता काम गराएर लैजान्छ।

आधुनिक उद्योगधन्दाहरूले सानोतिनो ज्यासलहरूलाई औद्योगिक पूँजीपतिको विशाल कारखानामा बदली दिएको छ। यी कारखानाहरूमा लाखौं मजदुरहरूलाई फौजझैं संगठित गरेर, उनीहरूबाट काम गराइन्छ। यी मजदुरहरू उद्योगपतिहरूको फौज हो। यस फौजका सिपाहींहरू, सुबेदारहरू र कप्तानहरू आदि एकको मुनि अर्कोलाई संगठित गरेको हुन्छ। यो फौज पूँजीपति वर्गको र पूँजीवादी राजको पूरा कमारा हुन्छ। साथ-साथै मेशिन, नाइके वा सर्दार (फोरम्यान) को पनि कमारागिरी गर्नुपर्दछ। यस फौजको सबभन्दा ठूलो शासक मिल या कारखानाको पूँजीपति र मालिक हुन्। मजदुरको जीवनको हरेक दिन, हरेक घण्टा यिनीहरूको कमारागिरीमा बित्दछ। यो कमारागिरीको नग्नस्वरूप र पूँजीवादी व्यवस्थाको मुख्य उद्देश्य नै नाफा बटुल्ने मात्र हो भन्ने कुरा जसै-जसै प्रकट हुँदै जान्छ, तसै-तसै यो झन्-झन् फोहोर र घृणित हुँदै जान्छ। मन कुँडिन्छ !

जसै-जसै कारखानाहरूमा चतुराई (कौशल) र शक्तिको खाँचो कम हुँदै जान्छ, अर्थात जसै-जसै नयाँ उद्योगधन्दाको उन्नति हुँदै जान्छ, तसै-तसै कारखानाहरूमा लोग्नेमानिसको सट्टा आइमाई र केटाकेटीहरू हुल्दछ। बाल-बूढा, स्त्री-पुरुषको भेदको, मजदुर वर्गको निम्ति, समाजमा कुनै महत्त्व बाँकी रहँदैन। अब उनीहरू सबै श्रमको हतियार भैसकेका छन्। बाल-वृद्ध, स्त्री-पुरुषको हिसाबबाट उनीहरूको ज्यालामा पनि घट-बढ हुँदै जान्छ।[१६]

मजदुरहरूमाथि हुने लुट र अन्याय कारखानामा मात्र सीमित रहँदैन। कारखानाबाट बाहिर पाइला राख्ने बित्तिकै पूँजीपतिहरूकै सहबन्धु बान्धव घरपट्टी, पसले, महाजन आदिले पनि मजदुरहरूलाई अन्याय र शोषण गर्दछन्।

मध्य वर्गका सान-साना कारखाना खोलेर बस्ने, व्यापारी, दस्तकार, कारीगर, किसान इत्यादि सबले पनि मजदुर वर्गको नै गति प्राप्त गर्दछन्। एक त उनीहरूको थोरै पूँजीले ठूलो रूपको (scale) आधुनिक उद्योगधन्दाहरूको आवश्यकता पूर्ति गर्न सक्दैन, अर्को पूँजीपतिहरूको दाँजोमा पनि उनीहरू टिक्न सक्दैनन्। फेरि उत्पादनको नयाँ-नयाँ तरिका आएकोले पनि उनीहरूको शिल्पचतुऱ्याईं विशेषको कुनै मूल्य रहँदैन।

यसरी जनताको सबै वर्गहरूबाट मजदुर औद्योगिक फौजमा भर्ती हुन्छन् ! मजदुर वर्गको उन्नतिको बाटो धेरै खुड्किलाहरू पार गरेर जान्छ।

पूँजीपति वर्गसँग मजदुर वर्गको लडाइँ उसको जन्मदेखिनै शुरु हुन्छ। शुरु-शुरुमा मजदुरहरू पूँजीपतिसँग एक्लै-दुक्लै झगडा गर्दछन्। त्यसपछिको अवस्थामा एउटा कारखानाको मजदुरहरू सबै मिलेर पूँजीपतिको विरुद्ध लड्दछन्। त्यसपछि सारा शहरको जम्मै मजदुर एक भएर आफ्नो शोषक पूँजीपति वर्गसँग ठूलो मोर्चा लिन्छन्। उनीहरू पूँजीवादी उत्पादन व्यवस्थाको मात्र विरुद्ध नभै, उत्पादनको साधनहरू (मेशीनादि हि. अनु) माथि पनि आफ्नो रिस पोख्दछन्। उनीहरूको मिहिनेत (श्रम) सँग होड गर्ने विदेशी सामानहरूलाई नष्ट गरी दिन्छन्। कलपूर्जाहरूलाई चकनाचुर पारिदिन्छन्। फ्याक्टरी र कारखानाहरूमा आगो लगाई दिन्छन्। यसरी मध्य युगको मजदुरको लोप भएको हैसियतलाई फेरि कायम गर्न बलपूर्वक कोसिस गर्दछन्।[१७]

यसबेला मजदुर सभाहरूमा एकता कायम भइसकेको हुँदैन। देशभरमा छरिएर, अलग-अलग यता उता रहेका हुन्छन्। आपस्तको हानथापले गर्दा उनीहरू सान-सानो दलमा बाँडिएका हुन्छन्। यदि उनीहरू केही सङ्ख्यामा एकत्रित भएर रहेको पाइएता पनि सो उनीहरूको कोसिसले भएको होइन, उल्टो पूँजीपतिहरूकै प्रयत्नले भएको हो। आफ्नो राजनीतिक उद्देश्य हासिल गर्नको निम्ति पूँजीपतिहरूले मजदुर वर्गलाई, सामन्ती सरदार, राजा र जमिनदार आदिको विरुद्ध, आन्दोलनमा तान्दछन्। त्यसबेला मजदुरहरूमा वर्ग चेतना र संगठनको कमीले गर्दा कमसेकम थोरै समयको निम्ति त यस काममा पूँजीपतिलाई सफलता पनि प्राप्त हुन्छ। यसकारण मजदुर त्यसबेला आफ्नो दुश्मन (मिल मालिक) सँग होइन, आफ्नो दुश्मनको पनि दुश्मनसँग, निरङ्कुश राजतन्त्रको बचे खुचेको सामन्तहरूसँग, औद्योगिक पूँजीपति र मध्य वर्गका मानिस इत्यादिसँग लड्दछ।[१८]

त्यस समयको सम्पूर्ण ऐतिहासिक प्रगतिको कर्ता-धर्ता नै पूँजीपति वर्ग हुन्छ। त्यसबेलाको जुनसुकै विजय पनि पूँजीपति वर्गको विजय हुन्छ।

तर उद्योगधन्दाहरू बढेपछि मजदुरहरूको सङ्ख्यामा पनि वृद्धि हुन्छ। ठूलठूलो सङ्ख्यामा उनीहरू एक ठाउँमा जम्मा हुन्छन्। उनीहरूको ताकत पनि बढ्दछ। आफ्नो ताकतको ज्ञान पनि उनीहरूलाई हुन्छ। मेशिनहरूको बढ्दो व्यवहारले श्रमको तमाम भेदलाई मेटाई दिन्छ। यसले मजदुरहरूको विभिन्न स्वार्थ र मतहरूको पनि अन्त गरिदिन्छ। उनीहरूको ज्यालामा पनि घटती भएर सबै ठाउँमा एक दरको हुन आउँदछ। पूँजीपतिहरूको आपस्तमा व्यापारिक होड बढ्दछ। यसले गर्दा व्यापारिक सङ्कट पैदा हुन्छ।

यसले गर्दा मजदुरहरूको ज्यालाको दरको पनि

ठेकान रहँदैन। मेशिनहरूको दिन दोब्बर रात चौबर भनेझैं उन्नति हुँदै जान्छ। यसले गर्दा मजदुरहरूको जीवन झन् ज्यादा आपतमा पर्दछ। कलकारखाना र उद्योगधन्दाहरूमा पूँजीपति र मजदुरको बीचमा दिनहुँ झगडा बढ्दै जान्छ। आखिर यही झगडाले वर्ग सङ्घर्षको रूप धारण गर्दछ। पूँजीपति वर्गसँग मुठभेड गर्नको निम्ति मजदुरहरू सभा गर्न र बनाउन थाल्दछन्। ज्यालाको दर निधो गर्नको निम्ति नै उनीहरू जम्मा हुन्छन्। समय समयमा हुने यी लडाइँहरूको लागि पहिलेदेखिनै तयार भै रहनुको निम्ति स्थाई सभाहरू कायम गर्दछन्। उनीहरूको लडाइँहरूले जहाँ तहीं विद्रोहको रूप धारण गर्दछ।[१९]

कहिले-कहिले मजदुरहरूको जित पनि हुन्छ। तर यी जितहरू क्षणिक हुन्छन्। यस लडाइँको मुख्य फल त्यस तात्कालिक सफलतामा पाइँदैन। त्यसले मुख्य यही फाइदा दिन्छ कि मजदुरहरूमा एकता बढ्दछ। आधुनिक उद्योगधन्दाले गर्दा यातायातको साधनहरूमा उन्नति हुन्छ। यातायातको साधनमा उन्नति भएपछि टाढा-टाढा देशका मजदुरहरूको आपस्तमा सम्बन्ध पनि बढ्दछ। स्थानीय असङ्ख्य छरिएको मजदुर र पूँजीपतिको बीचको सङ्घर्षहरूको पनि आपस्तमा सम्पर्क हुन्छ। अनि राष्ट्रिय तवरले वर्ग सङ्घर्ष शुरु हुन्छ। हरेक वर्ग सङ्घर्ष राजनीतिक सङ्घर्ष हो। यो संगठन जसलाई बनाउनको निम्ति मध्य युगको व्यापारीहरूलाई बाटो-घाटो (यातायात) आदिका कमीको कारण धेरै समय लागेको थियो, तर आधुनिक मजदुर वर्गले रेलहरूको सहायताले केही वर्षमा नै बनाई हाल्यो।[२०]

मजदुरहरूको यो वर्ग संगठन र फेरि राजनीतिक पार्टीको रूपको संगठन मजदुरहरूकै आपसी होडले गर्दा बराबर भङ्ग हुन्छ। तर फेरि बन्दछ। यसले गर्दा मजदुरहको संगठन झन् बलियो हुन्छ। दृढ र शक्तिशाली भएर निक्लन्छ। पूँजीपतिहरूलाई करकापमा पार्ने कानुनहरूको हक पनि मजदुरहरूले पाउँदछन्। पूँजीपतिहरूको आपस्तको कलहबाट फाइदा उठाएर मजदुरहरू आफ्नो वर्गलाई फाइदा हुने ऐन-कानुनहरू बनाउनलाई धारा सभा (ऐन कानुन बनाउने सभा- अनु.पुष्प) लाई करमा पारी पास गराई लिन्छन। बिलायतमा दिनको दश घण्टा काम गर्ने ऐन यसरी नै पास भएको थियो।

पुरानो समाजको विभिन्न वर्गको आपसी झगडाले गर्दा मजदुर वर्गलाई तरह तरहको फाइदा हुन्छ। पूँजीपति वर्ग त जहिले पनि कुनै न कुनै सङ्घर्षमा फसी नै रहेको हुन्छ। पहिले उसको सङ्घर्ष (सामन्ती) अमीर-उमरासँग चल्दछ, पछि आफ्नै (पूँजीपति) वर्गका ती व्यक्तिहरूसँग, जो उद्योगधन्दाको उन्नतिको विरुद्धमा छन्। विदेशी पूँजीपतिहरूको विरुद्ध त उसको जैले पनि सङ्घर्ष चलिनै रहन्छ। यी सब कुराहरूमा पूँजीपति वर्ग मजदुरहरूलाई पनि तान्दछ। यसरी मजदुरहरूलाई राजनीतिक तथा अरु साधारण शिक्षा दिने काम स्वयं पूँजीपति वर्गले नै गर्दछ। अर्को शब्दमा, मजदुरहरूलाई पूँजीपति वर्गको विरुद्ध लड्नलाई खुद पूँजीपति वर्गले नै सुसज्जित गराउँदछ।

यसबाहेक जस्तो कि हामीले माथि देख्यौं, उद्योगधन्दाको उन्नतिले गर्दा, शासक-वर्गको धेरै जसो हिस्सालाई आफ्नो तरफबाट अलग गरी मजदुर वर्गतिर धकेली दिन्छ। अर्थात् उनीहरूको जीविका नै आपतमा पारिदिन्छ। यिनीहरू पनि मजदुर वर्गमा मिल्न आउँदछन्। यिनीहरूले शिक्षाको प्रकाश फैलाएर मजदुर वर्गको प्रगतिमा मद्दत दिन्छन्।

आखिरमा यो वर्ग सङ्घर्ष बढ्दा-बढ्दा निर्णयात्मक घडी फैसला हुने बेलामा पुग्दा, शासक वर्गको भित्रमात्र होइन, सम्पूर्ण समाजमा नै ध्वंसको कार्यले यस्तो उग्ररूप लिन्छ, यस्तो जोडदार शक्तिशाली हुन्छ कि स्वयं शासक वर्गको एक सानो हिस्सा त्यसबाट अलग भएर क्रान्तिकारी मजदुर वर्गको साथ मिल्न आउँदछ। किनकी मजदुर वर्गसँग मात्र भविष्यको उन्नतिको साँचो हुन्छ। पहिले मध्य युगमा जसरी सामन्त वर्ग (अमीर-उमरा) को एकभाग त्यसबाट अलग भएर पूँजीपति वर्गसँग मिल्न आउँदछ। यी मिल्न आउनेहरूमध्ये खास गरेर पूँजीवादी विचारकहरू (प्रोफेसर, मास्टर, दार्शनिक) को त्यो भाग हुन्छ जसले समाजको ऐतिहासिक प्रगतिलाई सैद्धान्तिक रूपबाट बुझिसकेका छन्।[२१]

पूँजीपति वर्गको विरुद्ध आज जति वर्गहरू खडा छन् ती सबैमा खास गरेर मजदुर वर्ग नै क्रान्तिकारी हुन्छ। अरु वर्गहरू आधुनिक उद्योगधन्दाहरू टक्करमा आएर नष्ट भएर जान्छन्। केवल मजदुर वर्ग पूँजीपति वर्गको पक्का वारिस हो।

निम्न मध्य वर्ग, सान-साना कारखाने, पसले, दस्तकार, किसान सब आफ्नो मध्य वर्गीय हैसियत यथापूर्वक बनाई राख्नको निम्ति नै पूँजीपति वर्गसँग लड्दछन्। यसकारण यिनीहरू क्रान्तिकारी नभै रुढीवादी हुन्छन्। अझ उनीहरूलाई प्रतिक्रियावादी पनि भन्न सकिन्छ किनकी उनीहरू इतिहासको पाङ्ग्रालाई उल्टोबाट घुमाउने कोसिस गर्दछन्। यदि संयोगवश उनीहरू क्रान्तिकारी भए तापनि यसै निम्ति हुन्छन् कि उनीहरू पनि चाँडै नै मजदुर वर्गको अवस्थामा पुग्ने भैसकेका छन्। यसरी उनीहरूले वर्तमान हितको होइन भविष्यको स्वार्थ रक्षा गर्दछन्। आफ्नो दृष्टिकोण (विचार) लाई तिलाञ्जली दिएर मजदुर वर्गको दृष्टिकोणलाई अपनाउँछन्।

यी वर्गहरू बाहेक अर्को एउटा वर्ग पनि हुन्छ। यस वर्गमा खास गरेर ती मानिसहरू हुन्छन् जो पुरानो समाजको सबभन्दा तल्लो स्तरबाट निक्लन्छन्। यिनीहरू गुण्डा, लफङ्गा र सामाजिक मैला हुन्। यसैलाई 'डरलाग्दो-वर्ग'[२२] भन्दछन्। मजदुर क्रान्तिले गर्दा यस वर्ग आन्दोलनमा आउन सक्दछ तर धेरैजसो यो वर्ग प्रतिक्रियावादीहरूको पैसामा बिकेर पाल्तु कुकुरको काम गर्दछ। यिनीहरूको जीवनको परिस्थितिले यिनीहरूलाई सोही काम गर्न बाध्य गराउँदछ।

पुरानो समाजको सम्बन्ध र परिस्थितिहरू आजको मजदुर वर्गको जीवनमा नामनिशान पनि बाँकी छैन। मजदुरसँग कुनै किसिमको सम्पत्ति छैन। आफ्नो स्वास्नी र बालबच्चाहरूसँग उसको जुन सम्बन्ध छ त्यसमा पनि पूँजीपतिहरूको पारिवारिक सम्बन्धको कुनै अंश पनि छैन। आधुनिक उद्योगधन्दाको काम बिलायत, फ्रान्स, अमेरिका र जर्मनी आदि ठाउँमा एकै नासको छ। पूँजीको शासन पनि सबै ठाउँमा एकै किसिमको जस्तै छ। यसै निम्ति अब मजदुरहरूको लागि कुनै राष्ट्रिय विशेषता पनि छैन। ऐन-कानुन, सदाचारको नियम, धर्म यी सब मजदुरहरूको निम्ति पूँजीवादी ढकोसलामात्र हुन्। ती सबमा मजदुरहरूलाई शोषण गर्ने नानावलीका स्वार्थहरू लुकेका छन्।[२३]

आजसम्म जति वर्गको हातमा राज्यको बागडोर आएको छ, ती सबले पूरा समाजलाई शोषणको चक्कीमा पिसेर आफ्नो ताकत ज्यूँका त्यूँ बनाई राख्ने कोसिस गरेका छन्। मजदुर वर्गले सो गर्न सक्दैन। आफूमा हुने पहिलो शोषण प्रथा र त्यसको साथसाथै सब पुरानो शोषण प्रथालाई जरैदेखि उखालेर नफ्याँकिकन मजदुर वर्ग समाजको उत्पादक शक्तिको मालिक बन्न सक्दैन। मजदुरसँग जोगाएर राख्ने वस्तु के छ ? निजी सम्पत्तिसँग सम्बन्ध राख्ने सबै पुरानो संरक्षण र ग्यारेण्टी आदिलाई खतम गर्नु नै मजदुर वर्गको उद्देश्य हो। त्यसो गर्नाले नै ऊ आफू र समाजलाई स्वतन्त्र गर्न सक्दछ।

आजसम्मको सबै ऐतिहासिक आन्दोलन थोरै मानिसको (अल्पमत) फाइदाको निम्ति भएको छ। तर मजदुर वर्गको आन्दोलन सचेत र स्वतन्त्र आन्दोलन हो, जसले समाजको अधिकांश (धेरैजसो) मानिसको अर्थात् बहुमतको फाइदा गर्दछ। मजदुर वर्ग जो आज पूँजीवादी समाजमा सबभन्दा मुनि परेको छ, त्यसबेलासम्म उन्नतिको खुड्किलामा उक्लन सक्दैन जबसम्म यस पूँजीवादी समाजको तमाम बनावट खतम हुँदैनन्। पूँजीपति वर्गको विरुद्ध यो लडाइँ वास्तवमा राष्ट्रिय त हुँदैन तर त्यसको रूप शुरुमा अवश्यमेव पनि राष्ट्रिय हुन्छ , यो कुरा ठीक पनि हो। कारण जबसम्म हरेक देशको मजदुरले आफ्नो आफ्नो देशको पूँजीपति वर्गलाई खतम गर्न सक्दैन तबसम्म कसरी मजदुर वर्ग अगाडि बढ्न सक्दछ।

मजदुर वर्गको विकासको यस मोटामोटी रूपरेखामा हामीहरूले समाजको गर्भमा चल्ने गृहयुद्धको बयान (चित्रण) गरेका छौं। धेर वा थोर मात्रामा, प्रकट वा अप्रकट तवरले, यो गृहयुद्ध समाजमा चलिनै रहन्छ। एक खास विशेष अवस्थामा पुगेर यसले खुलमखुला क्रान्तिको रूप लिन्छ र पूँजीपति वर्गको शासन व्यवस्थालाई तहसनहस पारी मजदुर वर्गको हुकुमतको जग बसाल्दछ।

आजसम्मको जुनसुकै किसिमको समाज पनि शासक र शासित दुई वर्गको विरोधको आधारमा खडा भएर आएको भन्ने कुरा हामीले माथिको बयानबाट बुझ्यौं। तर जुनसुकै वर्गलाई दबाएर राख्नको निम्ति त्यसलाई त्यति सुविधा त अवश्य दिनु पर्दछ। जसले गर्दा त्यो कमसेकम बाँच्न सकोस्। अर्ध कमारागिरीको युगमा यदि कुनै कमाराले बढ्ता मेहनत गरेको खण्डमा सो कमाराले ग्राम पञ्चायतको सदस्यता पाउँदथ्यो। निरङ्कुश सामन्तशाही समाज व्यवस्थामा पनि निम्न मध्य वर्गका मानिसहरू आफ्नो कलाकौशलबाट पूँजीपति बन्न सक्दथे। तर आधुनिक मजदूर वर्गको हालत यी सबैको बाट बिलकुलै उल्टा छ। उद्योगधन्दाको जति विकास हुन्छ, उसको रहनसहन एकदम तल खस्दछ। उसको दुःख र तकलीफ (समस्या) बढ्दछन्। समाजमा धन-दौलत बढ्दछ, देशको जनसङ्ख्या बढ्दछ तर मजदूर अति छिटै गरीब हुँदै जान्छ। यसबाट यो कुरा छर्लङ्ग हुन्छ कि उसले समाजलाई दबाएर राख्न सक्दैन। ऊ शासन गर्नलाई नालायक भैसकेको छ।[२४] किनकी आफ्नो शासनकालमा आफ्नो कमाराहरूलाई (मजदुरहरूलाई) पालनपोषण गर्ने चाँजो मिलाउन ऊ सक्दैन। उसको कमारा यस्तो अवस्थामा परिसकेको छ कि उसको कमाई खानुको सट्टा उसैलाई ख्वाउनु परेको छ। (टिप्पणी २४ हेर्नोस्) अब पूँजीपति वर्गको अधीनमा समाज रहन सक्दैन। अर्थात् पूँजीपति वर्ग र (मौजुदा) नयाँ समाज एकसाथ चल्न सक्दैन। पूँजीपति वर्ग समाजको प्रगतिको काँडा बनिसकेको छ।

पूँजीपति वर्गको जीवन र शासनको निम्ति दुई कुरा खुबै जरुरी छन्। एक पूँजी राम्रो बनोस्, अर्को त्यो पूँजी दिनहुँ बढ्दै जाओस्। पूँजी बन्नु र बढ्नु 'मोल मजूरी' पाइनेमा निर्भर गर्दछ। (अर्थात् मजदुरहरूको मिहिनेतलाई जति सस्तो दाममा किन्न सक्यो उतिनै मात्रामा पूँजी बढ्दछ। भनाईको मतलब यो हो कि यदि पूँजीपतिले आफ्नो कारखानामा काम गर्ने मजदुरहरूलाई कम ज्याला दिएर काम गराउन पायो भने उसको पूँजी बढ्दछ। यदि मजदुरहरूलाई ज्याला

धेरै दियो भने उसको नाफा पनि कम हुन्छ। अनु.पुष्प) फेरि मजदुरहरूको आपसी हानथापले गर्दा मोल मजूरी पाउन पूँजीपतिलाई चौपट्टै सजिलो हुन्छ। तर यो हानथाप त जसै-जसै उद्योगधन्दाको विकास हुँदै जान्छ, त्यसै-त्यसै कम हुँदै जान्छ। उद्योगधन्दाको उन्नतिले गर्दा छरिएर बसेका मजदुरहरू एक सूत्रमा बाँधिन्छन्। एक सूत्रमा बाँधिए पछि उनीहरूको आपसी होड (हानथाप) कम हुन्छ। एकै ठाउँमा एकै साथ काम गर्ने भएको हुनाले मजदुर सभाहरूको रूपमा उनीहरूको क्रान्तिकारी संगठनहरू पनि बन्दै जान्छन्, बढ्दै जान्छन्। आधुनिक उद्योगधन्दाको विकासले पूँजीवादी उत्पादन र शोषणको आधारै खतम हुनलाग्छ। यसरी पूँजीपति वर्गले पैदा गरेकोमा सबभन्दा ठूलो यही मजदूर वर्ग हो जसले खुद पूँजीपति वर्गलाई च्याहानमा गाड्दछ। पूँजीपति वर्गको हार र मजदुर वर्गको जित दुवै ध्रुव सत्य हुन्।

## २) मजदुर र कम्युनिस्ट

कम्युनिस्ट र मजदुर वर्गको बीचमा के सम्बन्ध छ ?

मजदुरहरूको अरु पार्टीहरूको विरोधमा कम्युनिस्ट आफ्नो कुनै अलग पार्टी बनाउँदैन।

मजदुर वर्गको हित छोडेर कम्युनिस्टको अर्को कुनै पनि हित छैन।[२५]

मजदुर आन्दोलनलाई कम्युनिस्ट कुनै खास ठासामा ढाल्न चाहँदैन नत ऊ त्यसको निम्ति डेढमाना चामलको खिचडी छुट्टै पकाउनेझैं कुनै अर्को सिद्धान्तको नै जग हाल्दछ। कम्युनिस्ट र अरु मजदुर वर्गको पार्टीहरूमा केवल यिनै दुई कुरामा फरक छ-

१) हरेक देशमा कम्युनिस्ट, जातिपातिको भेदभावलाई छाडेर तमाम मजदुरहरूको भलोको निम्ति लड्दछ। कम्युनिस्ट तमाम मजदुरहरूको हितलाई नै अगाडि राख्दछ।
२) मजदुर र पूँजीपतिको बीचको सङ्घर्षको हरेक अवस्थामा जैले पनि र जहाँ पनि पूरा आन्दोलनको भलोको प्रतिनिधित्व गर्दछ।

यसरी कम्युनिस्ट एकतिर त वास्तविक काममा प्रत्येक देशको मजदुर वर्गको पार्टीहरूको सबभन्दा अगाडि बढेको र दृढ संकल्पी मानिस हो, अर्कोतिर अरु बाँकी जनतालाई पनि आन्दोलनमा लिई अगाडि बढ्दछ। फेरि सिद्धान्तको दृष्टिबाट, विशाल मजदुर वर्गभन्दा कम्युनिस्ट बढ्ता समझदार हुन्छ। मजदुर वर्गको उन्नतिको बाटो, त्यस बाटोको दुःख, तकलिफ र मजदुर आन्दोलनको नतिजाको ज्ञान पनि कम्युनिस्टलाई राम्ररी हुन्छ।

मजदुर वर्गको अरु पार्टीहरूको जुन ध्येय हो कम्युनिस्टको पनि तात्कालीन ध्येय त्यही हुन्छ। अर्थात् तमाम मजदुरहरूलाई एकै वर्गको रूपमा संगठन गर्ने। पूँजीवादी हुकुमतलाई खतम गर्ने र त्यसको ठाउँमा मजदुर राजको जग हाल्ने।

कम्युनिस्टको सैद्धान्तिक विचार कुनै भावी जगत सुधारको कपोलकल्पनाहरूमा आधारित छैन।

कम्युनिस्टको सैद्धान्तिक विचार र वास्तविक वर्ग सङ्घर्षबाट हाम्रो आँखाको सामने चल्ने मौजुदा ऐतिहासिक आन्दोलनको अनुभवबाट पैदा भएको छ। त्यसै सैद्धान्तिक विचारलाई सबैले बुझ्ने भाषामा व्यक्त गर्दछ। आजको सम्पत्ति सम्बन्धलाई खतम गर्ने कुरामा कम्युनिस्टको निराला (अनौठो) विशेषता छैन।

पहिले पनि ऐतिहासिक परिस्थितिको साथ-साथै साम्पत्तिक सम्बन्ध बराबर बदलेरै आएको छ।

दृष्टान्तको निम्ति हामी फ्रान्सीसी क्रान्ति (१७८९) लिन सक्दछौं। फ्रान्सीसी क्रान्तिले सामन्तवादी सम्पत्ति सम्बन्धलाई खतम गरी त्यसको ठाउँमा पूँजीवादी सम्पत्ति व्यवस्थालाई खडा गऱ्यो।

आम तवरबाट सम्पत्तिलाई खतम गर्ने कम्युनिज्मको विशेषता होइन तर पूँजीवादी सम्पत्ति सम्बन्धलाई ऊ खतम गर्न चाहन्छ। आधुनिक पूँजीवादी निजी सम्पत्तिको आधार वर्ग विरोधमा कायम भएको उत्पादन र शोषण पद्धतिमा छ। त्यस पद्धतिअनुसार मुठ्ठीभर मानिसले बाँकी सबैको सम्पत्ति हरण गर्दछ। यसप्रकारको उत्पादन र शोषणको यो सबभन्दा नराम्रो आखिरी पद्धति हो।

यस विचारबाट कम्युनिस्टको सिद्धान्तहरूलाई एकै वाक्यमा यसरी भन्न सक्दछौं- कम्युनिस्टको सिद्धान्त निजी सम्पत्तिलाई खतम गर्ने हो।

खुद आफैले मेहनत गरी कमाएको धन-सम्पत्ति पनि हडप गर्न चाहन्छ भनी हामी कम्युनिस्टलाई आरोप लगाइएको छ। उनीहरू यो पनि भन्दछन्, यदि यो अधिकार खोसेर लियो भनेदेखि मानिसको व्यक्तिगत स्वतन्त्रता र स्वाधीनता कहाँ रहन्छ ![२६]

खुब कडा परिश्रमले कमाएको आफै पाईएको र खुद आफैले पैदा गरिएको सम्पत्ति अब कहाँ छ ? के तिम्रो मतलब ती सान-साना दस्तकार र किसानको हलो कुटो-कोदालोसँग हो ? ती त पूँजीवादी युगभन्दा पहिलेका नै थिए। यिनीहरूलाई लोप गर्न अथवा खोसेर लिन त कुनै जरुरत छैन। उद्योगधन्दाको विकासले धेरै मात्रामा पहिले नै तिनीहरूलाई लोप गरी दिएको छ र अब जो बचे खुचेका छन् तिनीहरूलाई पनि दिनहुँ लोप गर्दै लगेको छ।

ए, उसो भए तिम्रो भनाई आधुनिक पूँजीवादी निजी सम्पत्तिसँग होला, होइन ?

तर के मोल मजूरीले (प्रथम खण्डको आखिरमा बुझाइएको छ, हेर्नोस्) मजदुरको निम्ति कुनै किसिमको सम्पत्ति पैदा गर्दछ ? कदापि पनि गर्दैन । त्यसले त पूँजी पैदा गर्दछ । अर्थात् त्यो सम्पत्तिले मोल मजूरी (मजदुरहरू) लाई शोषण गर्दछ । यो सम्पत्ति (अर्थात् पूँजी) मजदुरहरूलाई शोषण गरेर मात्र बढ्दछ । फेरि त्यो पूँजी नयाँ शोषणको निम्ति सस्ता दरमा मोल मजूरी (मजदुर) नपाईनकन बढ्न सक्दैन ।[२७]

आजको सम्पत्ति (अर्थात् सम्पत्तिको पूँजीवादी रूप) पूँजी र मोल मजूरीको विरोधमा कायम छ । आउनोस्, यस विरोधको दुवैतिरबाट हामी विचार गरौं ।

पूँजीपतिको कवल व्यक्तिगत स्थितिमात्र हुँदैन । उत्पादनको क्षेत्रमा उसको एउटा सामाजिक धाँक-रवाफ (पोजिशन) पनि हुन्छ । पूँजी सामुहिक उपज हो (अर्थात् पूँजी सामुहिक श्रमबाट पैदा हुन्छ) । यदि हामीहरूले धेरै टाढासम्म गएर विचार गऱ्यौं भने हामीलाई यो छर्लङ्ग हुनेछ कि पूँजीपतिको व्यापार समाजको धेरै मानिसहरूबाट मात्र होइन, समाजको सबै सदस्यहरूको मेलबाट मात्र चल्दछ ।

यसकारण पूँजी निजी नभैकन एउटा सामाजिक सम्पत्ति हो ।

यसरी जब पूँजीलाई साझा सम्पत्ति बनाई दिन्छौं, अर्थात् समाजको सब सदस्यहरूको सम्पत्तिको रूपमा, तापनि त्यसबाट वैयक्तिक सम्पत्तिको नाश हुँदैन, व्यक्तिगत सम्पत्तिले सामाजिक सम्पत्तिको रूप धारण गर्दैन, केवल सम्पत्तिको सामाजिक रूप बदलिन्छ, सम्पत्तिको वर्ग स्वरूप मेटिन्छ ।

अब मोल मजूरी तिर लागौं ।

मजूरी (वा मोल मजूरी) को औसत मूल्य कमभन्दा कम भैसकेको छ । मजदुरलाई औसतरूपले हचुवा (average) केवल त्यतिनै ज्याला मिल्दछ, जति ऊ बाँच्नलाई एकदम जरुरत पर्दछ । अर्थात् त्यति नपाएको खण्डमा मजदुर जिउन सक्दैन । त्यसकारण मजुरी गर्ने मजदुर आफ्नो कडा मेहनतबाट जे प्राप्त (पैदा होइन) गर्दछ, त्यसबाट आफ्नो र जहान, बालबच्चाको गुजारा मुस्किलले चलाउन सक्दछ । (मजदुर बाँच्नै नसक्ने भएको खण्डमा फेरि मजदुर कहाँबाट आउँदछ ?) मजदुरको यस श्रमको यस निजी कमाईलाई खतम गर्ने इरादा (उद्देश्य) हाम्रो हर्गिज (कदापि) होइन । निजी कडा मेहनतको त्यस कमाईलाई, जो मानव जीवन कायम र चालू (reproduction) राख्नको निम्ति अत्यन्त जरुरी छ र जसबाट अर्काको मेहनतलाई किन्दैन, खतम गर्ने इरादा हाम्रो हर्गिज होइन । जुन चीजलाई हामी खतम गरी दिन चाहन्छौं, त्यो हो यस उत्पादन व्यवस्थाको अभागा स्वरूप जसको मुनी मजदुर पूँजी बढाउने साधन सिवाय अरु केही पनि छैन, जसको मुनी उसलाई जीवित रहन त्यहाँसम्म अधिकार छ, जहाँसम्म शासक वर्गलाई उसको (मजदुरको) जरुरत पर्दछ ।

पूँजीवादी समाजमा जीवितश्रम सञ्चित-श्रमलाई (अर्थात् मनुष्य पूँजीको वृद्धि गर्नुमा) बढाउने साधनमात्र हो । कम्युनिस्ट समाजमा सञ्चित श्रम ज्यामीको जीवनलाई सुखी, समृद्ध, व्यापक बनाउने साधन बन्नेछ ।[२८]

यसरी पूँजीवादी समाजमा वर्तमानलाई भूतले शासन गर्दछ (अर्थात् ज्युँदोलाई मरेकोले) । कम्युनिस्ट समाजमा भूतलाई वर्तमानले शासन गर्नेछ । पूँजीवादी समाजमा पूँजी स्वतन्त्र छ । पूँजीको भिन्न व्यक्तित्व पनि छ । तर जीवित मानिस परतन्त्र छ । उसको केही भिन्न व्यक्तित्व छैन । तैपनि पूँजीपतिहरू होहल्ला गर्दछन् कि यस पूँजीवादी व्यवस्थालाई खतम गर्नुको माने मानिसको व्यक्तित्वको ज्यान मार्नु हो, मानिसको स्वतन्त्रता खतम गर्नु हो । यस्तै भन्छन् भने पनि ठिकै हो । किनकी यस पूँजीवादी स्वतन्त्रता (आजादी) लाई एकदम जरैदेखि उखालेर हामी फ्याँकी दिन चाहन्छौं भन्ने कुरामा अलिकता पनि शङ्का छैन ।

मौजुदा पूँजीवादी उत्पादन व्यवस्थामा स्वतन्त्रताको अर्थ हुन्छ– 'स्वतन्त्र व्यापार' र स्वतन्त्र खरीद बिक्री ।

तर यदि खरीद बिक्रीको व्यवस्था खतम भयो भने स्वतन्त्र खरीद बिक्री पनि खतम हुनेछ । हाम्रा पूँजीपतिको स्वतन्त्र ! खरीद बिक्रीको बकवासलाई र स्वतन्त्रताको बारेमा उसको तमाम दिल्ली हाँक्ने कुराहरूलाई, यदि मध्य युगको बाधाहरू, सामन्तको साँधहरू, करहरू, सडकहरू र यातायातका साधनहरूमा कमी आदिको बाधाहरूबाट जकडिएका व्यापारीहरूको मुकाविलामा राखिएको भए त्यसको केही मतलब हुन सक्दथ्यो । किनभने त्यसबेला सो एउटा प्रगतिशील कुरा थियो र समाजको विकासमा सहायता पनि दिन्थ्यो । तर यिनै कुराहरूलाई लिएर खरीद बिक्रीको व्यवस्थालाई खतम गर्ने कम्युनिस्ट योजनाको विरोध गर्दछन्, उत्पादनको पूँजीवादी व्यवस्था र स्वयं पूँजीपति वर्गलाई अन्त्य गर्ने कम्युनिस्टको तर्जुमालाई आलोचना गर्दछन् भने त्यसको केही पनि माने रहँदैन । किनभने यी सब कुराहरू अब समाजविरोधी र समाजको प्रगतिको बाटोको काँडा बनी सकेका छन् ।

'निजी सम्पत्तिलाई खतम गर्न चाहन्छौं' भन्ने हाम्रो कुरा सुनेर तपाईंहरू रिसले आगो हुनुभएको छ । तर के तपाईंहरू मध्य दशमा नौको निजी सम्पत्ति यस मौजुदा

समाजमा कहिले नै खतम भैसकेको छ भन्ने कुरामा तपाईंहरूले कुनै दिन विचार गर्नुभएको छ ? जो थोरै मानिससँग निजी सम्पत्ति छ त्यो तिनै नब्बे प्रतिशतको निजी सम्पत्ति हरण गरेर भएको हो। यस निम्ति हाम्रोविरुद्ध सम्पत्तिको जुन स्वरूपलाई खतम गर्ने कुराको योजनाको अभियोग लगाउनु हुन्छ, त्यसको मतलब यो हो कि समाजको ठूलो भाग (नब्बे प्रतिशत) भोका र नाङ्गा रहनु किनकी त्यत्ति नभैकन त्यस सम्पत्तिको अस्तित्व नै कायम रहँदैन। दश औंलामा गनिन सकिने मानिसहरू चाँही मोजमज्जा गरुन्, गुलछर्रा उडाउन् तर बाँकी मानिस सय ठाउँमा टालेको लगौंटी कसेर दिनमा सय पटक भुँडी मिचिमिची मरुन्।

छोटकरीमा भनौं भने तिम्रो (पूँजीपतिको) हामीमाथि नालिस यही हो कि हामी तिम्रो सम्पत्ति हडप गर्न चाहन्छौं। यो त ठीकै हो। हामी सोही गर्न चाहन्छौं। तिम्रो भनाई यो छ कि श्रम पूँजी वा रुपियाँ लगाउने रूपमा परिवर्तन हुन बन्द भयो भने व्यक्तिको निजी अस्तित्व पनि खतम हुन्छ। अर्थात् त्यसो हुने बितिकै काम एक यस्तो सामाजिक शक्तिको रूपमा हुन बन्द हुन्छ जसमा पूँजीपतिहरूको (अर्थात् तिमीहरूको) एकाधिकार कायम गरिन सकिन्छ र व्यक्तिको निजी अस्तित्व (उसको स्वतन्त्र व्यक्तित्व) पनि खतम हुन्छ। तिम्रो यो पनि भनाई छ कि व्यक्तिगत सम्पत्ति पूँजीवादी सम्पत्तिमा अर्थात् पूँजीमा परिवर्तन हुन जुन दिन बन्द हुन्छ, सोही दिनदेखि मनुष्यको व्यक्तित्व पनि ठण्डा भएर जान्छ !!

तर तिमीहरू यसो किन भन्दैनौ कि पूँजीपति र मध्य वर्गको सम्पत्तिशाली मालिक सिवाय अरु मानिसै होइनन्। (बाँकी सबै चारखुट्टे हुन् !) यदि यही कुरा ठीक हो भने यस्तालाई त अवश्यमेव पनि बाटोबाट उठाएर फ्याँकी दिनु पर्छ, यस्ताको (पराईका रगत चुस्ने शोषकको) जीवनलाई निश्चय नै असम्भव बनाई दिनुपर्दछ।[२९]

सामाजिक वस्तुहरूको उपभोगबाट कम्युनिज्म कसैलाई पनि वञ्चित गर्दैन। पराईको श्रमलाई शोषण गर्ने शक्तिदेखि मानिसहरूलाई कम्युनिज्मले वञ्चित गर्दछ। अर्थात् कसैले कसैलाई शोषण गर्न दिंदैन।

निजी सम्पत्तिलाई खतम गरी दियो भने समाजको सब कामकाज ठप्प हुन्छन् भनी हामीलाई आक्षेप गर्दछ। यो पनि भन्दछन् कि दुनियाँमा आलस्यको रजाई चल्दछ।[३०]

यदि यो कुरा साँचो हो त पूँजीवादी समाजलाई अल्छयाई अथवा सुस्तीले नजाने कहिले नै यमपुरीमा पुऱ्याई दिइसक्ने थियो। किनभने यस पूँजीवादी समाजमा रगत-पसिना चुहाएर कमाई गर्ने मानिसलाई हात लाग्यो शून्य हुन्छ। सारा श्रीसम्पत्ति उनीहरूको हातमा हुन्छ जो हात-खुट्टा चलाउनसम्म पनि बेइज्जत सम्झन्छन्। वास्तवमा तिमो उजुर वा नालिस यो हो कि पूँजी नरहेको खण्डमा मजूरीको व्यवस्था पनि रहँदैन। आपत्ति उठाउनेहरू यो चाहँदैनन् कि मजदुरको मौजुदा गुलामी (कमारागिरी)को अन्त होस् !

भौतिक वस्तुहरूको उत्पादन र उपभोगको प्रणालीका सम्बन्धमा जो आक्षेप कम्युनिस्टहरूमाथि लगाइएको छ सोही आक्षेप त्यसरी नै बौद्धिक रचनाहरूको सृष्टि र उपभोगको सम्बन्धमा पनि कम्युनिस्टहरूमाथि लगाइन्छ।

जसरी वर्ग सम्पत्तिको विनाश पूँजीपतिलाई सम्पूर्ण उत्पादन व्यवस्थाको विनाश जस्तो लाग्दछ, उसरी नै वर्ग संस्कृतिको विनाशको कुरा पनि उसलाई सारा संस्कृतिको विनाशजस्तो लाग्दछ।[३१]

त्यो संस्कृति जसको विनाशको सम्बन्धमा विचरा पूँजीपति रोईकराई गर्दछ सो अधिकांश जनताको निम्ति (समाजका ९०/९५ प्रतिशतको निम्ति) मेशिनझैं भएर काम गर्ने ट्रेनिङ (शिक्षा) सिवाय अरु केही पनि होइन।

पूँजीवादी सम्पत्तिलाई खतम गर्ने हाम्रो यस प्रस्तावको पारख (जाँच) तिमी आफ्नो पूँजीवादी विचारको कसौटीमा गर्दछौ। यस सम्बन्धमा हामीसँग उल्झनुमा केही फाइदा छैन, किनभने तिम्रो विचार खुद पूँजीवादी उत्पादन पद्धति र पूँजीवादी सम्पत्ति व्यवस्थाबाट उत्पन्न भएको छ। तिम्रा दण्ड विधान तिम्रै वर्गको इच्छामा आधारित छन्। आफ्नो वर्गको इच्छाबमोजिम ऐन-कानुन बनाएर सारा समाजमाथि लादिदिएका छौ। तिम्रो जीवनको निम्ति आवश्यक आर्थिक परिस्थितिबाट तिम्रो इच्छाको वास्तविकरूप र दिशा निर्धारित हुन्छ।

जुन स्वार्थपूर्ण भ्रमको वशीभूत भएर आफ्नो मौजुदा उत्पादन पद्धति र सम्पत्ति व्यवस्थाबाट उब्जेको सामाजिक सम्बन्धहरूलाई तिमी प्रकृति र ज्ञानको सनातनको नियमहरूको मुकुण्डो लगाई दिन्छौ। सो खालि तिम्रै वर्गको मात्र विशेषता होइन। तिमीभन्दा पहिलेका शासक वर्गहरू पनि यसै भ्रमका शिकार थिए। वास्तवमा तमाम सामाजिक सम्बन्धहरू ऐतिहासिक हुन्। उत्पादनको तरिकामा परिवर्तन हुनाको साथसाथै समाजमा पनि परिवर्तन हुन्छ। प्राचीन (पौराणिक) युगको सम्पत्ति व्यवस्थाको सम्बन्धमा यी परिवर्तनहरूको कुरा तिमी मान्दछौ। फेरि सामन्त युगको सामाजिक सम्बन्धहरूको कुरा पनि मान्दछौ। तर आज तिम्रो शासनकालको कुरा आउँदा यस पूँजीवादी समाजको सम्बन्धहरूलाई सनातन र चिरायु सावित गर्ने कोसिस तिमी गर्दछौ।

हामीहरूमाथि अर्को अभियोग, कम्युनिस्टहरू पारिवारिक सम्बन्धलाई मिटाई दिन चाहन्छन्। पारिवारिक

सम्बन्धको विनाश ! कम्युनिस्टहरूको यस कुत्सित प्रस्ताव सुनेर त कट्टर से कट्टर उग्रवादी पनि कन्सिरी तताउँदछन् ।

मौजुदा कुटुम्बको अर्थात् पूँजीवादी कुटुम्बको आधार के हो ? पूँजी, निजी मुनाफा यही नै पूँजीवादी कुटुम्बको जग हो । फेरि पूँजीपतिहरूलाई छोडेर यस्तो कुटुम्ब अरु कुनै वर्गमा हुन सक्दछ ? पूँजीपतिहरूको कुटुम्बका मूल्य सारा समाजले चुक्ता गर्नुपर्दछ । मजदुर वर्गको माझमा कुटुम्ब जस्तो चीजको नाम निशान पनि छैन र वेश्यावृतिको बजार चढ्दो छ ।

पूँजीवादी कुटुम्बको यी दुवै अभिशापहरू मेटिए भने पूँजीवादी कुटुम्ब पनि मेटिनेछ । यो तैले हुनेछ, जैले पूँजीको अन्त हुनेछ ।

यदि तिमी हामीदेखि यस कुरामा रिसाएको भए कि हामी केटाकेटीहरूलाई उनीहरूको आमाबाबुको शोषणबाट मुक्त गर्न चाहन्छौं, त्यसको निम्ति हामी लाचार छौं । हामी आफ्नो अपराध स्वीकार गर्दछौं ।

तिमी भन्दछौ कि हामी घरेलु शिक्षा व्यवस्थाको ठाउँमा सामाजिक शिक्षा कायम गर्न चाहन्छौं । यसबाट हामी जीवनको एक अत्यन्त पवित्र सम्बन्धलाई नष्ट गरी दिन्छौं ।

उसोभए तिम्रो शिक्षा के हो ? त्यो सामाजिक होइन ? त्यसको रूप तिम्रो समाजको परिस्थितिहरूद्वारा निर्धारित हुँदैन ? आफ्नो स्कूलादिद्वारा प्रत्यक्ष वा अप्रत्यक्षरूपले के तिमी त्यसको नियन्त्रण गर्दैनौ ?

समाजमा सामाजिक परिस्थितिहरूद्वारा शिक्षा सञ्चालनको प्रथा कम्युनिस्टको आविष्कार होइन । कम्युनिस्ट त केवल यस सञ्चालन, हस्तक्षेप र नियन्त्रणको रूपलाई बद्लेर शिक्षालाई शासक वर्गको प्रभावबाट मुक्त गरी दिन चाहन्छन् । कुटुम्ब र शिक्षा आमाबाबु र केटाकेटीको पवित्र सम्बन्ध आदिआदिको पूँजीवादी शब्दजाल आधुनिक उद्योगधन्दाको विकासले गर्दा झन् विभक्त र अरुचिकर भएर जान्छन् । आधुनिक धन्दाको विकासले गर्दा मजदुरहरूको सारा कौटुम्बिक सम्बन्ध नष्ट भएर जान्छन् र उनीहरूका बालबच्चाहरू खरीद बिक्री व्यापारको वस्तुहरू र श्रमको साधारण हतियार बन्दछन् ।

सारा पूँजीपति वर्ग एक ज्यु भएर घोक्रो फुलाई फलाक्दछन्, तिमी कम्युनिस्टहरू त आइमाईहरूलाई सामाजिक (अर्थात् सबैको) सम्पत्ति बनाउँदछौ ।

आफ्नी बुढीलाई पूँजीपति उत्पादनको एक साधन सिवाय अरु केही पनि ठान्दैन । उसले सुनी राखेको छ कि कम्युनिस्ट समाजमा उत्पादनका साधनहरू सामूहिक रूपबाट उपभोग गरिन्छन् । यसै निम्ति ऊ सम्झन्छ कि कम्युनिस्ट समाजमा आईमाईहरू पनि सामूहिक सम्पत्ति हुन्छन् । यसबाहेक बढ्ता कुरा सोच्नै के सक्दछ र ?

उसले सपनामा पनि विचार गर्न सक्दैन कि हाम्रो मुख्य उद्देश्य आईमाईहरूको वर्तमान अवस्थालाई जसमा उनीहरूलाई केवल उत्पादनको साधनमात्र सम्झिएको छ, खतम गरी दिने र उनीहरूलाई वास्तविक मानव अधिकार दिने हो ।

कम्युनिस्ट आईमाईहरूलाई खुलमखुल्ला कानूनीरूपले अर्थात् बलजफ्तीले सामूहिक सम्पत्ति बनाई दिन चाहन्छ भनेर हाम्रा पूँजीपतिहरू आफूचाँहीं अत्यन्त सदाचारी जस्तो बनेर खुब राग अलाप्दछन् । तर वास्तवमा उनीहरूको यो देखौवा अलाप भन्दा अरु हाँसो उठ्ने कुरा के हुन सक्दछ ! आईमाईहरूलाई सामूहिक सम्पत्ति बनाउन कम्युनिस्टहरूलाई कुनै खाँचो छैन । आईमाईहरू त सनातनकाल देखिनै समाजको सामूहिक सम्पत्ति भएर आएका छन् । कम्युनिस्ट त केवल उनीहरूको बन्धनलाई तोडेर यस दुरदशाबाट माथि उठाउन चाहन्छ ।

हाम्रा यी पूँजीपतिहरू, आफ्ना अधीनका मजदुरहरूको चेलबेटी र बुहारीहरूको सतित्व नष्ट गरेर पनि, अघाउँदैनन् । रण्डी बाजीबाट पनि उनीहरू कहिल्यै पनि अघाउँदैनन् । यस निम्ति एकले अर्कोको स्वास्नी उडाउनमा उनीहरूलाई विशेष आनन्द प्राप्त हुन्छ ।

यसकारण पूँजीवादी विवाह वास्तवमा सम्मिलित स्वास्नीहरूको (सार्वजनिक पत्नीहरूको) नै प्रथा हो । फेरि कम्युनिस्टको विरुद्ध हदमा पनि बढ्ता यो अपराध लगाउन सक्दछन्, कि सार्वजनिक पत्नित्वको मौजुदा ढोङ्गपूर्ण र गुप्त प्रथालाई कम्युनिस्ट खुला र कानुनी रूप दिन चाहन्छ ! वास्तवमा, जस्तो स्वयं सिद्ध छ, उत्पादनको वर्तमान पूँजीवादी तरिका खतम हुनाको साथसाथै त्यस तरिकाबाट पैदा हुने आईमाईहरूको सार्वजिक पत्नीत्वको स्थिति पनि खतम हुन्छ । अर्थात् खुला गुप्त र हरतरहको वेश्यावृतिको नै अन्त्य हुन्छ ।

अर्को अभियोग कम्युनिस्टमाथि यो लगाइन्छ कि कम्युनिस्ट देशहरूलाई र जातिहरूलाई मेटाइदिन चाहन्छ ।

खास कुरा त यो हो कि ज्यामी (श्रमजीवी) हरूको कुनै देश छैन ।[३३] जो छँदैछैन, त्यसलाई कसले खोस्न सक्दछ ? तर त्यसो भएता पनि मजदुर वर्ग एक मानेमा राष्ट्रवादी हो । आफ्नो देशमा उसलाई आफ्नो हुकुमत कायम गर्नुछ । उसलाई आफ्नो देशको शासक वर्ग बन्नुछ । आफ्नै राष्ट्र बनाउनु उसको उद्देश्य हो । यस मानेमा ऊ अवश्यनै राष्ट्रवादी हो जोकी छर्लङ्ग छ । यो राष्ट्रियता पूँजीवादी राष्ट्रियताबाट

फरक छ।

पूँजीपति वर्गको ज्यूं ज्यूं विकास हुँदै जान्छ मुक्त बजारको (Free Trade) जसै जसै उन्नति हुँदै जान्छ, त्यसै त्यसै जनताको राष्ट्रिय मतभेद र आपसी झगडाहरू पनि कम हुँदै जान्छन्।

मजदुर वर्गको शासन कायम भए पछि यी झगडा र मतभेदहरू चाँडै चाँडै कम भएर जान्छन्। मजदुर वर्गको उद्धारको निम्ति जरुरी छ कि (यदि सबैले नभएता पनि) कमसेकम खास खास उन्नत देशहरूले त यसमा मिलेर कदम बढाउनु पर्दछ।

जसै मानिसले मानिसलाई शोषण गर्ने चलन खतम होला तसै एक देशद्वारा अर्को देशको हुने शोषण पनि मेटिंदै जान्छ। एक राष्ट्रमा वर्गहरूको आपसी विरोध जसै-जसै खतम हुँदै जान्छ तसै-तसै राष्ट्रहरूको आपसी वैरभाव पनि मेटिंदै जान्छ।

कम्युनिज्मको विरुद्ध धर्म, दर्शन या अन्य कुनै सिद्धान्तको नाममा जो अभियोग लगाइन्छन्, उनीहरू यसको निम्ति लायक छैनन् कि ती विषयहरूमा गम्भीरताका साथ उनीहरू विचार गरुन्।

के यो सम्झनुको निम्ति कसैलाई अरस्तु वा सुकरात हुनुको जरुरी छ कि मनुष्यको जीवनको भौतिक परिस्थितिहरूको साथसाथै उसको सामाजिक सम्बन्धहरू र सामाजिक जीवनको साथसाथै उसको विचार, उसको दृष्टिकोण (विचार), उसको कल्पनाहरू अर्थात् उसको चेतना पनि बदलिदैं जान्छन् ?[३४]

मानवीय विचारहरूको पुरा इतिहासले यस बाहेक अरु के सिद्ध गर्दछ कि भौतिक उत्पादनको रूपमा परिवर्तन हुनाको साथसाथै त्यसै मात्रामा मनुष्यको बौद्धिक (दिमागको) उत्पादनको रूपमा पनि परिवर्तन हुन्छ ? शासक वर्गको विचार नै हरेक युगको प्रचलित विचार हुन्छ।

जब मानिसहरू समाजमा उथलपुथल (क्रान्ति) मचाउने विचारहरूको कुरा गर्दछन् तब त्यसको मतलब खालि यो हुन्छ कि पुरानो समाजको गर्भमा नयाँ समाजको विऊ छरियो, जीवनको पुरानो परिस्थितिहरूको साथसाथै पुरानो विचारहरूको पनि नाश भैसक्यो।

प्राचीन दुनियाँ (अर्थात् युनानी र रोमनको समाज व्यवस्था) जुनबेला आफ्नो अन्तिम श्वास फेरिरहेको थियो, त्यसबेला प्राचीन धर्मलाई पनि इसाई धर्मले जितीरहेको थियो। अठारौं शताब्दीमा बुद्धिवादी विचारहरूको अगाडि इसाई धर्मको विचार जब लोप हुँदै थियो तब त्यसबेलाको क्रान्तिकारी पूँजीपति वर्गसँग मुठभेद गर्ने सामन्तवादी समाज पनि आफ्नो अन्तिम सास फेरिरहेको थियो। आत्मिक स्वतन्त्रताको कुराले ज्ञानको क्षेत्रमा केवल यो कुरा प्रकट गरिरहेको थियो कि समाजमा मुक्त प्रतियोगिताको राज कायम भइसकेको छ।

यस्तो भनिन्छ,'यो ठीक हो कि ऐतिहासिक विकासको क्रममा धार्मिक, नैतिक, दार्शनिक र कानुनसम्बन्धी विचार पनि बद्लिंदै आएका छन्। तर धर्म, नैतिकता, दर्शन र राजविज्ञान र कानुन सब कायमै छन्।'

'यसबाहेक पनि स्वतन्त्रता, न्याय आदि चिरन्तन सनातन सत्य छन् जुन हरेक समाज व्यवस्थामा पनि रहन्छन्। एक नयाँ आधारमा प्रतिष्ठित गर्नुको सट्टा ती सबैलाई खतमै गर्न कम्युनिज्म चाहन्छ। कम्युनिज्म तमाम धर्मलाई मेटाई दिन चाहन्छ, तमाम नैतिकताको अन्त्य गरिदिन चाहन्छ। कम्युनिज्म त सम्पूर्ण ऐतिहासिक परम्परालाई नै नष्ट गरिदिन चाहन्छ।'

यी आक्षेपका वास्तविक मतलब के हुन् ? बितेका सबै पुराना समाजहरूको इतिहास वर्ग सङ्घर्षको इतिहास हो। वर्ग विरोधले विभिन्न युगहरूमा विभिन्न रूपहरू धारण गरेका छन्। तर त्यसको (वर्ग विरोधको) रूप जुन बेलामा जस्तो भएको हो एक कुरा बराबर जस्ताको तस्तै रहिरह्यो- समाजको एक भागले अर्को भागलाई जहिले पनि शोषण गरिनै रह्यो। यसकारण यसमा केही पनि आश्चर्य छैन कि बितेका तमाम युगहरूमा विभिन्नता र विविधता हुँदाहुँदै पनि केही विचार स्थिरै रहे र मानिसको सामाजिक चेतना एक विशेष दिशातिर नै बहिरहे। यी विचारहरू त वास्तवमा त्यसै बखत मेटिनेछन्, जब वर्ग विरोध फेदैदेखि फ्याँकिने छ।

कम्युनिस्ट क्रान्ति समाजको परम्परागत साम्पत्तिक सम्बन्धको निम्ति सबभन्दा ठूलो बज्रपात हो। फेरि, यदि त्यसको कारणले (कम्युनिस्ट क्रान्तिले) गर्दा समाजको परम्परागत विचारहरूमा जबरजस्त प्रहार पर्दछ र सर्वथा मौलिक विचारहरूको उदय हुन्छन् भने, त्यसमा आश्चर्य नै के ?

लौ अब त, यो पूँजीपतिका कम्युनिज्म उपरको नालिसको कथा धेरै लामो भयो, यसलाई यही खतम गरौं।

जनवादी लडाइँमा विजय गर्नुको निम्ति मजदुर वर्गको राज कायम गर्नु नै मजदुर क्रान्तिको पहिलो खुड्किलो हो भन्ने कुरा हामीले माथि देख्यौं।

आफ्नो हुकूमतको प्रयोग गरी पूँजीपति वर्गको हातबाट सारा श्रीसम्पत्ति मजदुर वर्गले विस्तारै खोसेर लिन्छ। उत्पादनको तमाम साधनहरूलाई राष्ट्रको अर्थात् शासक वर्गको रूपमा संगठित भएको मजदुर वर्गको हातमा सुम्पी दिन्छ। अनि उत्पादनको शक्तिहरूलाई एकदम तीव्र गतिले उसले

बढाउनेछ ।

यो सजिलैसँग हुँदैन भन्नमा कुनै सन्देह छैन । पूँजीपति वर्गको साम्पत्तिक अधिकारहरू र पूँजीवादी उत्पादनको पद्धतिमा मजदुर वर्गले हमला गर्नु पर्दछ ।[३५] शुरुमा यो काम अनुचित जस्तो पनि लाग्नेछ । फेरि यसले आर्थिक दृष्टिबाट हानी पनि पुऱ्याउँदछ । तर विस्तारै-विस्तारै मजदुरहरूको रेखदेखमा उत्पादन बढ्न थाल्दछ र पहिलेको भन्दा बढ्ता उत्पादन हुन्छ । पुरानो (अर्थात् पूँजीवादी) समाज व्यवस्थामा फेरि अरु हमला गर्नुपर्दछ । अनि स्पष्ट हुनेछ कि उत्पादनको पद्धतिमा (तरिकामा) आमुल परिवर्तन गर्नुको निम्ति सो पाइला सार्नु बिलकुल जरुरी थियो ।

निश्चय नै बेग्ला-बेग्लै देशमा यो पाइला अलग-अलग किसिमले चालिनेछ ।

त्यसो भएता पनि तल दिइएका कार्यक्रमहरू सबै विकसित देशहरूमा साधारण तवरले लागू गर्न सकिन्छ-

क) जमीनलाई अर्थात् जमीनदारी प्रथालाई खतम गर्ने र मालपोतको उपयोग सार्वजनिक कार्यमा लगाउने ।

ख) आय कर (इनकम टैक्स) को दर आम्दानी हेरेर बढाउने अर्थात् जसको जति बढ्ता आम्दानी हुन्छ ऊसँग त्यही मात्रामा बढ्ता कर लिने ।

ग) उत्तराधिकारीको प्रथालाई एकदम खतम गरिदिने ।

घ) भगुवा (क्रान्तिको समयमा देश छोडी भाग्नेहरू) र द्रोहीहरूको सारा श्रीसम्पत्ति जफत गर्ने ।

ङ) राष्ट्रिय ब्याङ्क खोलेर लेनदेनको तमाम कारोबारलाई राज्यले आफ्नो हातमा लिने । रूपैयाँ पैसाको लेनदेनको अधिकार केवल राज्यलाई मात्र दिने ।

च) तार, डाँक र यातायातका सबै साधनहरूमा राज्यको पुरा अधिकार कायम गर्ने ।

छ) एउटा व्यापक योजना बनाएर देशभरको उद्योगधन्दा र उत्पादनको साधन बढाउने । पर्ती जमीनलाई खेतीको लायक बनाउने । मलजल आदि सब कुराले जमीनलाई एकनम्बरको अवल बनाउनमा कोसिस गर्ने ।

ज) समाजको प्रत्येक सदस्यलाई अर्थात् सबै मानिसलाई काम गर्नको निम्ति कर (बाध्य) लगाउने । उद्योगधन्दा चलाउनको निम्ति र खास तवरले खेतीपातीको कामको निम्ति मानिसलाई राम्ररी ट्रेनिङ (शिक्षा) दिने, संगठित गर्ने ।

झ) खेतीपातीको कार्यलाई उद्योगधन्दाको कार्यको साथ सम्बन्ध स्थापित गराउने । देशको आम्दानी शहर र गाउँमा एकनासले बाँड्ने र शहर गाउँको भेदलाई खतम गरी दिने ।

ञ) सार्वजनिक पाठशाला र जनस्कूलहरूमा सबै केटाकेटीहरूको निम्ति विना फीस शिक्षाको बन्दोबस्त गर्ने । केटाकेटीहरूलाई कलकारखानामा काम गराउने वर्तमान व्यवस्थालाई खतम गर्ने । शिक्षालाई औद्योगिक उत्पादनसँग गाभी दिने अर्थात् खालि किताबी पढाईलाई बन्द गर्ने ।

यस विकासको क्रममा जब वर्ग भेद खतम हुन्छ, समाजको सारा उत्पादन एउटा देशव्यापी सङ्घको रेखदेखमा चल्न थाल्दछ, तब सार्वजनिक शक्ति (जनशक्ति) को राजनीतिक स्वरूप पनि मेटिन्छ । एक वर्गद्वारा अर्को वर्गलाई दबाउने संगठित शक्तिको नामै राजनीतिक शक्ति हो । त्यसको नामैबाट पनि स्पष्ट हुन्छ । पूँजीपति वर्गको विरोध आफ्नो लडाइँमा, परिस्थितिहरूबाट बाध्य भएर, मजदुरले आफूलाई वर्गको रूपमा संगठित गर्दछ भने, क्रान्तिद्वारा आफूलाई शासक वर्ग बनाई उत्पादनको पुरानो परिस्थितिहरूलाई बलपूर्वक खतम गरिदिन्छ भने यो पनि छर्लङ्ग छ कि ती परिस्थितिहरू खतम हुनाको साथसाथै वर्ग विरोधको अस्तित्वको निम्ति आवश्यक परिस्थितिहरू र स्वयं आफ्नो वर्गको अधिनायकत्वलाई पनि खतम गर्नेछ । यसरी मजदुरको वर्ग शासनले मजदुरको वर्ग हुकूमलाई पनि खतम गरिदिन्छ । वर्गहरू र वर्ग विरोधहरूले युक्त भएको पुरानो पूँजीवादी समाजको ठाउँमा एउटा नयाँ स्वतन्त्र मानव सङ्घको जग बस्दछ । यस सङ्घमा प्रत्येक व्यक्तिको पुरा विकासको आधारै पूर्ण समाजको विकासको आधार हुन्छ ।[३६]

## ३) सोशलिस्ट र कम्युनिस्ट साहित्य

### क) प्रतिक्रियावादी सोशलिज्म

#### अ) सामन्तवादी सोशलिज्म

फ्रान्स र बिलायतका अमिर उमराहरू (सामन्तहरू) को ऐतिहासिक परिस्थिति यस्तो थियो कि आधुनिक पूँजीवादी समाज व्यवस्थाको विरुद्ध पर्चा र पुस्तक-पुस्तिकाहरू निकाल्नु एक किसिमले उनीहरूको पेशा नै भैसकेको थियो । भर्खर जन्मेको पूँजीपति वर्गलाई उनीहरू घृणाको दृष्टिले हेर्दथे । तर जुलाई १८३० को फ्रान्सीसी क्रान्ति र बिलायतको सुधार आन्दोलनको❍ सफलताले गर्दा अमीर उमराहरूको शक्ति क्षीण भैसकेको थियो । त्यसपछि नवजात पूँजीपति वर्ग र अमीर उमराको बीच कुनै तीव्र राजनीतिक सङ्घर्षको सवालै उठेन । अमीर उमरा त पूँजीपतिसँग केवल साहित्यिक वा

❍ बिलायतमा सुधार बिल १८३२ मा पास भएको थियो । यस बिलले गर्दा राजनीतिक शक्ति पूँजीपति वर्गको हातमा गयो । यसले गर्दा सामन्त र अमीर-उमराहरूको शक्तिमा ठूलो धक्का लाग्यो । -सम्पादक

अखबारी युद्धमात्र लड्न सक्दथ्यो । तर रेस्टोरेशन✸कालको पुराना नाराहरू साहित्य क्षेत्रमा पनि बेकार भैसकेका थिए ।

जनताको सहानुभूति लिनको निम्ति पूँजीपति वर्गको विरुद्ध लडाइँमा आफ्नो हित लुकाएर खालि शोषित मजदुर वर्गको हितको आवाज बुलन्द गर्नु अमीर उमरालाई करै लागेको थियो । आफ्नो नयाँ मालिक (पूँजीपति शासक) सँग बदला लिनको निम्ति यही एउटा बाटो थियो । पूँजीपतिहरूलाई आक्षेप गरी अमीर उमराहरू व्यङ्ग्य काव्यहरू लेख्दथे । पूँजीपतिहरूको तीव्र आलोचना गर्दथे । आउने सर्वनाशको अशुभ सूचनाहरू सुनाएर पूँजीपतिहरूमा घबराहट पैदा गराई दिन्थे ।

सामन्तवादी सोशलिज्मको उत्पत्तिको कथा यही हो । केही रोईकराई गर्नु, केही व्यङ्ग्य र कटु आलोचना गर्नु, बितेका कुराको याद दिलाउनु र भविष्यको डर देखाउनु सामन्तवादी सोशलिज्मको तत्व थियो । कहिलेकाहीं यी सामन्तहरू आफ्नो कर्तुत र तीक्ष्ण आलोचनाद्वारा पूँजीपतिहरूको मर्मस्थलमा ठूलो आघात पुऱ्याउन पनि सफल हुन्थे । तर त्यसको (आलोचनादिको) असर जैले पनि मूर्खतापूर्ण हुन्थ्यो । किनभने आधुनिक इतिहासको प्रगतिलाई उनीहरू बुझ्न सक्दैनथे ।

जनतालाई आफ्नो पक्षतिर तान्नको निम्ति यी अमीर उमराहरूले मजदुर-मकुण्डो लगाएका थिए । भिक्षुहरूको फाटेको गेरुआ लुगा नै उनीहरूको झण्डा थियो । तर जतिपल्ट जनताले उनीहरूको साथ दिए, उति नै पल्ट जनताले त्यो झण्डा धोकाको झण्डा हो भन्ने थाहा पाए । त्यो झण्डाको मुनि अमीर उमराहरूले आफ्नो पहिलेको सामन्तवादी लुगा लगाएका थिए । वास्तविक कुरा थाहा पाएपछि जनताले अमीर उमरालाई तिरस्कार गरे, ठट्टामा उडाए, आखिर लात मारेर अगाडि बढे ।

फ्रांसीसी लेजिटिमेटस[३७] (सामन्तवादीहरू) र 'नौजवान बिलायत'[३८] (बिलायतका टोडी सामन्तहरू) को एक हिस्साले पनि यही दृश्य देखाएका थिए । यस्तो डींग हाँकी रहेको बेलामा पनि उनीहरूले जनतालाई जुन तरिकाले शोषण गर्दथे सो तरिका पूँजीपति वर्गको शोषणको तरिकादेखि भिन्न थियो । यो सामन्तवादी सज्जनहरूले यो बिर्सी सकेका थिए कि जुन वातावरण र परिस्थितिहरूमा उनीहरू शोषण गर्थे सो पनि बिल्कुल फरक र अझ पुरानो भइसकेको छ ।

✸सत्रौं शताब्दीको (१६६०-८९ सम्म) बिलायतको रेस्टोरेशन (राजाको पुन:स्थापना) को आन्दोलनको समय होइन । फ्रांसीसी इतिहासको १८१४-३० सम्मको रेस्टोरेशन काल हो । - सम्पादक

आफ्नो शासनकालमा मजदुर वर्ग थिएन भन्ने कुरा सम्झाउँदा उनीहरू यो कुरा बिर्सन्छन् कि पूँजीवादी सामाजिक व्यवस्था सामन्तवादी समाजको नै अनिवार्य उपज (तथा सन्तान) हो ।

अरु बाँकी त, आफ्नो आलोचनाको प्रतिक्रियावादी रूपलाई झल्काउने ज्यादै कम कोसिस गर्दछन् । पूँजीपति वर्गको विरुद्ध उनीहरूको सबभन्दा ठूलो अभियोग यो हुन्छ कि पूँजीवादी शासनकालमा एक यस्तो वर्ग जन्मदो छ जसले पुरानो समाज व्यवस्थालाई जरैदेखि उखालेर फ्याँकी दिनेछ अर्थात् शोषणको सम्पूर्ण आधारलाई नै मेटाई दिनेछ ।

पूँजीपति वर्गमाथि यस्तो बिघ्न उनीहरूको रिस यस निम्ति होइन कि ऊ मजदुर वर्गलाई पैदा गरी रहेको छ । वास्तवमा रिस यस निम्ति उठेको हो कि पूँजीपति वर्ग एक क्रान्तिकारी मजदुर वर्गलाई जन्माउँदैछ जसले शोषणको सारा साधनहरूलाई खतम गर्दछ । यसकारण जहाँसम्म व्यवहारिक राजनीतिको सम्बन्ध छ, मजदुर वर्गको विरुद्ध बनाइने दमनकारी कानुनहरू बनाउँदा उनीहरू (सामन्तहरू) पूँजीपति वर्गलाई सोर्‍है आना साथ दिन्छन् । फेरि दिनहुँको व्यवहारिक जीवनमा सिद्धान्त र सभ्यताको ठूलठूला कुरा हाँक्दाहाँक्दै पनि उद्योगधन्दाहरूका कल्पवृक्षबाट झरेका सूनका फल टिप्न र सधैं ऊन, चिनी र रक्सीको व्यापारमा सत्य, प्रेम र इज्जत बचाउनलाई तयार भइरहन्छन् ।[३९]

पुरोहितहरू (पादरीहरू) र सामन्तहरूको बीचमा जस्तो गठबन्धन छ, उस्तै पुरोहिती सोशलिज्म र सामन्तवादी सोशलिज्मको सम्बन्ध पनि अटूट छ ।

इसाईहरूको वैराग्य भावनाहरूलाई सोशलिस्ट खोल लगाई दिनुभन्दा सजिलो काम अरु के हुन सक्दछ ? के इसाई धर्मले निजी सम्पत्ति, विवाह र राज्यको विरुद्ध नियम बनाएको छैन ? यी अपवित्र कुराहरूको स्थानमा के इसाई धर्मले सादा जीवन गुजार्न, ब्रम्हचर्य शक्ति-तप, मठ-निवास र गिर्जाघरहरूलाई समर्थन गरेन ? इसाईवादी सोशलिज्म[४०] त्यो चोखो पानी हो जसको छिटा छर्केर पुरोहितहरू (पादरीहरू) अमीर-उमराहरूको जलेको हृदयलाई शान्ति दिन्छन् ।

### आ) मध्य वर्गीय सोशलिज्म

पूँजीपति वर्गले केवल सामन्तवादी अमीर-उमरा वर्गको मात्र टाट उल्टाई दिएको होइन । आधुनिक पूँजीवादी समाजको वातावरणले खालि सामन्तवादी अमीर-उमरा वर्गको जीवनको परिस्थितिहरूलाई मात्र परिवर्तन गरेको होइन । मध्य युगको व्यापारी नागरिक र आफ्नै हातले खेती गर्ने आफ्नै हातले खेती गर्ने सानातिना जमिनदारहरू आधुनिक पूँजीपति वर्गका पुर्खा थिए । उद्योगधन्दा र व्यापारमा पछौटे

देशहरूमा उदाउँदो पूँजीपति वर्गको साथ यी दुवै वर्गहरू घस्रँदै–पस्रँदै गैरहेका छन्। अब कुरा रह्यो, ती देशहरूको जहाँ आधुनिक (पूँजीवादी) सभ्यताको पूरा विकास भैसकेको छ र मजदुर वर्ग र पूँजीपति वर्गको बीचमा एउटा नयाँ मध्य वर्ग (पूँजीपति वर्गबाट खस्केका) आई देखापरेको छ। यो वर्ग मजदुर र पूँजीपति वर्गको बीचमा घडीको लङ्गुर जस्ता भैरहन्छ। पूँजीपति वर्गको एक अङ्गको रूपमा यस वर्गले जीवनदान पाउँदै रहन्छ। प्रतियोगिताको जाँतोले यस वर्गलाई पिँधी दिन्छ र यसको विभिन्न सदस्यहरूमा फूट फाटो भएर मजदुरहरूको वर्गमा पुग्न जान्छ। आधुनिक उद्योगधन्दाहरूको जसै–जसै विकास हुन्छ, तसै–तसै यी मध्य वर्गका सदस्यहरूले उनीहरूको स्वतन्त्र अस्तित्व समाजबाट खतम हुन लागेको आउँदो समयलाई पनि देख्दछन्। साथ साथै उनीहरू यो चाल पाउँदछन् कि कलकारखाना तथा खेती–किसानी र व्यापारको क्षेत्रमा उनीहरूको स्थान ओवरसियर, सानासाना अफिसर तथा गुमस्ता आदिले लिन्छन्।

फ्रान्सजस्तो देशको आवादी (जनसङ्ख्या) मा आधाभन्दा बढ्ता किसानहरू छन्। यसकारण यो स्वाभाविकै थियो कि त्यहाँका लेखकहरूले मजदुरहरूको तर्फबाट पूँजीपति वर्गको काम कारबाहीहरूको आलोचना शुरु गर्दा उनीहरूको दृष्टिकोण किसान र मध्य वर्गका मानिसहरूको थियो। यी लेखकहरूले मजदुर वर्गको प्रतिवाद यिनै मझौला वर्गहरू (किसान र मध्य वर्ग) को दृष्टिकोण (विचार) ले गरे। मध्य वर्गीय सोशलिज्मको जग यसरी नै परेको हो। फ्रान्समा यस मत वा दृष्टिकोणका नेता सिसंमान्दि[४१] थिए।

सोशलिज्मको यस मतलाई मान्नेहरू अर्थात् मध्य वर्गीय सोशलिस्टहरूले आधुनिक उत्पादन व्यवस्थाको अन्तरविरोधीहरूको एकदम गहिरो विश्लेषण गरे। पूँजीवादी अर्थशास्त्रीहरूको ढकोसलाहरू (आडम्बर) को पर्दालाई खोलेर देखाई दिए। पूँजीवादीहरूको सिद्धान्तहरूको नग्न रूप र खोस्टेपनालाई जनताको सामने राखी दिए। मेशिनहरूको उपयोग र श्रम विभाजनको घातक परिणामहरूको उनीहरूले स्पष्टीकरण गरी दिए। अकाट्य तवरले उनीहरूले सावित गरी दिए कि पछि गएर सारा पूँजी र जमिन मुठ्ठीभर मानिसहरूको हातमा जम्मा हुन जान्छन्; आवश्यकताभन्दा बढ्ता उत्पादन हुने कारणले गर्दा बराबर आर्थिक सङ्कट परी आउँछ; मध्य वर्गीय मानिस र किसानहरूको विनाश हुनेछ; मजदुर वर्गको हालत झन्–झन् खराब हुँदै जानेछ; एकले अर्कोलाई खतम गर्नको निम्ति देशहरूको आपस्तमा औद्योगिक युद्ध हुन्छ; पुरानो नैतिक बन्धन र पुरानो कौटुम्बिक सम्बन्धहरू सब स्वाहा हुन्छन्; अनि पुराना जातिहरू पनि लोप भएर जान्छन्।

तर यस मध्य वर्गीय सोशलिज्मको मुख्य उद्देश्य उत्पादन र विनिमयको प्राचीन साधनहरूको पुनः प्रतिष्ठा गर्ने र पुरानो साम्पत्तिक सम्बन्ध र समाजलाई फेरि फर्काउने हो। सो हुन सकेन भने उत्पादन र विनिमयको आधुनिक साधनहरूलाई नै पुरानो साम्पत्तिक सम्बन्धहरूको ठासामा ढाल्न यी सोशलिस्टहरू चाहन्थे, जसलाई तोडेर उनीहरू (पूँजीवादी उत्पादन र विनिमयको साधनहरू–अनु.पुष्प) बाहिर आएका थिए र त्यसो हुनु पनि अनिवार्य थियो। दुवै हालतमा यस सोशलिज्मको रूप प्रतिक्रियावादी र कल्पनावादी थियो।

त्यस सोशलिज्मको अन्तिम नारा यो थियो– 'उद्योगधन्दाहरू चलाउनको निम्ति मध्य युगको कार्पोरेट सङ्घ बनाऊ। खेतीमा पितृसत्ताको सम्बन्ध स्थापित गर।'[४२]

आखिरमा जब निर्मम ऐतिहासिक तथ्यहरूको चोटबाट आत्म प्रतारणको मादक प्रभाव नष्ट भयो तब सोशलिज्मको यो रूप पनि आफ्नो अभागी जालमा फँसेर खतम भयो।

### इ) जर्मनी वा 'सच्चा' सोशलिज्म

फ्रान्सको सोशलिस्ट वा कम्युनिस्ट साहित्य पूँजीपति वर्गको सत्ताको विरुद्ध सङ्घर्ष हुँदा पैदा भएको थियो। यसको रचना हुनुभन्दा पहिले पूँजीपति वर्गले सामन्तवादलाई पछारेर, फ्रान्समा आफ्नो शासनसत्ता कायम गरी सकेको थियो। तर यो साहित्यको उदय जर्मनीमा त्यसबेला भयो जब निरङ्कुश सामन्त वर्गको विरुद्ध त्यहाँका पूँजीपति वर्गले लडाइँको श्रीगणेश गरे।

जर्मनीका दार्शनिकहरू, भावी दार्शनिकहरू र साहित्यिकहरू सबैले त्यस साहित्यलाई आतुरताको साथ अपनाए। उनीहरूले बिर्सिसकेका थिए कि जर्मनीको सामाजिक परिस्थितिहरू फ्रान्सको सामाजिक परिस्थितिबाट भिन्न थिए। यी सामाजिक परिस्थितिहरूलाई पनि खुद जर्मनले उत्पन्न गरेको होइन। जर्मनीको परिस्थितिहरूमा फ्रान्सको सोशलिस्ट र कम्युनिस्ट साहित्यहरूको व्यवहारिक महत्त्व बिलकुलै खतम हुँदै गइरहेको थियो, केवल साहित्यिक मूल्यमात्र बाँकी रहेको थियो। उदाहरणको निम्ति अठारौं शताब्दीका यी जर्मन दार्शनिकहरूलाई यस्तो लाग्यो कि पहिलो फ्रांसीसी क्रान्तिको (पूँजीवादी) मागहरू वास्तवमा साधारण 'व्यवहारिक बुद्धि' का मागहरू थिए। (वर्गहरू र फ्रान्सको तात्कालिक सामाजिक परिस्थितिहरूसँग उनीहरूको केही पनि सम्बन्ध थिएन !) क्रान्तिकारी फ्रांसीसी पूँजीपति वर्गको प्रेरणामा उनीहरूलाई शुद्ध प्रेरणाको, पूरा मनुष्य जातिको वास्तविक प्रेरणाको र प्रेरणाको वास्तविक शाश्वत रूपको प्रतिबिम्ब देखाई दियो।[४३]

अब जर्मन साहित्यिकहरूको काम केवल यो थियो

कि जर्मनीका यी नयाँ फ्रांसीसी विचारहरूलाई प्राचीन दार्शनिक परम्पराको साथ समन्वय (मेल) स्थापित गराइदिनु । अर्को शब्दमा उनीहरूको काम यो थियो कि आफ्नो दार्शनिक दृष्टिकोणलाई नछोडिकन फ्रांसीसी विचारहरूलाई अपनाउनु ।

यी विचारहरूलाई उनीहरूले त्यसरी नै अपनाए, जसरी कुनै विदेशी भाषालाई अपनाइन्छ । अर्थात् अनुवादद्वारा !

सबैलाई थाहा छ कि इसाई मठाधीशहरूले (रोम र युनानको) विधर्मी ग्रन्थहरूको प्राचीन पाण्डुलिपिहरूमा क्याथलिक महन्तहरूको मुर्खतापूर्ण जीवनीहरू लेखेर उनीहरूलाई (ग्रन्थहरूलाई) कसरी खराब गरी दिएका थिए । 'अपवित्र' फ्रांसीसी साहित्यको सम्बन्धमा जर्मनीको साहित्यिकहरूले यसै क्रियालाई दोहोऱ्याए । मूल फ्रांसीसी ग्रन्थहरूलाई उनीहरूले आफ्नो दार्शनिक बकवासले भरिदिए । उदाहरणको निम्ति मुद्राको आर्थिक क्रियाहरूको फ्रांसीसी आलोचनाहरूको मुनी जर्मन दार्शनिकहरूले लेखे 'मनुष्यताको बहिष्कार भयो'; पूँजीवादी राज्यको फ्रांसीसी आलोचनाको मुनी उनीहरूले गाँसी दिए : 'निराकार सामान्य प्रभुताको अन्त्य भयो ।'[४४]

फ्रांसीसी ऐतिहासिक आलोचनाहरूको पछाडि उनीहरूले यस्तै किसिमको दार्शनिक शब्दजालको पुच्छर जोडी दिए र त्यसलाई 'कर्म दर्शन', 'सच्चा सोशलिज्म' र 'सोशलिज्मको दार्शनिक आधार'[४५] आदि ठूलठूला नामहरू दिएर सूचित गरे ।

यसरी फ्रांसीसी सोशलिस्ट र कम्युनिस्ट साहित्यलाई जर्मन दार्शनिकहरूले नपुंसक बनाई दिए । अर्थात् तीन कौडीमा पनि नबिक्ने बनाइदिए । यस कायाकल्पले गर्दा जर्मनीमा वर्ग सङ्घर्षको भावना सेलायो । यसैलाई यी साहित्यिकहरूले आफ्नो ठूलो सफलता सम्झे । उनीहरूले भने, 'हामीहरूले फ्रांसीसी सङ्कीर्णता (एकाङ्कीपन)लाई खतम गरी दियौं, हामी वास्तविक जीवनको आवश्यकताहरूको प्रतिनिधि नभै सत्यको आवश्यकताको प्रतिनिधि हौं । हामी केवल मजदुर वर्गको सङ्कुचित हितको प्रतिनिधि होइनौं, हामी सर्वसाधारण मानवताको हितको प्रतिनिधि हौं, जो सबभन्दा माथि छ, जसको कुनै वास्तविक अस्तित्व छैन र जो केवल दार्शनिक चिन्ता र अदृश्य जगतमा निवास गर्दछ ।

जसरी स्कूले ठिटाहरू आफ्नो पाठ अत्यन्त श्रद्धा र गम्भीरताले कण्ठ गर्दछन् र फेरि सबैलाई सुनाउँदै हिंड्दछन्, उसरी नै यी जर्मन सोशलिस्टहरूले पनि त्यस टूटे-फूटेका ज्ञानलाई घोके र चारैतिर झ्याली पिट्न शुरु गरे । तर विस्तारै-विस्तारै उनीहरूको यो बाल-पण्डित्याई खतम भयो ।

सामन्ती अमीर-उमरा र निरङ्कुश नृपसत्ता (एकतन्त्र) को विरुद्ध जर्मन पूँजीपति वर्गका, खास गरेर प्रशियन पूँजीपति वर्गको, सङ्घर्ष झन् तीक्ष्ण भयो । अर्को शब्दमा, उदार मतवालाहरूको (किनभने सामन्तहरूको दाँजोमा पूँजीपति शास्त्रलाई उदार बनाउन चाहन्थे) आन्दोलन झन् बढ्दै गयो ।

यसबाट 'सच्चा सोशलिस्टहरू' को मनोरथ पूर्ण भयो । पूँजीवादी राजनीतिक आन्दोलनको सामने आफ्नो सोशलिस्ट मागहरू राख्ने उनीहरूलाई मौका मिल्यो । उदार मत, पूँजीवादी सरकार, पूँजीवादी प्रतियोगिता, समाचारपत्रको पूँजीवादी स्वतन्त्रता इत्यादि पूँजीपतिहरूको प्रचारहरूलाई उनीहरूले हँस्सीमा उडाई, माटामा मिलाउने मौका पनि पाए । पूँजीवादी आन्दोलनले जनतालाई फाइदाको सट्टा बेफाइदामात्र हुन्छ भनी उनीहरूले प्रचार गर्न थाले । यी जर्मन सोशलिस्टहरूले, जो त्यसबेला फ्रांसीसी आलोचना पद्धतिको नक्कल गरी रहेका थिए, बिर्से कि त्यस पद्धतिको (फ्रांसीसी आलोचना पद्धतिको-अनु.पुष्प) उत्पत्ति आधुनिक पूँजीवादी समाज र त्यसको विशेष आर्थिक र राजनीतिक परिस्थितिहरूको गर्भबाट भएको थियो । यस पूँजीवादी समाज व्यवस्था नभैकन त्यसको जन्म हुनु सर्वथा असम्भव थियो । उनीहरूले यस कुराको पनि ख्याल गरेनन् कि जर्मनीको त्यस पूँजीवादी आन्दोलनले जर्मनीमा तिनै परिस्थितिहरूलाई पैदा गर्ने कोसिस गरी रहेको छ ।

जर्मन सोशलिस्टहरूको यस आलोचनाले गर्दा निरङ्कुश सामन्ती सरदारहरू र उनीहरूका चेलाहरू-पादरी, प्रोफेसर, जिल्लाका ठूलाठालू, अफिसरहरू आदि-को हात माथि पऱ्यो । पूँजीपति वर्ग उनीहरूको निम्ति काल समान थियो । झन् त्यसैको विरुद्ध मानिसहरूलाई भड्काउन उनीहरूले एउटा हतियार पाए ।

फेरि यी अत्याचारी सामन्ती सरकारहरूले मजदुर आन्दोलन दबाउनलाई पनि यसै 'सोशलिज्म' को प्रयोग गरे । मजदुर वर्गको विद्रोह दबाउनलाई शासक वर्गको हातमा अहिलेसम्म खालि लाठो र बन्दुकमात्र थिए, तिनीहरूकै प्रयोग गर्दथे, अब उनीहरूले 'सच्चा' सोशलिज्म पाए । यस सोशलिज्म उनीहरूको निम्ति मजदुर आन्दोलन दबाउने एउटा हतियार भयो । पुरानो वैमनस्यलाई (मजदुर र पूँजीपतिको बीचको-अनु. पुष्प) हटाउन यस अस्त्रले चास्नीको काम गऱ्यो ।

यसरी एकतर्फ यस 'सच्चा' सोशलिज्म त्यस बखतको अत्याचारी सामन्ती सरकारहरूको हातमा खेलिएर जर्मन पूँजीवादको विरुद्ध लडाइँको एउटा अस्त्र बन्यो । अर्कोतर्फ त्यसले समाजको एउटा अत्यन्त प्रतिक्रियावादी वर्गको जर्मनीको मध्य वर्गीय अधकल्चाहरूको पक्ष लिएर बोल्यो । वास्तवमा मध्य वर्ग नै जर्मनीको वर्तमान (१८४६) दुरव्यवस्थाको मुख्य कारण हो । यो वर्ग १६ औं शताब्दीदेखि नै यसरी नै ज्यु

जोगाउँदै आइरहेको छ। यस वर्गले विभिन्न समयमा विभिन्न रूप धारणा गऱ्यो, तर यो मेटिएन।

यस वर्गलाई जिउँदो राख्नुको मतलब जर्मनीको वर्तमान दुरव्यवस्थालाई ज्यूँकात्यूँ राख्नु हो। हुनलाई त यो वर्ग जाँतोको दुई भागको बीचमा छ। एकतर्फ पूँजीपति वर्गको बढ्दो चढ्दो राजनीतिक र औद्योगिक प्रभुता र पूँजीको केन्द्रीयकरणले यस वर्गलाई पिंध्दै लगेको छ। अर्कोतर्फ उक्लँदो क्रान्तिकारी मजदुर वर्ग यस वर्गलाई आफूतिर घिच्याउन चाहन्छ। मध्य वर्गको यस 'सच्चा' सोशलिज्मले एउटै ढुङ्गाले दुईटा चरा शिकार गर्ने कोसिस गऱ्यो अर्थात् पूँजीपति वर्ग र मजदुर वर्गलाई। यसैकारणले गर्दा यो 'सच्चा' सोशलिज्म मध्य वर्गमा ज्यादै फैलियो र सरुवा रोग जस्तै भएर गयो।

जर्मन सोशलिस्टहरूले यसरी आफ्नो 'शाश्वत सत्यहरू' को कङ्काललाई नाना कल्पनामय र लोकोत्तर भावहरूको पातलो पर्दामा लपेटिदिए र यी पर्दाहरूलाई शब्दाडम्बरको आभूषणहरूले सजाए, अस्वस्थकर भावुकता गाँसी दिए र तिनीहरूलाई बजारमा ल्याए। यसमा भन्नु नै पर्ला कि मध्य वर्गको खरिददारहरूको बीचमा उनीहरूको यस मालको खुब खपत भयो।

अर्कोतिर, जर्मनीका मध्य वर्गको अधकल्चाहरूको पक्ष लिएर अड्डा-अदालत गर्नु नै उनीहरूको उद्देश्य हो भन्ने पनि यी जर्मन सोशलिस्टहरूले बुझ्दै गए।

उनीहरूले घोषणा गरे कि जर्मन राष्ट्र नै आदर्श राष्ट्र हो र जर्मनीको निम्न मध्य वर्गका अधकल्चा मानिसहरू नै असल मानिस हुन्। यस आदर्श वा असल मानिसको हरेक खराब र नीच कामको रहस्यमय सोशलिस्ट टीका गरेर उनीहरूले त्यसलाई उच्च आदर्श ठहऱ्याए र मध्य वर्गको त्यस अधकल्चो मानिसहरूलाई उनीहरूको वास्तविक चित्रको ठीक उल्टो रूपमा चित्रण गरे। पछि त कम्युनिज्मको पनि हाकाहाकी विरोध गर्न थाले। कम्युनिज्मलाई 'पाशविक रूपबाट हिंसात्मक'[४६] को उपाधि उनीहरूले दिए र सबै वर्ग सङ्घर्षको प्रति अतिसय ज्यादा घृणा प्रकट गर्न थाले। उनीहरूले आफूहरूलाई वर्ग सङ्घर्षदेखि अलग भनी घोषणा गरे।

जर्मनीमा आजकाल (१८४७) सोशलिस्ट र कम्युनिस्ट साहित्यको नामबाट जुन कुराहरू प्रचार भै रहेका छन्, तिनीहरूमा एकाधलाई छाडेर अरु सबैको सम्बन्ध यिनै अशुद्ध कु-बाटो तिर घिच्याउने साहित्यसँग छ।

वर्ग सङ्घर्षको अविकसित अवस्था र आफ्नो वातावरणले गर्दा, यस किसिमका सोशलिस्टहरू आफूलाई तमाम वर्ग विरोधबाट ज्यादै नै माथि उक्लेका छौं भन्ने सम्झन्छन्। समाजको प्रत्येक सदस्यको वर्तमान समाज व्यवस्थामा मोजमज्जा र गुलछर्रा उडाई रहनेहरूको पनि हालतलाई उनीहरू राम्रो गर्न चाहन्छन्। यसकारण वर्गभेदबाट माथि उक्लनुपर्छ भनेर उनीहरू हरहमेसा समाजसँग अपील गर्दछन्। कारण, उनीहरूद्वारा प्रस्तावित सामाजिक व्यवस्थाको रूपरेखालाई एकचोटी हेरी दिएपछि त्यसलाई समाजको सर्वश्रेष्ठ व्यवस्थाको रूपमा कसले मानी लिओइन भन्ने उनीहरूको विचार छ। यसकारण तमाम राजनीतिक र विशेष गरेर क्रान्तिकारी कामहरू उनीहरू गर्न चाहँदैनन्। आफ्नो लक्ष्यलाई उनीहरू शान्तिमय साधनहरूद्वारा हासिल गर्न चाहन्छन्। यस निम्ति सानो-सानो अनिवार्य रूपले असफल हुने प्रयोगहरू र व्यवहारिक दृष्टान्तहरूको सहायताले उनीहरू आफ्नो नवीन सामाजिक सन्देशको प्रचार गर्ने कोसिस गर्दछन्।

भावी समाजको सम्बन्धमा उनीहरूले यस आकाशकिल्ला यस्तो समयमा बनाइरहेका थिए, जब मजदुर वर्ग ज्यादै पछौटे अवस्थामा थिए र मजदुरहरूलाई आफ्नो दशाको ज्ञान पनि थिएन। यस निम्ति यी कपोलकल्पनाहरू समाजको नवनिर्माणको सम्बन्धमा त्यसको (मजदुर वर्गको) सहज र प्राथमिक इच्छाहरूको प्रतिनिधित्व गर्दछ।

### ख) सनातनी (Conservative अनुदार/ वा पूँजीवादी सोशलिज्म

पूँजीपति वर्गको एक हिस्सा यस्तो पनि छ जो समाजको सानोतिनो खराबीहरूलाई टालटुल गरेर पूँजीवादी समाजलाई नै अजर र अमर गराउन चाहन्छ। अर्थवादी, मानववादी, ठूलठूला दानवीर, मजदुर वर्गको परिस्थितिहरू सुधार्न चाहने, सदाव्रत, लुलालङ्गडाहरूको प्रबन्धक, पशुरक्षा सहायक समितिहरूका सदस्य, मद्यपान निषेधक यस्तै हरेक किसिमका सुधारक सब एकै ड्याङमा आउँदछन। यस किसिमको पूँजीवादी सुधारक-सोशलिज्मका मानिसहरूले पूरापूर पद्धतिहरूसम्म कायम गरेका छन्। यसको उदाहरणको निम्ति हामी प्रुधों[४७] को पुस्तक 'गरिबीको दर्शन' लाई लिन सक्दछौं।

सोशलिस्ट पूँजीपतिहरू समाजको आधुनिक परिस्थितिहरूको तर त खुब मार्न चाहन्छन्, तर यिनै परिस्थितिबाट पैदा हुने वर्ग सङ्घर्ष र सङ्कटहरूलाई चाहँदैनन्। मौजुदा सामाजिक व्यवस्थालाई उनीहरूको त्यसको क्रान्तिकारी र ध्वंसक तत्वहरू बाहेक चाहन्छन्। उनीहरू पूँजीपति वर्गलाई रुचाउँछन्, तर मजदुर वर्गलाई मन पराउँदैनन्। पूँजीपति वर्गको शासनलाई नै उनीहरू सर्वश्रेष्ठ शासक मान्दछन्। पूँजीवादी सोशलिज्म यही सुखद भावनालाई न्युनाधिक (कमबेसी) पूर्ण सामाजिक पद्धतिको रूपमा चित्रित

गर्दछ। यस निम्ति पूँजीवादी सोशलिस्ट मजदुरलाई भन्दछ कि माथि भनिएको सङ्घर्षविहीन व्यवस्थालाई कायम राखेर नयाँ 'जेरुसेलम' भू-स्वर्गको रचना गर। यसको वास्तविक अर्थ यही हुन्छ कि मजदुर वर्ग वर्तमान समाजको सिमानाको भित्रै रही रहून् र पूँजीपति वर्गको विरुद्ध आफ्नो तमाम घृणित र कुत्सित विचारहरूलाई छोडी देऊन्। अर्थात् पूँजीवादी शासनको संघारमा रही आफूलाई (मजदुर वर्गलाई) शोषण गराउँदै रहून्, तर त्यस संघारलाई तोड्ने कोसिस नगरुन्।

सोशलिज्मको फेरि अर्को एउटा रूप छ जुन यतिको व्यवस्थित नभए तापनि व्यवहारिक बढ्ता छ। यस सोशलिज्मले मजदुर वर्गको प्रत्येक क्रान्तिकारी आन्दोलनको महत्त्व मजदुर वर्गको दृष्टिमा कम गराई दिन्छ। सो काम गर्नुको निम्ति यस किसिमका सोशलिस्ट मजदुर वर्गलाई भन्दछ कि खालि राजनीतिक सुधारले मात्र मजदुर वर्गलाई फाइदा हुन सक्दैन, मजदुर वर्गको फाइदाको निम्ति जीवनको भौतिक परिस्थितिहरू र समाजको आर्थिक सम्बन्धलाई बदल्नु पर्दछ। तर 'जीवनको भौतिक परिस्थितिहरूलाई' बदल्नु भन्नुको मतलब यो होइन कि यस सोशलिज्मले उत्पादनको पूँजीवादी सम्बन्धहरूलाई, अर्थात् शोषण व्यवस्थालाई, खतम गर्ने कुरा मान्दछ। यसलाई त खालि क्रान्तिले मात्र खतम गर्न सक्दछ। यस सोशलिज्मको मतलब यो हो कि पूँजीवादी सम्बन्धहरूमा नै सुधार गरियोस्, यस्तो कानुनी सुधार गरियोस् जसमा पूँजी र श्रमको आपसी सम्बन्धमा पूँजीपतिद्वारा मजदुरको शोषणमा रत्तिभर पनि फरक नपरोस्, तर पूँजीवादी शासनको खर्च कम होस् र शासन व्यवस्थामा सादगी आओस्। यी सुधारहरूको उद्देश्य यसभन्दा बढ्ता अरु केही पनि हुन सक्दैन।

पूँजीवादी सोशलिज्म अलङ्कारको एउटा रूप, छलछन्द र धुर्तता सिवाय अरु केही पनि होइन। त्यसको पूरा वास्तविक उद्देश्य केवल अलङ्कारको एक रूपमा नै प्रकट हुन्छ।

मुक्त व्यापार : मजदुर वर्गको भलाईको निम्ति ! संरक्षण कर : मजदुर वर्गको कल्याणको निम्ति !! जेलमा सुधार : यो पनि मजदुर वर्गको सुखको निम्ति !!! मजदुर वर्गको निम्ति जेलै जेल छ- यही पूँजीवादी सोशलिज्मको अन्तिम उद्गार हो। वास्तवमा यही त्यसको उच्च उद्गार हो।[४८]

पूँजीपति केवल मजदुरहरूको भलाइको निम्ति नै पूँजीपति। यही नै पूँजीवादी सोशलिज्मको पूर्ण सार हो।

## ग) आलोचनात्मक कल्पनावादी सोशलिज्म र कम्युनिज्म

हामी यस अध्यायमा बाबूफ[४९] र अरु लेखकहरूको कृतिहरूको झैं ती साहित्यहरूको चर्चा गरिरहेका छैनौं, जसले हरेक ठूलो क्रान्तिको समयमा मजदुर वर्गको मागहरूलाई समर्थन गरेका थिए।

आफ्ना अधिकारहरूलाई प्राप्त गर्नको निम्ति मजदुर वर्गको पहिलो सिधासाधा कोसिसहरू त्यस चौमुखी हलचलको बेलामा भएका थिए- जब समाज व्यवस्थालाई खतम गर्दै लगेको थियो। त्यस समयको मजदुर वर्गको अविकसित अवस्थाको कारण र साथै उसको उद्धारको निम्ति आवश्यक परिस्थितिहरूको अभावले गर्दा यी कोसिसहरू असफल हुनु स्वाभाविकै थिए। मजदुर वर्गको उद्धारको परिस्थितिहरू केवल आउँदो पूँजीवादी युगले मात्र पैदा गर्न सक्दथ्यो, यसकारण मजदुर वर्गको यस प्राथमिक आन्दोलनको साथ जो क्रान्तिकारी साहित्यहरू निक्ले, तिनीहरू पनि अनिवार्य रूपले प्रतिक्रियावादी थिए। व्यापक वैराग्य र सामाजिक सामन्ती भावनाहरूलाई यस साहित्यमा एकदम भद्दा किसिमले प्रकट गरेको छ।

सेन्ट साइमन[५०], फूरियै[५१] र ओवेन[५२] तथा अरु मानिसहरूको सोशलिस्ट र कम्युनिस्ट नामधारी पद्धतिहरू र प्रस्तावित समाज व्यवस्थाहरू, मजदुर र पूँजीपति वर्गको वर्ग सङ्घर्षको यसै माथि भनिएको, प्रारम्भिक र अविकसित अवस्थामा उत्पन्न भएका थिए। ती पद्धतिहरूलाई दिइएको 'सोशलिस्ट तथा कम्युनिस्ट' नाम उचितै थियो। (यस सङ्घर्षको सम्बन्धमा घोषणापत्रको प्रथम भाग 'पूँजीपति र मजदुर' हेर्नोस् - लेखक)

यी सोशलिस्ट तथा कम्युनिस्ट पद्धतिहरूका संस्थापकहरूलाई समाजको वर्ग विरोधहरू र सामाजिक व्यवस्थाभित्र रहेका ती ध्वंसात्मक तत्वहरू, जो त्यसको (समाजको) जरालाई काट्दथे, को पनि राम्ररी ज्ञान थियो भन्ने कुरामा केही पनि शङ्का छैन। तर त्यसबखत मजदुर वर्ग बाल्यावस्थामा थियो। यस निम्ति उसलाई (मजदुर वर्गलाई) यस्तो लाग्दथ्यो कि न त उसमा ऐतिहासिक रूपबाट अगुवाई गर्ने शक्ति छ न उसको कुनै स्वतन्त्र राजनीतिक आन्दोलन नै हुन सक्दछ।

वर्ग विरोधहरूको प्रगति उद्योगधन्दाको विकासको साथ-साथै हुन्छ। त्यसबेलाको आर्थिक परिस्थितिहरू, उद्योगधन्दा इत्यादि त्यसबेलासम्म ज्यादै उन्नत भएका थिएनन्, यसकारण मजदुर वर्गको उद्धारको निम्ति आवश्यक कुनै भौतिक परिस्थितिहरू पनि त्यसबेला देखिएका थिएनन्। उनीहरूले यस्ता सामाजिक कानुनहरूको खोजी गर्न शुरु गरे जसले मजदुर वर्गको सुधारको निम्ति आवश्यक परिस्थितिहरू पैदा गराउन सक्दथे।

उनीहरूले यो चाहे कि ऐतिहासिक कार्यको स्थान

उनीहरूको आविष्कारहरूले लेओस्। ऐतिहासिक कार्यहरूबाट पैदा हुने मजदुर वर्गको उद्धारको वास्तविक परिस्थितिहरूको काम उनीहरूको कपोलकल्पित परिस्थितिहरूले पूरा गरी देओस्, मजदुरहरूको सुस्तरी र स्वतः पैदा हुने वर्ग संगठन उनीहरूको कल्पित सामाजिक व्यवस्थाहरूको पछि लागोस्। उनीहरूको विचारमा भावी इतिहासको काम केवल उनीहरूको सामाजिक योजनाहरूको प्रचार गर्नु र तिनीहरूलाई व्यवहारिक रूप दिनु हो भन्ने थियो।

आफ्नो योजना बनाउँदा मजदुर वर्गको हितहरूको उनीहरूलाई विशेष ध्यान हुन्थ्यो। किनभने समाजमा मजदुर वर्ग नै सबभन्दा पीडित र दुःखी वर्ग हो। उनीहरूको लागि मजदुर वर्गको अस्तित्व केवल यसै निम्ति थियो कि ऊ सबभन्दा पीडित वर्ग छ।

तर यी सोशलिस्ट र कम्युनिस्ट प्रकाशनहरूमा आलोचनाको पनि एउटा तत्व छ। ती प्रकाशनहरूमा वर्तमान समाजको प्रत्येक सिद्धान्तमाथि प्रहार गरिएको छ। यस निम्ति मजदुर वर्गको शिक्षाको निम्ति बहुमूल्य सामग्रीहरू तिनमा रहन गएका छन्। अमल गर्नुको निम्ति तिनमा दिइएका कार्यक्रमहरूः शहर र गाउँको भेद हटाइदिने, वर्तमान पारिवारिक व्यवस्थालाई खतम गर्ने, उद्योगधन्दाहरूलाई थोरै मानिसको फाइदाको निम्ति चलाइने प्रणाली तथा मज़ूरी (ज्याला) को प्रथा उठाइदिने, समाजमा बराबरी र भ्रातृभावको स्थापना गराउने केवल उत्पादनको देखभालको काम गराउने। यी सब योजनाहरू समाजको ती वर्गविरोधीहरूलाई खतम गर्ने विचारले राखेका थिए, जसले त्यसबेला टाउको उठाइरहेका थिए। यी प्रकाशनहरूमा यी वर्ग विरोधहरूको खालि तिनै आरम्भिक, अस्पष्ट र अविकसित रूपहरूको परिचय पाइन्छ। यी सब प्रस्तावहरू (योजनाहरू) यसकारण, काल्पनिक छोडेर अरु केही पनि होइनन्।

ऐतिहासिक विकाससँग समालोचनात्मक कल्पनावादी सोशलिज्म र कम्युनिज्मको सम्बन्ध उल्टा छ। आधुनिक वर्ग सङ्घर्ष जुन मात्रामा बढ्दछ र त्यसको रूपरेखा पनि स्पष्ट हुन्छ, त्यही मात्रामा यस समालोचनात्मक कल्पनावादी सोशलिज्म या कम्युनिज्मको यस सङ्घर्षसँगको मूर्खतापूर्ण पृथकता र विरोधको सारा व्यवहारिक महत्त्व र सैद्धान्तिक ठिकता पनि खतम हुँदै जान्छ। यद्यपि यी पद्धतिहरूका संस्थापकहरू धेरै कुरामा क्रान्तिकारी थिए, ता पनि उनीहरूका चेलाहरू प्रतिक्रियावादी गुट वा सम्प्रदायहरूमा बाँटिएर मिसिएर गए। आफ्ना गुरुजनको विचारमा टाँसिएको, मजदुर वर्गको ऐतिहासिक प्रगतिको तिनीहरू विरोध गर्दछन्। तिनीहरू वर्ग विरोधहरूलाई सम्झौता गरेर खतम गर्ने कोसिस गर्दछन्। तिनीहरू अहिलेसम्म पनि आफ्नो कल्पना नगरहरू✶को स्थापना गर्न अलग सोशलिस्ट 'घर-उपनिवेशहरू' बसाउन अथवा स्वर्गको सानो भाग 'आइकेरिया' लाई पृथ्वीमा झार्ने आदि सुमधुर स्वप्नहरू देख्दछन्! तिनीहरूको यो आकाश किल्ला बनाउनको निम्ति तिनीहरूलाई उनै पूँजीपतिहरूको दानको शरण लिनुपर्दछ। फलतः यिनीहरू पनि माथि तोकिएको प्रतिक्रियावादी सनातनी (अनुदार) सोशलिस्टहरूको ड्याङमा (वर्गमा) पुग्दछन्। यी दुई थरीमा फरक केवल यही छ कि सनातनी (अनुदार) सोशलिस्टहरूको तुलनामा यिनीहरू ज्यादै पण्डित्यपूर्ण र कट्टर हुन्छन, आफ्नो सामाजिक ज्ञानको चमत्कारी शक्तिमा यिनीहरूको अन्धविश्वास, सनातनी सोशलिस्टहरूको भन्दा, बढ्ता गहिरो हुन्छ।

यसकारण तिनीहरू मजदुर वर्गको प्रत्येक राजनीतिक कामको खुब जोडदार विरोध गर्दछन्। तिनीहरू भन्छन् कि नयाँ दिव्य सन्देशमा अलिकता पनि श्रद्धा नभए मात्र मजदुर यस किसिमको (अर्थात् राजनीतिक) काममा हात हाल्न सक्दछन्।

इङ्गलायण्डमा ओवेनका अनुयायीहरू चार्टिस्टहरूको[५४] र फ्रान्समा फूरियेका अनुयायीहरू त्यहाँको सुधारहरूको विरोध गर्दछन्।[५५]

## ४) विरोधी पार्टीहरूसँग कम्युनिस्टहरूको सम्बन्ध

भाग दुईमा स्पष्ट गरी सकिएको छ कि अरु मजदुर पार्टीहरू जस्तो बिलायतमा चार्टिस्ट र अमेरिकामा कृषि सुधारक पार्टीसँग कम्युनिस्टहरूको के सम्बन्ध हुन्छ।

कम्युनिस्टहरू मजदुरहरूको तात्कालिक मागहरूको निम्ति लड्दछन्। उनीहरूको सामयिक हितहरूको रक्षा गर्नुको निम्ति प्रयत्न गर्दछन्। तर तात्कालिक र सामयिक उद्देश्यहरूको लडाइँमा पनि कम्युनिस्टहरू मजदुर वर्गको भविष्यलाई ध्यानमा राख्दछन्। उनीहरूको भविष्यको उत्थानको निम्ति लड्दछन्।

फ्रान्समा सनातनी (Conservative अनुदार) र रेडिकल (उग्र) पूँजीपतिहरूको विरुद्ध सोशल-डेमोक्रेटहरूको साथ कम्युनिस्टहरू दिन्छन्। तर कम्युनिस्टहरू न फ्रांसीसी क्रान्तिको दिनदेखि प्रचलित भएको परम्परागत भ्रमहरू र अर्थहीन शब्दहरूको भूल-भूलैयामा फस्दछन्, न तिनीहरूको

✶कल्पना-नगर = 'यूटोपिया; सोशलिस्ट उपनिवेश = फैल स्टिंयर; घर-उपनिवेश = होम कलोनी; स्वर्ग = न्यू जेरुसेलम; आइकेरिया = यो नाम केवटले आफ्नो युटोपियालाई दिएको थियो। पछि अमेरिकामा आफ्नो कम्युनिस्ट उपनिवेशको पनि यही नाम राखेका थिए !- सम्पादक)

आलोचना गर्न आफ्नो अधिकारलाई नै छोड्दछन्।

स्वीजरल्याण्डमा कम्युनिस्टहरू उग्रदल (रेडिकल) को साथ दिन्छन्। तर यो भुल्दैनन् कि सो पार्टी (दल) परस्परविरोधी तत्वहरूले बनेको छ। त्यसमा कुनै त फ्रांसीसी किसिमका डेमोक्रेट सोशलिस्टहरू छन्, कुनै उग्रवादी पूँजीपतिहरू छन्।

पोलायण्डमा कम्युनिस्टहरू त्यस पार्टीलाई मद्दत दिन्छन् जसले १८४६ मा क्रेकोब-विद्रोह संगठन गरेको थियो र जसले लगातार यो प्रचार गर्दछ कि राष्ट्रिय आजादीको निम्ति पहिले खेतीहर क्रान्ति (कृषि) गर्नु आवश्यक छ।

जर्मनीमा त्यहाँका पूँजीपति वर्ग जब-जब निरङ्कुश राजतन्त्र, सामन्तशाही र मध्य वर्गको विरुद्ध वास्तविक क्रान्तिकारी ढङ्गले हतियार उठाउँदछ, तब-तब कम्युनिस्टहरू त्यस वर्गको साथ दिन्छन्।

तर मजदुर वर्ग र पूँजीपति वर्गको जोरदार आपसी वर्ग विरोधहरूको कुराहरू मजदुरहरूलाई सम्झाउन कम्युनिस्टहरू एक निमेसको निम्ति पनि बिर्सदैनन्। वर्ग विरोधको भावनालाई मजदुरहरूमा कुट-कुट भरी दिन्छन्, र जसले गर्दा जर्मन मजदुरहरू तयार हुन्छन्। ताकि मौका आउने बित्तिकै, पूँजीपति वर्गले आफ्नो सत्ताको साथसाथै अनिवार्य रूपबाट जो सामाजिक र राजनीतिक परिस्थितिहरू पैदा गर्दछन्, तिनीहरूलाई उनै पूँजीपति वर्गको विरुद्ध प्रयोग गर्न सकून् र देशमा प्रतिक्रियावादीको तख्त उल्टने बित्तिकै पूँजीपति वर्गको विरुद्ध आफ्नो लडाइँको बिगुल बजाउन सकून्।

जर्मनीमा कम्युनिस्टहरू विशेष ध्यान दिन्छन्। किनभने त्यहाँ पूँजीवादी क्रान्ति हुन धेरै बेर छैन। अर्थात् जर्मनी पूँजीवादी क्रान्तिको द्वारमा खडा छ। फेरि जर्मनीको महत्त्व यस निम्ति पनि छ कि जर्मनीको क्रान्ति योरोपीय सभ्यताको ज्यादै उन्नत अवस्थामा हुनेछ। यस क्रान्तिलाई बिलायतको १७ औं शताब्दी र फ्रान्सको १८ औं शताब्दीको मजदुरहरूको अपेक्षा जर्मनीका ज्यादै संगठित र समझदार मजदुरले पूरा गर्ने छन्। जर्मनीको यो पूँजीवादी क्रान्तिले, त्यसपछि तुरुन्त हुने मजदुर क्रान्ति (सर्वहारा क्रान्ति) को एक भूमिकाको काम गर्दछ।

संक्षेपमा, मौजुदा सामाजिक र राजनीतिक व्यवस्थाको विरुद्ध हरेक ठाउँको हरेक क्रान्तिकारी आन्दोलनलाई कम्युनिस्टहरू सघाउँदछन्।

यी तमाम आन्दोलनहरूमा सम्पत्तिको सवाललाई कम्युनिस्टहरू सबभन्दा अगाडि राख्दछन् - चाहे त्यो सम्पत्तिको विकास त्यसबेलासम्म कस्तै कम भएको होस् अथवा धेरै। किनभने सम्पत्तिको सवाल नै हरेक आन्दोलनको सबभन्दा महत्त्वपूर्ण सवाल हो।

आखिरी गाँठी यो हो कि कम्युनिस्टहरू चाहे जुनसुकै देशमा भए तापनि त्यहाँको विभिन्न जनवादी पार्टीहरूमा एकता र सम्झौता गराउन हरतरहको यत्न गर्दछन्।

आफ्नो विचारहरू र उद्देश्यहरूमा पर्दा लाउन कम्युनिस्ट आफ्नो शानको विरुद्ध सम्झन्छन्। उनीहरू खुलेआम घोषणा गर्दछन् कि उनीहरूको उद्देश्य सबै पूर्ण हुनेछ जब वर्तमान समाज व्यवस्थालाई बलपूर्वक खतम गरिनेछ। शासक वर्ग कम्युनिस्ट क्रान्तिको डरले काँप्दछन् भने काँपून्। (यस क्रान्तिमा-अनु.पुष्प) मजदुर वर्गको नोक्सान हुने केही पनि छैन। यदि नोक्सान भए उसको कमारागिरीको साङ्लो चुँडिन्छ। तर जित्नुको निम्ति उसको सामने संसार छ।

**विश्वका मजदुर एक होऊ !**

**विश्वया ज्यामी छथ्व जु !**

## अनुवादकको भूमिकाको अंश

...विश्व मजदुर आन्दोलनलाई सही बाटो देखाउने, शक्ति र साहस प्रदान गर्ने यस घोषणापत्रलाई नेपाली भाषामा प्रकाश गरी नेपाली मजदुर वर्गको आन्दोलनलाई सही बाटोमा लैजानु अत्यन्त आवश्यक भएको हुनाले मैले यस घोषणापत्रलाई यथासक्य परिश्रम गरी, नेपाली भाषामा उल्था गरी नेपालको सामने राखेको छु। यस अनुवादमा केही भूल रहन गएमा म पाठक वर्गसँग भूल भिक्षा मागिदन, भूल सुधारको सूचना माग्दछु। यो घोषणापत्र मजदुर वर्गको सर्वप्रथम र जगत विख्यात साहित्य हो। अवश्यमेव पनि नेपालका राणा, जमिनदार, पूँजीपति र तिनका दलाल, संस्था र संगठनहरूले यसको घोर आलोचना गर्नेछन्। जनसेवकको मुकुण्डो लगाई टोपल्ने महानुभावहरू वास्तवमा जनतालाई क्रान्तिमार्गबाट टाढा राख्नुको निम्ति, यस घोषणापत्रलाई लिएर आधारहीन टीका-टिप्पणी गर्नेछन्। उनीहरूको भनाई यो हुन्छ, 'घोषणापत्र विशेषगरी मजदुरहरूको निम्ति लेखिएको हो। यो मजदुरहरूको साहित्य होः तर हाम्रो नेपालमा ९९ प्रतिशत (सयकडा उनान्सय) किसान छन्, नेपालमा पूँजीवादको उदय भएको छैन। यसकारण यस पुस्तक पढ्नाले हामीलाई विशेष केही पनि फाइदा छैन। हामीले त किसानको विषयमा, किसान क्रान्तिको विषयमा पढ्नुपर्छ।' यस्ता नीच र प्रतिक्रियावादीहरूको निम्ति उत्तर छोटकरीमा यो छ- किसान वर्गको रूपमा भत्कँदो घर हो। हामीलाई थाहा छ, १२ वर्ष अगाडिसम्म नेपालमा आधुनिक मजदुर वर्गको नाम निसानै थिएन, तर आज नेपालमा मजदुर वर्गको सङ्ख्या १५-२० हजार पुगेको छ। यसबाहेक नेपालमा धेरैजसो खेत मजदुरहरू छन्। यी

खेतालाहरूको आफ्नो निजी खेत छैन। ज्यालामा मात्र काम गर्दछन्। यिनीहरूलाई हाम्रा महान् नेता र गुरु लेनिनले अर्ध मजदुरहरूको नामाकरण गरेका छन्। अतयवः यिनीहरू मजदुर वर्गकै पक्का सहकारी र परन्तुसम्मको मित्र हुन्। यो १५-२० हजार आधुनिक मजदुर नेपालमा आकाशबाट खसेनन्, पृथ्वीबाट उब्जेनन्। किसान र अन्य वर्गहरूबाट आफ्नो स्थिति बिग्रनाले कलकारखाना र मिलहरूमा मजदुर हुन आएका हुन्। नेपालमा कलकारखाना र आधुनिक उद्योगधन्दाहरू आजभन्दा भोलि र भोलिभन्दा पर्सी बढ्दै छ। यसकारण मजदुरको सङ्ख्या बढ्दै जाने छ। फेरि जसै-जसै नेपालमा आधुनिक उद्योगधन्दाहरू बढ्दै जानेछन् तसै-तसै खेती (कृषि) मा पनि पूँजीवादी व्यवस्था चालू गरिनेछ र मध्य वर्गका किसानहरू पनि अर्ध मजदुरको हालतमा पुग्नेछन्। यस हालतमा मजदुर वर्गको सिद्धान्त कम्युनिज्मलाई सबैले अपनाउनु नै पर्दछ। नअपनाई कसैको पनि कल्याण छैन। यस विषयमा यसै कम्युनिस्ट घोषणापत्रमा पनि राम्ररी सम्झाईएको छ। तै पनि यहाँ मजदुर वर्गका महान् नेता का. स्तालिनको **'द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद'** बाट केही हरफहरू उद्धृत गर्न उचित सम्झन्छु। *'हामीले आफ्नो भावी कार्यक्रमको फैसला (निर्णय) समाजका ती स्तरहरूको आधारमा गर्न हुँदैन, जसको हाल केही प्रभाव भए तापनि विकास बन्द भइसकेको छ। हामीले त्यसको आधारमा आफ्नो कार्यक्रम बनाउनु पर्दछ जसको हालमा शक्ति प्रमुख नभए तापनि जो विकासमान र जसको भविष्य उज्ज्वल छ।'*

नेपाल र नेपाली जनताको कल्याण चाहनेहरूले यी सबै कुराहरूलाई राम्ररी मनमा लिनुपर्दछ। गद्दारहरूको सिङ न पुच्छरको प्रचारदेखि एकदम सतर्क रहनुपर्दछ। अनि मात्र नेपालले सच्चा आजादी प्राप्त गर्न सक्दछ। जस्तो आज ४० राणाको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न, त्यस्तै भोलि २०० (दुईसय) नेपाली जमिनदार र पूँजीपतिको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न। नेपाल तवै पूर्ण रूपले आजाद (स्वतन्त्र) हुन सक्दछ, जब यस कम्युनिस्ट घोषणापत्र नेपालमा कार्यरूपमा परिणत हुनेछ। अतयवः यो पढ्न, पढाउनु र प्रचार गर्नु नै नेपाल जनमुक्ति आन्दोलनमा भाग लिनु हो।

यो मजदुर वर्गको साहित्य कम्युनिस्ट घोषणापत्र बुझ्न पहिले त अलि मुश्किलै पर्नेछ। यसकारण म पाठक वर्गलाई यो पुस्तक खुद आफ्नो अनुभवले भन्दछु कि यो घोषणापत्र जति पढ्यो, उति नै नयाँ भएर आउँदछ। यसकारण एकचोटि पढेर दराजमा नथन्क्याउनु होस्। जसरी तपाईं दिनहुँ दाँत माझ्नुहुन्छ, उसरी नै यस घोषणापत्रलाई पनि माझ्नुहोस् अर्थात् पढ्नुहोस्। अनि मात्र यस घोषणापत्रको वास्तविक महत्त्व बुझ्नु हुनेछ।

यस पुस्तकले यो एकसय एक वर्षमा अन्य देशहरूमा के-के गरी आज के गर्नको निम्ति हाम्रो भाषामा उल्थामै तपाईंहरूको सन्मुख आइरहेको छ, सो म तल छोटकरीमा सम्झाउने प्रयास गर्दछु। यद्यपि यो पुस्तक भूगोल होइन तापनि मानचित्र पल्टाएर पढ्नुभयो भने यस पुस्तकको कार्य र महत्त्व राम्ररी बुझ्नु हुनेछ।

सन् १८४८ तिर मजदुर वर्ग बच्चै र कच्चै थियो। तर त्यस्तै काँचो अवस्थामा पनि यस मजदुर वर्गले पूँजीवादको विरुद्ध यस्ता-यस्ता युद्ध लडे जसले गर्दा योरोपका समस्त पूँजीवादी राष्ट्र, सामन्तवादी राष्ट्र र पोपहरू आपसी सम्पूर्ण वैरभाव बिर्सी यस मजदुर वर्गलाई दबाउन रुसी बादशाह जारको नेतृत्वमा संगठित भए। यसको जवाफ, अन्तर्राष्ट्रिय कम्युनिस्टहरू त्यही साल लण्डनमा भेला भै विश्व मजदुर वर्गको एकताको आवश्यक महसुस गरी त्यस सम्मेलनले कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सलाई पार्टीको तर्फबाट एउटा कम्युनिस्ट घोषणापत्र तयार गर्ने अभिभारा दियो। पूँजीवादी समाजको सम्पूर्ण त्रुटिहरू र त्यस समाजपछि समाजवादी र साम्यवादी समाज यस संसारमा आउनु नै पर्छ भन्ने मात्र कुरा यसमा नदर्शाई, मानव इतिहासको नै सुरुदेखि मन्थन गरी यस घोषणापत्रमा यस्ता-यस्ता कार्यक्रमहरू राखेका छन्, जुन आज पनि हामीहरूको निम्ति उत्ति नै सही तरिकाले लागू छन्, जतिको त्यस जमानामा योरोपमा सही तरिकाले लागू थिए।

मजदुर वर्गको आन्दोलनमा यस घोषणापत्रले यस्तो वैज्ञानिक ज्योति र शक्ति दियो जसले गर्दा प्रतिक्रियावादीहरूको जालसाजी र गुटबन्दीलाई निर्ममतापूर्वक लछार्दै, पछार्दै, छेंड्दैछाडदै अगाडि बढ्यो। यसैको आधारमा खडा भएको बोलशेविक पार्टीले दुनियाँको इतिहासमा पहिलो बाजी चिरस्थायी रूपले सन् १९१७ नभेम्बर ७ तारिखको दिन मजदुर वर्गको राज्य संसारको ६ खण्डको १ खण्ड, रुसमा कायम गऱ्यो। यही सोवियत रुस विश्व मजदुर वर्गको यस्तो एउटा सुदृढ र विशाल गढ र किल्ला बन्यो जसलाई तोड्नको निम्ति पूँजीवादी, साम्राज्यवादी र प्रतिक्रियावादीहरूले कस्ता कस्ता जाल रचे सो सबै "The Geat Conspiracy Against Soviet Russia" 'षड्यन्त्र' मा हामी पाउँदछौं। *('रुसविरुद्धको भयंकर षडयन्त्र' को धारावाहिक अनुवाद यस मासिकमा प्रकाशित भइसकेको छ- 'भक्तपुर')* ती सबै कार्यहरूबाट विफल भए पछि उनीहरूले नै द्वितीय विश्वयुद्धको रचना

गरे। पूर्वमा जापान र पश्चिममा इटाली र जर्मनीमा फासिज्मका नेता तोजो, मुसोलिनी र हिटलरहरूलाई उचाल्न उनीहरूको पीठमा प्रतिक्रियावादीहरूले धाप मारेको कुरा एउटा दूधे बालकसम्मलाई पनि थाहा छ।

द्वितीय विश्वयुद्ध शुरु भयो। मजदुर वर्गको एकमात्र गढ सोवियत रुसमाथि फासिस्ट फौजहरू जाईलागे। विश्व मजदुर वर्गको एकमात्र किल्ला रुसमा मानवताको दुश्मन फासिस्टहरूको आक्रमण मजदुर वर्ग किन सहन्थे ? विश्वको हरेक देशका मजदुर वर्गले आफ्नो देशको कम्युनिस्ट पार्टीको नेतृत्वमा ***'विश्वका मजदुर एक होऊ'*** यो नारा यस्तरी गुञ्जायमान गरे कि त्यसको सामने फासिस्ट फौज टिक्न सकेनन्। पुच्छर लुकाउँदै सुईंकुच्चा ठोके। द्वितीय विश्वयुद्धमा सोवियत रुसको लाल फौज र फासिस्टहरूलाई लखेट्दै जुन-जुन देशहरूमा पुगेका थिए ती सबै देशहरू- पूर्वी दक्षिण र मध्य योरोपका देशहरूमा मजदुर वर्गको हातमा राष्ट्रको शक्ति गयो। यी राष्ट्रहरू नवप्रजातन्त्र कायम गरी समाजवादतिर लम्कँदै छन्। यसै कारणले गर्दा आज विश्वको एकातिर पूँजीवादी र साम्राज्यवादी देशहरू तिनका आशयका देशहरूमा भयंकर आर्थिक सङ्कट फैलँदा पनि सोवियत रुस र ती नव-प्रजातन्त्रहरू मानवताको उन्नतिको निम्ति अगाडि बढिरहेका छन्। ती देशहरूमा आर्थिक सङ्कट छैन, आर्थिक जीवनको उन्नति छ।

द्वितीय विश्वयुद्धले उपनिवेश र अर्ध-उपनिवेशका जनतालाई सच्चा आजादी प्राप्त गर्न वैज्ञानिक बाटो देखायो। तमाम उपनिवेश र अर्ध-उपनिवेशका जनता र प्रगतिशील संस्थाहरूले आफ्नो आफ्नो देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा हातमा हतियार लिएर पूँजीवाद र साम्राज्यवादलाई ललकारे। चिनी कम्युनिस्ट पार्टी जो कोमिताङ फासिष्ट र अमेरिकन साम्राज्यवादको इसारामा नाच्ने च्याङ काइ शेक सरकारको विरुद्ध द्वितीय विश्वयुद्ध हुनुभन्दा एक युग अगाडिदेखि नै लडिरहेको थियो, द्वितीय विश्वयुद्ध पछि समाजवादको शक्ति पूँजीवाद र साम्राज्यवादको तुलनामा धेरै गुणा बढेको हुनाले, यस्तो द्रुतगतिले विजय प्राप्त गर्दै अगाडि बढिरहेको छ कि आज त्यसको विजयी शक्तिले केवल चीनका प्रतिक्रियावादी मात्र आत्तिएका छैनन्, प्रतिक्रियावादीहरूका गुरु वालस्ट्रिट (अमेरिका) पनि मुटु कँपाउँदै छ। इण्डोचाइना, मलया र भियतनाम आदि उपनिवेशका जनता पनि तत्-तत् देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा तत्-तत् देशीय राष्ट्रवादी नेताहरूको धोका दिएको वास्ता र परवाह नगरी हातमा हतियार लिएर दिन दोब्बर र राता चौब्बर भनेझैं प्रगति गरी रहेका छन्। नेपाललाई जुन किसिमले स्वतन्त्रता प्रदान गरेको थियो सोही किसिमभन्दा एक इञ्चमाथि उक्लेर (अर्थात् रगतको नाता शासनमा नभई पूँजीवादी भोटको सम्बन्ध) बर्मालाई स्वतन्त्रता दिएको थियो। कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्ने बर्मी जनताले यस खोस्टे आजादीलाई पूर्ण रूपले थाहा पाएर आज बर्मी जनता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादीहरूको एक मुक्काको बदला दुई मुक्का हान्दै अगाडि बढिरहेका छन्। बर्मीको प्रधानमन्त्री यू थाकिन नुको पिन्चे स्वर विश्वमा गुञ्जायमान भै रहेको छ। आज हाम्रो छिमेकी राष्ट्र भारतमा पनि मार्क्सवादी पार्टीको ताकत यस्तरी बढिरहेको छ कि त्यसको सामना गर्नको निम्ति मार्क्सवादी छाला ओढी टोपल्ने सोशलिस्ट पार्टीलगायत लिएर एक नम्बरको साम्प्रदायिक संस्थाहरू, हिन्दु महासभा र राष्ट्रिय स्वयंसेवक सङ्घले दृश्य वा अदृश्य तवरले संयुक्त मोर्चा बनाएर काङ्ग्रेसी पूँजीवादी र साम्राज्यवादी नीति अपनाउने नेहरू सरकारलाई सघाइरहेका छन्। नेहरू सरकारकै कृपा र दयादृष्टिले गर्दा आज पनि हाम्रा नेपाली भाइहरूलाई मलायासम्म लगी, त्यहाँको जनमुक्ति आन्दोलनको विरुद्ध अङ्ग्रेजले त्यसरी नै हाम्रा भाइहरूलाई प्रयोग गरी रहेका छन् जसरी पहिले भारतमा उनै गान्धी-नेहरू सञ्चालित र अन्य आन्दोलनको विरुद्ध प्रयोग गर्दथे। नेपालमा राणाहरूको त्यस्तो विघ्न अत्याचार हुन हुँदैन भनेर गान्धीजी बोले, नेहरूजी पनि कराई टोप्ले, तर नेपाली फौज मलया लैजाने विषयमा गान्धीजी चूप र नेहरूजीको समर्थन !

नेपाली जनता नाङ्गै रहुन्, भोकै मरुन्, नेहरूजीलाई के को वास्ता, तर नेपाली जनतालाई शोषण गर्नु र नेपालमा साम्राज्यवादी फौजी अड्डा कायम गराई धरमराएको पूँजीवाद र साम्राज्यवादलाई टेवा दिई समाजवादी सोवियत सङ्घ र आजाद चीनलाई क्षति पुऱ्याउने चेस्टा गर्न नेहरूजीलाई अत्यन्त वास्ता मात्र होइन, सरोकार पनि छ। किनकि उनी भारतीय पूँजीपति र जमिनदारहरूका अत्यन्त प्रिय र माननीय नेता छन्। नेहरू सरकारद्वारा सञ्चालित नेपाल कोशी ड्याम्का मजदुरहरूको कुन दशा छ। बिरामी हुँदा ओखतीमूलो छैन, बाढी आउँदा डुङ्गा छैन, तर काममा भने हाजिर हुनै पर्दछ। कुनै-कुनै मजदुर घर फर्कंदा राम्री स्वास्नी नै बेपत्ता। नेहरूजीलाई के वास्ता !

नेहरू सरकारको यस्तो देशघातक र साम्राज्यवादी नीतिको भण्डाफोर गर्दै भारतीय मार्क्सवादी पार्टी मजदुर वर्गको आन्दोलनलाई अगाडि बढाउँदै, वर्ग सङ्घर्षको बाटोतिर लम्कँदै छ। निश्चय नै भारतीय मार्क्सवादी पार्टीको शक्ति र माग प्रतिष्ठा मजदुर, किसान, विद्यार्थी र निम्न मध्य वर्गमा बढ्दै छ। यसको साथ-साथै लावर (रबर) को भकुण्डो रूपी

दुश्मन पनि बढ्दै छ जो या त आपसे-आप बढ्दाबढ्दै फुट्ने छ या त वर्ग सङ्घर्षको चेपमा परी चकनाचूर हुनेछ।

आज समस्त विश्वका मजदुर वर्ग राष्ट्रिय (पूँजीवादीहरूको विचारको राष्ट्र) र धार्मिक भावनालाई त्यागेर तत् देशीय कम्युनिस्ट पार्टीको नेतृत्व विश्व मजदुर वर्गको एकाईमा जोड दिंदै अगाडि बढिरहेका छन्। इण्डोचाइनामा तथाकथित फ्रांसीसी समाजवादी सरकारले त्यहाँको जनमुक्ति आन्दोलनमाथि गोलाबारी गर्दा फ्रान्सका समस्त राजनैतिक पार्टीहरू कानमा तेल हालेर सुतेका मात्र होइनन्, समाजवादको खोल ओड्ने साम्राज्यवादी सरकारलाई पूर्ण रूपले समर्थन गरे औं गरिनै रहेका छन्। तर सच्चा आजादीको निम्ति लड्ने, मजदुर वर्गको पार्टी फ्रांसीसी कम्युनिस्ट पार्टीले आफ्नो राष्ट्रिय सरकारको कुकार्यको घोर विरोध मात्र नगरी फ्रान्सको उपनिवेश इण्डोचाइनाको जनतालाई सक्रिय रूपले सहायता र सहानुभूति दिए। इण्डोनेशियामा डच साम्राज्यवादी सरकारको कारबाहीको विरुद्ध हलायण्ड कम्युनिस्ट पार्टीले पनि फ्रांसीसी कम्युनिस्ट पार्टीले गरेभैं गऱ्यो और गर्दैछ। जस्तो दार्जलिङमा चियाबगानहरू छन् उस्तै मलायामा रबर बगानहरू छन्। ती बगानहरूका मजदुरहरू साम्राज्यवादी शोषण र शासन हटाई मजदुर राज खडा गर्नको निम्ति मलाया कम्युनिस्ट पार्टीको नेतृत्वमा मुक्काको जवाफ मुड्कीले दिंदै अगाडि बढिरहेको बेलामा (अहिले पनि बढीनै रहेको छ) बिलायतको कम्युनिस्ट पार्टीले बाहेक अरु कुनै पार्टीले पनि साम्राज्यवादी सरकारको विरोधमा स्वर कसेनन्। मलायाका मजदुरहरूलाई दबाउन तथाकथित एटलि-बेभन समाजवादी सरकारले शस्त्रअस्त्र पठाउन लाग्दा बिलायतका मजदुरहरूले जहाजमा शस्त्रअस्त्र लाद्न नामञ्जूर गरी दिए। अस्ट्रेलियाको कम्युनिस्ट पार्टीको तरफबाट प्रधानमन्त्री (महासचिव) का. लान्स शार्कीले खुल्लमखुल्ला घोषणा गरे, 'मलायाका मजदुरहरूलाई दबाउनको निम्ति पठाइने फौजी सामानहरू लादिएर आएका जहाजहरूमा अस्ट्रेलियाका मजदुरहरूले कोइलापानी भर्ने छैनन्, हातहतियार लाद्नु त अर्कै कुरा।' फ्रान्स कोइलाखानीका ५ लाख मजदुरहरूले शानदार हडताल गर्दा विश्वका तमाम कम्युनिस्ट पार्टी र मजदुर सङ्घहरूले विश्व मजदुर वर्गको एक अंश फ्रांसीसी मजदुरहरूलाई सहायताका निम्ति यथासक्य चन्दा दिए। यी सबै कुराहरूबाट विश्व मजदुर वर्गको एकाईको प्रमाण साबित गर्दछ। यसबाट यही प्रमाणित हुन्छ कि विश्वमा मजदुर राज कायम हुने बेला नजिकै आइसक्यो।

मजदुर वर्गको बढ्दो एकता र विशाल ताकतलाई देखेर विश्वका पूँजीवादी र साम्राज्यवादीहरूले विश्वशान्तिको निम्ति सही गरिएको पोस्टडम र याल्टा सन्धिहरूलाई रद्दीको टोकरीमा फ्याँकी तृतीय विश्वयुद्धको रचनाको निम्ति घोडदौड गरी रहेका छन्। सोवियत सङ्घ र नवप्रजातन्त्रहरूको (आजाद चीन पनि) चारैतिर साम्राज्यवादीहरू फौजी अड्डा कायम गर्दैछन्। आजसम्ममा लगभग चारसय फौजी अड्डा कायम गरिसके। हाम्रो प्यारो मातृभूमि नेपालको वक्षस्थल पनि तिनै फौजी अड्डाहरूमध्ये एक भरपर्दो अड्डा हुन जान्छ भन्ने कुरा १९४७ नभेम्बर ७ तारिखमा (वि.सं. २००४ कार्तिक २२) तीन सरकारहरू बिलायत, भारत र नेपालको बीचमा भएको सन्धिले स्पष्ट झल्काउँछ। सन्धिको शर्तहरू मध्ये एउटा यस प्रकारको छ 'ब्रिटिश फौजी अधिकारीहरूले गोरखपुर र घूम मौजुदा भारतीय केन्द्रहरू त्यस बेलासम्म चालू गर्न सक्दछन् जबसम्म भारतमा अन्यत्र कहीं अथवा नेपालमा नै ब्रिटिश फौजको निम्ति गोर्खादस्ताहरू भर्ना गर्ने ठाउँ बन्ने छैन भन्ने कुरामा भारत सरकार राजी भएको छ।'

आज विश्वका प्रतिक्रियावादी आपस्तको वैमनस्यमा पर्दा लाउँदै जनशक्तिसँग मोर्चा लिन अग्रसर भै रहेका छन्। यस निम्ति एटलान्टिक, प्रशान्त र मिडिटरियन प्रादेशिक सम्झौताको कुरा जोडतोडसँग चलिरहेको छ। एटलान्टिक सम्झौतामा त सही गर्ने पनि निधो भैसकेको छ। (सही पनि भैसक्यो) सोवियतविरोधी अड्डा बर्लिनबाट उठेर हिटलर खतम भएको हुनाले ट्रुम्यानले वाशिङ्टनबाट सञ्चालन गर्दैछन्। म यहाँनेर मिस्टर ट्रुम्यानलाई एकाध कुरा याद दिलाउन चाहन्छु। मि. ट्रुम्यानलाई राम्ररी याद होला (१) योरोपमा कम्युनिज्मलाई दबाउनमात्र होइन, जरै उखालेर फ्याँक्नको निम्ति प्रतिक्रियावादीहरूको सर्वप्रथम गुट जारको नेतृत्वमा यस घोषणापत्र निक्लँदा न निक्लँदै कायम भएको थियो। कम्युनिज्मको जरा उखालेर फ्याँक्नुको सट्टा नेता महाशय जारको तखता नै कम्युनिज्मले उल्ट्याई दियो। (२) हिटलर र मुसोलिनीको नेतृत्वमा खडा भएको कम्युनिस्टविरोधी सम्झौता (आयन्टि कोमिन्टर्न प्याक्ट) र खुद ती दुवैको सोही गति। (३) एशियामा च्याङ काई शेकको। (४) अब ट्रुम्यान!

यसरी हामी देख्दछौं आज यो संसार दुई विरोधी वर्गमा विभक्त भएको छ। एक वर्ग पूँजीपति जसको नेता अमेरिकाका धनीहरू छन् जो खालि शोषणको आधारमा मात्र जीवित रहन सक्दछन्। अर्को वर्ग मजदुर वर्ग जो सब प्रकारको शोषण, मानिसले मानिसमाथि गर्ने, लाई खतम गरेर समाजवाद र साम्यवादको बाटोतिर लाग्दछ। यस

मजदुर वर्गको नेता समाजवादी सोवियत सङ्घ छ। यसको मतलब यो हुन्छ कि वर्ग सङ्घर्ष (पूँजीपति र मजदुरको) एक कारखाना, टोल, जिल्ला, प्रान्त, राष्ट्र र महाद्वीपको अवस्थालाई पार गरेर सांसारिक रूपमा खडा हुन आएको छ। याद रहोस्, पूँजीपति र मजदुरको वर्ग सङ्घर्षमा हरहमेसा मजदुर वर्गको नै विजय भएर आएको छ। अतयवः यस सांसारिक रूपमा हुने वर्ग सङ्घर्षमा पनि मजदुर वर्गको नै विजय हुनेछ। यस निम्ति विश्वका कम्युनिस्ट पार्टीहरूले एटलान्टिक सम्झौताको मुहतोड जवाफ दिँदै, समाजवादको निम्ति लड्नेहरूले मजदुर वर्गको स्वार्थ ध्यानमा राखेर घोषणा गरे, 'यदि सोवियत सङ्घको लाल फौज साम्राज्यवादी फौजलाई लखेट्दै हाम्रो आफ्नो देशमा आइपुगे भने हामी देशी र विदेशी साम्राज्यवादी र प्रतिक्रियावादीहरूलाई खतम गर्नको निम्ति लाल फौजलाई स्वागत गर्नेछौं। लाल फौजसँग काँधमा काँध मिलाई प्रतिक्रियावादीहरूलाई खतम गर्नेछौं। द्वितीय विश्वयुद्धमा फासिस्ट हिटलरी फौजलाई लखेट्दै आउँदा दक्षिण–पूर्वी र मध्य योरोपका देशहरूले यसै गरेका थिए।' यो विश्व मजदुर वर्गको एकताको चरम सीमाको प्रत्यक्ष प्रमाण हो, अतयवः विजय हाम्रो निश्चय।

आज विश्वमा जताततै एक प्रश्न खडा छ – कता पट्टि ? समाजवादी सोवियत सङ्घ पट्टि कि साम्राज्यवादी अमेरिका पट्टि ? अर्थात् मजदुर वर्ग पट्टि कि पूँजीपति वर्ग पट्टि ? हाम्रो देशमा पनि यही प्रश्न खडा छ। यस प्रश्नको उत्तर राणा सरकारले मात्र होइन, सम्पूर्ण नेपाली काङ्ग्रेसहरूले पनि साफ शब्दमा व्यक्त गरी सके कि उनीहरू मजदुर वर्गका विरुद्ध खडा भएको मोर्चा अमेरिकन साम्राज्यवाद पट्टि। यसै निम्ति उनीहरूले नेपालमा साम्राज्यवादी फौजी अड्डा कायम गर्न सुविधा दिने र मलायामा नेपाली फौज लैजानमा अङ्ग्रेजी साम्राज्यवाद पट्टि लाग्ने नेहरू सरकारको विश्वासघाती नीतिको पोल नखोली झन् उल्टो उनै नेहरूको मुख ताकिरहेका छन्। तारिफको पुल बाँधी रहेका छन्। यसरी नेपाली राष्ट्रले स्वतन्त्रता प्राप्त गर्न सक्दैन। यसले केवल राणाले थिची राखेका, तर आमनेपाली जनतालाई शोषण गरिरहेका, केवल एकाध सय पूँजीपति र जमिनदारहरूलाई नेपाली जनतालाई अर्कै तरिकाले शोषण गर्ने स्वतन्त्रता मात्र दिन्छ। सच्चा स्वतन्त्रताको निम्ति यस संसाररूपी वर्ग सङ्घर्षमा कम्मर कसेर भाग लिनुपर्दछ। यद्यपि आज यस विभाजनको रूप नेपालमा सुक्ष्मरूपले देखापरेको छ तापनि नेपालको मजदुर वर्गले आफ्नो पक्का मित्र सोवियत रुस हो भनी चिनिसकेको छ। अन्तर्राष्ट्रिय मजदुर वर्गको हथौडा, हँसिया र पञ्चकोने तारा अङ्कित भएको लालझण्डालाई नेपाल विराटनगरका मजदुरहरूले सन् '४७ को सुरुमा नै फहराई सकेका छन्। यद्यपि नेपालको भावी र अन्तिम शासक वर्ग मजदुर वर्ग आज सङ्ख्यामा कमै छ तापनि भोलि यसको सङ्ख्या निश्चय नै बढ्नेछ। यसै मजदुर वर्गले नेपाल जनमुक्ति आन्दोलनलाई सही तरिकाले नेतृत्व गर्नेछ। हामीले देख्यौं, विराटनगरको हडतालको समाचार पाउने बित्तिकै काठमाडौं राणाको गढमा पनि हडतालको लहर फैलियो। बिजुली अड्डाका कालीगर, टक्सारका कालीगर, व्याङ्कका हुलाकी र अस्पतालका स्टाफहरूले हडताल गरे। अस्पतालको हडताल अधिकारी वर्गको जालसाजी र स्टाफहरूमा पनि संगठनको कमीले गर्दा हुनसकेन। त्यसो भए तापनि उनीहरूको मागहरूमध्ये धेरैजसो हासिल भयो। विराटनगर मजदुर हडतालको खबरले उत्साहित भएर नेपालगञ्जका किसानहरू पनि राणा र जमिनदार दुवैलाई खतम गर्न मैदानमा उत्रे। त्यस साल खास गरेर मालपोतै उठाउन सकेन।

यी सबै कुराहरूबाट यो स्पष्ट झल्कन्छ कि नेपाली जनताको दुश्मन केवल नेपालको सामन्ते राणा मात्र होइनन्। वास्तवमा यी सामन्ते राणालाई आड, भरोसा र टेवा दिने भारतीय पूँजीपति र विश्व प्रतिक्रियावादीहरूको नेता आङ्लो–अमेरिकन साम्राज्यवाद पनि हुन्। यस कुरालाई मञ्जुर गर्न हाम्रा नेपाली काङ्ग्रेसहरू अस्वीकार मात्र गर्दैनन्, खुल्लमखुल्ला मजदुर वर्गको विरोध पनि गर्दछन्। यस विषयमा म के भनूँ, केवल नेपालमा अत्यन्त प्रचलित भएको एउटा उखानमात्र भनेर टुङ्ग्याउँदछु – *कस्ता-कस्ता कहाँ गए मुसाको छोरा देवान (मन्त्री) !*

*पुष्पलाल*

*५ अप्रिल १९४९, कलकत्ता*

(कम्युनिस्ट घोषणापत्र प्रकाशनको एक सय एक वर्षमा नेपाली भाषामा पहिलो अनुवाद पुष्पलाल 'नेपाली' अर्थात पुष्पलाल श्रेष्ठले सन् १९४९ (वि.सं.२००५) मा गर्नुभएको हो। प्रकाशनको १ सय ५० वर्ष पुगेको अवसरमा 'भक्तपुर' मासिक (वर्ष १५ अङ्क ५, २०५३ चैत) मा छापिएको थियो। सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको द्विशतवार्षिक जन्म दिवसको अवसरमा सामान्य शुद्धाशुद्धी गरी पुनःमुद्रण गरिएको छ।)

**सच्याउनुहोस्**

गताङ्कको पृष्ठ ६४ को २० औं हरफमा **'बिगहेड र ग्रासकार्म जस्ता ७,५०० माछाका भूरा'** गरी सच्याउनु होस्- 'भक्तपुर'।

# हनुमानघाटको धार्मिक तथा सांस्कृतिक महत्व



ओम धौभडेल

ऐतिहासिक तथा सास्कृतिक नगर भक्तपुर विश्व सम्पदा सूचीमा सूचिकृत विश्वकै एक अनुपम नगरमा पर्छ। यहाँ रहेका प्रशस्त मठमन्दिर, देवालय, शिवालय, दरबार, सत्तल ,पाटीपौवा,चोक,डवली, ढुङ्गेधारा, पोखरी, घाट आदिको यसमा महत्त्वपूर्ण भूमिका रहेको छ। यसमध्ये भक्तपुरको हनुमानघाट तीर्थ पनि एक त्यस्तै महत्त्वपूर्ण सम्पदामा पर्छ।

चारैतिर पहाड नै पहाडले घेरिएको काठमाण्डौ उपत्यकाको संरचना भौगोलिक हिसावले एउटा ठूलो प्राकृतिक दह हो। जसमा भक्तपुर भेगतिर साँखुदेखि नगरकोटसम्मको एउटा श्रृङखा र चांगुदेखि नगरकोटसम्म फैलिएको अर्को पहाडी श्रृङखला उत्तरबाट क्रमशः पूर्व हुँदै दक्षिणतिर लागेको छ। पूर्वको सांगा भन्ज्याङबाट दक्षिणतिर ब्यावर श्रृङखला क्रमशः सिपाडोलको पहाड सोझै पश्चिम लाग्ने क्रममा डोलेश्वर, सुर्यविनायक वन फैलिएको छ। यही पहाडी श्रृङखलाले घेरिएको बीचको भागमा भक्तपुर शहर बसेको छ। जुन हेर्दा शंख आकारको छ। नगरकोटको शिखरबाट बगेको नदीले भक्तपुरलाई दुईतिरबाट घेरिएको अवस्था छ। यस नगरकोटको पुरानो नाम रत्नचूड हो। जसरी पश्चिमको चन्द्रागिरी पर्वत हुँदै सूर्य अस्ताउँछ, त्यसरी नै यही रत्नागिरी पर्वतको प्रथम र्स्पशबाट सूर्य उदाएको हुन्छ। उनै रत्नागिरी पर्वतको काखमा रत्नचुडेश्वर महादेव स्थापित छ। सँगै महादेव पोखरी पनि छ। जसलाई यहाँको स्थानीय भाषामा तिँचा पुखु भनिन्छ। उही पोखरी र अन्य जलाधारबाट नौवटा विभिन्न जलधाराहरू चारै दिशामा बगेको छ। जसमा हलाहल, चम्पा, चन्द्रावति, पुण्यमाता, सुर्वण, विरा, भद्रा, बोधीनी, बाघहेणि नदी पर्छ। यसमा भक्तपुरको पूर्वी भेगको हलल गाँउ हुँदै भिरपाखा भएर बग्ने हलाहल नदी हो। जुन महादेवले हलाहल विष सेवन पछि रसुवाको गोसाईकुण्डको शीतल पानीको जसरी चाहना गरेको थियो त्यसरी नै रत्नागिरीको शिखरबाट बगेको चिसो पानीले युक्त हलाहल नदी बीच धेरै समानता छ। यसमा सांखुको शाली नदीमा मिसिने दुई नदीहरू होस्, पूर्वमा दोलालघाटसम्म मिसिने नदी होस्, बनेपा भएर बग्ने पुण्यमाता होस्, भक्तपुरतीर भएर बग्ने चम्पा, विरा, भद्रा, बोधिनी, बाघहेणि होस् सबैको मूल स्रोत रत्नागिरी पर्वत नै हो। यसमा पनि चम्पा नदी बग्दै पन्चकन्याको रूप धारण गरी जब मुहान पोखरी पुग्छ, त्यँहाबाट भक्तपुरको समतल फाँट हुँदै यहाँका जमिन सिन्चित गर्दै अगाडि बग्छ। यो नदी बागेश्वरी, सुडाँल, ताथली हुँदै अगाडि बढ्ने क्रममा हलल गाँउ हुँदै बगेको नदीलगायतको उपस्थितिबाट ठूलो रूप धारण गरेपछि यसको नामाकरण नै तब्या खुसी फराकिलो नदी हुँदै ब्रम्हायणी पिठ भई अझ अगाडि बग्छ। यता सिपाडोलबाट बगेको चखु खोला पनि अन्य विभिन्न सानातिना खोल्साहरू बटुल्दै पुरानो जगाती हुदै लिवालिवी फाँट आइपुग्छ। यी दुवै खोलाहरूको मिलन भक्तपुर हनुमानघाटमा हुन्छ। र एउटै खोला बन्छ। हनुमन्तेको नामले प्रख्यात हुन्छ।

हाम्रो हिन्दू धर्ममा प्रायः नदी वा खोलाहरूको नाम स्त्रिलिङ्गी भएको पाईन्छ। उदाहरणको लागि गंगा, यमुना, इरावती, नर्मदा होस् वा नेपाल भित्रको बाग्मती, बिष्णुमतिलगायतका होस्, प्रायः स्त्रिलिङ्गी हुने सर्न्दभमा हनुमन्ते अपवादको रूपमा यो खोलालाई हनुमन्ते भनिएको छ। त्यसो त यसको पछाडि रामायणको कथासँग यो ठाँउको किवंदन्ति जोडिएको आफैंमा महत्त्वपूर्ण छ। यहाँ हनुमानको प्रसँग आउँदा रामायणका रचयिता वाल्मिकीको प्रसँग पनि जोडिन आउँछ। वाल्मिकी को हुन् उनले कसरी रामायणको रचना गरे आदि इत्यादिबारे थाहा पाउन नेपाल महात्म्य ग्रन्थ एक महत्त्वपूर्ण प्रमाण बन्न आउँछ। यहाँ उक्त ग्रन्थको यसकारण चर्चा गर्नु आवश्यक हुन आउँछ की नेपाल महात्म्यको तेश्रो अध्यायमा भक्तपुरको हनुमानघाट र वाल्मिकीको विषयमा चर्चा गरिएको छ। जहाँ वाल्मिकी किन यो ठाउँमा आएर तपस्या गरे भन्नेबारे ब्याख्या पाईन्छ।

भक्तपुरको मूलबस्ति उत्तरतर्फ खासाङ खुसुङ खोला र दक्षिणतर्फ हनुमन्ते खोलाले घेरिएर बीचमा शंख आकारमा बसेको छ। यही हनुमन्ते खोलाको किनारमा यो हनुमानघाट स्थापित छ। हनुमन्ते खोला तथा हनुमानघाटको नामबाट यहाँ यी खोला तथा घाटको हनुमानसँग सम्वन्ध भएको स्पष्ट हुन्छ। विभिन्न धार्मिक ग्रन्थ तथा पुराणहरूमा समेत यो तीर्थको उल्लेख भएको सर्न्दभमा भगवान राम जब

सीताको खोजीमा यस त्रिवेणीमा आइपुग्दा भोक लागि आफ्ना सेवक हनुमानसित एउटै पातमा दही चिउरा खान थालेछ। यता हनुमानलाई आपत परेछ की भगवान राम जस्तोलाई कसरी आफ्नो जुठो खुवाउने भन्ने पीर परेछ। यसै मेसोमा हनुमानले आफ्नै पुच्छरले पछ्तिर जमिन धसी नदी उत्पति गरेछ। एक गाँस खाइसकेपछि पछाडितिर हात लगी धोई पुनः खान थालेछ। यसरी हनुमानले उत्पत्ति गरेको भएर यो नदीकै नाम हनुमन्ते भएको कहावत पाईन्छ। र यही हनुमन्ते खोला छेउको घाटको नामाकरणसमेत उनकै नामबाट हनुमानघाट भएको मानिन्छ। घाटसित सम्वन्धित कयौं अन्य कथा किवंदन्तिहरूले यस हनुमानघाटको महत्त्व उजागर हुन्छ।

हनुमानघाटलाई यहाँको स्थानीय भाषामा खोहरे भन्ने गरिन्छ। जुन वास्तवमा खोहोरोदो हो। यद्यपि खोरे कायम नै छ। यहाँ खो शब्दले के अर्थ जनाउँछ, त्यसबारे विस्तृत अध्ययन हुनुपर्छ। जसरी भक्तपुरको प्राचिन नाम खोपृङ्ग हो, नगरको उत्तर भएर बग्ने नदी खासाङ खुसुङ हो। त्यतिमात्र होइन, यही खोहरेको वरपरको केही भौगोलिक अवस्थितीबारे अध्ययन गर्ने हो भन्ने अझ यसबारे केही तथ्य अवगत हुन आउँछ। जस्तो खोहरेको नजिकको केही ठाँउका नाम खोर्चा, खँचा, खँला, खापि जस्तो आउँछ। खोहरे नजिकैको हालको सिद्धीस्मृति अस्पताल रहेको ठाँउ खोर्चाबाट चिनिन्छ। बुढापाका बाहेक अहिलेका पुस्तालाई यो ठाउँको नाम खोर्चा हो भन्ने सम्म पनि हेक्का छैन। त्यस्तै खोहरेबाट केही दूरी उत्तरतिर इनाचो पुग्ने बाटोलाई खँचा भनिन्छ। कसै कसैले त्यो ठाँउमा रहेको ५ तल्ले मन्दिरको छाँया देखिने पोखरीको कारण त्यो ठाँउको नाम खँचा भएको भनिए तापनि त्यसमा त्यति दम छैन। किनभने ५ तल्ले मन्दिर वा त्यहाँको ५ तल्ले मन्दिरको छायाँ देखिने पोखरी त्यति पुरानो सम्पदा होइन जति त्यो ठाउँ। भनाईको मतलव, खँचा भनिने त्यो ठाउँ त्यति पुरानो छ, ५ तल्ले मन्दिर त ने.स. ८२२ मा मात्र अनि पोखरी त त्यसपछि मात्र बनेका सम्पदाहरू हुन्। त्यस्तै खापि भन्ने ठाँउ खोहरेको दक्षिणतर्फ सिपाडोल हाल क्लव बाग्मति रहेको भेगको प्राचीन नाम हो। खापी अति पुरानो नाम हो, जसको जिकिर गोपाल राजवंशावलीमा समेत भएको छ। डोयहरूले भक्तपुर आक्रमण गर्न आउँदा खापिथलीसम्म आएको उल्लेख गोपाल राजवंशावलीमा भएको यहाँ महत्त्वपूर्ण हुन आउँछ। तसर्थ यहाँ ख वा खो शब्दको उल्लेख आवश्यक हुन आएको छ। यता ऐतिहासिक रूपमा हनुमानघाटको महत्त्व प्रामाणिक ढङ्गले पुष्टि हुने सामग्रीहरूको अभाव छ। जुन सारै विडम्वनाको विषय हो।

तापनि केही धार्मिक ग्रन्थ, पुराण एवम् वंशावलीहरूमा यसको नाम परेको छ। स्कन्द पुराणको नेपाल हिमवतखण्ड्मा वीरा, भद्रा र तमसा नदीको संगमस्थल यस हनुमानघाटबारे उल्लेख छ। त्यस्तै नेपाल महात्म्यमा वाल्मिकी ऋषि यही हनुमानघाटमा बसी रामायण लेखेको उल्लेख छ। त्यस्तै लिच्छवि राजा जयदेव द्वितीय पछि पतन भएको नेपाल मण्डल पुनः बसाउने क्रममा पूर्वमा दोलखादेखि पश्चिममा नुवाकोटसम्म ६४ शिवलिङ्गले घेरिएको उल्लेख छ। त्यसमा एक भक्तपुरको हनुमानघाटको वाल्मिकेश्वर महादेव पनि हो। ने.स. ८८३ मा लेखिएको उक्त हस्त लिखित ग्रन्थमा यस हनुमानघाट तीर्थमा वाल्मिकी ऋषिले तपस्या गरी रामायण लेखेको र सोही ठाउँमा वाल्मिकेश्वर महादेव स्थापना गरेको उल्लेख छ। यहि महादेव समिप रामले तपस्या गरी रावणमाथि विजय हासिल गर्न सके। यो तीर्थमा फागुन शुक्ल तृतीया र पौष शुक्ल पूर्णिमाको दिन स्नान गरेमा १०० वटा गाई दान गरेको पुण्य हुने समेत त्यँहा उल्लेख छ। यस आधारमा हनुमानघाटको महत्त्व लिच्छविकालमै प्रशस्त रहिसकेको पुष्टि हुन्छ। यता लिच्छविकालमा भक्तपुर नगर पुनः बसाउने क्रममा लिच्छवि राजा आनन्द देवले श्रीयन्त्राकार नगरको आठ विभिन्न दिशामा अष्टमातृका देवीहरू स्थापना गर्ने क्रममा हनुमानघाटको विकास अझ बढी भयो। मल्लकालको पूर्वार्द्धमा यहाँ अरु थुप्रै सम्पदाहरू निर्माण भएको छ। हनुमानघाटमा प्रत्येक वर्ष हुने माघ धलंबारे ने.स. ५२८ को अभिलेख भक्तपुर वाकुपति नारायण चोकको गरुडस्तम्भले देखाउँछ। हनुमानघाट परिसरको नारायणको मूर्तिको अभिलेखअनुसार राय मल्ल, रण मल्ल र भिममल्लहरूको समयमा यो ठाँउ वैभवताले भरिसकेको देखिन्छ। यहाँ रहेका देवदेवीका सयौं मूर्तिहरू यसका प्रमाण



हनुमानघाटमा माघ धलं

हुन् । वाल्मिकेश्वर महादेव, शीव पाञ्चायन, शीतलामाई, हनुमान, रामसीता, गणेश, हरिहर, राधाकृष्ण, मत्स्य नारायण, किरातेश्वर महादेव, भूपतेश्वर महादेव, कामदेव, सरस्वति, माधवनारायण, ज्वरेश्वर महादेव, हनुमन्तेश्वर महादेव, वंशीकृष्ण, सुर्य, कुमार, लक्ष्मिनारायण, गंगामाई, बद्री नारायण, ब्रम्हा, भैरव, लक्ष्मी, भुँडे गणेश, लगायतका थुप्रै सम्पदाहरूले यो ठाँउको महत्त्व बढेको छ । यस बाहेक ने.सं. ७७३ को एक अभिलेखसहितको बुध्दको विशाल मूर्ति देख्न सकिन्छ । यस्तै करुणामय, चैत्य, बज्रधातु, मण्डल लगायतका बौध्द सम्पदाहरू बाट यो क्षेत्र एक प्रसिध्द बौध्द तीर्थ पनि रहेको ज्ञात हुन्छ । जसको नाम खुसी विहारले चिनिन्छ । अर्थात खोला नेरको विहार । यस अर्थमा हनुमानघाट हिन्दु एवम बौध्द धर्मको केन्द्र मान्न सकिन्छ ।


धार्मिक एवम् सांस्कृतिक रूपले यो तीर्थको महत्त्व अत्यन्त उच्च छ । वीरा, भद्रा र तमसाको संगम स्थल त्रिवेणी अर्थात खोहोदो हुँदै खोरे यो तीर्थ पञ्च तीर्थमा एक हो भन्ने तथ्य दिवंगत पितृको २ वर्षसम्म घरमा श्राध्द गरिसकेपछि पशुपति, गोकर्ण, शंखमूल, पनौति र यही हनुमानघाटमा श्राध्द गर्नुपर्नेबाट थाहा हुन्छ । यी प्रत्येक पाँच ठाउँमा गरिने श्राध्दलाई गया श्राध्दको रूपमा लिइने चलन छ । तसर्थ हनुमानघाटलाई पनि गयाकै रूपमा पनि लिन सकिन्छ । तर एउटा कुरा, भारतकै हरिद्वार, प्रयाग नेपालको देवघाट, पनौती जस्ता त्रिवेणीमा कुम्भ मेला लागेजस्तै हनुमानघाटमा मेला लागेको देखिंदैन । यो विचारणीय छ । तर पनि यहाँ वर्षभरि लाग्ने विभिन्न मेला चाडपर्व, जात्रा आदिले यस क्षेत्रको महत्त्व आकलन गर्न सकिन्छ । माधव नारायण धलं ब्रत त यहाँको विशेषता नै हो । जसलाई माघ धलंबाट पनि चिनिन्छ । ने.सं. ५२८ को वाकुपति नारायणस्थानको अभिलेखबाट त्यतिबेला नै यहाँ यो ब्रतको प्रचलन भैसकेको पुष्टि हुन्छ । मल्लकालमा ने.सं.७२२ मा कल्याणराज राजोपाध्यायले माघ धलंलाई ब्यवस्थित गरेको प्रमाण छ । ने.स. ८४६ को एक टिपोटले त यहाँको ब्रतमा भक्तपुर दरबारको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ । राजा रणजीत मल्लका जेठो छोरा अजितसिंह आयोजक (कजि) भई माघ धलं बसेकोबाट यसको थप पुष्टि हुन्छ । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना यो ब्रत चल्दै आएको छ । केही वर्ष यतादेखि यहा माघ महात्म्य कथा पनि वाचन हुँदै आएको छ ।

त्यस्तै सांस्कृतिक दृष्टिकोणले भक्तपुरको संस्कृति तथा सभ्यता यही घाट तथा खोलाबाट सिञ्चित भएको छ भन्दा अत्युक्ति नहोला । नेवार धर्म संस्कृति परम्परा तथा सभ्यतासँगै नै यो घाटको कहिल्यै नटुट्ने नाता गासिँदै आएको छ । कान्तिपुरमा जसरी वाग्मतिको महत्त्व छ, ललितपुरमा जसरी शंखमूलको महत्त्व छ त्यसरी नै भक्तपुरमा हनुमानघाट तथा हनुमन्तेको महत्त्व त्यति नै छ । मरणासन्न अवस्थामा घाट पुऱ्याउने भनी यहाँस्थित ब्रम्हनालमा राखी जल खुवाउनेदेखि मृत्युपछि यहिकै ॐ कार मशानमा अन्तिम संस्कार गरे अन्य संस्कार गर्न नपाए पनि स्वर्ग जान्छ भन्ने मान्यता छ । यसको लागि घाटको पूर्वतर्फ तीनवटा मशान नेवार वर्गको लागि ब्यवस्था गरेको छ भने घाटको दक्षिणतर्फ गैरनेवारको लागि तीनवटा मशानको ब्यवस्था भएको पाइन्छ । त्यस्तै प्रत्येक वर्ष मोहनी (दशैं) को अवसरमा आश्विन सुदी नवमीको दिन यहाँ भब्य मेला लाग्छ । त्यस्तै हनुमानघाटको अर्को एउटा विशेषता यहाँका दिगु द्यः हो । भक्तपुरको तीनवटा प्रमुख दिगुस्थान मध्य यो ठाँउको दिगुद्यः लाई दथु सुभ्याबाट चिनिन्छ । यसको लागि सुभ्याकेदेखि सिथीसम्म यहाँ दिगु पूजा गर्नेहरूको भिड लागेको हुन्छ । यसबाहेक प्रत्येकजसो एकादशी, संक्रान्ति, पूर्णिमा, प्रदोष, चर्तुदशी, औंसी, सूर्यग्रहण, चन्द्रग्रहण, सोह्रश्राध्द तथा औंसी श्राध्दको समयमा यहाँ ठूलो भिड लागेको हुन्छ ।

**सर्न्दभ स्रोतहरू**


१. नेपाल महात्म्य
२. ख्वपया बाहाबही
३. भक्तपुर शिलालेख सूची
४. पासुका वर्ष ६ अंक ४ पूर्णाङ्क ६४
५. वागीश्वरीदेखि ब्रम्हायणीसम्म


## बासिबियाँलो



दिइएको चित्रमा साना ठूलागरी जम्मा कातिवटा त्रिभुजहरू पत्ता लगाउन सक्नुहुन्छ ? (उत्तर १०३ पृष्ठमा)

# ; Hjwfgb[]kL bO{ ltxf0sf] ;/sf/

सी. कार्की

दक्षिण कोरियाको युनिभर्सल पिस फेडेरेशनको मूल आयोजनामा मंसिर १४–१७ मा काठमाडौंमा भएको 'एसिया प्यासिफिक सम्मेलन' सकाएर सबै लाखापाखा लागिसके । तर त्यो सम्मेलन, मूल आयोजक संस्था, सम्मेलनमा नेपाल सरकार र सत्ताधारी पार्टीको संलग्नताको आलोचना र विरोध अझै सेलाएको छैन । यो छिट्टै सेलाउला जस्तो पनि छैन । सम्मेलन र मूल आयोजक संस्था विवादास्पद हुनु, नेपाल सरकारले राज्ययन्त्रको चरम दुरूपयोग गरेकोले यसबारे बहस र छिनोफानो हुनु आवश्यक पनि देखिन्छ ।

वर्तमान सरकारले आफूलाई 'कम्युनिस्ट' सरकार भनेको छ । तर काम घोर कम्युनिस्ट विरोधी गरेको छ । 'धर्म अफिम हो' भनी फलाक्ने एमाले र माओवादीको सरकारले इसाई धर्म प्रचारमा जीउ ज्यान लगाएर सम्मेलन किन गरायो । सहआयोजक किन बन्यो ? कार्यपालिका र व्यवस्थापिकालाई सम्मेलनको आयोजक किन बनायो र परिचालन गऱ्यो ?

धर्म निश्चय पनि व्यक्तिको निजी आस्थाको विषय हो । त्यसैले नयाँ संविधानमा 'विश्वको एकमात्र हिन्दू अधिराज्य' देशलाई 'धर्म निरपेक्ष' बनाएको छ । संविधानमा धर्म परिवर्तन गराउने र अर्को धर्ममा खलल पार्ने काम दण्डनीय हुने व्यवस्था छ । परन्तु इसाई धर्म प्रचार गर्ने संस्थाको सम्मेलन गराएर दुई तिहाइको सरकारले संविधान विपरीत काम गरेकोमा कुनै भ्रम छैन । संविधानको पालना गर्ने र गराउनु पर्ने सरकारले नै संविधानलाई खण्डित पार्ने र कागजको खोष्टा बनाएको छ । यस घटनाले वर्तमान सरकार संविधान द्रोही भएको छ । यसमा रत्तिभर द्विविधा छैन ।

कुनै पनि नेपाली नागरिकले विदेशीको पदक, पुरस्कार लिन सरकारबाट स्वीकृति लिनुपर्छ । तर प्रम ओली स्वयम्ले सम्मेलन गराएवापत दक्षिणा स्वरूप 'नेतृत्व तथा सुशासन' को पदवीसहित एक लाख डलर पुरस्कार ग्रहण गरेको छ । यसले दुई तिहाईको सरकार प्रमुखले आफूलाई संविधानभन्दा माथि ठानेको छ जुन प्रजातन्त्र र गणतन्त्रको मूल्य मान्यता कै विरुद्ध छ ।

यसरी संविधानद्रोही काम गर्नेमा विगतका सरकारहरू पनि दूधले धोइएका छैनन् । एक जानकारी अनुसार धर्म परिवर्तन गराउन स्वीकृति दिने काम नियोजित वा योजनावद्ध रूप मै भएको छ । समाज कल्याण परिषद्बाट सन् २००८ यता विभिन्न संस्थाले स्वीकृति लिएरै इसाई धर्म प्रचार गर्ने, धर्म परिवर्तन गराउने र चर्चहरू निर्माण गर्ने काम गरिरहेको छ । विभिन्न देशका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू (आइएनजीओ) लाई धर्म परिवर्तन गराउने प्रावधान राखेरै परिषद् र अर्थ मन्त्रालयले स्वीकृति दिएको देखिन्छ । त्यस्ता आइएनजीओहरूलाई अर्बौं अर्ब रकमको कार्यक्रम गर्न अर्थात आर्थिक प्रलोभन दिएर धर्म परिवर्तन गराउन र चर्च निर्माण गर्न दिएको छ । वितेका ४ वर्षमा झन्डै डेढ खर्ब रूपैयाँको त्यस्ता गतिविधि तिनीहरूले गरेका छन् । एक तथ्याङ्कअनुसार घरभन्दा मन्दिर धेरै भएको काठमाडौंमा मात्रै चर्चको सङ्ख्या ५ हजार पुगेको छ । देशका विभिन्न जिल्लामा थुप्रै चर्चहरू निर्माण गरिएका छन् र भइरहेका छन् । यसबारे महालेखा परीक्षकले नियन्त्रण गर्न पटक पटक ताकेता गरेपनि पालना भएको छैन । त्यसैले परिषद्भित्रको आर्थिक अनियमितता छानबिन गर्न विशेष अदालतका पूर्व–न्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा ५ सदस्यीय एक आयोग गठन गरिएको छ । त्यसले देशको दुर्गम तथा पीछडिएका क्षेत्रमा आर्थिक प्रलोभन दिएर धर्म परिवर्तन गराएको, चर्चहरू निर्माण गरेको र पादरी उत्पादन गरेको निष्कर्षसहित सरकारलाई प्रतिवेदन छिट्टै बुझाउने समाचार प्रकाशमा आएको छ । प्रलोभनमा पारेर धर्म परिवर्तन गराउनु गैरकानुनी भएको र सजायँ भागी हुने प्रावधान पञ्चायती र बहुदलीय संविधानमा पनि थियो, अहिले पनि छ । तर सरकारकै एक अङ्ग समाज कल्याण परिषद्ले संविधान विपरीत कामलाई किन स्वीकृति दिइरहेको छ ? गम्भीर प्रश्न छ ।

दक्षिण कोरियाको उक्त संस्था विवादास्पद छ । त्यसबारे विगतका र वर्तमान सरकारालाई ज्ञात छ र हुनै पर्छ । त्यस संस्थाले पूर्व प्रमहरू कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीलाई उनीहरूको कार्यकालमै प्रभाव पार्न खोजेको थिए । पूर्व प्रमहरू गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, पूर्व सभामुख तारानाथ रानाभाट, पूर्व उपराष्ट्रपति परमानन्द झालाई 'नेतृत्व तथा सुशासन' पुरस्कार दिइसकेका थिए । त्यस्तै माओवादीका पुष्पकमल दाहालले त्यही संस्थाको 'शान्ति दूत' सम्मान स्वीकार गरेको र विदेश भ्रमण गरेका थिए भने बाबुराम भट्टराई पनि त्यस संस्थाको कार्यक्रममा प्रधानमन्त्रीको हैसियतमा सहभागी भएका थिए । पूर्वप्रम

सुशील कोइराला पनि त्यस्तै सम्मेलनमा भागलिएका थिए। यसरी काग्रेस, एमाले, माओवादी, राप्रपालगायतका नेताहरू, पूर्व राष्ट्रपति रामवरण यादवले यो र त्यो रूपमा त्यस संस्थाको नून खाएका या चाखेका थिए। सारमा सत्तामा जाने पार्टीहरू त्यस संस्थाको प्रभावमा परेका रहेछन् भन्न हिच्किचाउनु पर्ने देखिएन। दुर्गम, पीछडिएका, गरिबहरूले आर्थिक प्रलोभनमा धर्म परिवर्तन गरिरहेका छन् भने जनताको रगत-पसिनामा रजाइँ गर्दै धर्म परिवर्तन गराउनेहरूलाई यो र त्यो रूपमा धाप मार्ने काम सत्तामा जाने पार्टी र नेताहरूले गरिरहेका छन्। यसमा कसको दोष बढी ? सर्वसाधारणहरूले गतल काम गरेको भन्नै पर्छ तर जनतालाई गलत काम गराउन स्वीकृति दिने र नियन्त्रण नगर्ने सत्तामा जानेहरूले अपराध गरेको ठहरिन्छ।

**इसाई धर्म प्रचारकहरू पहिलो पटक अफ्रिकामा आउँदा तिनीहरूसँग बाइबल थियो भने हामीसँग जमिन। तिनीहरूले प्रार्थना गर्न सिकाउन हामीलाई आँखा चिम्लिन लगाए। प्रार्थना सकिएपछि आँखा खोल्दा हामीले बाइबल पायौं तर हाम्रो जमिन उनीहरूको भयो।**

केन्याका नेता एवम् प्रथम राष्ट्रपति जोमो केन्याताको यो भनाइ विश्व प्रसिद्ध छ। इसाई धर्म प्रचारकहरू केवल धर्म प्रचार गर्न वा धर्म परिवर्तन गराउनमा सीमित छैनन्। तिनीहरू सरकार र व्यवस्था परिवर्तनदेखि देश नै कब्जा गर्ने सम्मका गतिविधिमा लागेको इतिहास छ। नेपालको इतिहासमा पनि इसाई धर्म प्रचारकहरूलाई प्रतिबन्ध लगाएको र देश निकाला गरेको पढ्न पाइन्छ (यसै वर्ष ३ जना निकालिएका छन्)। तर व्यक्ति हत्यालाई क्रान्तिको नाम दिने र सर्वहारा क्रान्तिको आवरणमा विस्तारवादी भारतको 'ट्रोजन हर्स' बन्नेहरूको 'कम्युनिस्ट' सरकारले पढेको वा बुझेको देखिएन।

सम्मेलनको लागि राज्ययन्त्रको चरम दुरूपयोग र प्रमलगायतको संलग्नतालाई लिएर चारैतिरबाट आलोचना र विरोध भइरहेको छ। सत्ताधारी पार्टी भित्रै पनि मुखरित रूपमा विरोध भएको छ, चर्काचर्की भै स्थायी समितिको बैठक नै स्थगित भएको छ। तर प्रम ओली र पूर्व प्रम माधव कुमार नेपाल ढीठ भएर अड्डी लिएर बसेका छन्।

प्रम ओलीले सम्मेलनमा सहभागी र सरकार सहआयोजक बनेर 'कुनै गल्ती नगरेको' भन्दै 'कुनै हालतमा आत्मआलोचना नगर्ने' बताएका छन्। आफू सम्मेलनमा सहभागी भएर उद्घाटनमात्र गरेको बताउँदै उनले 'अरु विषय त वरिष्ठ नेता माधवकुमार नेपालले मिलाएको' बताए।

उता माधवकुमार नेपालले मूल आयोजक संस्था विवादास्पद नभएको, इसाई धर्म प्रचार नभएको भन्दै 'सम्मेलनमा नेपाल सरकार र संसदलाई आयोजकमा राख्नु' कमजोरी भएको बताएका छन्।

प्रम ओली, पूर्व प्रम नेपाललगायतका सत्ताधारी पार्टीका नेताहरूले सम्मेलनले धर्म प्रचार नगरेको जिकिर गरिरहे पनि जेसस क्राइस्टकी कथित एकमात्र 'सच्चा छोरी', मूल आयोजक संस्थाका संस्थापक सन म्युङ मुनकी पत्नी वर्तमान हर्ताकर्ता हक जा हान मुनले नेपाल इसाई मुलुक बन्नुपर्ने कामना गरेकी थिइन्। के यो हिजोको विश्वको एकमात्र 'हिन्दू अधिराज्य' मा धर्म प्रचार गरेको या इसाईकरण गर्न खोजेको होइन ?

इसाई धर्म प्रचार गर्ने यो संस्था सन् २००५ मा युनिफिकेशन चर्चलाई परिवर्तन गरी बनेको हो। सोभियत संघ विघटनमा थुप्रै कारण छन् त्यसमा उक्त चर्चको पनि ठूलो भूमिका थियो। संक्षेपमा भन्नुपर्दा दक्षिण कोरिया लगायत विश्वभरि कम्युनिस्ट विरोधी संस्थाको रूपमा कुख्यात छ। तर सत्ताधारी कथित कम्युनिस्ट नेताहरूलाई थाहा नहुनु आश्चर्य र विडम्वना हो।

त्यतिमात्र होइन समेलनमा क्राइस्टकी कथित छोरीले भनेकी थिइन्- 'कम्युनिस्टहरू बढ्दै गए, सत्यता मर्दै गयो।' कम्युनिस्टको भनिएको दुई तिहाईको सरकारलाई तै पनि चेत नआउनु, उल्टो थपडी बजाएर समर्थन जनाउनुलाई कसरी लिने ? कम्युनिस्ट सरकार सहआयोजक भएको सम्मेलनमा कम्युनिस्टकै बदख्वाइँ गर्दा पनि गल्ती नगरेको भनी ढीठ हुनु र पारदर्शी कपडाले छोपेर लाज बचाउन खोज्नु के सद्दे दिमागको परिचय हुन सक्छ ?

इसाई धर्म प्रचार गर्न पश्चिमा र देशहरूले वार्षिक एकसय ४५ अर्ब अमेरिकी डलर खर्च गर्दै आएका छन्। त्यो रकम विशेषगरि गरिब र पीछडिएका देशमा खर्च गर्छन्। गरिबी निवारण, प्राकृतिक विपत्ति र विभेदमा परेकालाई सहयोग आदि नाम र परियोजनामा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको माध्यमबाट धर्मपरिवर्तन र चर्चहरू निर्माण गराइरहेको छ। द्रुतगतिमा भइरहेको धर्म परिवर्तनले अहिले विश्वमा ३१ प्रतिशत रहेको जनसङ्ख्या सन् २०५० सम्ममा ५३ प्रतिशत पुग्ने अनुमान गरिएको छ। एक रिर्पोटअनुसार तीव्रगतिमा इसाई धर्म फैलिरहेको देशको सूचीमा नेपाल १० औं स्थान रहेको छ।

नेपाली जनताको रगत पसिनाबाट जम्मा भएको १३ करोड रूपैंया खर्चेर कम्युनिस्टको विरोध र इसाई धर्म प्रचार गरेको उक्त सम्मेलनमा प्रम ओलीलाई सम्मान र पुरस्कार दिइएको सन्दर्भ पनि रोचक छ। भ्रष्टाचार, कुशासन,

असफलताको कारण दुई तिहाईको सरकारको औचित्य र सार्थकता स्थापित हुन सकिरहेको छैन । म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भनी डीङ हाँक्ने प्रम ओलीले नै एक कार्यक्रममा भनेका थिए– यहाँ उपस्थित हामीले भ्रष्टाचार नगर्ने हो भने देशमा भ्रष्टाचार आधा घट्छ । यस्तो यथार्थ स्थितिमा 'नेतृत्व तथा सुशासन' को सम्मान आफैमा झापट हो । के दशलाख डलरको 'दक्षिणा' ले पीडा शान्त होला ? त्यो पुरस्कार रकम पक्कै पनि सीआइए (सं.रा. अमेरिकाको कुख्यात गुप्तचर संस्था) को हुनुपर्छ । किन भने सीआइएले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई ध्वस्त पार्न आर्थिक सहयोग गर्दै आएको तथ्य जगजाहेर छ । कम्युनिस्ट आन्दोलनविरुद्ध अन्य पूँजीपतिहरूले पनि सहयोग गर्दै आएका छन् ।

प्रमले त्यो अपवित्र पुरस्कार रकममा नेपाली जनताको करको रकम थपेर 'पाप मोचन' गर्ने बताइएको छ । तर राज्यको ढुकुटीमा ब्रम्हलुट गर्नेहरूले त्यो रकममा भागबन्डा गर्ने निश्चित छ ।

केही दशक अघि कतै पढेको थिएँ– **पहिलो सहस्राब्दीमा युरोप, दोश्रो सहस्राब्दीमा अमेरिका र अफ्रिका महादेशमा इसाई धर्म फैलिएको थियो । तेश्रो सहस्राब्दीमा एसियामा फैलिने वा फैलाइने छ ।** अहिले एसियाका चीन, भारत, इन्डोनेसिया, फिलिपन्स, भियतनाम, मलेसियालगायतका देशहरूमा इसाई धर्म प्रचार भइरहेको समाचार प्रकाशमा आएको छ । यस्तो परिवेशमा कथित कम्युनिस्टको दुईतिहाई सरकारको कार्य कुकृत्यमा दरिएको छ भन्दा अतिशयोक्ति नहोला ।


तपाईंको भान्छा

## खुर्सानीका ७ फाइदा

पीरो मन पराउनेका लागि खुर्सानीविनाको खाना मीठै लाग्दैन । धेरैले खुर्सानी स्वादका लागि खाने गरेका छन् । तर, खुर्सानीमा लाभकारी गुण भएको कमैलाई जानकारी होला ।

१. हरियो खुर्सानीमा भिटामिन सी पर्याप्त मात्रामा हुन्छ । भिटामिन सीले अरु भिटामिनलाई शरीरमा राम्ररी पचाउन सघाउँछ ।
२. यो एन्टी–अक्सिडेन्टका राम्रो माध्यम हो ।
३. हरियो खुर्सानीमा डाइट्री फाइबर्स प्रचुर मात्रामा हुन्छ । जसले पाचन क्रिया सुचारु गर्न मदत पुर्‍याउँछ ।
४. भिटामिन ए भरपूर भएको हरियो खुर्सानीले आँखा तेजिलो र छाला चम्किलो बनाउँछ ।
५. कति अध्ययनले हरियो खुर्सानीले ब्लड सुगर कम गर्ने पत्ता लगाएका छन् ।
६. हरियो खुर्सानीमा क्याप्साइसिन नामक एक तत्त्व पाइन्छ जो प्रोस्ट्रेट क्यान्सरबाट जोगाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।
७. यसमा रहेको तत्त्वले छाला सफा बनिरहन्छ । डन्डीफोर आउन दिँदैन ।

'स्वास्थ्य खबरपत्रिका' बाट



जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

## फ्याका धों व भउ

गुगुं काले छम्ह फ्याका धों व छम्ह भउ व छगू खेले नाप लात । अपिं निम्ह सिया राजकाजए आपा खँ छलफल जुल । 'आ थउं कन्हे जुया चोंगु लडाईं सेना भ्री पाखे बुनाहे वं सानं, जिगु ज्यू बचेयाएगु जिके दोलंदोगु युक्ति दु । तर आ सत्रुत थुगु पाखेरं वल धासा छं छुयाए तेना' धका व भउयाके व फ्याका धोलं नेन । 'जिके छगु युक्ति दु व छगु युक्तिं छुं लगे मजुल धासा जिं ज्यू बचे याए फइ मखु' धका व भउं व फ्याका धों इत धाल । उगु बखतए हे लाका सिकारि खिचा छ बठां तसकं उना अमित कअवल । व भउ सिमा गए छता जक सअगु लिं व सिमा गया थाहा वन ।

खने मदएका विस्येवनेगु बुद्धि मरुम्ह फ्याका धों इत ङयाना सिकारि खिचातसें स्यागु अन सिमा कचाए चोना व भउं स्वोया चोन । गुम्ह सिनं तगु ग्यान् सया धका सेखि याइ वइत हे आपत् परेजुइ । गुम्ह सिनं जये याएफइ उम्ह म्हेते सअ धाएमा अकिं ज्या लगे जुगु बांलाका सएका तयागु छगु हे जक ज्ञान जुसानं ज्यालगे जु ।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# eQmk'/] /fgLkf]v /L



पुरुषोत्तमलोचन श्रेष्ठ

भौतिक सम्पदा निर्माण गरेसँगै त्यसलाई अभौतिक सम्पदाले समेत अपरिहार्य रूपमा सांस्कृतिकीकरण गर्दै लानु नेपाली संस्कृतिको अतुल्य विशेषता रहेको छ। प्राचीन /मध्यकालीन सहरी सुन्दरता र प्रतिष्ठालाई आज पनि उत्तिकै बढाइरहेका तात्कालिक नेपालमण्डल (काठमाडौं उपत्यका) का अन्य पोखरीलगायत भक्तपुरको रानीपोखरी पनि यस कुराको अपवाद होइन। यी खुला स्थानका खुला सम्पदा हुन्। कैयनकालदेखिका धूलोमाटो, घाँस, झारपातले ढाकेर जीर्ण अवस्थामा पुगिसक्दा आज पनि यो उत्तिकै सुन्दर देखिन्छ। यसको सुन्दरताले पनि सहरको शोभा बढाएको छ। तर, योसित यसको स्थापनाकालदेखि गाँसिँदै आएको धार्मिक-सांस्कृतिक सम्बन्ध वा संस्कृति वर्तमानमा खुम्चिन पुगेको छ, केही त लोप भइसके। केही सांस्कृतिक-सास भने कुनै न कुनै रूपमा अझै चलिरहेको छ।

भक्तपुरको मध्यकालीन मूल सहरीबस्ती बाहिर पश्चिममा, सल्लाघारी थुम्कोमै, मूल सडकको उत्तरपट्टि यो पोखरी रहेको छ। पूर्व-पश्चिम लाम्चो परेर आयताकार देखिने यस पोखरीको चारैतिर, भित्र बाहिरका पर्खालका भित्तामा माछाकाँडे शैलीमा ठाडो इँटा छापेर बनेका अग्ला डिल छन्, जुन सडकभन्दा माथि छन्। त्यसो हुँदा सडकबाट यो पोखरी नदेखिएको हो। अर्को कुरा सो पोखरीको दक्षिणपट्टिको सतह घाँस झारपातले लगभग पूरै ढाकिएको र त्यतापट्टि पोखरी पस्ने मूल प्रवेशद्वारसहितको सत्तललगायतका अन्य कलाकृति पाताल भइसकेकाले पनि त्यतातिर के छ भन्ने ध्यान कसैको जाँदैन। र, यो पोखरीलगायत यसको आसपासका बृहत् खुला स्थान, पुतलीबगैंचा, गौचर आदि विसं २०४० सालदेखि नेपाली सेनाअन्तर्गतमा गएको छ र पोखरी परिसरका खुला स्थानमा सैनिक आवासीय महाविद्यालयका भवनसमेत उठेका छन्। त्यसो हुँदा सो पोखरी, खुला स्थान, गौचरलगायत ती सम्पदासित गाँसिएर आएको सांस्कृतिक जीवन क्रमभंगको संघारमा पुगेको छ।

विचारणीय कुरा के छ भने नेपालमण्डलका कुनै एक मल्लकालीन सहरमा जे सम्पदा छ, त्यो अन्य सहरमा पनि हुनुपर्छ भन्ने कुरालाई समग्रमा बिर्सनुहुन्न। त्यो युग कला वास्तुकला एवं अनेक नूतन शैलीहरू एकसाथ प्रवाहित हुन पुगेको प्रयोगात्मक युग थियो र अनुकरणको यस्तो प्रतिस्पर्धात्मक युगसमेत थियो जहाँ एकले अर्कोलाई उछिन्ने गरी बनेका सुन्दर एवं बेजोड कलाकृतिले विस्मयकारी रूपमा नेपालमण्डलको भण्डार भरिन पुगेको थियो। त्यो भण्डारभित्रको एउटा अंश भक्तपुरको रानीपोखरी पनि हो।

•••

भक्तपुरको रानीपोखरी नेसं ७५० (विसं १६८७) मा तत्कालीन भक्तपुरका राजा जगज्ज्योतिर्मल्लले बनाउन लगाएका हुन्। यस भेकका बृहत् खुला स्थानमा वा भनौं गढरूपको राजधानी सहरको पश्चिमपट्टिका गढपर्खाल र ढोकाबाहिरका नाकामा पहिले नै तीनवटा ठूला पोखरीहरू (इन्द्र दह/ तःपुखु/सिद्धपोखरी : ने.सं. २३९/वि.सं.११७६), नःपुखु/गुह्यपोखरी ने.सं. २८९/वि.सं. १२२६), भाज्या पुखु (सोह्रौं शताब्दीको पूर्वार्द्ध इसं) बनिसकेका थिए। यसो हुँदा जगज्ज्योतिर्मल्ललाई यहाँ पोखरी बनाउन ती पुराना सुन्दर भव्य पोखरीहरूले प्रेरित गरेको देखिन्छ। मल्लकालीन सहरी सुरक्षा वास्तुतिर दृष्टि दिँदा तत्कालीन समयमा सहर पस्ने, सहर बाहिर जाने पश्चिमतर्फका दुई मजबुत किल्लाका प्रवेशद्वारमध्ये भार्वाचोढोका समीपमा बनेको पोखरी 'भाज्यापुखु' थियो भने इताछेंढोका समीपमा बनेको पोखरी 'नःपुखु' थियो। अचम्मको कुरा के देखिन्छ भने नःपुखुको सीधा ठीक पश्चिममा तःपुखु र लगभग तःपुखुको पनि सीधा पश्चिममा उस्तै दूरीमा यो रानीपोखरी बनेको छ। रानीपोखरीको मध्यभागमा गाडिएको काष्ठस्तम्भमा सुनको वासुकि नाग पनि प्रतिष्ठापित थियो। यसरी समान दूरीमा रहेका यी तीन पोखरीका अवस्थानबारेमा विचार गर्दा रानीपोखरीको निर्माणले अन्य दुई पुराना पोखरीलाई समेत पूर्णता प्रदान गरेको प्रतीत हुन्छ। यसैकारण यो पोखरीलाई भक्तपुरको सांस्कृतिक जीवनले पश्चिमतर्फ फर्केको एक विशाल नागको शिर, तःपुखुलाई सो नागको शरीर र नःपुखुलाई सोही नागको पुच्छर भनी (मान्दै) आस्थाभाव प्रकट गर्दै आएको विदित हुन्छ।

मल्लकालमा, विशेषगरी कान्तिपुरका राजा प्रताप मल्ल र उनका समकालीन भक्तपुरका राजा जगतप्रकाश मल्लबीचको राजनीतिक सम्बन्ध राम्रो थिएन। प्रताप मल्ल शैव तथा बौद्ध तान्त्रिक राजा थिए। भक्तपुरको रानीपोखरी

बनेपछि चलेको लोक–आहान सायद उनले पनि सुनेका थिए। यसो हुँदा आफ्नो राज्यतिर लक्षित नागको शिर र अन्य सुन्दर सम्पदाले सुशोभित यो पोखरी भताभुंग पार्ने दाउमा उनी थिए भन्ने अनुमान हुन्छ।

ललितपुरसित मिलेर पहिले भक्तपुर जित्ने र त्यसपछि ललितपुरलाई पनि जितेर सिङ्गो नेपालमण्डलको चक्रवर्ती सम्राट् बन्ने ठूलो इच्छा प्रताप मल्लको थियो। सोहीअनुरूप उनले ललितपुरका राजा श्रीनिवास मल्लसित मिलेर भक्तपुरमा लगातार भनेजस्तै आक्रमण गर्न थाले। प्रताप मल्लले भक्तपुरमा आक्रमण गर्दा जहिले पनि वनदुर्गको रूपमा रहेको, भक्तपुरको पुस्तैनी अधिकारमा परेको भए तापनि लामो समयसम्म आफ्नो अधिकारमा पार्न सफल भएको चाँगुलाई सैनिक मुकाम बनाएको देखिन्छ। यहीँबाट उनले नेसं ७८१ (विसं १७१८) मा ललितपुरको समेत साथ पाएर, सैन्य तयारीका साथ भक्तपुरको उत्तरी किल्लाको रूपमा रहेको महाकालीपीठसम्म अधिकार गर्न पुगेका थिए। र, यहीँबाट उनले नालालगायतका पूर्वी भेग पनि हान्न पुगेका थिए। तर, सिंगो भक्तपुर सहर यक्ष मल्लको पालादेखि नै (सोह्रौं शताब्दीको आरम्भदेखि) गहिरा खाई र अग्ला पर्खालले घेरिएको मजबुत गढ भएको हुनाले गढ–पर्खाल फोडेर सहरभित्र पस्ने हिम्मत भने उनले गर्न सकेनन्। त्यसो भए तापनि उनले आफ्नो अधिकार भक्तपुर सहरको उत्तरी भेगसम्म जमाउन आएको कुरा साङ्केतिक रूपमा समेत जनाइराख्न एउटै बेहोराका दुईवटा शिलालेख (नेसं ७८१) महाकालीपीठमा राख्न लगाए। ती शिलालेख अद्यापि छन्। त्यसपछि कायल भएर उनी कान्तिपुरतिर लाग्ने क्रममा भक्तपुरको सुरक्षा पर्खालबाहिरका भूभाग जस्तैः व्यासी, खौमाढोका र इन्द्रायणीपीठ, कालीदह, इताछेँढोका र नःपुखु, भाज्यापुखु र सिद्धपोखरी हुँदै रानीपोखरी पुगे। यहाँ पुगेपछि उनले आफ्नो राज्यतिर लक्षित नागको शिरको रूपमा रहेको रानीपोखरीलाई बिगारेर भक्तपुर जित्न नसकेको रोषलाई शान्त मात्र पारेनन्, यहाँका सुन्दर कलाकृतिलगायत सुनको नागसमेत उठाएर लगी हनुमानढोका दरबार सजाए।

•••

कान्तिपुरको रानीपोखरी प्रताप मल्लले नेसं ७९० (विसं १७२७) मा, आफ्ना दिवंगत पुत्र चक्रवर्तीन्द्र मल्लको स्मृतिमा बनाउन लगाएका थिए। भक्तपुरको रानीपोखरी कान्तिपुरको रानीपोखरीभन्दा चालीस वर्षअघि बनेको थियो। र, त्योभन्दा पनि पुरानो भाज्या पुखु थियो जुन रानीपोखरीहरूभन्दा एक शताब्दीअघि नै बनेको थियो। भाज्यापुखुको मध्यभागमा शिखरशैलीको सुन्दर मृन्मय मन्दिरसमेत थियो। कान्तिपुरको रानीपोखरीमा जस्तै सो पोखरीको मन्दिरमा पुग्नका लागि उस्तै आकर्षक पुल पनि बनेको थियो। यसप्रकार भक्तपुर सहरबाहिरका यी भव्य पोखरीबाट प्रेरित भएर प्रताप मल्लले आफ्नो देशमा पनि रानीपोखरी बनाउन लगाएको दृष्टिगोचर हुन्छ। भक्तपुर र कान्तिपुरका यी रानीपोखरीसित सम्बद्ध लिखित इतिहासमा (शिलालेखलगायतका अन्य अभिलेखीय सामग्री) पोखरीलाई 'पुष्करणी'/'पुखुरि'/'पोखरि' मात्र सम्बोधन गरिएको पाइन्छ। मौखिक इतिहासका दृष्टिले भने, राजाहरूले बनाउन लगाएकाले होला, ती पोखरीहरू स्वतःस्फूर्त रूपमा लौकिक जीवनमा 'रानी पुखु'/'रानीपोखरी' नामले प्रख्यात रहिआएको जानिन्छ।

भक्तपुरको रानीपोखरी जगज्योतिर्मल्लले सहरी सुन्दरता, शोभा र प्रतिष्ठाका लागि मात्र नभएर विशेषगरी पोखरीसित धार्मिक–सांस्कृतिक अर्थ जोड्न चाहेका थिए। यो कुरा सो पोखरी परिसरमा प्रतिष्ठापित कुलदेवता/देवालीदेवताका आधारमा पनि जान्न सकिन्छ। प्रत्येक वर्ष अक्षय तृतीयाको दिनमा र त्यसपछि आउने पहिलो आइतबार वा बिहीबारका दिनमा भक्तपुरको विविध जात वा थरका समुदायले सिद्धपोखरी, भाज्यापोखरी, कमलपोखरीलगायत यस रानीपोखरीमा आएर



धुमधामका साथ कुलपूजा/देवालीपूजा गर्छन्। त्यसैगरी पाँच दशकअघिसम्म पनि सिद्धपोखरी, भाज्यापोखरीलगायतमा समेत पनि स्नान कर्म, देवतर्पण, श्राद्ध, पितृतर्पण गर्न आउने चलन रहेको ज्ञात हुन्छ। सिद्धपोखरीमा यो परम्परा आज पनि कायम छ।

नेपालमा उत्तरलिच्छविकालतिर स्वतन्त्र रूपले चलेका, तान्त्रिक स्वरूपका अनेक शैव सम्प्रदाय, उपसम्प्रदायहरूमध्ये एउटा वीरशैव वा लिंगायत सम्प्रदाय पनि थियो। शरीरमा शिवलिंग धारण गर्नु यस सम्प्रदायको खास विशेषता हो। यस सम्प्रदायका आचार्य जंगम (लिंगीब्राह्मण) हुन्। भक्तपुरमा यस सम्प्रदायको गहिरो धार्मिक-सांस्कृतिक प्रभाव सातौं शताब्दीदेख रहिआएको देखिन्छ। विश्वेश्वर, वीरभद्र/विश्वनाथ भैरव+ भद्रकाली वीरशैवहरूका कुलदेवता हुन्। भक्तपुरको प्रसिद्ध बिस्केट जात्राका देवता पनि विश्वनाथभैरव+भद्रकाली हुन्। बिस्केट-संस्कृति यही सम्प्रदायको लोकप्रियताको उपज थियो भन्दा अतिशयोक्ति नहोला। नेपालमा यस सम्प्रदायको एक मात्र प्रधान मठ 'जंगममठ' हो जुन भक्तपुर राजदरबार समीपस्थ दक्षिणस्थित टौमढीटोलमा छ। जस्तो भारतको काशीस्थित जंगमबाडी मठ, उस्तै नेपालको भक्तपुरस्थित जंगममठ। दुवै देशका उही भैरवनाथ। उही भैरवनाथको शिर भने नेपालको भक्तपुरमा र शरीर भने भारतको काशीमा ! भक्तपुरको सांस्कृतिक जीवनमात्र नभएर तात्कालिक मल्ल राजाहरूसमेत वीरशैव मतबाट प्रभावित थिए। यसैले यो सम्प्रदायलाई पनि राजकीय संरक्षण प्राप्त थियो। विश्व मल्ल, गंगा रानी, त्रैलोक्य मल्ल, त्रिभुवन मल्ललगायत जगज्योतिर्मल्ल उदाहरणीय छन्। जगज्योतिर्मल्लले रानीपोखरी बनाउन लगाएपछि यस पोखरीमा प्रतिष्ठापित चतुर्मुख शिवलिंग, भवानीशंकरलगायत वासुकिको नित्य एवं वार्षिक पर्व पूजा गर्ने अभिभारा जंगममठलाई दिएको विदित हुन्छ। भक्तपुर जंगममठका पूर्वमठाधीश स्व.राममणि जंगम, भरतमणि जंगमहरूका अनुसार करिब चार दशकअघिसम्म पनि सो परम्परा चलेको थियो। तर, नेपाली सेनाले विसं २०४० सालतिर त्यहाँ तारबार लगाएपछि भने बाहिरबाट पूजा गर्न सम्भव नभएपछि टुटेको छ।

राजधानी सहर र यसको आसपासका अनुपम कलाकृतिको संरक्षण, संवर्द्धन गर्दै नूतन कलाकृतिसमेत थपेर सहरलाई सुन्दरीकरण गर्ने भक्तपुरका एक प्रसिद्ध राजा जितामित्र मल्ल पनि हुन्। यस कुराको एउटा उदाहरण रानीपोखरी पनि हो। ४८ वर्षअघि, आफ्ना बाजेका पालामा, कान्तिपुरका राजाले बिगारिदिएको रानीपोखरीलाई उनले नेसं ७९८ (विसं १७३५), माघशुक्ल श्रीपञ्चमीका दिनमा जीर्णोद्धार गरी यसको सुन्दरता फर्काउन सफल भए। त्यस अवसरमा 'मालश्री' राग/भजनकीर्तनसँगै आफूले निमन्त्रण गरेका कान्तिपुर र ललितपुरका राजाहरूलाई हर्षोल्लासका साथ स्वागत गरेका थिए।

जसरी भक्तपुरको रानीपोखरी भक्तपुर राजदरबारदेखि पश्चिममा रहेको छ, उसैगरी कान्तिपुरको रानीपोखरी हनुमानढोका राजदरबारदेखि पूर्वमा छ। यताबाट तत्कालीन समयमा जो कोही पनि सजिलैसित ती पोखरीहरू हुँदै हेर्दै, पवित्र तीर्थस्थलकै रूपमा तीर्थस्नान, दर्शनपूजन गर्दै देश वा सहर जान आउन सक्थे र सोही अभिप्रायले समेत बनेका थिए भन्ने कुरा विदित हुन्छ। त्यसैगरी मल्लकालमा राजनीतिक एवं कूटनीतिक दृष्टिले समेत सिद्धपोखरी रानीपोखरीहरू महत्त्वपूर्ण थिए। सहरी सीमाबाहिरका नाकामा यी पोखरीहरू खुला आकाशमुनिका खुला स्थानमा भएकाले कान्तिपुर, ललितपुर र अन्य राज्यका राजा, मन्त्री, भारदार आउँदा भक्तपुरका शासकहरू यहाँसम्म आएर स्वागत गर्दै देशभित्र लान्थे। स्थानीयवासीका अनुसार यहाँ उहिले रानीपोखरीको नगरप्रवेश नाकामा दायाँ-बायाँ एक जोडी विशाल प्रस्तरसिंह स्थापित नगरप्रवेशद्वारसमेत बनेको थियो। यो द्वार भत्किएपछि त्यहाँका प्रस्तरसिंहहरू उठाएर ल्याई हालको भार्वाचोढोकाका दायाँ-बायाँ राखिएका थिए जुन अद्यापि देख्न सकिन्छ। नेपालमण्डलका मल्ल राजाहरू राजनीतिक, कूटनीतिक वार्ता गर्ने उपयुक्त थलो रानीपोखरी एवं पोखरीको डिलका सत्तल थिए। विदेशबाट स्वदेश फिरेका, तीर्थयात्राबाट सकुशल फर्केका आफन्तहरूलाई सिद्धपोखरी, रानीपोखरीसम्म सांस्कृतिक-जुलुसले धुमधामका साथ बाजागाजा बजाएर लिन गई देश वा सहर भित्र्याउने चलन चार-पाँच दशकअघिसम्म पनि खुब चलेको थियो। बदलिँदो परिवेशमा यो संस्कृतिले पनि अन्तिम सुस्केरा हालिसकेको छ।

मल्लकालको अवसानसँगै हजारौं वर्षदेखि समृद्ध रहिआएको उच्चकोटिका, एकले अर्कोलाई उछिन्ने गरी बनेका कला वास्तुकलाको बेजोड लहर पनि शान्त हुनपुग्यो। त्योसँगै विश्वश्रेणीका शिल्पी हातले पनि विश्रान्ति पाउँदै आए। रानीपोखरीको पनि त्यही नियति छ, रानीपोखरी मध्यभागमा वासुकि नाग पनि छैन। त्यहाँ वासुकि नाग रहने काष्ठस्तम्भको ठूटो अवशेष मात्र छ। पोखरीको दक्षिणपट्टि प्रतिष्ठापित भवानीशंकर, चतुर्मुख शिवलिंगका सुन्दर मूर्तिहरू शिरविहीन सालिक, पद्माकृति, सत्तलका अवशेष आदि यत्रतत्र छरिएर, झारपातले पुरिएका छन्। ढुंगेसिँढी खोज्नुपर्ने अवस्थामा पुगेको छ।

•••

समयको मारले निकै जीर्ण भइसकेको एउटा मल्लकालीन सत्तल रानीपोखरीको दक्षिणपट्टिको डिलको मध्यभागमा थियो। उहिल्यै जीर्ण भएर ठाउँ-ठाउँमा यसका छाना, गारो भ्वाङ पर्दै ह्वाङह्वाङती देखिन थालेपछि सात दशकअधिका लोकजीवनले यसलाई 'ह्वाङ्ह्वाङ्-पाटी' भन्न थाले। यो अरू सत्तलभन्दा केही भिन्नै शैलीस्वरूपमा बनेको अनौठो, सुन्दर सत्तल थियो। यसको मोहडा दक्षिणतर्फ फर्केको दुईतले थियो भने उत्तरतर्फ यो एकतले थियो। यसको दक्षिणपट्टि छिँडी तलामा अर्धगोलाकार, प्रस्तरनिर्मित प्रवेशद्वार बनेको थियो। सो द्वार छेपु, मकराकृति आदि सुन्दर आकृतिहरूले सजिएको कलात्मक द्वार थियो। पोखरी पस्ने मुख्य द्वार पनि यही थियो। सो द्वारबाट भित्र पसेपछि बनेको ठाडो ढुंगेसिँढी हुँदै पोखरीमा पुगिन्थ्यो। सो सत्तलको उत्तरपट्टिको भित्तामा जगज्योतिर्मल्ल र उनका नाति जितामित्र मल्लले राख्न लगाएका शिलालेख थिए। मलाई लाग्छ, अत्यन्त जीर्ण अवस्थामा पुगेर पनि खडा रहेको सो सत्तल मैले हेर्दाहेर्दै प्रत्येक वर्षको वर्षात, घाम र हावाहुरीका मारले गल्दै गयो र विसं २०४० सालपश्चात् कुन बेला गर्ल्याम्मै ढलेर पाताल हुन पुग्यो पत्तै पाइएन। यसका अवशेष त अद्यापि त्यहीँ छन् र जगज्योतिर्मल्ल र जितामित्र मल्लले राख्न लगाएका शिलालेखहरू पनि त्यही अवशेषमा पुरिन पुगेका छन् र खोतलेर हेरेको खण्डमा पुनः पत्ता लाग्नेछन् भन्ने कुरा निश्चितप्रायः छ।

ललितपुरको हरसिद्धि नाच, कान्तिपुरको नरदेवी नाच बाह्र वर्षमा एकपल्ट भक्तपुर राजदरबारमा देखाउन ल्याउने चलन छ। उहिले यी प्रसिद्ध नाचका गणहरू भक्तपुर आउँदा सर्वप्रथम रानीपोखरीको यही सत्तलमा विश्राम गर्थे र औपचारिक सूचना पाएपछि उनीहरूलाई स्वागत गरी सहरभित्र लाने प्रबन्ध हुन्थ्यो। धार्मिक-सांस्कृतिक महत्त्व बोकेको सो सत्तल जीर्ण भएर ह्वाङ्ह्वाङ्-पाटीमा परिणत भएसँगै त्यो संस्कृति पनि हराउन पुग्यो।

मल्लकालमा नेपालमण्डलका राजा, मन्त्री, भारदार आदि उच्चपदस्थ व्यक्तित्वहरूसमेत जम्काभेट हुने यो सत्तल पाताल भएसँगसँगै योसित जोडिएको एउटा संस्कृति पनि सुस्ताउन पुग्यो जुन संस्कृति मल्लकालको अवसानपछि भने उदाउन पुगेको देखिन्छ। वि.सं. १८२६ मा गोर्खालीहरूले भक्तपुर पनि जितेपछि मल्लकालीन भक्तपुर राजदरबारको राजनीतिक महत्त्व रहेन। मल्लहरूको मूल राजकीय बासस्थान यही दरबार थियो। यसैले यो नेपालमण्डलको सांस्कृतिक मूल थलोको रूपमा पनि रहिआएको थियो। मल्ल वंशको अवसान भए तापनि शाह वंशको 'राजतन्त्र' ले निरन्तरता पाएको थियो।त्यसपछि कान्तिपुर नेपालको राजधानी भयो र सोहीअनुरूप मल्लकालीन हनुमानढोका राजदरबार नयाँ वंशको राजकीय बासस्थान बन्न पुग्यो। भक्तपुरको सांस्कृतिक पहिचान बोकेको एक विशिष्ट पर्व बिस्केट जात्रा हो। यो जात्रा आरम्भ हुनु एक दिनअघि हनुमानढोका राजदरबारबाट राजप्रतिनिधिको रूपमा राजकीय खड्ग ल्याउने चलन थियो। सो खड्ग विधिवत् यही रानीपोखरीको सत्तलमा ल्याएर राखिन्थ्यो। त्यसपछि भक्तपुरतर्फका सम्बद्ध सांस्कृतिक समूहले त्यहाँ पुगी मुहाली बाजा (पञ्चेबाजा) बजाएर सहर भित्र्याउने चलन थियो। अब त्यो सत्तल हाम्रोसामु छैन, त्यो सित गाँसिएर बाँचेको संस्कृति पनि छैन।

व्यवस्थित बस्ती बसाइ र खुला स्थान एउटै सिक्काका दुई पाटा हुन्। परम्परित धारा, कुवा, पोखरी, मठ, मन्दिर, चैत्य, विहार, सत्तल, पाटीपौवा गौचरन/चउर, खुला आकाशमुनिका खुला सम्पदा हुन्। ती हाम्रो देशका खुला सङ्ग्रहालय पनि हुन्। ती रहेसम्म सांस्कृतिक जीवनले सास फेर्न पाउँछन् र नरहे मर्छन्। पाँच दशकअघिसम्म पनि नेपालमण्डल संस्कृति र प्रकृतिको अनुपम मेलले सिँगारिएको सुन्दर बगैँचा थियो। आज यो अनेक कारणले कसरी कुरूप बन्दै गइरहेको छ त्यो सबैमा विदितै छ। यो बगैँचाका सुन्दर सम्पदाहरूमध्येको एउटा रानीपोखरी पनि हो। यो सम्पदा पहिले सांस्कृतिक जीवनको हो र त्यसपछि मात्र सरकार र सेनाको हो भन्ने कुरालाई पनि बिर्सनुहुन्न। यसैले नेपाली सेनाले पनि तारबार लगाएर हैन, हटाएर, सांस्कृतिक जीवनसित कुममा कुम मिलाएर यसलाई पुनर्जीवन दिने पुण्य कार्यमा लाग्दा सबैको कल्याण हुनेछ भन्ने कुरामा दुईमत नहोला।

सम्पदालाई बिगारेमा पाप लाग्ला, सपारेमा पुण्य मिल्नेछ भन्ने कुरा जगज्योतिर्मल्ल र जितामित्र मल्लले राख्न लगाएका शिलालेखमा खुलाएका छन्। सिद्धपोखरीको उद्धार गर्नमा अपार सफलता पाएको भक्तपुर नगरपालिकाले अहिले यस सहरका अनेक सम्पदालगायत भाज्यापुखु र यही रानीपोखरीको पुरानै शैली स्वरूपमा उद्धार गर्ने पुण्य कार्यमा लागिपरेको छ। भक्तपुर नगरपालिकालाई निश्चय नै पुण्य मिल्नेछ। बिनाविवाद कान्तिपुरको रानीपोखरीले पनि पुरानै शैलीमा सँगसँगै उठ्ने अवसर पाओस्।

*(कान्तिपुर, २०७५ मंसिर १५ बाट)*


बसिबियाँलोको उत्तर - जम्मा ४४

# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण (८)

यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ – 'भक्तपुर'

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. १२ (हाल वडा नं. ४)** | | | | | | | | |
| २११ | लाकोलाछें | भैरवको पाताल जग्गा | चोक | बाटो | भैरवको पाताल | सरकारी। माथि २ तले भैरवको घरमा भारती रा.पा. स्कूल बसेको | पश्चिम मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक ९ |
| २१२ | लाकोलाछें | साझा चोक | बाटो | कुमारको घर पाताल | बाटो | पाटीमाथि कुमारको घर, निजकै पाटी | दक्षिण मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ९ |
| २१३ | लाकोलाछेंको रत्नलाल खाईजुको घरमुनिको | बाटो | घर | घर | घर | शिलापत्र भएको, पञ्चलाल हाछेंथुको दत्तपाटी | पूर्व ५ कवल मध्य २ कवल | वर्ष ३, २०४२ अंक ९ |
| २१४ | लाकोलाछेंको रत्नलाल खाईजुको घरमुनिको | बाटो | घर | घर | घर | न्हुछेलाल भेलेको १ कवल दत्त पाटी | पूर्व १ कवल | वर्ष ३, २०४२ अंक ९ |
| २१५ | लाकोलाछेंको रत्नलाल खाईजुको घरमुनिको | बाटो | घर | घर | घर | २ कवल पाटी रत्नलाल खाइजुको, त्यसमाथि रत्नलालको ५ तले घर | पूर्व २ कवल | वर्ष ३, २०४२ अंक ९ |
| २१६ | लाकोलाछेंको रत्नलाल खाईजुको घरमुनिको | पाताल | बाटो | बाटो | घर | सरकारी। हाल जगसम्म भत्केको हात्ती घर पाटी | उत्तर मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ९ |
| २१७ | लाकोलाछें | दबु | गल्लीबाटो | पाटी | बाटो | चित्रकारीको दत्तपाटी। त्यसमाथि लक्ष्मी बहादुर चवालको २ कवले घर | पूर्व मोहडा कवल २ | वर्ष ३, २०४२ अंक ९ |
| २१८ | लाकोलाछें | बाटो | पाटी | लक्ष्मीसमेत २ जनाको घर | बाटो | चवालहरूको दत्तपाटी माथि निज लक्ष्मी नै बसिआएको | दक्षिण मोहडा कवल ५ पूर्व १ | वर्ष ३, २०४२ अंक ९ |
| २१९ | लाकोलाछें | इनार | बाटो | बाटो | घर | सार्वजनिक | उत्तर मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ९ |
| २२० | राममन्दिर | राममन्दिरको घर | बाटो | राममन्दिर खोलाको चोक | खोला | कृष्णमान प्रजापतिले बनाई राखेको राम मन्दिरको घर पाटी | दक्षिण मोहडा कवल ५ बीचमा बाटो भएको | वर्ष ३, २०४२ अंक ९ |
| २२१ | राममन्दिर | राममन्दिरको चोक | बाटो | बाटो | बाटो | शान्ति निकेतनलाई ०३० सालमा मन्जुरी दिएको पाटी | पश्चिम मोहडा कवल ७ | वर्ष ३, २०४२ अंक ९ |
| २२२ | राममन्दिर | विकुलालको खेत | बाटो | बाटो | राममन्दिरको चाक | ७ कवले २ तलेमा स्कूल चलाइराखेको | उत्तर मोहडा कवल ७ | वर्ष ३, २०४२ अंक ९ |
| २२३ | तालाको दोंफो | चौर | चौर | वालुवा गणेश | धाल्पा | सार्वजनिक पाटी | उत्तर मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ९ |
| २२४ | कोला | ललितको घर | बाटो | रामकृष्णको घर | बाटो | विष्णुभक्त सायजुको निजी पाटी माथि निजकै ५ तले घर | दक्षिण मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक ९ |
| २२५ | कोला | बाटो | हर्षलालाको घर | बाटो | गणेशको घर | गुठिको दत्तपाटी र माथि विष्णु भक्तको ३ तले घर | उत्तर मोहडा कवल ३ पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक ९ |
| २२६ | कोला | गुठिघर | बाटो | बाटो | बाटो | गुठिको दत्तपाटी र माथि ४ तले गुठि घर | पश्चिम मोहडा कवल ३ उत्तर दक्षिण १-१ | वर्ष ३, २०४२ अंक ९ |
| २२७ | लाछिंचा खौमा | बाटो | तुल्सीभक्तको पाताल | नानीमायाको घर | बाटो | सार्वजनिक पाटी | दक्षिण मोहडा कवल ४ र पूर्व २ | वर्ष ३, २०४२ अंक ९ |
| २२८ | लाछिंचा खौमा | बाटो | बाटो | बाटो | सागाल | दाता भएको र हाल पाटनमा | उत्तर मोहडा कवल ३ पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक ९ |

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. १४ (हाल वडा नं. ४)** | | | | | | | | |
| २४८ | बोलाछेंको | बाटो | लतंकुमार प्रजापतिको घर | ढुङ्गेधारा | चोक | कान्छाको दत्तपाटी। त्यसमाथि २ तले घरमा तुल्सीनारां बसेको | उत्तर मोहडा ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २४९ | बोलाछेंको | कुस्लेको घर | बाटो | मूल सडक र कलधारा | बगैंचा | मनोरञ्जन प्रधानाङ्को दत्तपाटी माथि २ तले घर | उत्तर मोहडा ७ कवले, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २५० | बोलाछेंको | बाटो | पेटी र नारायण | बाटो | कुस्लेको घर | रत्नभक्त जोशीको दत्तपाटी वर्षमा एकचोटी भैरव राख्ने। | पश्चिम मोहडा ३ कवले, उत्तर १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २५१ | नासमना पोखरी | राम सीताको टहरा | बाटो र दबु | देगल | देगल | १ तला पाटीमा उमामहेश्वर स्थापना भएको चैतन्यराज सायजुको दत्त। | पश्चिम मोहडा ४ कवले | वर्ष ४, २०४३ अंक ९/१० |
| २५२ | तालाको पाटी बोलाछें | चौर र बाटो | नन्दलालको घर | बाटो | बाटो र बगैंचा | नन्दलालको दत्त पाटी | पूर्व मोहडा ३ कवल, उत्तर १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २५३ | मुलाछें | चौर | मनव्वारको घर | बाटो | शिव जाकीबन्जारको घर | शिव जाकीबन्जारको निजी पाटीमाथि शिवको घर | पूर्व मोहडा ७ कवले | वर्ष ४, २०४३ अंक ९/१० |
| २५४ | १४ वडाको | बगैंचा | बगैंचा | देवमन्दिर | बाटो, नदी | पाटीमाथि सत्तल, जोतीन्द्रको दत्तपाटी पछाडि उत्तरमा ५ कवले पाटी, हाल धराप | दक्षिण मोहडाको ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २५५ | १४ वडाको | जग्गा | मन्दिर | जग्गा | चोक मन्दिर | पाटीमाथि माई बसेको | दक्षिण मोहडाको ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २५६ | १४ वडाको | बाटो | मन्दिर चोक | बगैंचा | बाटो नदी | पाटीमाथि सत्तल निरपतीको दत्तपाटी | दक्षिण मोहडाको ५ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २५७ | १४ वडाको | सत्तल | जग्गा | जग्गा | महादेवको मन्दिर | चन्द्र श्रेष्ठको दत्तपाटी | दक्षिण मोहडाको ३ कवल, पूर्व १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २५८ | १४ वडाको | बाटो | पाटी मन्दिर | बगैंचा | बाटो खोला | ताहामला बस्ने चन्द्र साहुको दत्तपाटी माथि आत्मानन्द बसेको सत्तल | पूर्व मोहडा ५ कवल, पश्चिक १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २५९ | १४ वडाको | बाटो | पाटी सत्तल | बगैंचा | बाटो मन्दिर | ताहामला बस्ने चन्द्र साहुको दत्तपाटी | पूर्व मोहडा ३ कवल, दक्षिण १, उत्तर २ | वर्ष ४, २०४३ अंक ९/१० |
| २६० | १४ वडाको | चौर | बाटो | रुख बाटो | खोला | सार्वजनिक गोलघर | सिमेन्टी स्लोपको पाटी जस्तो दक्षिण ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २६१ | १४ वडाको | रामचन्द्रको मन्दिर | सत्तल पाटी | नारायण मन्दिर | खोला | सार्वजनिक पाटी | दक्षिण मोहडा ३ कवल पाटी, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २६२ | १४ वडाको | बाटो | बाटो | बाटो | खोला | सार्वजनिक पाटी | दक्षिण मोहडा ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |



**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 32

The hills round the valley abound in these wild pigs. They are caught, when young, in numbers, brought into Kathmandu, and then fattened on the cleanest food. Their flesh is very delicious, and the Nipalese, of all ranks and castes, are exceedingly fond of it. Of course they would never eat pork from a common village pig. In fact, they will not eat the flesh of any pigs born in captivity, even though sire and dam are genuine wild ones.

November, 1851. — I was summoned in haste by Jang Bahadur to go to his brother Bam Bahadur's house, in order to attend Barn's youngest wife, who had that morning 1 been confined of a live child, but the mother was considered in a dangerous state.

On arriving at the house I found Jung, Bam, and two of the other brothers. They explained to me the nature of the case, and asked me to explain to them what I should do if admitted to see her. The Raj Guru who then came in stated that there was not the slightest objection, as a matter of caste, to my seeing her if she herself had no scruples. Jang then went up to see the ladies, and arrange for my going up too. His mother and several of the female members of his family were there. He explained to them my opinion that medical interference was necessary, and that if she did not receive some assistance she would certainly die. The patient, however, said she felt sure that she should die if nothing were done; but she did not fear death, and would much sooner die than allow me to see and treat her,* as, should she do so, all other women would point at and taunt her with having allowed me, a European man, to see or have anything to do with her. She was supported strongly in these views by her mother-in-law and the other ladies. All Jang's persuasions failed, and on his pressing the matter he got well abused by the ladies for his pains.

He returned and told us the result of his visit, adding, "What can you expect from such a set of fools? When you attempt to reason with them, they answer you with abuse."

Nipalese ladies do not seem to differ widely from their sisters in other parts of the world, and Jang seems to have met with the usual fate of sensible men who endeavour to oppose by argument or reason the prejudices of women.

Bam and the Eaj Guru then went up to see if they could do anything, but they were no more successful than Jang had been. Bam apologised for the unnecessary trouble he had given me, and presented me with a fee of one hundred rupees.*

In cases of this sort, of course, Jang cannot force or oblige his wives or females to submit. Any violence done to their prejudices would create a storm of odium, &c. against him and me too. His attempts, however, have been successful, in several cases, in preventing satti. This very day, when I was at Bam's, Jang's own sister's husband (son of Kaji Delhi Sing) had died of a lingering illness. The widow was very anxious to perform satti. Jang sent the guru to her to dissuade her. After considerable discussion she yielded, and consented that her husband's corpse should be burnt alone.

**(To be continued)**

*(* She died eight days afterwards.)*

*(* This was an unusual piece of courtesy and liberality. As a general rule, they never give a fee, either to me, or to their own native doctors, unless the case treated turns out successfully.Thus, I may vaccinate a child twenty times, but I get no fee unless it "takes." They will not pay for mere "medical attendance" unless that attendance is followed by decided advantage to themselves.)*

# नेपालको संविधान २०७२ (३९)

भाग – २९

## राजनीतिक दल सम्बन्धी व्यवस्था

**२६९. राजनीतिक दलको गठन, दर्ता र सञ्चालन :** (१) समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत बनेको कानूनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्नेछन्।

(२) उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्नेछ।

(३) उपधारा (२) बमोजिम दल दर्ता गराउने प्रयोजनका लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र घोषणापत्रका अतिरिक्त संघीय कानून बमोजिमका अन्य कागजात पेश गर्नु पर्नेछ।

(४) उपधारा (२) बमोजिम दल दर्ताका लागि निवेदन दिंदा राजनीतिक दलले देहायका शर्त पूरा गर्नु पर्नेछ :–

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ,

(ख) राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनु पर्छ, तर विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्रमा पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा छ महीनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन।

(ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ।

(५) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन।

**२७०. राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज :** (१) धारा २६९ बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ।

**२७१. राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने :** (१) निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने धारा २६९ बमोजिम दर्ता भएको प्रत्येक राजनीतिक दलले संघीय कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ।

(२) उपधारा (१) को प्रयोजनका लागि निवेदन दिंदा राजनीतिक दलले धारा २६९ को उपधारा (३) मा उल्लिखित विवरणको अतिरिक्त वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ र सोही धाराको उपधारा (४) मा उल्लिखित शर्त समेत पूरा गरेको हुनु पर्नेछ।

**२७२. राजनीतिक दल सम्बन्धी अन्य व्यवस्था :** राजनीतिक दलको गठन, दर्ता, सञ्चालन र सुविधा तथा तत्सम्बन्धी अन्य विषय संघीय कानून बमोजिम हुनेछ।

(क्रमशः)

# नगरवासीहरुलाई बाल्टिन तथा कम्पोष्ट बिन वितरणसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना


भक्तपुर नगरपालिकाले वडा कार्यालयमार्फत कुहिने र नकुहिने फोहर सङ्कलनका लागि अलग–अलग बाल्टिन र कुहिने फोहरबाट घरमै मल उत्पादन गर्न सकिने कम्पोष्ट बिन वितरण गरिरहेको सबै नगरवासीहरूमा जानकारी गराइन्छ।

– प्रत्येक घर परिवारले कुहिने फोहर राख्ने बाल्टिन रु. १५०। मा, नकुहिने फोहर राख्ने बाल्टिन रु. ५०।– मा र कम्पोष्ट बिन रु. १०००। मा वडा कार्यालयमार्फत् पाउन सक्नुहुनेछ। कम्पोष्ट बिन पाउन नागरिकताको फोटोकपीसहित निवेदन अनिवार्य छ।

– नगरपालिका क्षेत्रमा डेरा बस्ने, पसल व्यवसाय गर्ने महानुभावहरूले पनि वडा कार्यालयमा सम्पर्क राखी वार्षिक सफाइ कर तिरेर उक्त सुविधा पाउन सक्नुहुनेछ।

– जथाभावी फोहर फाल्नु कानुनतः अपराध हो।

# आ.व. २०७५/७६ मंसिर महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १०८२ | ७५२ | ६४५ | ७१६ | ७२९ | ६४१ | ६६९ | ६४३ | ५३८ | ४९५ | ५३० | ५१२ | ४६८ | ५८४ | ५७३ |
| ■ सार्क तथा चिनियाँ | ३७४ | ६२६ | ४२९ | ३०० | ३३८ | ४१२ | ४४६ | ६८६ | ३१८ | ३२५ | ३९५ | २५७ | २६७ | ३२७ | ३७२ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४१५ | ४०१ | ५०१ | ४०० | २५३ | २१५ | ५४१ | २३२ | ३०० | २८९ | २२३ | २५१ | २०९ | ३०६ |
| ■ सार्क तथा चिनियाँ | २८४ | २५५ | २८४ | २५८ | १८१ | २९७ | ३२० | १५८ | २९८ | १९१ | २०३ | ३२८ | २९६ | २९७ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ मंसिर | १४,११३ | ९,५२२ | २३,६३५ |
| २०७४ मंसिर | १२,२२२ | ६,३०७ | १८,५२९ |
| प्रगति | १,८९१ (१५.४७%) | ३,२१५ (५०.९८%) | ५,१०६ (२७.५६%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# भ्रष्टाचारमा अर्को कीर्तिमान !

म भ्रष्टचार गर्दिन, अरुलाई पनि गर्न दिन्न। पदबाहाली गरेपछि प्रम ओलीको अभिव्यक्ति हो यो। तर सबैलाई कर्णप्रिय लागेको र लोकप्रिय पनि बनेको यो अभिव्यक्तिमा एमाले र माओवादीलाई चिने-बुझेका कमैले विश्वास गरेका थिए।

यहाँ उपस्थित हामीले भ्रष्टाचार नगर्ने हो भने देशमा भ्रष्टाचार आधा घट्ने छ। यो अभिव्यक्ति प्रम ओलीले मन्त्रीहरू र उच्चपदस्थ कर्मचारीहरू उपस्थित एक कार्यक्रममा हालै व्यक्त गरेका हुन्।

यी दुई अभिव्यक्तिले प्रम ओलीको बोली र व्यवहार बीच कति सामन्जस्य राख्छ भन्ने कुरा स्पष्ट गर्छ। भ्रष्टाचारी, देशद्रोही, बलात्कारीलगायतका जघन्य अपराधीलाई ज्यान सजायँ दिनुपर्छ भन्ने आवाज र माग देशमा धेरै समायदेखि उठिरहेको छ। तर सत्तामा जानेहरू आवाज सुनेरै काम्छन् र माग पढेरै तर्सन्छन्। किन ?

विश्वमा भ्रष्टाचार हुने देशहरूको अन्तर्राष्ट्रिय सूचीमा नेपाल सधैं अति भ्रष्ट देशमा दरिँदै आएको छ। पञ्चायतकालदेखि गणतन्त्रसम्म अपवादलाई छोडेर अति भ्रष्टमा कम पनि हुनसकेको छैन। आजसम्मका सबै सरकार प्रमुखहरूले भ्रष्टाचार र भ्रष्टाचारीलाई जतिसुकै सत्तो सराप गरे पनि प्रम र मन्त्रीहरू प्रत्यक्ष-परोक्ष भ्रष्टाचारको कलङ्कबाट मुक्त भएको सुन्न नेपाली जनता काकाकुल नै छन्।

अहिले देशमा नेपाल वायुसेवा निगमले खरिद गरेको दुईटा वाइड बडी एअर बसको चर्चा व्यापक छ। त्यस प्रकरणमा झन्डै साढे चार अर्ब रूपैयाँ घोटाला भएको अर्थात देशलाई नोक्सान पुऱ्याएको छ। राष्ट्रिय ध्वजावाहक विमानको स्थिति खस्कँदै निगम नै विघटन होला कि भन्ने चिन्ता धेरैले गरेका छन्। यो काण्डले चिन्तामा त्रास थपेको छ।

विमान खरिदका हरेक प्रकरणमा घोटालाको प्रसङ्ग आउनु नियति बनेको सन्दर्भमा यस पटक सबभन्दा बढी रकम घोटाला भएको चर्चा पनि भएको छ। कथित कम्युनिस्टको दुई तिहाइको सरकारले भ्रष्टाचारमा अर्को कीर्तिमान बनाएको भन्नुपर्ने स्थिति देखिएको छ।

भ्रष्टाचार नगर्ने र गर्न नदिने भनी अभिव्यक्ति दिने ओली सरकारले यस काण्डका पूर्व र वर्तमान सरकारसम्मका दोषीहरूलाई ठोस कारबाही गर्छ कि झारा टारेर पानी माथिको ओभानो बन्छ ? सर्वत्र चासोको यस विषयमा दुई तिहाईको सरकार देश र जनताका लागि अभिशाप हो कि वरदान- जनता पर्खिरहेका छन्।



भक्तपुर नपाद्वारा निर्माणाधीन बहुउद्देश्यीय भवन, निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।



भक्तपुरको ५५ झ्याल दरबार सर्वसाधारणको लागि खुला गरिएको दिन अवलोकन गर्ने विद्यार्थीहरूको एक समूह । (पुस २ गते)



गय: भिन्द्यो निरको पुरानो पुल भत्काई नयाँ निर्माणको निरीक्षण गर्नुहुँदै
भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिलगायत (पुस ६ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति ऐतिहासिक भाजु पोखरी पुन:निर्माण कार्यको
स्थलगत निरीक्षण गर्नुहुँदै । (पुस १८ गते)